समाजवाद

किन र कसरी

सम्पादक

अशेष घिमिरे

अर्जुन राई

प्रकाशक

समाजवाद अध्ययन केन्द्र नेपाल, धनकुटा

समाजवाद किन र कसरी

प्रकाशकः

समाजवाद अध्ययन केन्द्र नेपाल, धनकुटा

Email: studysocialism777@gmail.com

www.sscnepal.com.np

सर्वाधिकार © लेखकमा सुरक्षित

सम्पादकः अशेष घिमिरे, अर्जुन राई

व्यवस्थापनः महेन्द्र न्यौपाने, निश्चल राई, गोपाल बराईली, विमला राई

शुद्धाशुद्धिः वद्रि कार्की

आवरण/पृष्ठ सज्जाः जनता प्रकाशन गृह (डाइमन के.सी.)

janatabooks@gmail.com

हिजो, आज र भोलिका
समाजवादी अभियन्ताहरूमा
समर्पित

विषयसुची

नेपाली समाजवादी क्रान्ति र केही ज्वलन्त सवालहरु ७
झलनाथ खनाल

तत्कलिन सामन्ती सत्तासँग कुनै संझौता गरेनौँ २५
घनेन्द्र बस्नेत

नेपालको सन्दर्भमा समाजवाद ३७
डा. बेदुराम भुसाल

पुँजीवादी संकट र समाजवाद ४५
डा. विजय पौडेल

बहसमा समाजवाद ७१
हरि रोका

पतनमुखी पूँजीवाद र समाजवादका सम्भावना १०१
डा. युवराज संग्रौला

समाजवाद र समाजवादी पार्टी १२५
डा. खगेन्द्र प्रसाई

समाजवादको संघर्ष र सम्भावना १३७
अशेष घिमिरे

समाजको विकासक्रम र समाजवाद सम्मको यात्रा १५१
अर्जुन राई

आर्थिक स्वाधिनताका लागि संघर्ष र श्रमजीवी महिलावाद १६५
एलेक्जेन्द्रा कोलोन्ताई
(अनुवादः करुणा पराजुली)

नेपाली समाजवादी क्रान्ति र केही ज्वलन्त सवालहरू

झलनाथ खनाल
सम्मानित नेता
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

हामी अहिले जुन अवस्थाबाट अगाडि बढ्दैछौँ यो एउटा चुनौतीपूर्ण अवस्था हो । नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्ति एकातिर अत्यन्त महत्वपूर्ण सफलताका साथ अगाडि बढाउन सम्भव भएको छ र हामीले महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छौँ । अर्कातर्फ आगामी दिनको यात्रालाई हेर्ने हो भने हामी एउटा नयाँ मोडबाट अगाडि बढ्दैछौँ र नयाँ चुनौती र नयाँ सम्भावनाहरू हाम्रा सामु उपस्थित भएका छन् । आजको यो विशेष अवस्थामा हाम्रो पार्टीको स्थापना, पार्टीको विकास, पार्टीको विस्तार र अहिलेको हाम्रो अवस्था, नेपाली क्रान्तिको विकासक्रम, क्रान्तिको वर्तमान चरित्र, समाजवादी क्रान्तिको कार्यदिशा, हाम्रो मार्गदर्शक सिद्धान्त र हाम्रासामु रहेका कार्यभारहरूजस्ता विभिन्न विषयहरूमा गहन छलफल गर्नुपर्ने आवश्यकता छ । हाम्रो पार्टी छोटो समयमा नै आशातित ढंगले विस्तार हुँदै छ । यो विस्तारको साथसाथै हाम्रो पार्टीलाई नेपालको कम्युनिष्ट आन्दोलनको गुणात्मक रुपले नै अगुवा पार्टीको रूपमा, गुणात्मक रुपले नै नयाँ इकाइको रूपमा तथा एउटा अग्रगन्य समूहको रूपमा हामीले स्थापित गर्न सक्नुपर्छ र त्यसका लागि हाम्रो मात्रात्मक विकासको मात्र होइन, गुणात्मक विकासलाई अर्थात् पार्टीको वैचारिक सैद्धान्तिक विकासलाई अझ बढी हामीले ध्यान दिनुपर्छ । खासगरीकन यतिबेला हाम्रोसामु रहेका जुन सैद्धान्तिक चुनौतीहरू छन्, ती सैद्धान्तिक चुनौतीहरू या सैद्धान्तिक प्रश्नहरूको बारेमा हामीले हाम्रा धारणालाई गहिरो बनाएर अघि बढ्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसै कारणले मैले केही सैद्धान्तिक विषयहरू तपाईँहरूसमक्ष राख्न खोजेको छु ।

नेपाली क्रान्तिका दुई चरण

सबैभन्दा पहिलो कुरा भनेको नेपाली क्रान्तिकै बारेमा चर्चा गर्न चाहन्छु । नेपाली क्रान्ति दुईवटा चरणबाट अगाडि बढ्छ । पहिलो हो पूँजीवादी जनवादी क्रान्तिको चरण र दोस्रो समाजवादी क्रान्तिको

चरण । यो दुईवटै चरण पुरा भएपछि मात्र नेपाली क्रान्ति पूरा हुन्छ र हामी समाजवाद निर्माणको दिशातर्फ अगाडि बढ्छौँ । यसकारणले अहिले हामीले नेपालमा पहिलो चरण, पूँजीवादी जनवादी क्रान्तिको चरण सम्पन्न गरिसक्यौँ र समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ चरणमा प्रवेश गरेका छौँ । यो नेपाली क्रान्तिको नितान्त नयाँ चरण हो । यो नयाँ चरणमा हामीले नेपाली समाजको ठोस वास्तविकता पत्ता लगाउनुपर्छ । ती वास्तविकताहरूको गहिरो गरी अध्ययन, विश्लेषण र संश्लेषण गरेर मार्क्सवाद, लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई या विश्वव्यापी सच्चाइहरूलाई नेपाली क्रान्तिको दोस्रो चरणको वास्तविकतासँग मिलान गर्दै हामीले समाजवादी क्रान्तिका नयाँ कार्यदिशा, नीति, सिद्धान्त र लक्ष्य निर्धारित गर्दै अगाडि बढ्नुपर्ने अवस्था छ । क्रान्तिको यो दोस्रो चरणलाई सफलतार्पूवक अगाडि बढाउने पार्टी अब नेकपा (एकीकृत समाजवादी) पार्टी नै हो भन्ने कुरा हामीले गहिरो गरी बुझ्नुपर्छ । यस्तो पार्टीले मात्रै नेपाली क्रान्तिलाई विजयसम्म पुऱ्याउन र नेपाली जनतालाई समृद्धिको उचाइमा पनि पुऱ्याउन सक्छ ।

नेपाली क्रान्तिको नयाँ धरातल

दोस्रो कुरा, यतिबेला नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्ति एउटा नयाँ मोडबाट अगाडि बढ्दै छ । हामीले क्रान्तिको पहिलो चरण पूँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेका छौँ । नेपालको आफ्नै मौलिक ढंगले, विशिष्ट ढंगले हामीले नेपाली जनवादी क्रान्ति अर्थात् पुजीवादी जनवादी क्रान्ति सम्पन्न गरेका छौँ । त्यसैले अब नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ धरातलबाट अगाडि बढाउनुपर्ने आवश्यकता छ । यो नयाँ धरातललाई हामीले गहिरिएर बुझ्न जरुरी छ । मार्क्सवाद लेनिनवादलाई आजको वास्तविकतामा लागु गर्दै समाजवादी क्रान्ति र रुपान्तरणका कार्यदिशा, नीति र सिद्धान्तहरूको विकास गरेर मात्र नेपाली क्रान्तिलाई अगाडि बढाउन

सकिन्छ। पुरानो क्रान्तिको धरातलमा उभिएर समाजवादी क्रान्तिलाई अघि बढाउन सकिन्न। त्यसैले अब दोस्रो चरणको क्रान्तिलाई समग्र रुपले अघि बढाउन नयाँ मानसिकताका साथ हामी सबैले आफूलाई तम्तयार पार्नुपर्छ।

कम्युनिष्ट समूहको मापदण्ड

तेस्रो कुरा, नेपाली समाजको यो नयाँ युगमा कस्ता समूहहरू वास्तवमा कम्युनिष्ट समूह हुन सक्छन्। हामीले यो कुराका बारेमा पनि गम्भीरतापूर्वक सोच्नुपर्दछ। हामी हिजो के भन्थ्यौं भने जुन समूह मार्क्सवाद, लेलिनवादलाई मार्गदर्शक सिद्धान्तलाई मान्छ, जुन समूह सामन्तवाद, दलाल नोकरशाह पुजीवाद र साम्राज्यवादको विरोध गर्छ र जुन समूह जनवादी क्रान्तिलाई अगाडि बढाउनको लागि प्रतिबद्ध छ त्यस्ता समूहहरूलाई हामीले कम्युनिष्ट समूह मान्ने गरेका थियौं। अब हामी एउटा नयाँ चरणमा आयौं। यो चरणमा आउँदा एउटा नयाँ ऐतिहासिक परिस्थिति छ। कम्युनिष्ट आन्दोलनमा अहिले पनि अनेकौ समूहहरू छन्। उनीहरू सबैले आफूलाई सच्चा कम्युनिष्ट समूह ठान्छन्। तर अहिलेको ठोस वस्तुस्थितिमा कस्ता समूहलाई कम्युनिष्ट समूह भन्न सकिन्छ ? अथवा कम्युनिष्ट समूह मान्ने मापदण्ड के हुनुपर्छ ? हामीले यस कुरामा पनि स्पष्ट भएर अघि बढ्नुपर्छ। यसबारेमा विचार गर्दा सबभन्दा पहिलो, मार्क्सवाद लेनिनवादलाई मार्गदर्शन सिद्धान्त मान्ने, दोस्रो दलाल पूँजीवाद, साम्राज्यवाद र प्रभुत्ववादको विरोध गर्ने। तेस्रो, वैज्ञानिक समाजवाद स्थापना गर्नको निम्ति समाजवादी क्रान्ति र रुपान्तरणको बाटोमा दृढतापूर्वक लाग्ने। यी तीनवटा कुराहरू दृढतापूर्वक पालन गर्ने समूहहरूलाई अहिलेको वस्तुगत परिस्थितिमा कम्युनिष्ट समूह मान्नुपर्ने हुन्छ। यद्यपि यति मानिसकेपछि पनि कतिपय कार्यनीतिका कुराहरूमा वा नीतिका कुराहरूमा मतभिन्नताहरू हुन सक्छन्। तर यी आधारभूत तीनवटा कुराहरू मानेको खण्डमा कम्युनिष्ट समूह

मानेर हामीले अघि बढ्नुपर्ने हुन्छ । यस्ता कम्युनिष्ट समूहहरूसँग सुरुदेखि नै कार्यगत एकता कायम गरेर अघि बढ्न सकिन्छ । यस्ता समूहहरूसँग वैचारिक-राजनीतिक एकता प्राप्त गर्दै क्रमशः पार्टी एकता गर्ने दिशामा पनि अघि बढ्न सकिन्छ ।

हाम्रो विद्रोहका कारणहरू

अब यही सिलसिलामा नेकपा (एमाले) के थियो र हामीले किन विद्रोह गर्नुपर्‍यो भन्ने कुरालाई विश्लेषण गरौँ । वास्तवमा पछिल्लो कालसम्म आइपुग्दा एमाले नेतृत्व गुट कम्युनिष्ट समूह नै रहेन । त्यो दक्षिणपन्थी भड्काउमा यति तलसम्म गिर्दै गयो कि एउटै पार्टीभित्र रहेर काम गर्न प्रायः असम्भव जस्तो भयो । त्यसले गर्दा हामीले विद्रोहको बाटो लिन बाध्य हुनुपर्‍यो । अब म हामीले विद्रोह गर्नुका केही ठोस कारणका बारेमा विश्लेषण गर्न चाहन्छु ।

१. पार्टीको नेतृत्वमा केपी शर्मा ओलीको दक्षिणपन्थी गुटले कब्जा गरेको हुनाले ।

२. त्यो गुटले पार्टीव्यापी रूपमा गुटबन्दीपूर्ण क्रियाकलाप गर्ने र असल कार्यकर्तालाई पाखा लगाउने काम गरेको हुनाले ।

३. पार्टीको क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशा परित्याग गरेकाले ।

४. पार्टीको क्रान्तिकारी विकास र रुपान्तरण ठप्प पारिएकाले ।

५. मुलुकमा पूँजीवादी-जनवादी क्रान्ति सम्पन्न भएको कुरालाई स्वीकार गर्न नसकेको हुनाले ।

६. मुलुक समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ युगमा आएको कुरालाई अस्वीकार गरेको हुनाले ।

७. नेपाली जनताले विगत चुनावमा दुईतिहाइ बहुमत दिई मुलुकको समृद्धितिर अघि बढ्न दिएको जनादेशप्रति कुठाराघात गरेकाले ।

८. एकीकृत भइसकेको नेकपालाई 'उत्प्रेषणको आदेश' गराएर पुनः विभाजन गरी एमाले नेतृत्वमा एकाधिकार चलाउन खोजेकाले ।

९. पार्टीव्यापीरूपमा व्यक्तिवादलाई, व्यक्ति स्वार्थलाई पदलोलुपतालाई, गुटवादितालाई लगातार प्रोत्साहित गरी कार्यकर्तालाई समेत अधपतनतिर उन्मुख पार्न थालेकाले ।

१०. चुनावी घोषणापत्रलाई निर्ममतापूर्वक अस्वीकार गर्ने र लत्याउने काम गरेकाले ।

११. पार्टीले आन्तरिक सुधारका निम्ति गरेका सर्वसम्मत निर्णयहरूलाई समेत कार्यान्वयन गर्न अस्वीकार गरेको हुनाले ।

१२. नेपाली क्रान्तिको विकास, वर्तमान अवस्था, नेपाली समाजको चरित्र, पार्टीको लक्ष्य, पार्टीको मार्गदर्शक सिद्धान्तजस्ता आधारभूत महत्वका सवालमा दक्षिणपन्थी अवसरवादी अडान लिएर पार्टीलाई दिशाविहीन बनाएको हुनाले ।

१३. सरकारलाई पार्टीबाट कथित स्वायत्तताको नाउँमा अलगथलग पार्दै मुलुकलाई उदार पूँजीवादी दिशातिर नै लगेको हुनाले ।

१४. केन्द्रीय प्रशासनलाई झन्झन् केन्द्रीकरण गर्दै निरंकुश शासन चलाउन सुरु गरेकाले ।

१५. मुलुकको संविधान, ऐन-कानुन र विधि विधानलाई समेत कुल्चिने काम गरेकाले ।

१६. दुई-दुईपटक संसद् विघटन गरेर राजनीतिक समस्या समाधान गर्ने राष्ट्रिय जनप्रतिनिधिसभालाई नै ध्वस्त पार्न थालेकाले ।

१७. मुलुकमा रहेका वामपन्थी शक्तिहरूसँगको एकतालाई तोड्दै र उनीहरूले गरेको योगदानलाई समेत अस्वीकार गर्दै आफ्नो सरकार टिकाउन देशका चरम दक्षिणपन्थी शक्तिहरूसँग साँठगाँठ बढाउँदै त्यस्ता शक्तिलाई ठूल्ठूला सहुलियत दिँदै कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनले प्राप्त गरेका उपलब्धिहरूलाई ध्वस्त पार्न थालेकाले ।

१८. मुलुकको स्वाभिमान र कूटनीतिक मर्यादालाई तोडी विदेशी गुप्तचर संस्थाका प्रमुखहरूसँग अस्वाभाविकरूपमा गुप्त भेटघाट

गर्ने, त्यस सम्बन्धमा पार्टी नेताहरू वा नेतृत्वदायी कमिटीलाई पनि जानकारी नदिई गुप्त सम्झौता र समझदारी गर्ने आपत्तिजनक काम गर्न थालेकाले ।

१९. यी सबै घटनाक्रमहरू अघि बढ्न थालेपछि भित्र बसेर पार्टीलाई सुधार गर्ने र पुनर्गठन गर्ने सम्भावनाहरू समाप्त पारिएको हुनाले । हामीले यो ऐतिहासिक विद्रोह गर्नुपरेको हो । यो विद्रोहपछि देशको समग्र राजनीतिक स्थितिमा नै ठूलो परिवर्तन आएको छ ।

विद्रोह के लाई भनिन्छ ?

अब विद्रोह भनेको के हो त ? विद्रोह हामीले किन गऱ्यौँ ? यसलाई कतिपयले पार्टी विभाजन गरेको भने । कतिपयले पार्टी फुटाएको भने । कतिपयले पार्टी चोइटाएको भने । अनेकौंले अनेक ढंगले भने । तर यो एउटा विद्रोह हो र यो एउटा वैचारिक क्रान्ति हो ।

❋ विद्रोह जहिले पनि यथास्थितिवाद र पश्चगमनका विरुद्ध हुन्छ ।

❋ विद्रोह जहिले पनि नवीनताका निम्ति हुन्छ । नवीन कुराहरूको खोज र त्यसको लागि विद्रोह हुन्छ ।

❋ विद्रोह जहिले पनि नयाँ सिर्जनाको निम्ति हुन्छ, हामी नयाँ सिर्जनाको लागि विद्रोह गरिरहेका छौँ ।

❋ विद्रोह जहिले पनि अग्रगतिको बाटोमा बाधाविघ्न पुऱ्याउने शक्ति र प्रवृत्तिका विरुद्ध हुन्छ । विद्रोह जहिले पनि क्रान्तिकारी परिवर्तनका निम्ति हुन्छ । हामीले क्रान्तिकारी परिवतर्नका निम्ति विद्रोह गरेका हौँ ।

❋ विद्रोह जहिले पनि पुरानो प्रणाली र पद्धतिलाई तोडेर नयाँ प्रणाली र पद्धति विकास गर्नका लागि हुन्छ । त्यसैले हाम्रो विद्रोह एउटा न्यायपूर्ण विद्रोह हो, प्रगतिशील विद्रोह हो, क्रान्तिकारी विद्रोह हो र यो औचित्यपूर्ण विद्रोह हो ।

यो विद्रोहमार्फत हामीले दक्षिणपन्थी अवसरवाद, गुटवाद, व्यक्तिवाद, अहंकारवाद, विर्सजनवाद र राष्ट्रिय आत्मसर्मपणवाद आदिलाई

अस्वीकार गरेर एउटा क्रान्तिकारी मार्क्सवादी कार्यदिशा, नीति, सिद्धान्त र लक्ष्य लिएर हामी समाजवादतर्फ अगाडि बढ्ने संकल्प गरेका छौँ । त्यसैले यो एकदमै न्यायपूर्ण विद्रोह हो । प्रगतिशील विद्रोह हो । नेपाली क्रान्तिको आवश्यकताअनुरुपको विद्रोह हो । यसरीमात्रै नेपालमा नयाँ ढंगले हामी समाजवादी क्रान्ति र रुपान्तरणको बाटोलाई अगाडि बढाउन सकिने भएकाले हामीले विद्रोह गर्नुपर्‍यो ।

आफैँले बनाएको संगठनका विरुद्ध विद्रोह

कमरेडहरू कहिलेकाहीँ आफैँले बनाएको संगठनका विरुद्ध विद्रोह गर्नुपर्ने आवश्यकता पर्दछ । यो अहिले हामीलाई आवश्यकता परेको मात्रै होइन । कम्युनिष्ट आन्दोलनमा धेरैपटक यस्तो आवश्यकता आइपरेको छ । म एक-दुईवटा उदाहरणहरू तपाईंहरूलाई दिन चाहन्छु । मार्क्स र एंगेल्सले सम्पूर्ण मजदुरहरूलाई एक बनाउनका लागि पहिलो अन्तर्राष्ट्रिय (१८६४-१८७२) गठन गर्नुभयो । त्यसको घोषणापत्रको रूपमा कम्युनिष्ट पार्टीको घोषणापत्र पनि प्रकाशित गर्नुभयो । तर त्यो अगाडि बढ्दै जाँदा उक्त अन्तर्राष्ट्रियमा यस्ता दक्षिणपन्थी र सुधारवादीहरू त्यो संगठनमा आए, जसले नेतृत्व पूरै कब्जा गरे र मार्क्स एंगेल्सले तयार गरेको कम्युनिष्ट पार्टीको घोषणापत्रको प्रचार-प्रसार गर्नसमेत रोक लगाउन थाले । मार्क्स-एंगेल्सले अगाडि सारेको क्रान्तिकारी विचारहरू प्रचार-प्रसार गर्न नसकिने भयो । त्यस्तो हुन थालेपछि मार्क्स आफैँले यो अन्तर्राष्ट्रिय अब काम लाग्दैन । यो अवसरवादीहरूको संगठन भयो । यसलाई विघटन गर्नुको विकल्प छैन भनेर सन् १८७२ मा विघटन गर्नुभयो । आफैँले बनाएको अन्तर्राष्ट्रियको मार्क्सलाई माया थिएन र ? माया थियो नि । तर त्यो गलत दिशामा गएपछि र त्यसले केही काम गर्न नसक्ने अवस्था देखापरेपछि त्यसको विघटन गरियो ।

ठिक त्यसरी नै एंगेल्सले १८९५ तिर दोस्रो अन्तर्राष्ट्रिय बनाउनुभयो । पहिलेका अवसरवादीहरूलाई हटाएर एंगेल्सले दोस्रो अन्तर्राष्ट्रिय

बनाउनुभयो । त्यो दोस्रो अन्तर्राष्ट्रियमा पहिलो अन्तर्राष्ट्रियभन्दा तुलनात्मक रुपले क्रान्तिकारी पार्टीहरू जम्मा भए र युरोपमा कम्युनिष्ट आन्दोलन निकै राम्ररी फैलियो पनि । त्यसले विभिन्न देशमा सामाजिक जनवादी आन्दोलनहरू अघि बढाउँदै थियो । तर त्यो बेलासम्म कम्युनिष्टहरूमा कस्तो धारणा थियो भने त्यतिबेलाको पूरै युरोपमा एकैचोटी क्रान्ति हुन्छ । वास्तवमा पूरै युरोपले त्यतिबेला सिंगो विश्व कब्जा गरेको थियो । एसिया, अफ्रिका, ल्याटिन अमेरिकाका अधिकांश देशहरू युरोपका उपनिवेशहरू थिए । त्यसकारण युरोपमा क्रान्ति भयो भने सिंगो संसारमा क्रान्ति हुन्छ भन्ने खालको अवधारणा त्यतिबेला विद्यमान थियो । त्यो अवधारणाअन्तर्गत नै दोस्रो अन्तराष्ट्रिय अगाडि बढिरहेको थियो । तर जब लेनिनले रुसमा सामाजिक जनवादी पार्टी बनाउनुभयो र मार्क्सवादलाई रुसको वास्तविकतामा लागू गर्ने ठोस प्रयत्नस्वरुप उहाँले त्यतिबेलाको अन्तर्राष्ट्रिय परिस्थितिको र तत्कालीन रुसको ठोस विश्लेषण गर्दै अगाडि बढ्न थाल्नुभयो तब उहाँले के देख्नुभयो भने पूरै युरोपमा होइन जहाँ अन्तरविरोधहरू सबैभन्दा बढी केन्द्रित छन् र साम्राज्यवादको कडी जुन ठाउँमा कमजोर छ, त्यस्तो देशमा पहिला क्रान्ति हुन्छ । एउटै देशमा पनि क्रान्ति हुनसक्छ । रुसमा नै त्यो पहिलो क्रान्ति हुनसक्छ । यस्तो नयाँ अवधारणा लेनिनले अगाडि सार्नुभयो । लेनिनले अगाडि सारेको यो अवधारणालाई दोस्रो अन्तर्राष्ट्रियका नेताहरूले अवसरवादी र मार्क्सवाद विरोधी भनेर अस्वीकार गरे । त्यसले गर्दा दोस्रो अन्तराष्ट्रिय नेतृत्वले रुसी क्रान्तिलाई सहयोग गर्न सक्ने र सर्मथन गर्न सक्ने पनि अवस्था भएन । त्यस्तो अवस्थामा लेनिनले फेरि दोस्रो अन्तर्राष्ट्रियका विरुद्ध अर्को विद्रोह गर्नुभयो । उहाँले रुसको क्रान्तिलाई अलग ढंगले स्वतन्त्रतापूर्वक अगाडि बढाउनुभयो । लेनिनको सही वैचारिक-राजनीतिक नेतृत्व पाएर रुसमा क्रान्ति तीव्रताका साथ अघि बढ्दै गयो । आखिर १९१७ मा पुगेपछि महान् अक्टोबर समाजवादी क्रान्ति नै सम्पन्न भयो । जसले विश्वलाई नै समाजवादी विश्व क्रान्तिमा उठाउने काम गऱ्यो । त्यो क्रान्ति सम्पन्न भइसकेपछि

१९१८ मा आएर लेनिनले तेस्रो अन्तर्राष्ट्रिय गठन गर्नुभयो । दोस्रो अन्तर्राष्ट्रिय र त्यसमा संलग्न पार्टीहरू त्यत्तिकै छेउ किनारा लागेर विलिन हुन वा रुपान्तरित हुन बाध्य भए । आन्दोलनको विकासमा यस्तो हुने गर्छ । कहिलेकाहीँ आफैँले बनाएको संगठनका विरुद्ध विद्रोह गर्नुपर्ने स्थिति आउँछ । यो विश्व कम्युनिष्ट आन्दोलनको विकासको नियम नै हो । यो नियम सबै देशमा पनि लागू हुन्छ ।

हाम्रै आन्दोलनमा विद्रोह

हाम्रै देशमा हेर्नुभयो भने नेपाल कम्युनिष्ट पार्टी कमरेड पुष्पलालको अगुवाइमा हाम्रा त्यतिबेलाका अग्रज नेताहरूले निर्माण गर्नुभयो । दोस्रो महाधिवेशनसँग पार्टी एकीकृत ढंगले नै अघि बढ्दै आयो । दोस्रो राष्ट्रिय महाधिवेशन २०१४ सालमा भयो । कमरेड पुष्पलाल, कमरेड मनमोहन अधिकारी, कमरेड मोहनविक्रम सिंहजस्ता नेताहरूले अगाडि सारेका विचारहरू महाधिवेशनले पारित गऱ्यो । तर केन्द्रीय कमिटीको निर्वाचन गर्दा डा. केशरजंग रायमाझीको नेतृत्वमा बहुमत प्राप्त भयो । डा. केशरजंग रायमाझी पार्टीको केन्द्रीय कमिटीको महासचिव बने । उनले महासचिव बनेपछि विस्तारै-विस्तारै पार्टीलाई दक्षिणपन्थी दिशातर्फ लान थाले । २०१५ सालको चुनावमा कतिपय ठाउँमा किसानहरूले सामन्ती जमिन्दारका विरुद्ध लगाएका नाराहरूलाई समेत उग्रवादी भनेर रायमाझी गुटले आलोचना गर्न थाल्यो । त्यसले गर्दा उक्त नेतृत्वसँग पार्टी नेता र कार्यकर्ताहरूको अन्तरविरोध बढ्दै गयो । २०१७ सालको घटनापछि त रायमाझी गुट पूरै शाही कम्युनिष्टमा रुपान्तरित भए । अब कसरी कम्युनिष्ट पार्टी निर्माण गर्ने भन्ने गम्भीर प्रश्न उठ्यो । हाम्रा नेताहरूका सामु विद्रोहको बाटोबाहेक अर्को विकल्प थिएन । उहाँहरूले विद्रोह गर्ने निर्णय गर्नुभयो र तत्कालीन नेतृत्वको विरुद्ध विद्रोह गरेर उहाँहरू दरभंगामा भेला हुनुभयो र दरभंगा प्लेनम गर्नुभयो । दरभंगा प्लेनम त्यही विद्रोहको प्लेनम हो । त्यो विद्रोहमार्फत नेपाल कम्युनिष्ट

पार्टी पुनर्गठित भयो र २०१९ सालमा तेस्रो राष्ट्रिय कङ्ग्रेस गरियो । तर तेस्रो राष्ट्रिय महाधिवेशनले पनि नेपाली क्रान्तिका निम्ति सही कार्यदिशा, नीति र सिद्धान्त विकसित गर्न सकेन । त्यसले गर्दा पार्टीमा विखराब आयो ।

२०२० को दशक नेपाली कम्युनिष्ट आन्दोलनमा असमझदारी, अन्तर्विरोध, फुट विभाजन र विचलनको दशकका रूपमा पार भएर गयो । यद्यपि राष्ट्रियता, लोकतन्त्र, जनजीविकाका सवालहरूमा युवाहरू, विद्यार्थीहरू र किसानका आन्दोलनहरू भने स्वतःस्फुर्तरुपले पनि अघि बढ्दै गए । त्यसले गर्दा २०२० को दशकको अन्त्यतिर आउँदा नेपाली क्रान्तिकारी कम्युनिष्ट युवाहरूको एउटा पंक्ति तयार हुँदै गयो । त्यसबेला पार्टीका विभिन्न नेतृत्वदायी समूहमा दक्षिणपन्थी अवसरवाद हाबी भइरहेको थियो । समाजमा विकसित हुँदै गएको वर्गसंर्घषको प्रभावले उक्त दक्षिणपन्थी अवसरवादका विरुद्ध कार्यकर्ता पंक्तिभित्र विद्रोहको मानसिकता तयार हुँदै गयो । त्यसको सिधा परिणामस्वरुप झापा विद्रोह भयो । त्यो एउटा चर्चित विद्रोह थियो । त्यो दक्षिणपन्थी नेतृत्व र निरकुंश राजतन्त्र दुवैका विरुद्धको विद्रोह थियो । त्यसपछि हामीले २०३२ सालमा ‘ कोअर्डिनेशन केन्द्र’ बनायौँ । त्यो पनि विद्रोहबाट नै बनेको नयाँ क्रान्तिकारी केन्द्र थियो । त्यसपछि नै हामीले नेपाली क्रान्तिका सही वैचारिक-राजनीतिक कार्यदिशा विकास गर्न सक्यौं र नेपाली कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्दै नेपाली जनवादी क्रान्तिलाई सफलतापूर्वक अघि बढाउन सक्यौँ । त्यसरी नै अहिले आएर हामीले आफैँले बनाएको पार्टीमा दक्षिणपन्थी अवसरवादी केपी गुटले कब्जा गरेर पार्टी र क्रान्तिलाई प्रतिगमनतर्फ लान थालेकाले त्यसका विरुद्ध विद्रोह गर्नुपरेको छ। यो आफैँमा क्रान्तिकारी विद्रोह हो । यो एउटा वैचारिक क्रान्ति पनि हो ।

पार्टी र सरकारबीचको सम्बन्ध

कम्युनिष्ट पार्टीले आफ्नो चुनावी घोषणापत्रका आधारमा जनताबीच गएर बहुमत प्राप्त गरेपछि जुन सरकार बन्छ त्यो समाजवादी क्रान्ति र रुपान्तरणलाई अघि बढाउने महत्वपूर्ण उपकरण हुन्छ । त्यो उपकरण पार्टीको नीति र निर्देशनअनुरुप चलेन भने त्यो दक्षिणपन्थी भड्काउ मात्र हुँदैन, त्यसले पार्टीमा दुर्भाग्यसमेत निम्त्याउँछ । सरकारलाई पार्टीको नीति र निर्देशनअनुरुप सञ्चालन गर्नु हाम्रो कार्यनीतिको एउटा महत्वपूर्ण अंग हो । तर केपी ओली के भन्छन् भने आमनिर्वाचनबाट पार्टीले विजय प्राप्त गरेर सरकार बनाएपछि पार्टीले सरकारलाई 'स्वायत्तता' दिनुपर्छ । सरकारले पार्टीका नीति, निर्णय केही पनि पालना गर्नु पर्दैन । त्यो 'स्वायत्तता'का नाउँमा सरकारले मनपरि गर्नसक्छ । त्यसले संसद् विघटन गर्न सक्छ, संविधान कुल्चिन सक्छ र पार्टीका नीतिनिर्देशन अस्वीकार गर्न सक्छ । यो केपी ओलीमा प्रकट भएको खतरनाक दक्षिणपन्थी भड्काउ हो । वास्तवमा पार्टीको निर्देशन मान्दैनन् भने कुनै पनि तहका सरकार पार्टीका सरकार हुँदैनन् । केपी गुटले ४१ महिनासम्म सरकार चलायो । तर त्यो सरकार तत्कालीन एमालेको सरकार रहेन । त्यो केपी गुटको सरकार मात्र रह्यो । हामीले पार्टीको मार्गदर्शनअनुरुप चल्नुपर्छ भन्यौँ । तर उनले ती कुरालाई ठाडै अस्वीकार गरे । पार्टीबाट निर्वाचित भएको कुनै पनि सरकारले पार्टीको नीतिगत मार्गदर्शनहरू मान्नुपर्ने, पार्टीसँग परामर्श, सरसल्लाह गर्नुपर्ने र पार्टीले गरेका निर्णयहरूलाई लागू गर्नुपर्ने हुन्छ । पार्टीको नेतृत्वमा र मार्गदर्शनमा सरकार सञ्चालन गर्ने कार्यविधिमा हामी दृढ हुनुपर्दछ । यो जुनसुकै देशमा पनि लागू हुन्छ । यो नै सही मार्क्सवादी कार्यनीति हो । हामीले मात्र होइन अधिकांश बुर्जुवा पार्टीहरूले पनि विश्वमा त्यसै गर्छन् । हामीले आगामी दिनमा तीनवटै तहका सरकारहरू पार्टीको नीतिगत निर्देशनका आधारमा परिचालन गर्नुपर्छ ।

क्रान्तिकारी संसद्वादको कार्यनीति

नेपाली समाजमा यतिबेला पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भएपछि २०७२ सालमा नयाँ संविधान बनिसकेको छ । यो संविधानले मुलतः पूँजीवादी लोकतन्त्रलाई संस्थागत गरेको छ । यो पूँजीवादी लोकतन्त्र जनताको बहुदलीय जनवादले समेत भनेजस्तै मुलतः संसदीय लोकतन्त्रका रूपमा स्थापित छ । जनताका निर्वाचित प्रतिनिधिहरूले आफ्ना विचारहरू व्यक्त गर्ने अब तीन तहका सभाहरू छन् । संघीयस्तरमा, प्रतिनिधिसभा र राष्ट्रियसभा, प्रादेशिकस्तरमा प्रदेशसभा र स्थानीय तहमा पालिकासभाहरू हाम्रा जनप्रतिनिधि सभाका रूपमा रहेका छन् । यी सभाहरू तीन तहकै संसद् हुन् । तिनीहरू आम जनताबाट आवधिक रुपले निर्वाचित हुने गर्छन् ।

हामीले समाजवादको रणनीतिक लक्ष्य हासिल गर्नका निम्ति यी तीनै तहका लोकतान्त्रिक निर्वाचनहरूमा अधिकतम रुपले भाग लिनुपर्छ । ती सभाहरूमा बहुमत प्राप्त गर्नुपर्छ र ती सभाहरूबाट जनमुखी र समाजवादमुखी नीति, कार्यक्रम, बजेट र योजनाहरू लागू गर्दै मुलुकलाई क्रमशः समाजवादतिर अघि बढाउनुपर्छ । आफूले बहुमत प्राप्त नगरेर अल्पमतमा भए पनि हामीले ती मञ्चहरूमार्फत समाजवादी नीति, कार्यक्रम, बजेट र योजनाहरूका पक्षमा व्यापकरुपले प्रचार अभियान चलाउनुपर्छ । वैज्ञानिक समाजवादको दिशामा अघि बढ्नबाट रोक्ने शक्ति र प्रवृत्तिका विरुद्ध दरो भण्डाफोर अभियान चलाउनुपर्छ । यी सभाहरूका निर्वाचनमा भाग लिने, सकभर बहुमत प्राप्त गर्ने, जनता, राष्ट्र र समाजवादका पक्षमा नीति र कार्यक्रमहरू अघि सार्ने तिनीहरूलाई लागू गर्ने, जनता र राष्ट्रलाई क्रमशः समाजवादतिर अघि बढाउने कार्यनीति लिएर मात्र संसदीय मञ्च वा जनप्रतिनिधि मञ्चहरूलाई सही ढंगले उपयोग गर्न सकिन्छ ।

उपरोक्त कार्यनीतिलाई प्रयोग गरिरहँदा हामीले संसद्देखि संसद्सम्म वा चुनावदेखि चुनावसम्मको पूँजीवादी संसद्वादको कार्यनीतिसँग

होसियार रहनुपर्छ । हाम्रो देशमा र विश्वमा पनि बुर्जुवा पार्टीहरूको कार्यनीति त्यही नै हुन्छ । यो बुर्जुवा संसद्वादको कार्यनीति हो । हामीले प्रत्येक चुनावलाई र त्यसमार्फत जनप्रतिनिधिसभामा जीत हासिल गर्ने र सरकार बनाउने कुरालाई कार्यनीतिक लक्ष्यका रूपमा लिनु पर्दछ । यस्ता कार्यनीतिक लक्ष्यहरू अनेकपटक दोहोरिन सक्छन् । तर ती सबै कार्यनीतिक लक्ष्यहरू वा कार्यनीतिक अभियानहरू हाम्रो पार्टी र क्रान्तिको राजनीतिक लक्ष्य समाजवाद स्थापना गर्ने कुराका अभिन्न अंगहरू हुन् । समाजवाद स्थापना गर्ने रणनीतिक लक्ष्यसँग जोडेर अथवा त्यसको अभिन्न अंग बनाएर संसदीय संघर्षलाई अघि बढाउने कुरा नै हाम्रो क्रान्तिकारी संसद्वादको कार्यनीति हो । यो लेनिनवादी कार्यनीति पनि हो । हामीले क्रान्तिकारी संसद्वादको कार्यनीतिलाई क्रान्तिको सिंगो कालभरि कहिल्यै पनि भुल्नु हुँदैन ।

यो कार्यनीतिका मातहत हामीले पार्टी संगठनलाई हर जिल्ला, हर पालिका, हर वडा, हर टोल, गाउँ, बस्ती, कारखाना र संस्थाहरूमा व्यापकरुपले विस्तार गर्नुपर्छ । पार्टीका वरिपरि विभिन्न वर्गीय संगठनहरूको सञ्जाल राष्ट्रव्यापीरूपमा विस्तार गर्नुपर्छ । पार्टीका नीति, कार्यक्रमहरू र मुलुकका सामु उपस्थित विभिन्न सामाजिक, आर्थिक तथा अन्य सवालहरूमा जनस्तरमा व्यापक बहस गराउनुपर्छ । विभिन्न वर्ग वा समुदायका आन्दोलनहरूलाई पनि अघि बढाउनुपर्छ । यसरी संसद्भित्र र बाहिरका संघर्षहरूलाई समन्वय गर्दै मुलुकमा समाजवादका पक्षमा एउटा विराट जनमत निर्माण गर्नुपर्छ र निर्वाचनमार्फत श्रमिक वर्गको समाजवादी सरकार बनाएर मुलुकलाई समाजवादतिर संक्रमण गराउन ठोस प्रदान गर्नुपर्छ ।

गुटबन्दीमुक्त पार्टीको आवश्यकता

हामीले हाम्रो पार्टीलाई सुरुदेखि नै सबै प्रकारका गुटबन्दीपूर्ण क्रियाकलापहरूबाट मुक्त राख्न सक्नुपर्दछ । हामीले बुझ्नुपर्छ, एमालेबाट सरेर आएका धडधडी अझै पनि हाम्रो पार्टीमा विद्यमान

छन् । ती धङधङीहरू माथिदेखि तलसम्म छन । ती धङधङीहरूबाट पार्टीलाई पूर्णरुपले मुक्त पार्दै एकीकृत, नीतिनिष्ट, सिद्धान्तनिष्ट र विधिनिष्ट पार्टी निर्माण गर्ने कुरामा हामी दृढतापूर्वक लाग्नुपर्दछ । सुरुदेखि नै तपाईं हामीले कुनै पनि रूपमा गुटबन्दी हिजो कसरी भए भन्नेबारेमा राम्ररी शिक्षा लिएर अघि बढ्न सक्नुपर्छ । हामीले गुट बनाउने होइन, पार्टीलाई चाहिँ एउटा साँच्चिकै स्वास्थ्य, सभ्य, एकीकृत, अनुशासित र गतिशील कम्युनिष्ट पार्टीको रूपमा विकास गर्नुपर्छ । एकमना एकता भएको कम्युनिष्ट पार्टीको रूपमा विकास गर्ने कुराहरूमा हामी दृढतापूर्वक लाग्नुपर्दछ । तबमात्रै एउटा नयाँ किसिमको क्रान्तिकारी मार्क्सवादी पार्टी निर्माण गर्न सक्छौँ ।

जनवर्गीय संगठनहरूको नयाँ स्वरुप

त्यसैगरी कमरेडहरू अर्को एउटा महत्वपूर्ण कुरा के छ भने हामीले जति पनि वर्गीय संगठनहरू बनाएका छौँ । ती वर्गीय संगठनहरू हिजो जनवादी क्रान्तिको कालखण्डमा हामीले निर्माण गरेका छौँ । त्यतिबेला सबै वर्गीय संगठनहरूलाई हामीले के भन्यौँ भने यी सबै वर्गीय संगठनहरू कम्युनिष्ट संगठन त होइनन, विभिन्न वर्ग वा समुदायका संगठनहरू हुन् । यस्ता प्रत्येक संगठनले देशभक्त हुनुपर्दछ, लोकतान्त्रिक हुनुपर्दछ र प्रगतिशील हुनुपर्दछ भनेर हामीले भन्यौँ । अब युग बदलियो । हामी समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ युगमा आयौँ । त्यसकारण ती सबै वर्गीय संगठनहरूलाई हिजोका कुराले मात्र पुग्दैन । ती संगठनहरू अहिले पनि लोकतान्त्रिक त हुनैपर्‍यो । देशभक्त पनि हुनैपर्‍यो । प्रगतिशील पनि हुनैपर्‍यो । तर अब समाजवादी पनि हुनुपर्छ । समाजवादतर्फ अगाडि बढ्ने नयाँ जनशक्तिको रूपमा हामीले ती वर्गीय र सामुदायिक संगठनहरूलाई रुपान्तरण गरेर अगाडि बढाउनु पर्दछ ।

स्थानीय तहमा पार्टी विस्तार

त्यस्तै पार्टीले यतिबेला पालिका कमिटीहरूको विस्तार गर्ने, वडा

कमिटीहरूको विस्तार गर्ने र पार्टी सदस्यताको निम्ति देशव्यापीरूपमा एउटा अभियान सञ्चालन गर्ने कुरामा विशेष जोड दिनु जरुरी छ । अहिले देशव्यापीरूपमा पालिका कमिटीहरू बनेका छन् । वडा कमिटीहरू विस्तार गर्ने प्रक्रिया पनि अघि बढिरहेको छ । त्यसरी नै पार्टी सदस्यता ड्राइभ गर्ने कुराहरूमा हामीले एकदमै चाँडो-चाँडो अघि बढ्नुपर्छ । एउटा शक्तिशाली र व्यापक जनआधारित क्रान्तिकारी पार्टी निर्माण आजको आवश्यकता हो । किनभने हामीसँग छोटो समय छ । चुनाव आउँदै छ । यो आउने चुनावमा हामीले कार्यनीतिकरुपले महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । त्यसो हुनाले अहिलेदेखि नै त्यो खालको तयारीमा पनि लाग्नु जरुरी छ ।

पार्टीको कार्यैशैलीमा सुधार

हामीले पार्टीको कार्यशैलीमा व्यापक सुधार गर्नुपर्दछ । जनता र राष्ट्रको सेवा गर्नु नै हाम्रो पार्टीको मुख्य काम हो । हामी सबैको मुख्य काम पनि त्यही नै हो । त्यसकारण जनसेवाको भावनाले हामीले सिंगो पार्टीपंक्तिलाई उठाउनु पर्दछ । आफूले आफूलाई उठाउनु पर्दछ । सिद्धान्त र व्यवहार बीचको एकरुपता नै हाम्रो कार्यशैलीको सबैभन्दा महत्वपूर्ण कुरा हो । यो कुरालाई हामीले कहिल्यै भुल्नु हुँदैन । सिद्धान्तमा हामी जे गर्छौं, व्यवहारमा त्यही गर्नुपर्ने हुन्छ । अथवा जे बोल्छौं त्यो गर्छौं । यस्तो कार्यशैलीलाई हामीले दृढतापूर्वक स्थापित गरेर जानुपर्दछ र सबैले आम जनता र कार्यकतासँग घनिष्ट सम्बन्धलाई कायम राख्न सक्नुपर्छ । पार्टी र जनताबीचको सम्बन्ध भनेको माछा र पानीको जस्तो सम्बन्ध हुनुपर्दछ । त्यसो भयो भनेमात्रै जनतालाई हामीले निरन्तर मार्गदर्शन गरिहने अवस्था हुन्छ । आलोचना र आत्मालोचनालाई पार्टीभित्र देखापर्ने गलत चिन्तन र प्रवृत्तिलाई बढारकुडार गर्ने वैज्ञानिक अस्त्रका रूपमा हामीले प्रयोग गर्नुपर्दछ । निकै लामो कालदेखि हाम्रो आन्दोलनमा यो कुरा गायब बनाइएको छ । नेकपा एमालेमा गायबै भयो । अलि पहिलासम्म त्यो

पार्टीमा यो कार्यशैली थियो । नेकपा माले हुञ्जेल यो कार्यशैली थियो । नेकपा एमाले भएपछि पनि केही अवधिसम्म यो कार्यशैली थियो । तर नवौं राष्ट्रिय महाधिवेशनपछि त्यो गायब भयो । यो हाम्रो पार्टीको कार्यशैलीको अत्यन्त महत्वपूर्ण अंग हो । पार्टीभित्र ऐजेरु जम्न नसकोस् भनेर, फोहरमैला जम्न नसकोस् भनेर, विकार-विकृति थुप्रो नलागोस् भनेर हामीले वैचारिक शुद्धीकरण गर्ने काममा लागिरहनु पर्दछ । जसरी हामी घर हरेक दिन उठेर बढार्छौं त्यसैगरी पार्टीभित्र पनि बढारकुडार गरिरहनुपर्ने हुन्छ । पार्टीभित्रको बढारकुडार भनेको आलोचना र आत्मआलोचना हो । त्यसकारण हामीले यो कुरालाई हाम्रो कार्यशैलीको अभिन्न अंग बनाएर लानुपर्दछ । अहिले हामी तीव्र वर्गसंघर्षको वस्तुगत परिवेशमा काम गरिरहेका छौं । समाजमा वर्गसंघर्ष जति तीव्र हुन्छ, पार्टीभित्र त्यसको प्रतिविम्ब स्वरुप सही र गलत विचार चिन्तन र प्रवृत्तिका बीचको संघर्ष पनि तीव्र हुन्छ । यो सामान्य नियम हो । तर हामीले पार्टीभित्र उत्पन्न हुने गलत विचार, चिन्तन र प्रवृत्तिका विरुद्ध अविराम संघर्ष सञ्चालन गरिनै रहनुपर्ने हुन्छ । नत्र पार्टीको विकास र वैचारिक रुपान्तरण रोकिन पुग्छ । त्यो रोकियो भने केशरजंग रायमाझी र केपी ओली जन्मिन पुग्छन् र पार्टीलाई ठूलो नोक्सानी गर्न पुग्छन । वैचारिक रुपान्तरण रोकियो भने खेतबारीमा पानीको बाढी पसेझैं पार्टीभित्र बुर्जुवा विचारहरूको बाढी पस्न थाल्छ । त्यो बुर्जुवा विचारका बाढीले पार्टीभित्रका कैयौं नेता-कार्यकर्तालाई समेत नकारात्मक दिशामा रुपान्तरण गर्छ र दक्षिणपन्थी केपी गुटहरू तयार गर्छ । त्यस्ता गुटले पार्टी नेतृत्व कब्जा गरे भने पार्टी र मुलुक प्रतिगमनतिर धसिन पुग्छ । त्यसैले पार्टीभित्र शुद्धीकरण गर्ने कुरालाई सधैं ध्यान दिनुपर्छ ।

हाम्रो पार्टीको अध्ययन शैली

त्यस्तै पार्टीको अध्ययन शैलीमा सुधार पार्टीको कार्यशैलीको सुधारको अर्को महत्वपूर्ण पक्ष हो । त्यसको निम्ति हामीले हाम्रो अध्ययन गर्ने

बानीलाई सुधार गनुपर्ने हुन्छ । हामी खाली यसो पत्रपत्रिका हेऱ्यो अनि त्यसमा के-के छ त्यसको आधारमा चल्यो त्यस्तो कार्यशैलीमा हुर्केका छौँ । तर हामीले ठोसरूपमा पार्टीका दस्तावेजदेखि लिएर गहन सैद्धान्तिक अध्ययनलाई अगाडि बढाउनुपर्छ । के हो द्वन्द्वात्मक भौतिकवाद भनेको ? ऐतिहासिक भौतिकवाद भनेको के हो ? यो दुईवटा कुरा हामीले गहनरुपले अध्ययन गऱ्यौँ भनेमात्रै हामीले आफूलाई एउटा सक्षम क्रान्तिकारीको रूपमा रुपान्तरित गर्न सक्छौँ । यसकारण हाम्रो अध्ययनलाई सुधार गर्नुपर्दछ । अध्ययन के को गर्ने त ? हामीले तीनवटा कुराको अध्ययन निरन्तर गर्नुपर्दछ । पहिलो कुरा, मार्क्सवादी सिद्धान्तको गहिरो अध्ययन गर्ने । यसमा अथाहा चिजहरू छन् । तर मार्क्सवाद भनेको के हो ? यो कसरी जन्मियो ? यो कसरी विकसित हुँदै आयो ? मार्क्सवादका आधारभूत सिद्धान्तहरू के हुन् ? मानव समाजको विकासक्रमबारे मार्क्सवादले कसरी हेर्छ ? आदि इत्यादि कुराहरूका बारेमा हामीले हाम्रो सैद्धान्तिक अध्ययनलाई गहिरो बनाउनुपर्छ । दोस्रो, विकासमान परिस्थितिको अध्ययन गर्ने । हामीले अन्तर्राष्ट्रिय परिस्थिति कसरी विकसित भइरहेको छ, त्यसको अध्ययन गर्नुपर्छ । राष्ट्रिय परिस्थितिको विकासक्रमबारे अध्ययन गर्नुपर्छ, तपाईँको प्रदेशको स्थिति के भइरहेको छ, त्यसको अध्ययन गर्नुपर्छ । तपाईँको जिल्लामा तपाईँ जिल्ला इन्चार्ज हुनुहुन्छ । जिल्लाको परिस्थिति कसरी विकास भइरहेको छ त्यसको अध्ययन गर्नुपर्छ । एउटा विद्यार्थी इन्चार्ज हुनुहुन्छ विद्यार्थीभित्र के भइरहेको छ अनेरास्ववियुमा, त्यसको अध्ययन गर्नुपर्छ । यसरी परिस्थितिको अध्ययन गर्ने कुरामा हामी एकदमै काविल भएर लाग्नुपर्ने हुन्छ । तब मात्र हाम्रो दिमागमा वास्तविकता छर्लङ्ग हुन्छ । अनि मात्र हामी वस्तुवादी नीति र निष्कर्षका आधारमा अघि बढ्न सक्छौँ । तेस्रो कुरा, इतिहासको अध्ययन । हामीले इतिहासको गहन अध्ययन गर्नुपर्छ । हाम्रो आफ्नै व्यक्तिगत इतिहासको अध्ययन, हाम्रो पार्टीको

इतिहासको अध्ययन, हाम्रा कमिटीको इतिहासको अध्ययन, आफ्नो कमिटी कहिले बन्यो र कसरी विकसित भएर आयो भन्ने कुराको अध्ययन, नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासको अध्ययन, कम्युनिष्ट आन्दोलन कसरी विकसित हुँदै आयो र कस्ता मोडहरू पार गरेर आयो ? त्यसको अध्ययन गर्नुपर्छ । किन हामी यो आजको नेकपा (एकीकृत समाजवादी) पार्टीलाई कमरेड पुष्पलालको पनि उत्तराधिकार मान्छौँ ? किन हामी झापा संघर्षको झापा विद्रोहको पनि उत्तराधिकार मान्छौँ ? किन हामी को-अर्डिनेशन केन्द्रको पनि उत्तराधिकार मान्छौँ । किन हामी नेकपा मालेको पनि उत्तराधिकार मान्छौँ र हामी किन आफूलाई एमालेको पनि उत्तराधिकार मान्छौँ । हामीले कम्युनिष्ट आन्दोलनको उत्थानकालदेखि नै क्रान्तिकारी धारालाई प्रतिनिधित्व गर्दै आएका छौँ । त्यो क्रान्तिकारी धारको आजको विकसित रुप नै हाम्रो पार्टी हो भन्ने कुरालाई हामीले अगाडि सार्न सक्नुपर्छ । त्यसरी मात्र हामी सबैको चिन्तन एक ठाउँमा उभिन्छ । त्यसकारण यो इतिहासको अध्ययन महत्वपूर्ण छ । त्यस्तै विश्वको लोकतन्त्रको आन्दोलनको अध्ययन पनि उत्तिकै महत्वपूर्ण छ । अध्ययनका यी तीनवटा विधाहरू एउटा सैद्धान्तिक अध्ययन, एउटा परिस्थितिको अध्ययन र एउटा इतिहासको अध्ययन हामी सबैले गर्नुपर्छ । तब मात्र हामी क्रान्ति अघि बढाउने एउटा सक्षम पंक्ति निर्माण गर्न सक्छौँ ।

पार्टी निर्माण र विकास निर्माण

अर्को कुरा भनेको पार्टीको वैचारिक र संगठनात्मक कामहरूलाई प्राथामिकताका साथ अघि बढाउँदै सम्भव हुने विकास निर्माणका कामहरूलाई कुशलतापूर्वक जोड्ने काम छ । अहिले हाम्रो पार्टीको सहभागिता संघीय सरकारमा पनि छ । प्रदेश सरकारमा पनि छ । हामी स्थानीय तहमा पनि छौँ । त्यसकारण त्यहाँबाट गर्न सकिने विकास निर्माण र स्थानीय तहबाट पनि गर्न सकिने विकास

निर्माणका कामलाई अधिकतमरुपले अघि बढाउनुपर्छ । त्यसलाई हामीले समायोजन गर्दै अघि बढ्नुपर्छ । तर यतिबेला हाम्रो मुख्य कामचाहिँ हाम्रो पार्टीको वैचारिक संगठनात्मक कामलाई तीव्ररुपले अघि बढाउने हो भन्ने कुरालाई एक मिनेट पनि भुल्नु हुँदैन । यो मुख्य कामलाई फाइदा पुऱ्याउनका लागि विकास निर्माणका कामलाई पनि जोडेर जानु पर्दछ । त्यसमा हामी सचेत भएर लाग्नुपर्छ ।

जनकार्यको महत्व

अब हामीले जनताका दैनिकदिनका आवश्यकता, काम र समस्यासँग जोडिएर जनकार्यलाई अगाडि बढाउनुपर्छ। हाम्रो पार्टीको कार्यशैलीभित्र जनकार्य एउटा अत्यन्त महत्वपूर्ण कुरा हुनुपर्छ । जनताका विभिन्न सुख, दुःखमा साथ दिने, त्यो ढंगले जनताका आवश्यकता, काम र समस्यासँग नजिकबाट परिचित भएर मात्र जनतासँग एकाकार हुन सकिन्छ। कहीँ मरुमरुाउँ परिरहेको हुन्छ। तपाईं त्यही गाउँमा हुनुहुन्छ भने तुरुन्तै पुग्नुपर्दछ र कमसेकम पनि उहाँहरूलाई सहानुभूति दिनु पर्दछ र आवश्यक सहयोग गर्नुपर्छ । त्यस्तो ठाउँमा हामी तुरुन्त पुग्न सक्यौँ, समस्या परेका ठाउँमा पुग्न सक्यौँ भने त्यसले चाहिँ जनतासँग हाम्रो आत्मीयता, माया, घनिष्टतालाई बढाएर लान्छ । यस्ता विभिन्न खालका जनकार्यहरूमा हामीले जनतासँग संलग्न हुने कार्यशैलीलाई अपनाउनु पर्दछ । यो जनतासँग एकाकार हुने महत्वपूर्ण कार्य तरिका हो ।

दक्षिणपन्थी भड्काउ विरोधी संघर्ष

तपाईं हामीलाई थाहा छ यतिबेला नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी भड्काउ हाबी छ । त्यसको मुख्य केन्द्र एमाले नेतृत्व गुट हो । त्यसले वर्तमान नेपाली कम्युनिष्ट आन्दोलन र समाजवादी क्रान्ति र रुपान्तरणको बाटोमा सबभन्दा ठूलो अवरोध र भ्रम सिर्जना गरिरहेको छ । त्यसका विरुद्ध बैचारिक राजनीतिक संघर्षलाई हामीले गहिरो बनाउनुपर्छ । त्यो गुटको दक्षिणपन्थी अवसरवाद, गुटवाद,

लोकतन्त्र विरोधी चरित्र, राष्ट्रिय आत्मसर्मपणवाद र विर्सजनवादको व्यापकरुपले भण्डाफोर र खण्डन गर्नुपर्छ । उनीहरूले सिर्जना गरेको भ्रमबाट सम्पूर्ण नेपाली कम्युनिष्टहरूलाई मुक्त पार्नुपर्छ । सही क्रान्तिकारी वैचारिक राजनीतिक कार्यदिशाका आधारमा पार्टी निर्माणको कामलाई तीव्रगतिले अघि बढाउनुपर्छ । हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी)लाई अब एउटा राष्ट्रव्यापी पार्टीको रूपमा, देशव्यापी पार्टीको रूपमा, जनव्यापी पार्टीको रूपमा, एउटा सुदृढ क्रान्तिकारी पार्टीको रूपमा र अग्रगमनकारी पार्टीको रूपमा स्थापित गर्ने काममा सिंगो पार्टी एकताबद्ध भएर अघि बढ्नुपर्छ । त्यही हिसाबले पार्टीको विकासमा, विस्तारमा र यसको सुदृढीकरणमा हामी सबै एकजुट भएर लाग्नु जरुरी छ ।

पार्टीको अग्रगति र क्रान्तिको भविष्य

यसरी हाम्रो पार्टीलाई वैचारिक र संगठनात्मकरुपले एउटा नयाँ उचाइमा पुऱ्याउनका लागि पार्टीको केन्द्रीय कमिटीको काँधमा अत्यन्त ठूलो जिम्मेवारी आएको छ । यतिबेलाको नेपालमा पार्टीको नाममा समेत समाजवादी राखेर अब समाजवादी क्रान्ति र रुपान्तरणको बाटो नै हाम्रो बाटो हो भनेर खुलस्त रुपले अघि आउने पार्टी हामी नै हो । अरु कुनै पनि वामपन्थी समूहहरू यस्तो प्रष्टताका साथ आएको देखिँदैन । उनीहरूसँग कुनै न कुनै प्रकारका भ्रमहरू अझै विद्यमान छन् । अब एमाले नेतृत्व गुट त विभिन्न कारणले गर्दा भ्रममा मात्र होइन, धेरै कारणले दक्षिणपन्थी र पूँजीवादपन्थी अर्धपतनको बाटोमा छ । केपी ओलीको नेतृत्व रहुञ्जेल एमालेमा कुनै अग्रगति हुनेवाला छैन । उनीहरूभित्र वैचारिक, राजनीतिकरूपमा रुपान्तरण नभएसम्म कुनै आशा गर्ने ठाउँ पनि छैन । तर एमाले पार्टीभित्र एउटा ठूलो पंक्ति अहिले एकदमै अलमलमा र नयाँ कुरा खोजिरहेको अवस्थामा छ । हामीले गर्ने दृढ वैचारिक, राजनीतिक र सैद्धान्तिक संघर्षले भने एमालेभित्रको ठूलो पंक्ति रुपान्तरित भएर सही क्रान्तिकारी बाटोतिर

आउने सम्भावना एकदमै टट्कारो छ । त्यो कुरालाई ध्यानमा राखेर हामीले वैचारिक-राजनीतिक संर्घषलाई गहिरो, ब्यापक र तीव्र बनाउनुपर्छ । अहिले छोटो अवधिमा नै हाम्रो पार्टीको विकासक्रम जुन आशातित ढंगले अगाडि बढेको छ, त्यो धेरै महत्वपूर्ण छ । हामीले करिब सबै जिल्लामा जिल्ला कमिटी बनाइसकेका छौँ । सबै प्रादेशिक कमिटी बनिसकेका छन् । अहिले हामी पालिका र वडाहरूमा संगठन विस्तार गरिरहेका छौँ । पार्टीका वरिपरि करिब दुई दर्जन वर्गीय संगठनहरू संगठित भइसकेका छन् । पार्टी स्थापनाको यति छोटो समयमा पार्टीमा जुन खालको प्रगति भएको छ त्यो आशातित प्रगति नै हो । अब हामीले पार्टीलाई मात्रात्मक विकास गर्दै गुणात्मक विकास गर्ने कुरामा तथा पार्टीको वैचारिक, राजनीतिक र सैद्धान्तिकस्तर माथि उठाउने कुराहरूमा राम्रोसँग लाग्यौँ भने यो पार्टी साँच्चि नै देशको अग्रगन्य पार्टीको रूपमा, अगुवा पार्टीको रूपमा, नेतृत्वदायी पार्टीको रूपमा र नेपाली कम्युनिष्ट आन्दोलनको सबभन्दा अगुवा एकाइको रूपमा स्थापित हुन्छ । त्यतिमात्र होइन, यही पार्टीले नै भोलि नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्ने र समाजवादी क्रान्ति र रुपान्तरणको ऐतिहासिक कार्यलाई सफलतापूर्वक अघि बढाउन सक्छ । कमरेडहरू बाटो बांगोटिंगो छ, हाम्रो वरिपरि चुनौतीहरू पनि छन् । तर अग्रगतिका विराट सम्भावनाहरू हाम्रा अगाडि छन् । हामी आँट, साहस र दृढतापूर्वक अघि बढौँ, पार्टी र क्रान्तिको विजय अवश्यभावी छ ।

ooo

समाजवादका लागि सम्झौताहीन संघर्ष

घनेन्द्र बस्नेत
उपाध्यक्ष
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

म साढे १६ वर्ष जति जेल बसें । सोह्र वर्ष तीन महिनामा बीचको चार दिन बाहेक लगातार जेल बसाइ भयो । ०३३ साल चैत्र १२ गते हामी झापाली राजनीतिक बन्दीहरु नख्खु जेल ब्रेक गरेर बाहिर निस्कियौँ । १५ जनामा १० जना उम्कन सफल हुनुभयो । ५ जना विभिन्न ठाउँबाट पुनः पक्राउ परियो । ४ दिनपछि म पथलैयाको जंगलबाट पक्राउ परें । जेल ब्रेक र पुनः पक्राउको बीचमा ४ दिन त्यसरी जेल बसाइमा ग्याप हुन पुगेको थियो ।

त्यसबेला हाम्रो देशमा निरंकुश राजतन्त्र र फाशिष्ट पंचायती शासन थियो । नेपाली जनताको सामन्तवाद तथा साम्राज्यवादको शोषणविरुद्धको संघर्षकै क्रममा, हामी झापाली कम्युनिष्ट क्रान्तिकारीहरुले सशस्त्र किसान विद्रोह शुरु गरेका थियौँ । त्यस सशस्त्र संघर्षको दौरानमा केही कम्युनिष्ट क्रान्तिकारीहरु सरकारी दमनमा मारिनुभयो भने केही सामन्त, जाली फटाहाहरु पनि क्रान्तिकारीहरुद्वारा मारिए । संघर्षकै शिलशिलामा धेरै जना विद्रोही क्रान्तिकारी कम्युनिष्टहरु पक्राउ पर्‍यौं । त्यसमध्येको एक म पनि हुँ ।

सामन्तवाद तथा साम्राज्यवादको शोषण र दमनविरुद्ध राष्ट्रिय हित र नेपाली जनताको मुक्तिको निम्ति संघर्ष गर्ने क्रममा हामी पक्राउ परेका थियौँ । हामी मारिन पनि सक्थ्यौँ जसरी हाम्रा थुप्रै कमरेडहरुले क्रुर शासकहरुद्धारा मारिनु पर्‍यो । वहाँहरुको बलिदानले हामीलाई क्रान्तिप्रति, परिवर्तनप्रति झन् प्रतिबद्ध भएर निर्भिकताका साथ लड्न अभिप्रेरित पनि गर्‍यो । पक्राउ परेकाहरु को को बाँच्छन्, को को मारिन्छन् भन्ने टुंगो पनि थिएन । तर नेपाली जनताको मुक्तिको लडाइँबाट प्राप्त हुने स्वतंत्रताको मिठो परिणामको आशामा जेलजीवनमा प्राप्त गरेको सबैखाले कठोर यातनालाई हामीले पुरा साहासका साथ सामना गर्‍यौँ ।

जेलजीवन निकै नै कठोर र अमानवीय थियो । जेल बस्ने क्रममै जेलभित्र अर्को जेल हुन्छ । त्यसलाई गोलघर भनिन्छ । जम्मा ७ फिट जत्रो कोठा पुरै अँध्यारो । एकै ठाउँ खाने, दिशा पिसाब गर्नु पर्ने अनि नेल र हतकडी साथै हुन्थ्यो । करिब ४ बर्ष मैले त्यस्तो गोलघरमा बिताएँ । हामीले तत्कालीन सत्तासमक्ष सानो सम्झौता मात्र गरेको भए पनि, हाम्रो व्यक्तिगत जीवनमा लाभ हुने थियो, विभिन्न राजकीय जिम्मेवारी वा अरु लाभ लिन सकिन्थ्यो । तर यी खाले स्वार्थी सम्झौता गर्नेबारे हामीले कल्पना पनि गरेनौँ । बरु हामीलाई मृत्यु प्यारो भयो तर आन्दोलनको उद्देश्यलाई गद्धारी गर्ने, शासकहरुबाट आएका विभिन्न प्रलोभन स्वीकार गर्न मन्जुर भएनौँ । आज प्राप्त भएको परिवर्तन हजारौँ जनताको यो स्वाभिमान र समर्पणको जगमा प्राप्त भएको हो भन्ने कुरामा हामीलाई आज पनि गौरवबोध हुन्छ ।

त्यसवेला हामीले सामन्तवाद तथा सम्राज्यवादको विरुद्ध संघर्ष गरेर सामन्ती राज्यसत्ता पल्टाएर जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने; मुलुकमा विद्यमान शोषण, दमन, अन्याय र अत्याचार समाप्त पार्ने; आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक सबैखाले विभेद तथा शोषणको अन्त्य गर्ने र जनवादी राज्यसत्ताको स्थापना गरि समाजवादी क्रान्ति सम्पन्न गरेर साम्यवाद प्राप्तिको दिशामा अघि बढ्ने महान उद्देश्य लिएका थियौँ । आजसम्म आईपुग्दा केही उपलब्धीहरु हासिल भएका छन् । ती उपलब्धिहरुमा राजतन्त्र समाप्त भएको छ । फासिष्ट चरित्रको पंचायती व्यवस्था समाप्त भएको छ । त्यसको स्थानमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । जनतामा चेतना तथा जागरण बृद्धि भएको छ । यसलाई मान्न पर्छ, तर हाम्रो उदेश्य सबैखाले शोषण उत्पिडन तथा विभेदको अन्त्य गर्नु थियो । त्यो

भने पुरा भएको छैन ।

अहिले पनि हाम्रो समाजमा वर्गीय, जातीय, क्षेत्रिय, लैङ्गीक, धार्मिक, सामाजीक सांस्कृतिक विभेद समाप्त भएको छैन । यी आर्थिक, सामाजिक तथा सांस्कृतिक विभेद रहिन्जेल हाम्रा उद्देश्य कहिल्यै पुरा हुँदैनन् । यतिबेला नेपाली जनताको मूल दुश्मन नोकरशाही तथा दलाल पुँजीवाद हो । यसले नै देखिएका सबैखाले विभेदहरुको संरक्षण गर्ने र नेपाली श्रमजीवि वर्गमाथि संकट थोपरिरहेको छ । विविध खाले विभेदलाई संरक्षण गरेर वर्गीय आन्दोलनलाई कमजोर बनाउन प्रयत्न गरेको छ । यसले महंगी र बेरोजगारी थोपरेको छ । त्यसको विरुद्ध संघर्ष गर्दै राष्ट्रीय पुँजीको विकास गर्नुको साथै समाजवादका आधारको रुपमा रहेको आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक आधारहरु तयार गर्दै समाजवादी क्रान्ति सम्पन्न गर्ने काम बाँकी नै छ । यसका साथै, सबैखाले शोषण दमन तथा उत्पिडनको अन्त्य गर्दै समाजवादी क्रान्ति सम्पन्न गर्ने हाम्रो लक्ष्य तथा उद्देश्य पुरा भएको छैन जसलाई पूरा गर्ने अभिभारा फेरीपनि हाम्रो काँधमा छ ।

यति धेरै कष्ट नेपाली जनताको मुक्तिको लागि, समतामुलक समाज निर्माणको लागि, खास भन्नु पर्दा समाजवाद स्थापनाको लागि गरिएको थियो । हामी जस्ता थुप्रै अगुवा नेता कार्यकर्ता मात्र हैन नेपाली मजदुर र किसान, आम नेपाली जनता पनि कठोर संघर्षमा होमिएका थिए । तर यहाँ अर्को पनि निकै ध्यान दिनुपर्ने पक्ष छ । त्यो के भने, यति धेरै संघर्ष र योगदान गरेर लोकतन्त्र स्थापना भएपछि, बिडम्बना भन्नुपर्छ नेपालको राजनीतिक पार्टीहरुले सत्ता प्राप्तिपश्चात आफ्ना उद्देश्यहरु भुले । काँग्रेसको त कुरा नगरौं जसको लक्ष्य नै समाजवाद होईन । समाजवाद लक्ष्य बोकेको कम्युनिष्टहरु नै नराम्ररी बिग्रीए । समाजवाद कम्युनिष्ट पार्टीले

स्थापना गर्नु पर्दछ भनेर हामी कम्युनिष्ट आन्दोलनमा लागेका थियौं तर कम्युनिष्ट पार्टीभित्रैका अझ नेतृत्व तहमा नै रहेका केही व्यक्तिहरुले समाजवादको लक्ष्यप्रति गद्धारी गरे । हिजोका कठोर संघर्ष कालको सामुहिक संकल्प र उद्देश्य भुल्न पुगे । हिजोका श्रमजिवि जनताको साथ भुल्न पुगे र धनी वर्ग, पुँजीपति र शोसक वर्गसँगको उठबसमा, उनीहरुसँगको अदृष्य दोस्तीयारीमा आफ्नो स्वार्थ देख्न थाले । फलस्वरुप आज जनताको साथ पाएर हामीले ठुलो पार्टी बनाएपनि, सरकारमा पुगेपनि, उद्देश्यका हिसाबले, गर्नुपर्ने कामको हिसाबले, हामी पुरै गञ्जागोलमा फसेको छौं ।

यो गञ्जागोलको कारणले कम्युनिष्ट पार्टीभित्रै तिब्र अन्तरविरोध सिर्जना भएको छ । टुटफुट भएको छ । सत्ता प्राप्त गर्न मात्र जनताको, साथीहरुको सहयोग, समाजवादको नारा उपयोग गर्न खोज्ने तर सत्ता प्राप्त गरेपछि साथीहरुलाई, पार्टीलाई, जनतालाई, देशको संविधान र लोकतन्त्रलाई अनि सबभन्दा ज्यादा समाजवादको सपनालाई लत्याउने जुन प्रवृत्ति देखापरेको छ यसबाट एकातिर निराशा, अविश्वास पैदा भएको छ भने अर्कोतिर आक्रोश र विद्रोह देखापरेको छ । आन्दोलनमाथि भएको गद्धारीबाट सिर्जना भएको यो परिस्तिथिमा हामीले, आजको पुस्ताले हरेश खानु हुन्न । निरन्तर समाजवाद स्थापना गर्ने दिशामा, हिजोका संघर्षका आदर्शहरुमा विना संकोच आज क्रियाशील रहेका नयाँ तथा पुराना सबै पुस्ताहरु लाग्नै पर्दछ । इतिहासमा एक ठाउँबाट धोका भयो भन्दैमा इतिहासको, क्रान्ति र रुपान्तरणको चक्र घुम्न कहाँकतै रोकिँदैन । यी खाले धोका र विकृतिविरुद्ध नयाँ ढंगले संगठित हुनै पर्दछ । असल कम्युनिष्ट पार्टी निर्माण गर्ने र आजको सबैखाले अफठ्यारोको सामना गर्दै समाजवाद प्राप्तीको लागि निरन्तर लाग्ने कुरा आजको मुख्य आवश्यकता हो । यो आवश्यकतामा

नयाँ पुस्ता अझ बढी जिम्मेवार भएर लाग्नुपर्ने बेला आएको छ । नयाँ पुस्ता भनेका समाजवादी क्रान्तिका आशा र भरोसाका केन्द्र हुन । पुरानो पूस्ताका अनुभव र नयाँ पुस्ताको उत्साह मिलेर एउटा अजेय शक्ति निर्माण हुन्छ । यो शक्तिलाई क्रान्तिको मिसन पुरा गर्नका लागि आवश्यक ज्ञानको निर्माण र प्रयोगमा सुविचारित रुपमा प्रयोग गर्न सक्नुपर्छ । यसका लागि आजको पुस्ताले पुरानो पुस्तासँग मिलेर, समाज विकासका चरणहरु, यसको चालक नियमहरु बुझ्ने प्रक्रियामा, यसको खोजी र अनुसन्धानमा अविलम्ब लाग्न जरुरी छ । नेपाली समाजको इतिहास, यसको विकासको रेखा, यहाँभित्रका अन्तरविरोधहरु, समाजवादका लागि लाग्ने चालक शक्तिहरु, समाजवादका अवरोधक शक्तिहरु, तिनको वर्तमान अवस्था र समाजवाद प्राप्तिको वैज्ञानिक संघर्ष आदि कुराको मिहिन रुपमा अध्ययन गर्नु पर्दछ । यो अध्ययनलाई मार्क्सवाद लेनिनवादको दर्शन र सिद्धान्तको आलोकमा ढाल्नुपर्छ । किनकी मानव समाजका सबै संघर्षका अनुभवहरुले भन्छ, समाजवादी क्रान्ति गर्न सर्वप्रथम मार्क्सवाद लेनिनवादको मार्गदर्शनमा सही सिद्धान्तको आवश्यकता पर्दछ । माथि पनि भनियो, हामीले भनिरहेको समाजवाद बैज्ञानिक समाजवाद हो । त्यसको प्राप्ति गर्न विज्ञान सम्मत ढङगले सही विचार, सिद्धान्त र कार्यनीति आवश्यक छ । त्यसपछि उक्त सिद्धान्त तथा दर्शनले श्रमिक सर्वहारा वर्गको पार्टी (कम्युनिष्ट पार्टी) कसरी र के का लागि कुन तरिकाले लाग्छ भन्ने निर्क्योल हुन्छ । त्यस्तो पार्टीले नेपालको सन्दर्भमा समाजवाद भनेको के हो ? यसका रणनीति तथा कार्यनीतिहरु के हुन् ? नेपाली क्रान्तिको रणनीतिक तथा कार्यनीतिक कार्य दिशाहरु के हुन् ? आर्थिक, राजनैतिक तथा सामाजिक कार्यक्रमहरु के के हुन् ? क्रान्तिको नेतृत्वकारी शक्ति, चरित्र, त्यसमा विद्यमान अन्तरविरोधहरु, क्रान्तिको चरित्र तथा

बाटो के हो ? यी सब कुराहरु निक्यौल गर्नुपर्दछ । र यसबाट प्राप्त हुने निश्कर्षहरुलाई नेपालको वस्तुगत अवस्थामा कसरी सृजनात्मक रुपमा प्रयोग गरेर समाजवादलाई सम्भव तुल्याउने भन्ने विषयमा निरन्तर प्रयत्न गर्नुपर्छ ।

यो सँगसँगै देशविदेशमा भएका समाजवादी संघर्षहरु, यसका सफलता असफलताहरुबारे जानकारी लिँदै वैज्ञानिक समाजवादलाई आजको समयमा कसरी सम्भव बनाउने भन्नेबारे खुलाखुलस्त छलफल र पहलकदमी लिनुपर्छ । कम्युनिष्ट आन्दोलन र प्रयत्नमा देखापरेका कमी कमजोरीहरुलाई सच्याउँदै सही विचार र सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्दै अघि बढ्नु पर्दछ । यस्तो विषयमा प्रयत्नशील नयाँ पुस्ता मात्र क्रान्तिको चालक बन्न सक्तछ । यसरी ज्ञान प्राप्ति र प्रयोगको काममा जिम्मेवार ढंगले प्रस्तुत भएर मात्र समाजवादी क्रान्तिको नेतृत्व गर्न नयाँ पुस्ता सफल बन्न सक्छ । यो कुरामा विशेष ध्यान दिनुपर्छ । तव मात्र समाजवादी क्रान्तिलाई सही ढंगले संगठीत गर्न सकिन्छ ।

अन्त्यमा, यो कुरा स्मरणीय छ कि, ०६२/०६३ सालमा भएको क्रान्ति पुँजीवादी जनवादी क्रान्ति नै थियो । उक्त क्रान्तिपछि दलाल पुँजीवाद हाम्रो मुलुकमा हावी भयो । त्यसैकारण सीमीत मान्छेले यस परिवर्तित परिस्थितिबाट ज्यादा लाभ लिए । सीमित मानिसहरुले लाभ त हिजो पनि लिइरहेकै थिए । हामीले सीमित मानिसलाई मात्र लाभ हुने र धेरै मानिसहरु शोषणमा पर्ने सामाजिक व्यवस्थाका विरुद्ध हिजोदेखि नै कष्टसाध्य मिहिनेत गर्दै आएको हो । र आज पनि हाम्रो संघर्ष सीमित मानिसलाई मात्र लाभ हुने व्यवस्थाको अन्त्य गर्नुपर्ने विषयमा नै केन्द्रित हुनुपर्ने हुन्छ । समग्र जनताको हित त समाजवादमा मात्र सम्भव छ । यो क्रान्तिले सबै जनताको सर्वाङ्गिण हित नगरे पनि यसले प्रदान गरेको लोकतांत्रिक

राजनीतिक अधिकारलाई बलियो गरि रक्षा र विस्तार गर्न सक्दा, यो समाजवाद निर्माणको लागि सहयोगीसिद्ध हुन्छ । तसर्थ अब समाजवादी क्रान्तिका लागि सबै मुक्तिकामी वर्गले प्राप्त भएको अधिकारको बलमा नै आफ्नो ध्यान र संघर्ष केन्द्रित गर्नुपर्ने बेला आएको छ । हामीलाई थाहा छ कि, यो समाजवाद, रातारात प्राप्त हुने विषय होइन । यो सामान्य सुधारबाट पनि प्राप्त हुने कुरा हैन । दलाल तथा नोकरशाही पुँजीवादविरुद्ध कठोर संघर्ष गर्दै, राष्ट्रीय पुँजीको विकास गर्ने र हरेक क्षेत्रमा समाजवादका आधारहरु तयार गर्दै समाजवाद प्राप्तिको दिशामा अघि बढ्नुपर्ने हुन्छ । यसरी समाजवादको प्राप्ति दीर्घकालिन संघर्षको बाटो अवलम्वन गरेर मात्र सम्भव हुन्छ । यसलाई बुझेर आजको संगठन र संघर्ष निर्माण गर्नुपर्ने हुन्छ । यस कुरामा आजको नयाँ पुस्ताले बढ्ता ध्यान पुऱ्याउन आवश्यक छ ।

ooo

नेपालको सन्दर्भमा समाजवाद

डा.बेदुराम भुसाल
महासचिव
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

समाजवादको सामान्य परिभाषा

समाजवाद समानताको सिद्धान्त हो । यो समतामूलक समाज निर्माणको लक्ष्य प्रस्तुत गर्ने चिन्तनको विकसित रूप हो । यस चिन्तनको इतिहास खोज्दै जाने हो भने ईसापूर्व छैठाँ शताब्दीका गौतम बुद्धको सङ्घवाद र ईसापूर्व पाँचौं-चौथो शताब्दीका प्लेटोको गणतन्त्रसम्म पुगिन्छ । बुद्ध र प्लेटोपछिका विभिन्न काल खण्डमा अनेकन विद्वानहरूले विविध प्रकारले समतामूलक समाज निर्माण सम्बन्धी अवधारणा प्रस्तुत गर्दै आएका थिए । पछि आएर त्यसप्रकारका अवधारणाहरूलाई समाजवाद भन्ने गरिएको थियो । तर ती अवधारणाहरूमा समाजमा रहेका के-के कुरा हटाउने हो र के-के कुरा कसरी ल्याउने हो भन्ने नै स्पष्ट थिएन । उन्नाइसौं शताब्दीको मध्यकालमा आएपछि कार्ल मार्क्स र फ्रेडरिख एंगेल्सले ती विषयमा स्पष्ट पार्ने काम गरेका थिए । त्यस क्रममा मार्क्सले समाजवादलाई पूँजीवादी र साम्यवादी समाजबीच एउटाबाट अर्कोमा संक्रमण हुने अवस्था रहने छ, ...त्यो आफ्नै जगमा विकास भएको नभएर पूजीवादको गर्भबाट निस्किएको हुनाले त्यसका आर्थिक, नैतिक, बौद्धिक हरेक पक्षमा जुन पुरानो समाजबाट आएको हो त्यसका छाप एवम् चिन्हहरू रहेकै हुनेछन् भनेका थिए ।[१] मार्क्सको यस परिभाषा अनुसार समाजवाद पूँजीवाद र साम्यवादबिचको चरण हो, पूँजीवादबाट साम्यवादमा संक्रमणको चरण हो ।

मार्क्सपछिका अनेकौं विद्वानहरूले विभिन्न कोणबाट समाजवादको परिभाषा गरेका छन् । विलियम ग्राहमले"समाजवाद सामुहिकतावाद हो, यसले जमीन र पूँजीको सामुहिक स्वामित्व र राज्यको निर्देशनमा उत्पादन भन्ने पैरवी गर्दछ"भनेका छन् ।[२] पाउल एम.स्वीजीले"समाजवाद एउटा यस्तो सामाजिक प्रणाली हो, जुन सम्पत्ति सम्बन्धको चरित्रका आधारमा अन्य सामाजिक व्यवस्थाभन्दा

१. Marx k. & Engels F. (1970).Selected Works. Vol. III. p 17.
२. Graham W., (1891).Socialism New and Old. p. XXI.

भिन्न हुन्छ"भनेका छन् ।[३] भिक्टर क्याथरिनले "समाजवादले उत्पादनका साधनलाई समाजको साझा सम्पत्ति बनाउँछ र त्यहाँ उत्पादन र वितरणमा राज्यको नियन्त्रण हुन्छ" भनेका छन् ।[४] रबर्ट फ्लिन्टले "समाजवाद कडा परिश्रम गर्ने तर कम प्राप्त गर्नेहरूको भलाइ गर्ने गहिरो एवम् प्रवल इच्छा हो" भनेका छन् ।[५] एस.एफ.मार्खमले "समाजवादको आधार आर्थिक-सामाजिक रूपान्तरण हो" भनेका छन् ।[६] थोमस किर्कुपले "समाजवादको आधार अर्थव्यवस्था हो, यसले राजनीतिक, सांस्कृतिक, प्राविधिक र कला क्षेत्रका संरचनामा परिवर्तन गर्दछ" भनेका छन् ।[७] त्यसैगरी विभिन्न शब्दकोशहरूले पनि आ-आफ्नो ढङ्गले समाजवादको परिभाषा गरेका छन् । क्याम्ब्रिज डिक्शनरी अफ फिलोसोफीका अनुसार समाजवादको मूल आदर्श समानता हो र यसले समानता प्रवर्द्धन गर्ने हदसम्म नियन्त्रणकारी संस्थाहरूलाई समेत न्यायोचित ठान्दछ । हिस्टोरिकल डिक्शनरी अफ मार्क्सिज्मका अनुसार समाजवाद भनेको त्यस्तो सिद्धान्त हो, जसले उत्पादनका साधनको स्वामित्व एवम् नियन्त्रण समुदायमा रहनुपर्दछ र तिनीहरूको प्रयोग सवैको हितमा हुनुपर्दछ भन्ने धारणा राख्दछ । मेरियम वेब्स्टर्ब डिक्शनरीका अनुसार समाजवाद समाजको त्यो प्रणाली वा अवस्था हो, जहाँ उत्पादनका साधनहरू राज्यको स्वामित्व र नियन्त्रणमा हुन्छन् । उपर्युक्त परिभाषाहरूको आधारमा निष्कर्ष निकाल्दा समाजवाद उत्पानका साधनहरूमाथि सामुहिक स्वामित्वमा आधारित आर्थिक-राजनीतिक व्यवस्था हो । उत्पानका साधनहरूमाथि सामुहिक स्वामित्व हुने र उत्पादन तथा वितरणमा राज्यको नियन्त्रण हुने समाज व्यवस्था हो । समाजमा समृद्धि र वास्तविक स्वतन्त्रता

---

३. Sweezy P. M, (1949).Socialism.p. 3.
४. Cathrein V.,(1904). Socialism its theoritical basis and practical Applica tion.p.17.
५. Flint R, (1894).Socialism.p.10.
६. Marhkam S.F.,(1930). A Histotory of Socialism.p.292.
७. Kirkup T., (1909). A Histotory of Socialism.p. 10.

एवं समानता प्राप्त गर्नका लागि श्रोत र साधनहरूमा समाजको नियन्त्रण हुनु पर्दछ भन्ने अवधारणामा आधारित छ । यो त्यस्तो व्यवस्था हो, जहाँ समुदायको हरेक सदस्यले समृद्ध जीवन विताउनका लागि चाहिने वस्तु र साधनहरूमा पहुच राख्दछ । समाजवाद आर्थिक समानतामा जोडदिने व्यवस्था हो तर यसो भन्नुको मतलव समाजवादले राजनीतिक स्वतन्त्रता र समानतालाई महत्व नै दिदैन भने चाहि होइन। मार्क्स र एंगेल्सका अनुसार समाजवादी समाज यस्तो समाज हो, जहाँ"हरेकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासको सर्त हुनेछ।"[८] तसर्थ समाजवाद समाजका सबै सदस्यहरूको स्वतन्त्र विकासका आधारहरू भएको समाज व्यवस्था हो ।

समाजवाद सम्बन्धी अवधारणामा एकरूपता छैन । अहिले संसारमा प्रचलित सिद्धान्त र व्यवहारलाई हेर्दा समाजवादका अनेक रूप भएको पाइन्छ। मूल प्रवृत्तिको हिसावले भने साजवादका दुईटा धारा मात्र छन् । एउटा प्रजातान्त्रिक समाजवाद र अर्को मार्क्सवादी समाजवाद वा वैज्ञानिक समजवाद । यी दुईका बिच मुख्य भिन्नताको कुरा गर्नुपर्दा वैज्ञानिक समजावादले उत्पादनका साधनमाथि निजी स्वामित्वको अन्त्य गर्ने धारणा राख्दछ भने प्रजातान्त्रिक समाजवादले त्यस्तो धारणा राख्दैन । प्रजातान्त्रिक समाजवादमा उत्पादनको सबै पक्ष निर्वाचित शासकको नियन्त्रणमा हुन्छ भने वैज्ञानिक समजावादमा उत्पादन र वितरणका सबै पक्षमा सामुहिकताको प्रधानता हुन्छ । प्रजातान्त्रिक समाजवादले सामाजिक सुरक्षाको मात्र पक्षपोषण गर्छ भने वैज्ञानिक समाजवादले सामाजिक न्यायमा जोडदिन्छ। सामाजिक सुरक्षा भनेको दयामायाले दिने कुरा हो भने सामाजिक न्याय भनेको अधिकारको रूपमा पाउने कुरा हो । प्रजातान्त्रिक समाजवादले व्यक्तिगत स्वतन्त्रतामा वढी जोडदिन्छ भने वैज्ञानिक समजावादले समानतासहितको स्वतन्त्रतामा जोडदिन्छ । यस प्रकारका भिन्नता

८. Marx k. & Engels F. (1970).Selected Works.Vol. I. p 127.

भएका दुईखाले समाजवादमध्ये हामीले नेपालमा कुन चाहि समाजवाद निर्माण गर्ने हो । हाम्रो संविधानले समाजवाद उन्मुख समाज निर्माण गर्ने भनेको छ। त्यो समाजवाद कस्तो समाजवाद हो भन्न संविधानको भाषाले प्रष्ट गर्दैन । राजनैतिक दलका अवधारणाहरू फरक-फरक छन् । हामीले नेपाली विशेषताको समाजवाद निर्माण गर्ने भनेको छौँ । त्यो भनेको के हो ? त्यो समाजवाद कस्तो हुन्छ ? त्यसका विशेषताहरू के-के हुन् ? त्यसका आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक नीतिहरू के-के हुन् ? यी प्रश्नहरूको प्रष्ट जवाफ दिने गरी खुलेर सार्वजनिक रूपमा कुरा आउन सकेको छैन । यहाँका प्रमुख राजनीतिक दलहरूभित्रै पनि जमेर छलफल भएको र निष्कर्ष निकालिएको अवस्था छैन। यो नेपाली विशेषताको बारेमा राजनीतिक दलहरूभित्र र बाहिर सार्वजनिक रूपमा समेत व्यापक छलफल, बहस र विमर्श हुनु जरुरी छ ।

नेपाली विशेषताको समाजवाद

नेपाली विशेषताको समाजवादबारे कुरा गर्दा सबभन्दा पहिले नेपाली विशेषताको बारेमा स्पष्ट हुनु पर्दछ र त्यसपछि समाजवाद के हो र नेपाली विशेषता सहितको हुँदा त्यो कस्तो हुनेछ भन्ने सम्बन्धमा स्पष्ट हुनु पर्दछ। नेपाली विशेषता भनेको नेपाली समाजको विशेषता हो । नेपाली समाजको विशेषताको कुरा गर्दा मुख्यतः निम्न चार प्रकारका विशेषता रहेको पाइन्छ :

१. भूराजनीतिक विशिष्टता : नेपाल एउटा विशिष्ट प्रकारको भौगोलिक अवस्थामा रहेको छ । यसको उत्तरतर्फ समाजवादी व्यवस्था अँगालेको विशाल चीन छ भने दक्षिणतर्फ पूँजीवादी प्रजातान्त्रिक प्रणाली अँगालेको गणतन्त्र भारत छ । दुवै छिमेकी मुलुकसँग नेपालको अति प्राचीन कालदेखि नै मैत्री सम्बन्ध रहिआएको छ । दुवैतिरका आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक व्यवस्थाको

प्रभाव नेपालमा पर्दै आएको छ । त्यसैले नेपालले अँगालेका आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक मूल्य-मान्यताहरूमा आफ्नै खालका विशेषताहरू रहन गएका छन् । यस्तो प्रकारको भूराजनैतिक अवस्था हुनु नेपाली समाजको एएटा विशेषता हो ।

२. जाति, भाषा, धर्म र संस्कृतिको विविधता : नेपाल कुनै एक जाति, एक भाषा, एक धर्म र एक संस्कृतिको वाहुल्यता भएको मुलुक होइन । यो बहु जाति, बहु भाषा, बहु धर्म र बहु संस्कृति भएको देश हो । यहाँ कुनै पनि जातिको बाहुल्यता छैन । त्यसैले यसलाई अल्पसंख्यकहरूको मुलुक पनि भन्ने गरिन्छ । यो नेपाली समाजको अर्को एक विशेषता हो ।

३. वर्गीय मात्र नभएर जातीय र सांस्कृतिक विभेद समेत हुनु : नेपाली समाज वर्गीय विभेदबाट मात्र होइन जातीय विभेद र सांस्कृतिक विभेदबाट समेत ग्रसित समाज हो । यो वर्णव्यवस्था एवम् छुवाछुत प्रथा जस्तो अमानवीय विभेदबाट समेत आक्रान्त समाज हो । तर अर्कोतर्फ यो धार्मिक, सांस्कृतिक र जातीय सहिष्णुताको परम्परा भएको समाज पनि हो । यस प्रकारको सामाजिक अवस्था हुनु नेपाली समाजको अर्को एक विशेषता हो ।

४. लोकतान्त्रिक प्रणाली अँगालेको इतिहास हुनु : नेपाल प्राचीन कालदेखि नै लोकतान्त्रिक शासन व्यवस्था आँगाल्ने इतिहास भएको मुलुक पनि हो । शाक्य गणतन्त्र, कोलीय गणतन्त्र, विदेह गणतन्त्र आदि नेपालको प्राचीन गणतान्त्रिक शासन व्यवस्थाका ऐतिहासिक उदाहरण हुन् । 'राजा' पदवीका शासक चुन्ने र सभा या समितिद्वारा राज्य सञ्चालन सम्बन्धी एवम् जनसरोकारका सवालमा निर्णय लिने ती प्राचीन गणतान्त्रिक व्यवस्थाको पुरानो इतिहास हुनु र पछिल्लो कालमा निरङ्कुशता एवम् निर्दलीयताका विरुद्ध अविचलित रूपमा सङ्घर्ष गरेर आएको ताजा इतिहास हुनु

नेपाली समाजको अर्को एक विशेषता हो ।

नेपाली विशेषताको साजवाद भन्नेवित्तिकै नेपाली समाजका उपर्युक्त विशेषताहरू अनुरूपको समाजवाद हो भनेर बुझ्नुपर्ने हुन्छ । माथि चर्चा गरिएका दुईखाले समाजवादमध्ये हामीले नेपालमा निर्माण गर्न चाहेको समाजवाद प्रजातान्त्रिक समाजवाद नभएर बैज्ञानिक समाजवाद हो । नेपाली विशेषताको समाजवाद विघटित सोभियत सङ्घ वा वर्तमान चीनियाँ मोडलको अन्धानुकरण गरेर निर्माण गरिने समाजवाद होइन । हामीले निर्माण गर्ने समाजवाद आजको युगका लोकतान्त्रिक मूल्यमान्यताहरू समाविष्ट भएको उन्नत समाजवाद हो । नेपाली विशेषताको समाजवादमा लोकतान्त्रिक हक अधिकार सुनिश्चित गरिनेछ । त्यसमा आम जनसमुदायका लोकतान्त्रिक अधिकार, मुख्यतः सङ्गठन, अभिव्यक्ति, आलोचना, सिर्जना र व्यक्तिगत स्वतन्त्रतालाई प्रत्याभूत गरिनेछ । राज्यसत्ता सञ्चालनमा आम जनसमुदायको संस्थागत सहभागिता सुनिश्चित गरिनेछ ।

हामीले निर्माण गर्न चाहेको समाजवादी समाज समृद्ध र सुखी समाज हो । समृद्ध र सुखी समाज भनेको समाजका हरेक नागरिकको जीवन निर्वाह, व्यक्तित्व विकास, शिक्षा, स्वास्थ्य र सुरक्षाका आधारभूत आवश्यकता पूरा भएको समाज हो । अहिलेको हाम्रो संविधानले नागरिकका मौलिक हकको रूपमा ३२ प्रकारका अधिकारहरूको प्रत्याभूति प्रदान गरेको छ । ती अधिकारमा स्वतन्त्रता, समानता, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य, आवास, सञ्चार, न्याय, सामाजिक सुरक्षा, सम्पत्ति, सूचना लगायतका अधिकार छन् । नागरिक सुखी हुन उनीहरूलाई संविधान प्रत्तद सवै अधिकारहरूको व्यवहारिक रूपमा नै उपभोग गरिएको छ भन्ने अनुभूत भई सन्तुष्टि प्राप्त भएको हुनुपर्दछ ।

त्यस्तो स्थिति सिर्जना हुनु संविधानले राजनीतिक क्षेत्रमा जे गर्ने भनेको छ त्यो हुनुपर्‍यो, आर्थिक क्षेत्रमा जे गर्ने भनेको छ त्यो हुनुपर्‍यो, सामाजिक सांस्कृतिक क्षेत्रमा जे गर्ने भनेको छ त्यो हुनुपर्‍यो । समाजको आधार वा जग अर्थतन्त्र हो भने राजनीति समाजको माथिल्लो संरचना हो । आधार र संरचनाको बिचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ । आधार संरचनामा प्रकट भएको हुन्छ भने संरचना आधारमा टिकेको हुन्छ । आधार वा जग जस्तो छ त्यस्तै संरचना बन्दछ । त्यसैले आर्थिक आधार बलियो नभैकन राजनीतिक संरचना बलियो हुन सक्दैन । राजनीतिमा आएको परिवर्तन अनुरूप आर्थिक आधारमा परिर्वतन गर्न सकिएन वा गरिएन भने एकातर्फ चालु राजनीतिक प्रणाली टिक्न सक्तैन भने अर्कोतर्फ आर्थिक आधारको विकास नै हुँदैन । हाम्रो संविधानको राज्यका निर्देशक सिद्धान्तमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने" भएको छ (धारा ५०.२) भने राज्यका नीतिमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने" भनिएको छ (धारा ५१ (घ) १) । यदि यसो हो भने तीन खम्बे अर्थनीतिका आधारमा सर्वप्रथम राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ, आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशील बनाउनु पर्‍यो । त्यसो भएमा त्यो अर्थतन्त्र समृद्धिको आर्थिक आधार बन्ने छ र समाजवाद उन्मुख हुनेछ ।

संविधानले "कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने" पनि भनेको छ (धारा ५१ (ङ) ५) । यो प्रावधान राम्ररी कार्यान्वयन भयो भने मात्र कृषि क्षेत्रको विकासमा फड्को मार्न सकिने छ र कृषकहरूको समृद्धिको आधार निर्माण हुने छ । मान्छे सुखी हुनका निम्ति जीवन निर्वाहका साधनहरूको पर्याप्त उपलब्धता हुनुपर्दछ । साधन पर्याप्त हुनका लागि पर्याप्त आम्दानी हुनु पर्दछ । आम्दानी हुनका निम्ति काम पाउनु पर्दछ । वेरोजगार मान्छे सुखी हुने कुरै भएन । त्यसैले हाम्रो संविधानले "सवैलाई काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवशायिक बनाउने र देशमा नै रोजगारी अभिवृद्धि गर्ने" भनेको छ (धारा ५१ (झ) १) । त्यसकारण जनसंख्याको सम्पूर्ण श्रम सक्षम हिस्सालाई दक्ष जनशक्तिमा विकास गर्नुपर्‍यो र सवैलाई योग्यता अनुसारको काम दिने व्यवस्था गर्नुपर्‍यो । त्यस्तो अवस्था निर्माण गरियो भने समृद्धिको एउता आधार तयार हुनेछ र त्यो नै समाजवादको आधार पनि हुनेछ ।

समाजमा आर्थिक राजनीतिक पक्षका साथै सामाजिक सांस्कृतिक पक्ष पनि हुन्छ । जवसम्म सामाजिक सांस्कृतिक पक्षको परिवर्तन हुँदैन तवसम्म समाजको आमूल परिवर्तन हुदैन । समाजका सवै पक्षमा आधारभूत परिवर्तन नभैकन समृद्धिको आधार नै बन्न सक्तैन र समृद्धिको आधारबिना समाजवादको आधार बन्दैन । त्यसैले समाजवादको निर्माण हुनका लागि सामाजिक सांस्कृतिक रूपान्तरणको अवस्था पनि एउटा उचाइँमा पुगेको हुनुपर्दछ । हाम्रो संविधानले "धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण

गर्ने" उद्देश्य राखेको छ (धारा ५०.२) र "सभ्य संस्कृतिको विकास गरी सामाजिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गर्ने" भन्नुको साथै "समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने" समेत भनिएको छ (धारा ५१(ग) १ र ५) । मुलुक समृद्ध भएको मान्न र सबै नेपाली सुखी हुन संविधानका यी प्रावधानहरू व्यवहारिक रूपमा नै लागू भएको हुनु पर्दछ । त्यसो भयो भने समृद्धिको समाजिक सांस्कृतिक आधार तयार भएको हुनेछ र त्यो नै समाजवादको आधार हुनेछ ।

समृद्धि र सुखी जीवनको मापन गर्ने थप पक्ष हुन् शिक्षा र स्वस्थ्य । शिक्षा र स्वास्थ्यको अवस्थाले मानिसहरू सुखी छन् कि छैनन् या उनीहरूको जीवन सुखी छ कि छैन भन्ने स्पष्ट हुन्छ । राम्रो शिक्षा प्राप्त नगरेको मानिसले राम्रो काम पाउन सक्तैन । राम्रो काम नपाइकन उसले सुखी जीवन विताउन सक्तैन । विरामी पर्दा राम्रो स्वास्थ्य सेवा प्राप्त हुने अवस्था नभएमा पनि जीवन सुखी हुँदैन । त्यसैले मुलुक समृद्ध छ र मुलुकबासी सबै सुखी छन् भन्ने मान्नका लागि मुलुकभित्रै सबै जनताले गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अवस्था तयार भएको हुनु पर्दछ । शिक्षाको सम्बन्धमा हाम्रो संविधानले एकातर्फ "शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने" भनेको छ भने अर्कोतर्फ "उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने" भनेको छ (धारा ५१ (ज) १ र ३) । त्यसैगरी स्वस्थ्यको क्षेत्रमा "गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने" भनिएको छ (धारा ५१

(ज) ६) । मुलुकबासी सबै सुखी हुनका निम्ति संविधानका यी प्रावधानहरू मुलुकभर व्यवहारिक रूपमा नै कार्यन्वयन भएको हुनु पर्दछ । त्यसो भएमा समाजवादका आधार तयार भएको मान्न सकिने छ ।

सुखी जीवनका निम्ति आवश्यक पर्ने वस्तु तथा सेवाको उपलब्धता र यातायात सुविधा पनि हो । हाम्रो संविधानले वस्तु तथा सेवाको उपलब्धताको सम्बन्धमा "आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने" भनेको छ भने यातायात सुविधाको सम्बन्धमा "यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित" गर्ने भनेको छ (धारा ५१ (ज) १३ र १४) । सुखी जीवनका निम्ति यी प्रावधान पनि कार्यान्वयन भएको हुनु पर्दछ । माथि चर्चा गरिएका विषयहरू नै समृद्धिका आधारहरू हुन् र यी समृद्धिका आधार नै समाजवादका आधार हन् । किनभने यतिवेलाको नेपाली समाजको परिप्रेक्ष्यमा आम नेपाली जनताका लागि गाँस, बास, कपासको व्यवस्था, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको प्राप्ति तथा रोजगारी, यातायात र वस्तु तथा सेवाको उपलब्धता नै सुखी जीवनका आधार हुन् र सुखी जीवनका आधार नै समृद्धि एवं समाजवादका आधार हुन् । हामीले निर्माण गर्न चाहेको नेपाली विशेषताको समाजवादका मुख्य आधार यिनै हुन् । यी आधारहरू तयार भए भने समाजवाद निर्माण हुँदै गएको मान्न सकिने छ ।

Reference

1. Marx k. & Engels F. (1970). Selected Works. Vol. III. Moscow : Progress publishers.

2. Graham W., (1891).Socialism New and Old.London : Kegan Paul, Trench,Trubner & co.Ltd.

3. Sweezy P. M, (1949).Socialism. New York : Mc Graw-Hill Book Company, Inc..

4. Cathrein V.,(1904). Socialism its theoritical basis and practical Application.New York : John M. Farley.

5. Flint R, (1894). Socialism.London: Isbister and Company Ltd.

6. Marhkam S.F.,(1930). A Histotory of Social ism. London :A And Black Ltd.

7. Kirkup T., (1909). A Histotory of Socialism. London : Adam and Charles Black.

ooo

पुँजीवादी संकट र समाजवाद

डा. विजय कुमार पौडेल
उपमहासचिव
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

वर्तमान पूँजीवादी संकट : कारण र प्रभावहरू

पुँजीवाद र संकट एक-अर्काका पर्याय रहिआएका छन् । पुँजीवादी अर्थतन्त्रबारे कार्ल मार्क्सले निकालेका निश्कर्षहरू वर्तमान अन्तराष्ट्रिय अर्थब्यवस्थामा कसरी लागू भैरहेका छन् भन्ने बारेमा यहाँ चर्चा गरिने छ ।

पुँजीवादी अर्थतन्त्रको प्रणालीमै त्यस्ता समस्या छन् जसलाई पुँजीवादको प्रणालीगत समस्या (सिस्टमिक क्राइसिस) भनिन्छ । निजी पुँजीको विस्तारका लागि योजनाबिहीन योजना वा निजी पुँजीपतिको योजनासँग राष्ट्रिय (अहिलेको सन्दर्भमा अन्तर्राष्ट्रिय समेत) योजनाको तालमेलको अभाव पुँजीवादी व्यवस्थाको त्यस्तो समस्या हो जो पुँजीवाद रहेसम्म कहिल्यै समाधान हुँदैन भन्ने कुरा पटकपटक प्रमाणित हुँदै आएको छ । पुँजीवादसँग निरन्तर अनुसन्धानरत अर्थशास्त्रीहरूको फौज नै रहने गरेको छ । पुँजीवादलाई जसरी भएपनि सही ठहऱ्याउने अर्थशास्त्रीहरूको संख्यामा झन्झन् बृद्धि गरिएको छ । हरेक वर्ष यौटा न यौटा तात्कालिक समाधानको सूत्र तेर्स्याउने पुँजीवादी अर्थशास्त्रीलाई पुरस्कृत गरिएकै छ तर पुँजीवादभित्रको अराजकता मेटिने कुनै उपाय पत्ता लागेको छैन ।

पुँजीवादको प्रणालीगत संकटबारे यौटा उदाहरण लिउँ- सन् २००७ को सेप्टेम्बर मध्यबाट अचानक अमेरिकी वित्त बजारमा ठूलो भुईंचालो जान थाल्यो । केही दिन अघिसम्म पुँजीबजारमा मुनाफाको दर बढी देखाएर आ-आफ्ना शेयरको भाउ बढाउन तँछाड मछाड गरिरहेका भीमकाय बैंक तथा वित्तीय संस्थाहरू रातारात टाट पल्टिन थाले । त्यसको असर तत्कालै युरोपभरी फैलियो र यसले अनेक रूप धारण गर्दै विश्वब्यापी प्रभाव देखाउन थाल्यो । त्यसरी संयुक्त राज्य अमेरिकाका बैंक तथा वित्तीय संस्थाहरू डुबाउने कारण थियो- क्रोडिट डेरिभेटिभ (नेपालीमा यसलाई ऋण प्रवाह गर्ने चक्रगत प्रणाली भनौं) को बैंकिङ प्रणाली अन्तर्गत घरजग्गा कारोबारमा गरिएको लगानी ।

बजारमा कति माग छ र कतिसम्म माल उत्पादन गर्दा बिक्ने संभावना हुन्छ भनेर पूँजीवादी सरकारले कुनै कोटा तोक्न सक्दैन । अमेरिकी बजारमा घर-फल्याटको अत्याधिक माग भएका बेला निर्माणकर्ताहरूले अन्धाधुन्ध घर निर्माण गरे र बैंकहरूले पनि आ-आफ्नो कारोबार विस्तार गर्न लगानी बढाउने होड नै चलाए । जब फल्याटहरू बिक्न छाडे तब बैंकहरूको आवधिक किस्ता पनि रोकियो । यसरी यौटा बैंक टाट पल्टिएपछि क्रेडिट डेरिभेटिभको चक्रिय प्रभावका कारणले अरु बैंकहरू पनि क्रमशः टाट पल्टिन थाले । बैंकहरू टाट पल्टिन थालेको खबर फैलिएपछि निक्षेपकर्ताहरूले आ-आफ्नो रकम फिर्ता माग्न थाले । सबै निक्षेपकर्ताहरूलाई एकैचोटी उनीहरूको बचत फिर्ता गर्नसक्ने तागत कुनै पनि बैंकसँग हुँदैन । बैंकहरूले आफूसँग भएको निक्षेपको अत्यन्त थोरै मात्रा मात्रै नगद (क्याश रिजर्भ) राखेका हुन्छन् । सन् २००७ को सेप्टेम्बर पछि एकाएक धेरै बैंकका सञ्चालकहरूले आ-आफ्नो बैंक टाट पल्टिएको घोषणा गर्न बाध्य हुनुपर्‍यो । यस्ता घटना विगतमा पनि धेरै पटक भएका थिए तर जब संकट केही समयका लागि समाधान हुन्छ तब निजी पुँजीपति र तिनको कारोबारमा लगानी गरेर नाफा कमाउने एकमात्र धन्दा राखेका बैंकहरूले पुनः अन्धाधुन्ध लगानीको प्रक्रिया फेरी शुरु गर्दछन् । कैंयौं पटक कार उत्पादन गर्ने कम्पनीहरू त्यसैगरी टाट पल्टिएका छन् । तीन वर्ष अगाडि मात्रै बहुराष्ट्रिय कम्पनीहरूको पनि अग्रणी एनरोन टाट पल्टिएको त सबैलाई थाहै छ । तर जब संकट टरेर जान्छ तब पुँजीपतिहरू फेरी त्यसैगरी अनियन्त्रित मात्रामा उत्पादन शुरु गर्दछन् र शुरुमा नयाँ स्तरको नाफा र केही समय पछि नयाँ संकटको श्रृंखला शुरु हुन्छ ।

नाफाका लागि अनियन्त्रित लगानी र क्रेताहरूले खरिद गर्न सक्ने क्षमताभन्दा बढी उत्पादन (अति उत्पादन) अनि संकट, कहिले कुन उत्पादनको क्षेत्रबाट संकट त कहिले कुन उत्पादनको क्षेत्रबाट ।

तर कहिल्यै पनि संकटबाट नसिक्ने र अराजकढंगले छाडा बजारको माध्यमबाट नाफाको दौडमा निरन्तर कुदिरहने चक्रिय अराजक प्रणाली नै पुँजीवादको गतिको नियम हो । विगत तीन शताब्दीका अनुभवहरूले यही कुराको पुष्टी गरेका छन् । यसबारेमा कार्लमार्क्सले भनेका छन्," पुँजीवादको अराजकता नै यसको नियम वा प्रणाली हो ।"

सन् २००७ बाट शुरु भएको पुँजीवादी वित्तीय संकटले अझै पनि छोडेको छैन । पुँजीवादी अर्थशास्त्रीहरू, वर्तमान पुँजीवादका विश्वस्तरीय संस्था- विश्व बैंक र अन्तराष्ट्रिय मुद्राकोषका आधिकारिक प्रकाशनहरू सबैले यही कुरा स्विकार गरेका छन् । (अप्रिल २०१४) मा अन्तराष्ट्रिय मुद्राकोषबाट प्रकाशित वर्ल्ड इकोनोमिक आउटलुकले मुख पृष्ठमै संकट कायमै रहेको लेखेको थियो । ओ.ई.सी.डी. (अर्गनाइजेशन फर इकोनोमिक कोअपरेशन एण्ड डेभलपमेण्ट- ३० वटा विकसित धनी राष्ट्रहरूको संगठन) को सचिवालयले सन् २०१४/०१५ को पुँजीवादी वित्तीय बजार झनै संकटग्रस्त हुने वक्तब्य जारी गरेको थियो (हे. फाइनान्सियल टाइम्स, अनलाइन संस्करण १५ सेप्टेम्बर, २०१४) । विश्व बैंकले वर्ष २०१४ को जनवरीमा यस वर्षको समग्र विश्वको आर्थिक बृद्धि दर ३.२ प्रतिशत कायम रहने प्रक्षेपण गरेकोमा जुन महिनासम्म आइपुग्दा त्यो २.८ मा झरेको थियो ।[१] सन् २०१४ को शुरुवात नै सं.रा.अमेरिकाको वित्तीय बजारको उथलपुथलबाट शुरु भयो र यसो हुनुको प्रमुख कारण युक्रेनमा जारी द्वन्दलाई बताइयो । सन् २०१५ को शुरुवात पनि अमेरिकी वित्त क्षेत्रका लागि निराशाजनक नै रह्यो । अमेरिकी वित्तीय क्षेत्रमा समस्या देखिने बित्तिकै विश्वस्तरमै त्यसको नकारात्मक प्रभाव पर्नुको मूल कारण चाहीं अमेरिकी वित्तीय व्यवस्था विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषमा हावी हुनु हो । अर्को तरिकाले

१. वर्ल्ड ब्याङ्क ग्रुप, वर्ल्ड डेभलपमेन्ट रिपोर्ट, (वाशिंटन : वर्ल्ड बैंक, जुन २०१४), पृ.३ ।

भन्ने हो भने विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व ब्यापार संगठन समेत अमेरिकी योजना अनुसार चल्नु हो । यहाँसम्म कि सबै देशहरूको साझा संगठन संयुक्त राष्ट्र संघ पनि अमेरिकी योजना अनुसार चल्ने गरेको स्पष्ट देख्न सकिन्छ । अमेरिकी ज्यादतीका विरुद्ध संयुक्त राष्ट्र संघका महासचिवले चिन्ता जाहेर गर्ने बाहेक केही गर्न नसक्ने अवस्था छ, त्यो पनि घुमाउरो तरिकाले मात्रै ।

आजका दिनसम्म सं.रा.अमेरिका विश्व पुँजीवादको केन्द्र हो । सन् २००७ देखि शुरु भएको अमेरीकी वित्तीय संकटले विश्वब्यापी रूप लिएको हुँदा यसका मूल कारणहरू पत्ता लगाउनका लागि सं.रा. अमेरिकाले भोगेको वित्तीय संकट र त्यसका कारण र प्रभावहरूबारे चर्चा गर्नुपर्ने हुन्छ ।

अर्थतन्त्रको अति वित्तीयकरण अहिलेको अमेरिकी र समग्र विश्व पुँजीवादी अर्थतन्त्रको प्रमुख समस्या हो । पुँजीवादी अर्थतन्त्रको अति वित्तीयकरणका बारेमा ब्ला.ई.लेनिनले आफ्नो रचना साम्राज्यवाद पुँजीवादको चरम अवस्था भन्ने पुस्तकमा विस्तारपूर्वक उल्लेख गरेका छन् । उत्पादनशील पुँजीलाई वित्त पुँजीले नियन्त्रणमा लिनु पुँजीवादको साम्राज्यवादी चरणको प्रमुख विशेषता हो भन्ने नै लेनिनको निश्कर्ष रहेको छ । सन् १८९० को दशकभन्दा पहिलेसम्म बैंकहरूको भूमिका भनेको भद्र मध्यस्थकर्ताको रूपमा मात्रै थियो । त्यस पछि बैंकहरूको भूमिकामा परिवर्तन हुन थाल्यो । औद्योगिक पुँजीलाई वित्त पुँजीले नियन्त्रण गर्न थाल्यो । बैंकहरू वित्त पुँजीका एकाधिकारीहरू बन्न थाले । राजनीतिक र आर्थिक संस्थाहरू बैंकमाथि आश्रित हुनथाले ।[२] लेनिनले चर्चा गरेको समयको र अहिलेको पुँजीवादको चारित्रिक विशेषता उस्तै-उस्तै नै छ । त्यसैले लेनिनको निश्कर्ष अहिले पनि उस्तै सान्दर्भिक छ तर मात्रात्मक रूपमा वित्त पुँजीको नियन्त्रण कैयौं गुणा धेरै बढेको छ । यसबारेमा यौटै उदाहरण पर्याप्त हुनेछ ।

२. लेनिन, साम्राज्यवाद...,पूर्वोक्त, पृ. ३९

सन् १९७४ मा संयुक्त राज्य अमेरिकाको अर्थतन्त्रको कर्पोरेट मुनाफामा वित्तीय क्षेत्रको हिस्सा २ प्रतिशतभन्दा कम थियो । यसको मात्र ३५ वर्ष पछि अर्थात् सन् २००४ सम्म आइपुग्दा बैंक तथा वित्तीय संस्थाहरूको खुद मुनाफा ३०० खर्ब (नेपाली गणनामा ३ नील)[३] डलर पुग्यो । यही आर्थिक वर्षमा सं.रा. अमेरिकाका गैर वित्तीय क्षेत्रका सम्पूर्ण आन्तरिक उद्योग धन्दाहरूले गरेको खुद मुनाफा ५३४ खर्ब डलर थियो । अर्थात् वित्तीय क्षेत्रले अमेरिकाको कर्पोरेट क्षेत्रले प्राप्त गरेको खुद मुनाफाको कूल योगको झण्डै ३६ प्रतिशत हिस्सा ओगट्न पुग्यो । वित्तीय क्षेत्रले कुनै भौतिक वस्तु वा माल उत्पादन गर्दैन तर उसले प्राप्त गर्ने मुनाफा उत्पादक क्षेत्रबाट नै एक प्रकारको कमीशन को रूपमा आएको हुन्छ । वाणिज्यिक मुनाफा अतिरिक्त मूल्यकै एक हिस्सा हो ।[४] उद्योगपतिले बैंक तथा वित्तीय क्षेत्रलाई तिर्ने ब्याज आफ्नो खल्तिबाट भुक्तानी गर्दैन । त्यो श्रमिक वर्गबाट शोषण गरेर लिइएको अतिरिक्त मूल्यकै एक हिस्सा हुनेगर्दछ ।

आम उपभोक्ता कुनै न कुनै हिसाबले उत्पादन कार्यसंग जोडिएका हुन्छन् अर्थात् आम उपभोक्ताहरू श्रमिक वर्गको विभिन्न तहका मानिस हुन्छन् । अतिरिक्त मूल्यको चर्को शोषणका कारण बजारमा उत्पादित मूल्य बराबरका माल-सामान खरिद गर्नसक्ने क्रय शक्ति उपभोक्ताहरूसंग हुँदैन । यसैले पुँजीवादी व्यवस्थामा आवधिक रूपमा संकटको सिर्जना भइनै रहन्छ । उत्पादक पुँजीलाई वित्तीय पुँजीले नियन्त्रणमा लिइसकेपछि पुँजीवादको यो रोग झन् जटिल बनेको छ । अहिलेको विश्व पुँजीवादी व्यवस्थामा आएको वित्तीय

---

३. नेपाली गणनामा एकाइ, दहाइ, सैकडा, हजार, दसहजार, लाख, दसलाख, करोड, दसकरोड, अरब, दसअरब, खरब, दसखरब, त्यसपछि नील, दस नील, पद्म, दसपद्म र संख हुन्छ ।

४. मार्क्स, पूर्वोक्त, पृ. ४९

५. विलियम ट्याव, "फोर क्राइसेज अफ दी वर्ल्ड क्यापिटालिस्ट सिस्टम", मोन्थली रिभ्यू, वर्ष ६०, अंक-५, सन् २००८

संकटको मूल कारण अर्थतन्त्रको अति वित्तीयकरण हो ।[५] अहिले उत्पादक पुँजीमाथि वित्तीय पुँजी प्रभावशाली बनिरहेको छ तथा वित्तले उत्पादनलाई नियन्त्रण गरिरहेको छ । पुँजीवादी विस्तारित पुनरुत्पादनको सूत्र मुमामु'(MCM') बाट माल अदृश्य वा अन्तरध्यान भएर वित्तीय क्षेत्रका हकमा मुमु' कायम हुन गएको छ । प्रविधिमा हुने गरेको निरन्तरको सुधारले एकातिर वास्तविक उत्पादनको क्षेत्रको रोजगारीमा निरन्तर सापेक्षिक कटौति गरिरहेको छ भने अर्कोतिर वित्त पुँजीको अति नियन्त्रण कायम हुन गएका कारण उद्योगपतिले आफ्नै माल उत्पादनको वास्तविक योजना बनाउन नसक्ने भएको छ । झट्ट हेर्दा उत्पादकले आफ्नो उत्पादनको परिमाण नियन्त्रण गरेजस्तो देखिन्छ तर वित्त पुँजीले पहिले नै त्यसको घाँटी अँठ्याइसकेको हुन्छ । वित्तीय क्षेत्रको संकट उत्पादक क्षेत्रले बेहोर्नु पर्ने, पुँजीवादी आर्थिक चक्रका कारण निश्चित समयमा कुनै न कुनै उत्पादक क्षेत्र डुब्ने तर वित्तीय क्षेत्रको उद्धार गर्न राज्य आफैं अगाडि सर्ने कुरा आम भएको छ । सन् २००७ बाट शुरु भएको सं.रा.अमेरिकाको वित्तीय संकट र त्यसलाई समाधान गर्ने प्रक्रियामा यो प्रवृति अमेरिका लगायत विश्वभरी नै देखा पऱ्यो । टाट पल्टेका बैंक तथा वित्तीय संस्थाहरूको ऋणमोचन (बेलआउट) गरेर उनीहरूलाई बचाइयो तर उत्पादक कम्पनीहरूको हकमा आमरूपमा त्यसो गरिएन ।

निजी वित्तीय क्षेत्रको हकमा राज्य संरक्षकको रूपमा देखा पर्ने तर उत्पादक कम्पनीहरू अभिभावक बिहीन जस्ता हुने अवस्था विकसित पुँजीवादी राष्ट्रहरूमा मात्रै होइन सबै विकासशील भनिएका गरीब राष्ट्रहरूमा समेत आम रूपमा देखा परेको छ । अर्थतन्त्रको अति वित्तीयकरण अहिले विश्वब्यापी परिघटना बनेको छ भलै विकासशील देशहरूको अर्थतन्त्रको पर्याप्त मौद्रिकीकरण नभएको तर्क गर्ने गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरूमा आम जनताको पहुँच कत्तिको पुगेको छ भन्ने कुरा यौटा विषय हो भने उत्पादक क्षेत्रलाई वित्तीय क्षेत्रले

नियन्त्रणमा लिएको कुरा अर्कै विषय हो । जतिजतिपटक पुँजीवादी अर्थतन्त्रमा संकट देखिने गरेको छ उतिउति पटक अर्थतन्त्रको वित्तीयकरण बढीरहेको छ । विश्वपुँजीवादी वा साम्राज्यवादी व्यवस्था आफैंले सिर्जना गरेको वर्तमान विश्वस्तरीय वित्तीय संकटका कारण र प्रभावहरूलाई यही सेरोफेरोमा बुझ्न सकिन्छ ।

संकट समाधानका पूँजीवादी प्रयासहरूको विश्लेषण

अहिले विश्वस्तरमा पुँजीवाद भनेको साम्राज्यवाद हो । यसलाई साम्राज्यवाद नभनेर विश्व पुँजीवाद भन्नु पर्दछ भन्नेहरूले अहिलेको पुँजीवादी विश्वकीकरण र साम्राज्यवादी दबदबाभित्र प्रतिक्रियावादीभन्दा बढी प्रगतिशील पक्षहरू देख्छन् । वर्तमान समयमा लेनिनका राजनीतिक निश्कर्षहरू (मूलतः पुँजीवाद मरणासन्न छ भन्ने निश्कर्ष) किन लागू भैरहेका छैनन् भनेर छुट्टै व्याख्या- विश्लेषण गर्नु पर्दछ तर पुँजीवादको वर्तमान चरणको आर्थिक चरित्र र साम्राज्यवादी व्यवस्थाको व्याख्याका सन्दर्भमा अहिले पनि लेनिनका विश्लेषणहरू अचुक जस्तै छन् । साम्राज्यवादी शोषण र दमन झन्झन सघन र क्रूर बन्दै गैरहेको छ । यसैले वर्तमान विश्व पुँजीवादी व्यवस्थाको प्रतिक्रियावादी पक्षको तुलनामा प्रगतिशील पक्ष बढी देख्नु पुँजीवादी अर्थशास्त्रीका हकमा त ठीकै हो, किनभने त्यो उनीहरूको पेशा नै हो तर आफूलाई प्रगतिशील वा समाजवादी कित्तामा राख्नेहरूले त्यस्तो देख्नु साम्राज्यवादसमक्ष सैद्धान्तिक आत्मसमर्पण गर्नु बाहेक केही पनि होइन ।

साम्राज्यवादी सरकारले आफ्नो संकट ढाक-छोप गर्न चाहन्छ र त्यसलाई विश्वव्यापी बनाएर आफूमाथिको असर कम गर्न चाहन्छ । आफ्नो संकट निराकरण गर्ने बाटो खोज्नु त परै जाओस, त्यसलाई सानो बनाउनका लागि पनि पुँजीवादले आन्तरिक कमजोरीहरूको अन्वेषण गर्दैन । आफूलाई टिकाउनका लागि साम्राज्यवादले पाँचवटा काम संगसंगै गर्नुपर्ने हुन्छ सधैंभरी । ती हुन्- (i) पुँजीवादी

प्रणालीको पक्षमा वैचारिक अभियान सञ्चालन गर्ने, (ii) उत्पादनको प्रविधिमा निरन्तर सुधार, सुधारका नाममा छद्म प्रविधिको विस्तार, (iii) आन्तरिक समस्या समाधानका लागि अत्यन्त अल्पकालिन उपायहरूको अबलम्बन, (iv) सामान्य अवस्थामा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई खुम्च्याउने र संकट देखापर्दा तीनलाई विस्तारित गर्ने काम गरी आफ्नो देशभित्रको श्रमजीवी वर्गको असन्तोषलाई मत्थर पार्ने काम, र (v) साना राष्ट्रहरूमा युद्धको निरन्तर विस्तार । पुँजीवादका पक्षमा कालोलाई सेतो र सेतोलाई कालो बनाउनका लागि योजनाबद्धरूपमा वैचारिक अभियानको सञ्चालन गरिन्छ । बाहिरबाट हेर्दा त्यो काम योजनाबद्ध देखिन्न तर अत्यन्त ब्यवस्थित योजनाका साथ पुँजीवादको पक्षपोषण गरिन्छ। पुँजीवादको प्रणालीगत असफलता (सिस्टमिक फेल्योर) तर्फ आम मानिसको ध्यान जानबाट रोक्नका लागि तथाकथित अनुसन्धानहरू गरिन्छ र पूर्वनियोजित निश्कर्ष निकाल्दै भनिन्छ- पुँजीवाद आफैंमा राम्रो ब्यवस्था हो । यसलाई जनमुखीढंगले लागू नगरिएर मात्रै समस्या श्रृजना भएको हो... फलानो केसमा यसो भएर समस्या सिर्जना भयो, तिलानो केसमा उसो भएर समस्या सिर्जना भयो ...। विगत चौवालिस वर्ष यता दिइएका अर्थशास्त्रका नोबल पुरस्कारहरूको सूची हेर्ने हो भने यो कुरा स्पष्ट हुन्छ । अपवादको रूपमा सन् १९७५को अर्थशास्त्रको नोबेल पुरस्कार दुईजनालाई संयुक्तरूपमा दिइएकोमा एकजना लियोनिद भिटालेभिच कान्तोर्भिच कम्युनिष्ट अर्थशास्त्री थिए । यसमा पनि बिर्सन नहुने कुरा छ- अर्थशास्त्री लियोनिदको खोज उत्पादनका साधनहरूको समुचित वितरण सम्बन्धी प्राविधिक विषयमा आधारित थियो, समाजवाद विषयक कुनै सैद्धान्तिक कुरा थिएन वा पुँजीवादको आलोचनामा केन्द्रित खोज थिएन ।

पुँजीवादी अर्थशास्त्रीहरू आफ्नो खेमाको वैचारिक सुरक्षामा कतिसम्म सचेत छन् भने पुँजीवादले ल्याएको प्राकृतिक साधन श्रोतको

अन्धाधुन्ध दोहन र त्यसबाट सिर्जित वातावरणीय विनाशलाई पनि सही सिद्ध गर्ने कसरत गर्न चुक्दैनन् ।

प्रविधिमा निरन्तर सुधार गर्ने प्रवृतिको मात्र विश्लेषण गर्ने हो भने यो पुँजीवादको प्रगतिशील पक्ष हो । यसैले त्यसलाई बचाइराखेको छ । तर प्रविधिको सुधारको दौडलाई के प्रयोजनका लागि प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषण गर्दा भने बिल्कुलै विपरित परिदृश्य देखापर्दछ । प्रविधिको निरन्तर सुधार अतिरिक्त मूल्यको विश्वव्यापी शोषणलाई झन्झन् सघन बनाउन प्रयोग गरिएको छ र धेरैजसो प्रविधिको प्रयोग साना राष्ट्रहरूलाई झन्झन् ऋणग्रस्त बनाउनका लागि निर्लज्जढंगले प्रयोग गर्ने गरिएको छ । अहिले सूचना प्रविधिमा जुन क्रान्ति भएको छ, त्यसको उपलब्धीको मूल हिस्सा (अधिकांश हिस्सा) साम्राज्यवादी केन्द्र राष्ट्रमा पुग्ने गर्दछ । साम्राज्यवादको केन्द्र परिवर्तन भैरहन्छ- एक समय त्यो बेलायत थियो, अर्को समय जर्मनी भयो र अहिले सं.रा.अमेरिका छ । सूचना क्रान्तिले गरीब राष्ट्रका जनतालाई पनि फाइदा पुऱ्याएको जुन तर्क गरिँदै छ, त्यो निरपेक्ष आधारमा गरिएको छ । दाउरा बोक्नेले पनि मोबाइल प्रयोग गर्न पाएको छ भनेर मख्ख पर्नुको के अर्थ रहन्छ र ? त्यो त सापेक्षतामा भन्ने हो भने दास युगमा मालिकले आफ्नो दासलाई हट्टाकट्टा बनाएर राखेजस्तै हो । दास दुब्लाउँदा उसको श्रम क्षमता घट्थ्यो, उ मर्दा उसमाथि गरिएको लगानी डुब्थ्यो ।

यौटा उदाहरण लिउँ- केही वर्ष अगाडि मात्रै नेपाली बैंकहरूले यौटा बाध्यता भोगे- लेखा प्रणाली राख्ने सफ्टवेयरका सन्दर्भमा । केही वर्ष अगाडि मात्रै लाखौं खर्च गरेर उनीहरूले आफूलाई आवश्यक सफ्टवेयर जडान गरेका थिए । ती पनि विदेशी बहुराष्ट्रिय कम्पनीबाटै आयात गरिएका थिए । लाखौं खर्च गरेर जडान गरिएको केही वर्ष बित्न नपाउँदै विश्वस्तरमा एकरूपता बनाउनुपर्ने नाममा यौटा विदेशी बहुराष्ट्रिय कम्पनीको सफ्टवेयर खरिद गर्न बाध्य बनाइयो

जुन लाखौंमा होइन, करौडौंमा बेचियो । जसको कुनै आवश्यकता थिएन । भैराखेकै सफ्टवेयरलाई पनि सानो सुधारबाट यौटै सन्जालमा लैजान सकिन्थ्यो । अर्कै सोझो किसानको जग्गा देखाएर बेच्ने र कमिसन खाने जग्गा दलाली जस्तो प्रवृति विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व ब्यापार संगठन र शक्तिशाली राष्ट्रहरू सबैले बडो निर्लज्जतापूर्वक अपनाएका छन् ।

प्रविधि सुधारको नाममा मानिसहरूलाई छद्म प्रविधिको दास बनाउनु अहिलेको साम्राज्यवादको चारित्रिक विशेषता हो । अर्को यौटा उदाहरण लिउँ- आइफोन-४ र आइफोन-५ मा के गुणात्मक भिन्नता हुन्छ ? यसैगरी सामसुङ ग्यालेक्सीका अघिल्लो र पछिल्लो ब्रान्डले मानिसको सूचनाको पहुँचमा, सुविधामा, भौतिक उत्पादनका लागि त्यसको प्रयोगमा के गुणात्मक भिन्नता दिन्छन् ? केही सेकेन्ड छिटो खुल्ने वा केही सेकेन्ड छिटो सेवा दिने सुविधा थप्दैमा गरीब राष्ट्रको यौटा किसानले जिन्दगीभरी बचत गर्न नसक्ने रकम असुल्न मिल्छ ? मानिसलाई उपभोक्तावादी प्रवृतिको दास बनाउनु पुँजीवादका लागि अनिवार्य छ । संसारका तमाम लोकतान्त्रिक भनिएका सरकारहरूसँग त्यो दासतालाई रोक्ने कुनै दृष्टिकोण नै छैन, त्यसको कुनै आवश्यकता नै अनुभूत गरेका पनि छैनन् । अर्को यौटा सानो उदाहरण लिउँ- मानिसलाई गोरो बनाउने क्रिमको प्रचार गर्नु मानव अधिकारको हनन हो कि होइन ? के राम्रो भनेको गोरो मात्रै हो ? के हिस्सी परेको कालो मानिस राम्रो हुँदैन ? के हिस्सी परेको कालो बनाउने कुनै सौन्दर्य सामग्रीको प्रचार देख्न पाइन्छ ? प्रत्यक्ष उपनिवेशवादको युग अन्त्य भएपनि भिन्न रूपमा गोरा साहेबहरूकै साम्राज्य कायम छ र सौन्दर्यको मानक पनि सेतो छाला लाई नै बनाइएको छ । लेनिनले साम्राज्यवादले जातीय अहंकार फैलाउँछ भनेर त्यसै भनेका होइनन् ।[६]

६. हेर्नुस्- लेनिन, साम्राज्यवाद..., पूर्वोक्त

भैगो, अहिलेको उपभोक्तावादले गोरो छालालाई मात्रै राम्रो मान्छ । के गोरो बनाउने क्रिमले साँच्चै गोरो बनाउँछ त ? नहुने कुरा गरेर उपभोक्ताहरूलाई ठग्न पाइन्छ कि पाइन्न ? के कोकाकोला नामको पेय पिएर मानिस बन्जी जम्पिङ्गमा पोख्त हुन्छ ? वा स्प्राइट नामको पेय पिएर हिम्मत बढ्छ ? यही हो छद्म प्रविधिको विस्तार, जहाँ जसरी पनि ठग्न पाइन्छ र लोकतान्त्रिक भनिएका सरकारहरूले जनता ठगिएको कुरालाई अत्यन्त स्वाभाविकरूपमा लिन्छन् ।

आन्तरिक संकट समाधानका लागि अत्यन्त अल्पकालिन उपायहरू अपनाउनु पुँजीवादी ब्यवस्थाको नियमित प्रक्रिया हो । सरकारद्वारा अर्थतन्त्रमा अहस्तक्षेप (लेसेज फेयर)को आर्थिक दर्शनमा विश्वास गर्ने भनिएको पुँजीवादी ब्यवस्थाले आफ्नो अर्थतन्त्रमा संकट आइलाग्दा अल्पकालका लागि सरकारी हस्तक्षेप गर्न पनि पछाडि पर्दैन । जहाँ गरीब जनता तथा श्रमजीवी वर्गको हित गर्नु पर्ने कुरा आउँछ, त्यहाँ मात्रै उदारीकरण वा लेसेज फेयरको कुरा गरिन्छ तर जब बहुराष्ट्रिय कम्पनीहरू टाट पल्टिने अवस्था आउँछ तब तिनलाई जोगाउन सरकारले हस्तक्षेप गर्दछ ।

पुँजीवादको संकट समाधानको अर्को भरपर्दो सूत्र हो- आफ्नो संकटलाई अन्यत्र स्थानान्तरण गरिदिने, खासगरी साम्राज्यवादी हैकमसँग असहमत तथा गरीब राष्ट्रमा यसो गर्नका लागि विभिन्न तरिकाले विकासशील भनिएका तमाम देशहरूमा विभिन्न बहानामा आन्तरिक द्वन्द्व सिर्जना गराइन्छ तथा तेश्रो विश्वका विभिन्न देशहरूलाई आपसमा लडाइन्छ । त्यतिले पनि पुगेन भने सिधै आक्रमण गर्ने काम त छँदैछ । कतै साम्प्रदायिक दंगा गराइन्छ त कतै धार्मिक झगडा चर्काइन्छ । जगजाहेर छ- सन् १९८० देखि १९८८ सम्म चलेको आठ वर्ष लामो इरान-इराक युद्ध अमेरिकी योजना अन्तर्गत गराइएको थियो । कसलाई थाहा छैन ओसामा विन लादेनलाई अमेरिकाले नै तयार गरेको कुरा ? अमेरिकाले आरोप लगाएको इराकका आम

विनासकारी हतियार कहाँ गए ? लिबियाका तत्कालिन शासक कर्नेल गद्दाफिलाई अमेरिकाले मार्नुपर्ने कुनै कारण थिएन ।

तत्कालिन सोवियत संघ र सं.रा. अमेरिकाका बीचमा विभिन्न चरणमा सम्पन्न शान्ति वार्ता र संझौताहरूको श्रृंखला पछि समाजवादी देशहरूका बीचको सैनिक गठबन्धनको सन्धी वार्सा प्याक्ट खारेज गरियो । समान ढंगले अमेरिकी नेतृत्वको नाटो सैनिक गठबन्धन पनि खारेज हुनुपर्ने थियो तर पूर्व सोवियत संघ र सम्बद्ध राष्ट्रहरूमा पुँजीवादको पुनर्स्थापना भएपछि अमेरिकाले आफ्नो वाचा पालन गर्नुपर्ने कुनै आवश्यकता देखेन । अहिले नाटोको काम विकाशशील देशहरूमा हुने क्रान्तिकारी आन्दोलन दबाउने, आफ्ना पिट्ठु लडाकु दस्ता तयार गर्ने र विकासशील राष्ट्रहरूलाई तहसनहस गराउने काममा उक्साउने तथा आवश्यक पर्दा लोकतन्त्र र मानवाधिकारको रक्षाको नाममा तिनै पिट्ठुहरूको सुरक्षार्थ उभिने रहेको छ । केही ठूलो आकारका विकासशील देशहरू हालका दिनमा पुँजीवादी आर्थिक बृद्धिको तिब्र चरणमा छन् र उनीहरूले पनि आफ्नो आसपासका साना राष्ट्रहरूसंग त्यही प्रकारको हेपाहा ब्यवहार गरिरहेका छन् जुन हालको साम्राज्यवादको केन्द्र अमेरिकाले तमाम गरीब राष्ट्रहरूसँग गरिरहेको छ ।

साम्राज्यवाद यौटा प्रवृतिको नाम पनि हो- आर्थिक र सामरिक रूपमा बलियो हुने बित्तिकै आफ्नै छरछिमेकको आफूभन्दा कमजोर राष्ट्रलाई हरेक तरिकाले सताउनु र आफ्नो संकटलाई विभिन्न तरिकाले स्थानान्तरित गरिदिनु अहिले विश्व साम्राज्यवादको केन्द्र सं.रा. अमेरिका रहेको छ र विभिन्न स्थानमा क्षेत्रीय साम्राज्यवादी उपकेन्द्रहरू पनि तयार भएका छन् ।

सन् २००७ मा शुरु भएको आफ्नो देशको वित्तीय संकटबाट थला परेका विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण मोचनका लागि सं.रा. अमेरिकाको सरकारले ४७०० खर्ब डलर खर्च गऱ्यो तर

संकट सारतः जस्ताको तस्तै छ, वा अल्पकालिन समाधान मात्रै भएको छ । पूँजीवादी संकट र क्रान्ति, आन्तरिक संकटले मात्रैले पुँजीवादलाई समाप्त वा धराशायी पार्दैन । श्रमजीवी वर्गको सक्रिय राजनीतिक हस्तक्षेप वा क्रान्तिले मात्रै पुँजीवादलाई समाप्त पार्छ । यदि श्रमजीवी वर्ग विचारधारात्मक रूपमा सचेत, सुदृढ रूपमा संगठित र आफ्नो लक्ष्य प्रति स्पष्ट छैन भने पुँजीवादी व्यवस्थाभित्र आउने आर्थिक संकटले पुँजीवादलाई फेरी एकपटक नवीकरण गर्ने मौका दिन्छ । हरेक संकटले पुँजीपति वर्गको यौटा हिस्सालाई डुबाउँछ र अर्को हिस्सालाई झन् ठूलो मात्राको मुनाफा कमाउने मौका दिन्छ । उत्पादन र त्यसको वितरणको तथाकथित स्वतन्त्र बजार व्यवस्थाभित्रको अराजकता नै पुँजीवादको चरित्र हो । यसबारेमा मार्क्सले भनेका छन्-पुँजीवादभित्रको अराजकता नै यसको नियम वा प्रणाली हो ।... छोटकरीमा भन्नुपर्दा यौटा पुँजीपतिलाई डुबाएर अर्कोले कमाउँछ ।[७] यसबारेमा लेनिनले भनेका छन्- "खास-खास संकटका रूप र परिस्थितिहरू फेरिन सक्छन् तर आर्थिक संकट पुँजीवादी प्रणालीको अनिवार्य अंगको रूपमा रहिरहने छ ।"[८] मार्क्सको पालामा पुँजीवाद सामान्यतया प्रतिस्पर्धाको युगमा थियो, एकाधिकारी र अल्पाधिकारी प्रवृति पुँजीवादको मूल चरित्र बनिसकेको थिएन । टाट पल्टिने कम्पनीलाई टाट पल्टिन दिनु पर्दछ । पुँजीवादको दर्शनलाई इमान्दारिताका साथ मान्ने हो भने । तर त्यस्ता टाट पल्टिने कम्पनीलाई पुँजीवादी सरकारहरूले विभिन्नढंगले उद्धार गर्न थालेपछि लेनिनले निश्कर्ष निकाले- पुँजीवादी सरकार पुँजीपति वर्गको कम्पनी सञ्चालक समितिको सदस्य हो ।[९] महान अक्टुबर समाजवादी क्रान्ति पछि साम्राज्यवादी पुँजीवादका केन्द्रहरूमा धेरै पटक संकटहरू आए र गए तर सबै ठाउँमा सर्वहारा क्रान्ति भएनन् ।

७. मार्क्स, वेज लेवर ..., पूर्वोक्त, पृ.१५७

८. लेनिन, पूर्वोक्त, पृ.११७

९. उही

श्रमजीवी वर्गले आफूलाई क्रान्तिका लागि तम्तयार राख्न सक्यो भने मात्रै पुँजीवादी अर्थतन्त्रमा संकट आएका बेला संकटलाई क्रान्तिमा रूपान्तरण गर्न सकिन्छ । पुँजीवादी आर्थिक संकट र क्रान्तिको सम्बन्ध सरल रेखामा हुँदैन ।

पुँजीवादी संकट सम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तले बताउन खोजेको कुरा हो- पुँजीवाद जतिजति विकसित हुँदै जान्छ, संकट पनि छोटोछोटो समयमा दोहोरिन थाल्छ र हरेक संकट विगतको तुलनामा अझै बढी नोक्सानदायी हुन्छ । संकट जतिसुकै गहिरो भएपनि पुँजीवाद स्वतः ढल्दैन । श्रमजीवी वर्गको संगठित प्रयत्न नभएसम्म पुँजीवादभित्र आउने आर्थिक संकटहरूले पुँजीवादी आर्थिक व्यवस्थामा बलपूर्वक नवीकरणको काम गर्दछन् । आर्थिक संकटहरूले नाफाका लागि अन्धाधुन्ध रूपमा गरिएको अति उत्पादन र सीमित सामाजिक मागका बीचमा रहेको अन्तर्विरोधलाई अस्थायी रूपमा समाधान गरिदिन्छन् । पुँजीवादमा संकटले धेरै वाष्प भरिएर फुट्नै लागेको च्याम्बरबाट वाष्पको आपतकालिन निष्कासनका लागि बनाइएको सेफिट भल्भको काम गर्दछ । संकटले उत्पादनलाई बलपूर्वक संकटभन्दा पहिलेको अवस्थामा पुऱ्याइदिन्छ तथा माग र पूर्तीका बीचमा पुनः साम्राज्यस्यता ल्याइदिन्छ ।[१०] मार्क्स-एंगेल्स-लेनिनको वैचारिक धार होस वा मार्क्स- रोजा- काउत्सकी- ट्राटस्की वा नव वामपन्थी धार, कुनै पनि मार्क्सवादी धारले पुँजीवादी संकट र क्रान्तिलाई सरल रेखामा हेर्दैन । क्रान्तिका लागि परि स्थितिजन्य भौतिक र क्रान्तिकारी शक्तिको आत्मगत दुबै अवस्था अनुकूल हुनुपर्दछ । संकट आफैंले कहिल्यै पनि क्रान्तिलाई नजिक ल्याउने काम गर्दैन । यदि बाघ आफैंसंग तागत छैन भने उसले कमजोर वा विरामी भए पनि कुकुरलाई मारेर खान सक्दैन । यहाँनिर पुष्पलालको निश्कर्ष मननयोग्य छ : जनता सचेत र कार्यकर्ता

१०. Pn.अबाल्किन र अरु, पूर्वोक्त, पृ. १४७

संगठित हुनुपर्दछ, क्रान्ति अवश्यंभावी छ ।

लेनिनले पुँजीवाद मरणशील छ कुन सन्दर्भमा भनेका हुन् भने यसले साम्राज्यवादी चरण प्राप्त गरिसकेपछि त्यहाँभन्दा अगाडि विकास गर्ने ठाउँ छैन । साम्राज्यवादी चरणमा प्रवेश गरेकै कारणले पुँजीवादी युगको समाप्तीको दौर शुरु भयो । पुँजीवादी विचारधारा, अर्थतन्त्र, राजनीति, साहित्य-संस्कृति इत्यादि कुनै पनि कुरा अब मानव जातिका लागि हानिकारक प्रमाणित भैसके । न त पुँजीवादले मानव-मानवका बीचको असमानताको खाडललाई कहिल्यै पुर्न सक्छ न त यसले आम जनतालाई लोकतन्त्रको अनुभूति नै दिन सक्छ । जहाँ न्यायसमेत पैसामा खरिद विक्री हुन्छ त्यहाँ लोकतन्त्रको कुनै कल्पना पनि गर्न सकिन्न । पुँजीवादी लोकतन्त्र पुँजीपति वर्गका लागि हो- सर्वहारा-श्रमजीवी वर्गदेखि मध्यम वर्गसम्म कसैले पनि पुँजीवादी लोकतन्त्रमा स्वतन्त्रताको अनुभूति गर्न पाउँदैनन् । जहाँ जनताको मत खरिद-विक्री हुन्छ, त्यहाँ स्वयं लोकतन्त्र धनीहरूको हातको खेलौना बन्छ । यहाँनिर प्रो.एजाज अहमदलाई उद्धृत गर्नु सान्दर्भिक हुनेछ ।

अहिले लोकतन्त्र भएका देशहरूमा हुने चुनावको दृश्य कस्तो हुन्छ भन्नेबारेमा सानो चर्चा गरौं । वैभवशाली वर्गका नेताहरूको संरक्षणका लागि फौज खडा गरिन्छ । ती नेताहरूको निजी हित हुने खालका राजनीतिक पार्टीहरू बनाइन्छ । तिनै नेताहरूको समर्थनका लागि पत्रिका, रेडियो र टेलिभिजनहरूको जाल फैलाइन्छ । जनताको मत खरिद गर्नका लागि पैसाको खोलो बगाइन्छ । त्यतिले पनि नपुगेर गुण्डाहरू खरिद गरिन्छ र जनताको मत अपहरण गर्न वा बूथ कब्जा गर्न लगाइन्छ । यसैका लागि प्रहरी र प्रशासन परिचालन गरिन्छ । यस्तो विसंगति र गुलामीलाई लोकतन्त्रको नाम दिइन्छ ।[११]

श्रमजीवी वर्गले निर्णायक प्रहार नगरिन्जेल साम्राज्यवाद ढल्ने छैन,

११. एजाज अहमद, कम्युनिस्ट घोषणापत्रको सामयिकता, (अनु. डा. विजयकुमार पौडेल), (काठमाडौं : पेशागत जि.क., सन् २०१०), पृ.१९-२०

संकटले त यसलाई नयाँ-नयाँ प्रविधि प्रयोग गर्न प्रेरित गरिरहने छ । श्रमिक वर्गले आफ्नो शक्ति सुदृढ गरेर कडा प्रहार नगरुन्जेल पुँजीवादमाथि आउने हरेक संकट आम जनतामाथि नै थोपरिने छ । बुढो भएर धोद्रिएको रुख पनि बन्चरोको प्रहार नपरिन्जेल अस्तित्वमा लामै समयसम्म रहिरहन सक्छ ।

अहिले विश्व स्तरमै श्रमजीवी आन्दोलन रक्षात्मक अवस्थामा रहेको देखिन्छ । कतै-कतै वामपन्थी उग्रताका छिटफुट गतिविधि देखिन्छन् र हराउँछन् र झनै निराशा सिर्जना गर्दछन्, अँधेरी रातमा एक निमेषका लागि देखिने उल्का समाप्त भएपछि झन् गहिरो अँध्यारो देखिएजस्तै । यसैले साम्राज्यवादका विरुद्ध गरिने उग्रवादी आन्दोलनले स्वयं समाजवादी लक्ष्यलाई टाढा धकेल्ने गरेको देखिएको छ, स्वयं नेपाल यस कुराको प्रत्यक्ष साक्षी रहेको छ । अर्कोतिर बुर्जुवा सुधारवादी भास (धाप वा दलदल) ले पनि श्रमजीवी आन्दोलनलाई कमजोर बनाइरहेको छ । अनावश्यक उग्रताको बाटोबाट टाढा रहँदै र बुर्जुवा सुधारवादी दलदलबाट जोगिँदै श्रमजीवी आन्दोलनले आफूलाई आक्रामकढंगले अगाडि बढाउनु पर्ने आवश्यकता छ । श्रमजीवी वर्गले मागेर केही पनि पाउँदैन । बुर्जुवा वर्गका अगाडि लम्पसार परे पनि उसले श्रमजीवीका पक्षमा कुनै सहानुभूति देखाउँदैन । संघर्षबाट मात्रै श्रमजीवी वर्गले आफ्ना अधिकारहरूको दायरा बढाउँदै लगेको छ ।

समाजवादको अपरिहार्यता र अबको समाजवाद

वर्तमान पुँजीवादी प्रणालीका श्रृंखलाबद्ध असफलताहरूले नै समाजवादको अपरिहार्यताको पुष्टी गरिरहेका छन् । सोवियत संघ र पूर्वी युरोपमा समाजवादी ब्यवस्था उल्टिएर पुँजीवादी ब्यवस्थाको स्थापना भएको छ तर त्यस परिघटनाले पुँजीवादको ऐतिहासिक असफलतालाई झन् प्रमाणित गरेको छ । ७० वर्षपछि प्रतिगमन भएपनि आर्थिक समानतासहितको द्रूत आर्थिक बृद्धिदर हासिल गर्न

समाजवादी प्रणालीले मात्रै सक्छ भन्ने कुरा पूर्व सोवियत संघ र पूर्वी युरोपका समाजवादी प्रयोगहरूले हामीलाई सिकाएर गएका छन् । समाजवादले अगाडि सारेको समानताको नाराको विकल्पमा पुँजीवादले अगाडि सारेको गरिबी निवारण तथा समतामूलक विकास कहिल्यै सफल भएन ।

आधुनिक र संगठित पुँजीवादको आजसम्मको ३०० वर्षभन्दा लामो समयको इतिहासमा पुँजीवादले गरीबलाई शासनको मालिक कहिल्यै बनाएन तर ७० वर्ष सम्म त समाजवादले सर्वहारा वर्गलाई शासन सत्तामा पुऱ्यायो । धनी र गरीबका बीचको निरन्तर बढ्दो खाडल, लोकतन्त्रका आधारभूत अधिकारहरू पनि धनी वर्गका लागि मात्र उपलब्ध हुनु, पर्यावरणको महा विनाश, मानिसहरूमाथि थोपरिएको निरन्तरको युद्ध यी सबै वर्तमान साम्राज्यवादी पुँजीवादका उत्पादनहरू हुन् । अहिलेको दुनियाका सन्दर्भमा समाजवादको अपारिहार्यता श्रमिक जनतालाई तिनको अधिकार दिलाउनका लागि मात्रै होइन, समग्र धरती र मानव जातिको अस्तित्वका लागि पनि अत्यावश्यक भैसकेको छ । वर्तमान साम्राज्यवादी पुँजीवादले केही बहुराष्ट्रिय कम्पनीहरूको निजी नाफाका लागि यो सुन्दर धरती र समग्र मानव जातिलाई महाविनाशको डिलैमा पुऱ्याइसकेको छ । मानव जातिकै सुरक्षाका लागि समाजवादी आन्दोलनको आँधि पुनः आउनै पर्दछ । अबको समाजवाद कस्तो हुने छ त ? निश्चय नै विगतका गल्तिहरूबाट सिकेर अझ परिपक्व विचार, कार्यशैली र राजनीतिक प्रणालीमा आधारित बलियो धरातलयुक्त समाजवाद नै अबको समाजवाद हुने छ ।

लोकतान्त्रिक अधिकारहरू जनताको बलिदानी संघर्षबाट मात्रै स्थापित भएका हुन् । राजनीतिक पार्टी खोल्न पाउनु, आम निर्वाचनमार्फत् सरकार बनाउनका लागि मतदान गर्न पाउनु, कुनै विचारको समर्थन वा विरोध गर्न पाउनुजस्ता राजनीतिक अधिकारहरू लोकतन्त्रका

औपचारिक आधारभूत अधिकारहरू हुन् । वास्तविक लोकतन्त्र आर्थिक समानताको जगमा मात्रै स्थापित हुनसक्छ तर आधारभूत राजनीतिक अधिकार प्राप्त नगरिकन आर्थिक समानताको संघर्ष अगाडि बढाउन सकिँदैन । राजनीतिक स्वतन्त्रतासहितको समाजवाद वा वास्तविक लोकतन्त्रको फेरिएको परिभाषाको चर्चा गर्ने हो भने आजसम्म त्यस्तो ब्यवस्था स्थापित हुनै सकेको छैन । मार्क्स राजनीतिक अधिकारसहितको समाजवादको पक्षमा थिए ।[१२] त्यसो हो भने राजनीतिक लोकतन्त्र र आर्थिक समानताको समागम भएको समाजवाद निर्माणको बाटो के हो भन्ने प्रश्न नै आजको समाजवादी आन्दोलनको ज्वलन्त समस्या हो । के श्रमजीवी वर्गले संसदीय ब्यवस्थामा बहुमत ल्याएर आफ्ना अधिकारहरू स्थापित गर्न सक्छ ? वर्तमान पुँजीवादी संसदीय वा राष्ट्रपतीय निर्वाचनका सन्दर्भमा एजाज अहमद लेख्छन्- "चुनावमा गरीबहरूको मत प्रभावित गर्नका लागि जसरी पैसाको खोलो बगाइन्छ, त्यसमा नियन्त्रण मात्रै गर्न सक्ने हो भने बुर्जुवा वर्गको उमेदवारले कुनै हालतमा श्रमजीवी वर्गको उमेदवारलाई परास्त गर्न सक्ने छैन ।[१३]

यसैगरी हामी भन्न सक्छौ- चुनावमा गरीबहरूको मत खरिद गर्न र राज्ययन्त्रको दुरूपयोग गर्नबाट बुर्जुवा वर्गलाई रोक्न नसकेसम्म श्रमजीवी वर्गको उमेदवारले या त चुनाव नै जित्न सक्ने छैन र जितिहालेमा पनि उसको शक्ति वा पार्टीलाई लामो समयसम्म राज्य सञ्चालन गर्न दिइने छैन ।

जनताको मत प्रभावित गर्नका लागि पैसा र अन्य प्रलोभनहरूको प्रयोग यति धेरै ब्यापक भएको छ कि बुर्जुवा ब्यवस्थामा गरिने चुनावमा भाग लिने कम्युनिष्ट पार्टीहरू स्वयं त्यस प्रवृत्तिको शिकार हुन थालेका छन् । चुनावी माध्यमबाट अगाडि बढेका कम्युनिष्ट पार्टीहरूको मूलभूत समस्या नै आचरणगत सुद्धिको कुरा हो ।

---

१२ प्रा. एजाज अहमद, कम्युनिस्ट घोषणापत्रको सामयिकता, (काठमाडौं : नेकपा एमाले पेशागत जिल्ला, २०६८) पृ.१८
१३ उही, पृ.१९

श्रमजीवी वर्गका प्रतिनिधि पार्टीहरूले कम्युनिष्ट आचरणलाई दह्रोसँग जोगाउँदै जनताको मतको सुरक्षा गर्नसक्ने परिपक्वता प्राप्त गरेपछि मात्रै अबको समाजवाद स्थापित गर्न र टिकाउन सकिने छ ।

आर्थिक र राजनीतिक दुबै समानतामा आधारित समाजवाद स्थापनाका लागि विभिन्न देशमा भिन्नभिन्न वैचारिक प्रयोगहरू भएका छन् तर सबैको सार यौटै छ । त्यो हो- लोकतान्त्रिक राजनीतिक अधिकारबिना अबको समाजवाद निर्माण गर्न र गरिहालेमा पनि टिकाउन सकिन्न । यसबारेमा हाम्रो देश नेपालले पनि स्व. मदनकुमार भण्डारीको अगुवाईमा केही नयाँ प्रयोगको थालनी गरेको थियो । लोकतान्त्रिक राजनीतिक अधिकारसहितको समानतामुलक आर्थिक अधिकार स्थापना गर्दै समाजवादी बाटोको ढोका खोल्नका लागि नेपालमा गरिने नयाँ जनवादी क्रान्तिलाई जनताको बहुदलीय जनवाद भनेर नामाकरण गरिएको थियो । यस कार्यक्रममा नेपालको आफ्नै मौलिकतामा सामन्तवाद विरोधी नयाँ पूँजीवादी क्रान्तिको कार्यक्रम अगाडि सारिएको थियो । ६२/६३ को जनक्रान्तिसम्म यही सैद्धान्तिक सूत्रीकरणमार्फत नेपालमा जनवादी क्रान्ति पुरा त भयो तर शासन सत्तामा श्रमजीवी जनताको वर्चस्व वा विशेषाधिकार कसरी स्थापित गर्ने भन्ने प्रश्नको गतिलो उत्तर भेटिएन । चुनावमा बहुमत ल्याएर संवैधानिक बाटोबाट जनताको बर्चस्व स्थापित गर्ने कुरा गरियो तर समाजवाद निर्माणका लागि वर्ग आधारित बर्चस्व कसरी कायम गर्दै जाने भन्ने विषयमा थप खोजी र विवेचना गर्न आवश्यक छ ।

नेपालमा नयाँ जनवादी क्रान्तिको चरण समाप्त भएको र अब नेपालमा समाजवादी कार्यक्रम चाहिन्छ भनेर निश्कर्ष निकाल्ने नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र), नेपाल मजदूर किसान पार्टी लगायत विभिन्न कम्युनिस्ट घटकहरुले नेपालको विशेषता अनुरुपको समाजवादी कार्यक्रम के-कस्तो हुने भनेर स्पष्ट व्याख्या गरेका छैनन् । चुनावमा कम्युनिष्ट पार्टीको बहुमत आउन

नदिने, बहुमतको नजिक-नजिक पुग्न खोज्दा विभिन्न तरिकाले पार्टी विभाजित गराइदिने, गैर कम्युनिष्ट मुद्दाहरूलाई कम्युनिष्ट पार्टीकै दस्तावेजबाट उठाउन लगाउने र समग्र कम्युनिष्ट आन्दोलनलाई नै धराशायी बनाउने प्रपञ्च रचना गर्ने मामिलामा साम्राज्यवादको केन्द्र र उसका क्षेत्रीय अवयवहरू बडो मसिनो गरी सफल रही आएका छन् र नेपालका कम्युनिस्टहरु यस्ता षडयन्त्रको शिकार पटकपटक हुँदै आएका छन् । यस कुराको सबैभन्दा बलियो उदाहरण नेपालमा देखिएका विभिन्न आन्दोलनहरुलाई लिन सकिन्छ जसले श्रमजीवी वर्गका विरुद्धका विषाक्त नाराहरूलाई क्रान्तिकारी आवरणमा प्रस्तुत गरिरहेका छन् जसबाट पर्याप्त भ्रम सिर्जना गर्ने काम भैरहेको छ । अर्कोतिर नेपालका विभिन्न कम्युनिस्ट घटकहरुमा तमाम सैद्धान्तिक वैचारिक प्रतिबद्धता हुँदाहुँदै पनि कम्युनिष्ट आचरणलाई कसरी जोगाउने भन्ने गंभीर समस्यामा रहेको देखिन्छ । चुनाव नजिती जनताको कार्यक्रम लागू गर्न नसकिने र जित्नका लागि जे पनि गर्नु पर्ने ब्यवहारले नेपालमा लोकतान्त्रिक अभ्यास गरिरहेका राजनीतिक पार्टीहरूलाई बिघटनको दिशातिर लैजाने खतरा देखिन्छ । यस्तो स्थिति थोरै-धेरै संसारका सबै कम्युनिष्ट पार्टीहरूले भोगीरहेका छन् ।

राम्रोसँग अध्ययन गरी आन्दोलन अगाडि बढाउनका लागि वर्तमान समय श्रमजीवी वर्गका लागि अत्यन्त उपयोगी र अनुकूल रहेको छ । अनुकूल यस अर्थमा की यसले समाजवादको एकथरी नमुनाको लामै समयसम्म उपभोग गर्न पायो र त्यसको पछिल्लो चरणको असफलता पनि आफ्नै आँखा अगाडि देख्न पायो । श्रमजीवी वर्गको वर्तमान पुस्ताले समाजवादलाई खुला बजार अर्थतन्त्रसँग जोडेर लै जाने एकदलीय राजनीतिक प्रणालीको जारी प्रयोग पनि देख्न पाएको छ । एकदलीय कम्युनिस्ट शासनभित्रको नियन्त्रित बजार व्यवस्था (तत्कालिन सोवियत रुस), एकदलीय कम्युनिस्ट व्यवस्थाभित्र खुला

बजारको प्रयोग (वर्तमान चीन, भियतनाम), एकदलीयताभित्र वंशगत शासन (वर्तमान उत्तर कोरिया) जस्ता विभिन्न प्रयोगमा रहेका राम्रा र कमजोर दुवै पक्षको विश्लेषण गरी निरन्तर समुन्नत लोकतन्त्रसहितको समाजवादी व्यवस्था नै अबको भविष्य हो । कम्युनिस्ट पार्टीको नेतृत्वले बाटो विराउन सक्छ तर समाजवादको विकल्प अझै उन्नत समाजवाद नै हो । वैज्ञानिक समाजवादको विकल्प पूँजीवाद किमार्थ पनि हुन सक्दैन । कम्युनिस्ट पार्टीले बाटो बिरायो भने नवीकरणसहितको नयाँ कम्युनिस्ट पार्टी बन्नु पर्दछ र समाजवादी अभियानलाई अगाडि बढाउनु पर्दछ ।

ooo

बहसमा समाजवाद

हरि रोका
अर्थराजनीतिक विश्लेषक

केही आधारभूत कुरा

मानिसलाई भौतिक सामाग्री र उत्पादन क्षमता आवश्यक पर्छ । सबै खाले समाजमा यी दुई विषय आर्थिक सम्बन्धसँग गाँसिएर आउँछन् । यी कुरा थाहा पाउन कुनै महाभारत पढिरहन पर्दैन । न त गहन अनुसन्धानकै आवश्यकता पर्छ । यद्यपि हाम्रो अर्थ-सामाजिक सम्बन्ध सामन्तवाद, पूँजीवाद तथा समाजवादमा फरक हुन्छन् । जनता पुनर्उत्पादनमा सामेल भइरहन्छन् । नयाँ नयाँ कुरा खोज्छन् । प्रयोगमा ल्याउन खोज्छन् । समाजका लागि उपयोगी ठहरिएमा सामाजिकीकरण गर्छन् । सामाजिकीकरण जीवन विज्ञानको एउटा पाटो हो । समाजमा विद्यमान उत्पादन पद्धतिबमोजिम समाज वर्ग र तहहरूको जन्म हुन्छ । उत्पादनका साधनमाथिको पहुँचका आधारमा मानिसहरूको क्षमता अभिवृद्धि हुन्छ । मुख्यतः त्यही आधारमा नाता-गोता, इष्ट-मित्र बन्छन् । साधनमाथिकै स्वामित्वका आधारमा उच-नीच व्यवहार सुरु गरिन्छ । उत्पादन पद्धति र वितरणकै आधारमा मातृसत्तात्मक वा पितृसत्तात्मक वा न्यूक्लिएर वा सामुदायिक समाज बन्ने गर्छन् । मानिस सामाजिक प्राणी भएका नाताले कसैलाई स्यावासी चाहिन्छ, कसैलाई आत्मसम्मान चाहिन्छ । कसैलाई सामाजिक पहिचान चाहिन्छ । यद्यपि यी सबै पहिचान प्राप्तिका लागि भने समुदाय वा समाज चाहिन्छ । त्यो समाज वा समुदाय, जातीय, धार्मिक, भाषिक, राष्ट्रिय, क्षेत्रीय हुन सक्छन् । जहाँ उसका वा उनका कुराको सुनवाइ हुन सकोस् र मानिसको प्रकृति र मानवीयताका कारण अन्तमा यी सबै कुरा निर्धारण गर्न वा निर्णय गर्न राजनीतिक संस्था चाहिन्छ । तर फेरि पनि त्यो राजनीतिक संस्था 'तानाशाही', 'प्रजातान्त्रिक वा लोकतान्त्रिक', 'कर्मचारीतन्त्र' हाबी भएको 'कुलिन नोकरशाहीतन्त्र' वा सहभागितामूलक सामाजिक लोकतन्त्रका सिद्धान्तमा आधारित राजनीतिक संस्थाहरू स्थापित हुन पुग्छन् वा गरिन्छन् ।

मानिस एक्लै बस्न सक्दैन । त्यसैले मानिसलाई सामाजिक प्राणी

भनिन्छ । हरेक समाजमा हरेक मानिसहरूको एकअर्काबीच आर्थिक, राजनीतिक, सामुदायिक सबै हिसाबले सम्बन्ध रहेको हुन्छ । शत्रुतापूर्वक वा मित्रतापूर्वक । जसलाई सामाजिक सम्बन्ध भन्ने गरिन्छ । मानिसहरू जब विचार वा वस्तुको पुनर्उत्पादनमा संलग्न हुन्छन् त्यो प्रक्रियामा पुग्दा समाजमा मानिसहरूको मतहरू बाझिन पुग्छन् । माथि उल्लेखित अवयवहरू वा खासगरी उत्पादनका साधन परिचालन गरी उत्पादन र वितरणको प्रक्रियालाई कसरी व्यवस्थित अर्थात् संस्थागत गर्ने ? संस्थागत विकास गर्दा सबैले यो आफ्नो वा हाम्रो भनेर कसरी महसुस गर्ने ? यो अत्यन्त जटिल प्रक्रियाभित्र प्रवेश गरेपछि त्यसको समाधान कसरी खोज्नुपर्छ भन्ने कुरामा मतभिन्नता उम्रने गर्छन् । सहज, सरल ढंगले वा सबैलाई चित्त बुझाउने ढंगले समाधान आउन नसक्दा विद्यमान समाज चार हिसाबले विभाजन हुन पुग्छ । यस्तो विभाजन वर्ग, सेक्स/उमेर, जात/राष्ट्र/नश्लीय/धार्मिक र सार्वभौम अधिकार आदिका आधारमा कुनै पनि कोणबाट विभाजन गरिन सक्छ । यस्तो विभाजनको असर सामाजिक पुनर्उत्पादन, सामाजिक जीवन पद्धति तथा सामाजिक परिवर्तन वा रुपान्तरणका मुद्दाहरूमा पर्छन् । असलमा समाज कुन हिसाबले विभाजन हुन पुग्यो वा भएको छ भन्ने कुराचाहिँ पत्ता पाउन सकियो भने मात्रै समाजलाई अगाडि बढाउन गुणात्मक फड्को मार्ने दिशा समात्न सजिलो हुनसक्छ । यो विभाजनमा कस्ता संस्थाहरूले कसरी भूमिका खेलेका छन् ? कुन स्वार्थका कारण ? कस्तो सामाजिक सञ्जाल उपयोग गरेर ? यो बुझ्न सकियो भने फेरि कसरी मिल्न सकिन्छ भन्ने रसायन पनि पत्ता लगाउन सजिलो हुन्छ ।

मानिसले आफूलाई कुन केन्द्रविन्दुमा राखेर हेर्छ ? अमूक समाजका सीमा के हुन ? यस्ता कुरा बुझ्न सक्दा मानिसले आफ्नै पनि 'केन्द्रविन्दु' र 'सीमा' बुझ्न सक्छ । त्यसरी हेर्ने कोसिस गर्दा हामी आफैँलाई र हाम्रा सामाजिक सम्बन्धलाई बुझ्न सक्छौँ । माथि

भनिएझै मानिस समाजमा बस्दा वा रहँदा आफ्ना आवश्यकता, शक्ति, व्यक्तित्व, दिमाग र चेतनासहित यी विषयलाई केन्द्रमा राखेर बस्छ। यद्यपि समाजले निर्धारण गरेको सीमालाई उसले उल्लंघन गर्ने विचार गर्नुपर्दा उसले दश चोटी सोच्नुपर्ने हुन्छ। समाज निर्माणको महत्वपूर्ण पाटो हो 'निरन्तरता', जतिसुकै दुःख वा हैरान भए पनि खेप्नुचाहिँ समाजको स्थिरताका लागि पहिचान बन्न पुग्छ। माथि उल्लेख गरिएको केन्द्रविन्दु र सीमाबीच सन्तुलन रहुञ्जेल समाज स्थिर बन्छ। सन्तुलन मुख्यतः दैनिकजसो गरिने समाजिक तथा राजनीतिक क्रियाकलापमा भर पर्छन्। जसले मानिसलाई कम्तीमा न्यूनतम सन्तुष्टि उपलब्ध गराउन सकोस्। समय सँगसँगै केन्द्रविन्दुमा राखिने विषय, अपेक्षा र मागमा परिवर्तन आउँछ, यो परिवर्तनलाई विचार गरेर सीमालाई पनि आधुनिकीकरण गर्नुपर्ने हुन्छ नत्र त्यही भित्रबाट विपक्षमा अर्को न्यूक्लियस जन्मन्छ।

सामाजिक इतिहासमा मानिसले आफ्ना आवश्यकता र चाहना पूर्ति गर्न आफू कसरी बलशाली बन्ने भन्नेमा आफ्नो चेतनास्तरलाई विस्तार गर्दै लैजान्छ। यसो गर्दा उसका क्रियाकलाप स्वतन्त्र पनि हुन सक्छन् र बाँधिएका पनि। बाँध्ने काम आफैँले पनि गर्छ या समाजले खडा गरेको सीमाले पनि। त्यसैले मानव ऐतिहासिक प्रक्रियामा 'सब्जेक्ट्स' र 'अब्जेक्ट्स' दुवै हो। वातावरण बनाउन हामी आफ्नो शक्ति आफैँद्वारा जब अजमाउँछौ वा आकार दिन प्रयत्न गर्छौँ आफैँमा त्यो सब्जेक्ट्स हो। जब अरुद्वारा आकार दिन शक्ति अजमाउन खोजिन्छ अब्जेक्ट्स हुन पुग्छ। जब यी घटना र परिघटनाका रूपमा वा पुनर्उत्पादनका रूपमा निरन्तर घटिरहन्छन, त्यही परिधिभित्र रहेर पुनर्उत्पादन प्रक्रिया चालु रहन्छ यसको मूल चरित्र परिवर्तन हुन्न यो 'क्रमिक विकास' हो। तर जब मानिस र सामाजिक वातावरणमा परस्परमा घर्षण हुँदा परिवर्तन देखापर्छ वा मूल चरित्रमा परिवर्तन देखापर्छ त्यो परिघटना सामाजिक क्रान्ति

कहलाइन्छ । किनकि समाज उस्तै रहँदैन । एउटा नयाँ खालको सामाजिक बनोट देखापर्छ र जीवनको लक्ष्य र उद्देश्य नै बदलिन्छ । यस्तै परिवर्तनका कारण रसिया, चिनियाँ, अमेरिकन, क्युवा वा इरानमा भएका परिवर्तनलाई 'क्रान्ति', भनिए । कस्तो क्रान्तिबाट कस्तो परिवर्तन भन्ने कुरा क्रान्तिको बाहक शक्तिले कसरी क्रान्तिपछिको सामाजलाई डोऱ्याउँछन् भन्नेमा भर पर्छ ।

मार्क्सवादी कम्युनिष्टहरू क्रान्तिको सफलता र असफलताको मूल्यांकन समाजको खास आर्थिक तथा सामाजिक चरित्र बदल्नका लागि बाहकको भूमिका कस्तो रहन्छ भन्ने कोणबाट हेर्छन् । किनकि समाजमा विद्यमान वर्गबीचको सम्बन्ध, राज्यको आर्थिक तथा सामाजिक नीति तथा तद्नुसारको संस्थागत संरचनाको विकास र व्यवस्थापन आदि क्रियाकलापले निर्धारण गर्ने गर्छ । विगतमा स्थापित भएका सांसारिक चरित्र चित्रण, मूल्य, प्रेरणा, सीप या कौशल, तथा आयआर्जनको खाडल पुर्न क्रान्तिमार्फत बन्न पुगेका राजनीतिक, सामाजिक तथा आर्थिक संस्थाहरूले के फरक ल्याए ? राजनीतिक, आर्थिक तथा सामाजिक रुपान्तरण के-कस्ता चुनौतीहरू देखापरे ? समाजमा पछाडि परेको वर्गको जीवनमा के फरक पाऱ्यो ? भन्ने विषयबारे मूल्याकंन गर्छन् ।

क्रान्तिपछि पनि मुलुकमा समाज रुपान्तरणमा समस्याहरू देखा पर्छन् । कुनै पनि देश विविधतायुक्त अर्थतन्त्र, गतिशील संस्थाहरू भएका र नभएका, तुलनात्मकरूपमा शिक्षित र अशिक्षित यी धेरै कुराहरूले कस्तो रुपान्तरण, कुन गतिको रुपान्तरण हुन्छ वा गरिन्छ भन्ने भर पर्छ । क्रान्ति भएका मुलुकहरू सबैका आ-आफ्ना, बेग्ला-बेग्लै सामाजिक तथा आर्थिक चरित्र भएका संरचनाहरू थिए । त्यसैले रुपान्तरण पनि कहीँ ढिलो, कहीँ चाँडो, कहीँ सहज र सफल कहीँ असफल हुन पुग्यो । खासगरी पहिलो र दोस्रो विश्वको तुलनामा तेस्रो विश्वका मुलुकहरूमा बेग्लै खालको औद्योगिकरण, बेग्लै

खालको राजनीतिक संस्थाहरू र संस्थागत विकासको प्रक्रिया, बेग्लै खालको नातागोता, इष्टमित्र र समुदाय भएकाले पनि रुपान्तरणका समस्याहरू पनि बेग्ला-बेग्लै किसिमका हुने गर्छन् ।

आधारभूत कुराका अन्तमा आइपुग्दा तीनवटा महत्वपूर्ण कुराहरूको उत्तर खोज्न आवश्यक छ। पहिलो, समाजवादीहरूका लागि मार्क्सवाद साध्य हो ? दोस्रो, जुन हिसाबबाट विगतमा समाज रुपान्तरणका अभ्यासहरू चले वा चलाइए (जस्तो, रुस, चीन, क्युवा आदि) के मार्क्सवादसंगत थिए ? कि रुपान्तरणका लागि अलग्गै वा अन्य वैकल्पिक सिद्धान्तको खोजी आवश्यक छ ?

के हो समाजवाद ?

कार्लमार्क्सको सबैभन्दा घतलाग्दो एउटा भनाइ छ, जसलाई यहाँ उद्धृत गर्नु सान्दर्भिक हुनेछ । "आजभन्दा अघि स्थापित जति पनि समाज रहे र तिनको इतिहास लेखियो ती सबै इतिहास वर्ग संघर्षका इतिहास हुन् ।" इतिहासमा प्रतिस्पर्धा र लोभ सँगसँगै जन्मिए । लोभले शोषण र अन्याय सुरुवात हुन पुग्यो । यी दुवैबाट मुक्ति पाउन मानिसले मानिसकै विरुद्ध चर्को संघर्ष गर्नुपर्ने खण्ड खातिर आइलाग्यो । अन्याय र अत्याचार जब आम समाजविरुद्ध हुन थाल्यो त्यसपछि संघर्ष पनि सामूहिक बन्न आवश्यक भयो । सामूहिक संघर्ष सजिलो कुरा होइन । धेरै व्यक्तिहरूले सँगै मिलेर सामना गर्दा व्यक्तिगतरूपमा निकै ठूलो जोखिम उठाउनुपर्ने हुन्छ । सामूहिक जोखिम उठाउन हत्तपत्त मानिस तयार हुँदैनन् । त्यसैले शोषण र अन्यायबाट मुक्ति पाउन मानिसहरूले राजनीतिक, आर्थिक तथा सामाजिक उद्देश्यसहितको अल्पकालीन र दीर्घकालीन योजना तथा रणनीति तर्जुमा गर्नुपर्ने हुन्छ । सामाजिक हित र सामाजिक न्याय स्थापित गर्ने उद्देश्यले हामीलाई प्राकृतिकरूपमा नयाँ मूल्य र मान्यतासहितको न्याययुक्त समाज निर्माणको खाका तयार हुन्छ वा बन्न पुग्छ ।

इतिहासलाई हेर्दा पनि यो कुराको पुष्टि हुन्छ । समाजवाद दुई शताब्दीअघि युरोपको सानो ठाउँमा सामाजिक अभियानको रूपमा जन्मिएको हो । ऐतिहासिक हिसाबमा यसको विस्तारको कुरा गर्ने हो भने सबै धर्म वा राजनीतिक, वैचारिक अभियानभन्दा यो द्रुतगतिमा प्राकृतिक, आर्थिक र सांस्कृतिक तहमा स्थापित र परिपक्व विचारधारा बन्दै संसारका सबै कुनामा वैकल्पिक व्यवस्थाका रूपमा विस्तारित हुन पुग्यो ।

समाजवाद बृहत समानताको नारा बोकेर अगाडि आयो । प्रत्येक ७ देखि १० वर्षको अन्तरालमा पूँजीवादी व्यवस्थाले खडा गर्ने नयाँ चक्र, त्यसपछि सुरु हुने अस्थिरता, बेरोजगारी, र आम दरिद्रता त्यसपछि खडा हुने मन्दी र महामन्दीविरुद्ध समाजवाद आन्दोलनका रूपमा स्थापित हुन पुग्यो । उन्नाइसौँ शताब्दीको मध्याह्नदेखि यी सामाजिक आन्दोलनहरू विस्तारै श्रमिक संगठन हुँदै पार्टीका रूपमा अगाडि बढे । समाजवादी अखबार, किताब, पुस्तिकाका रूपमा विचारहरू बाहिरिए । कार्लमार्क्सरचित पूँजीको पहिलो भोलमले शोषण, उत्पीडन र आधारभूत अन्याय र मजदुर र मालिकबीचको अन्तरसम्बन्धबारे खुलस्त पारेपछि झन् बढी संगठित हुन सहयोग पुग्यो । सन् १८७१ मा पेरिसमा मजदुरहरूले सत्ता कब्जा गरे र उनीहरूले त्यहाँ पहिलोपटक कम्युन खडा गरे । केही हप्तामात्र जीवित रहेको यो कम्युनले समाज कस्तो हुनसक्छ र पूँजीवादी समाजको विकल्पमा अर्को वैकल्पिक समाज कस्तो बन्न सक्छ भन्ने एउटा दृष्टान्त प्रस्तुत गरियो । पूँजीवादबाट समाजवादमा कसरी समाज रुपान्तरण हुनसक्छ भन्ने एउटा गतिलो पाठ यो कम्युनले संसारलाई अनुभव गरायो । खासगरी समान्यजनको हकमा स्वतन्त्रता, समानता, भातृत्व तथा प्रजातन्त्र कसरी परिभाषित गरिनुपर्छ र व्यवहारमा कसरी लागू हुनुपर्छ भन्ने अनुभवको पहिलो पाठ पनि मानिसहरूले त्यहाँबाट सिके ।

त्यसो हो भने समाजवादचाहिँ आखिर के हो त भन्ने विषयमा प्रवेश

गरौँ । समाजको हितमा समाजमा घुलमिल भएर समग्र समाजका लागि अर्थपूर्ण ढंगले काममा सहभागी हुनु नै समाजवाद हो । प्राकृतिक वातावरणलाई जोखिममुक्त बनाउनु, आमरूपमा भौतिक सुविधाको जोहो गरेर सबैका हकमा जीवनलाई सहज बनाउनु, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता अत्यावश्यकीय वस्तु तथा सेवामा सबै मानिसहरूको पहुँचको व्यवस्था गरिनु, कुनै काममा जान, कुनै आवश्यक ठानिएको वस्तु तथा सेवा खरिद गर्न आवश्यक आयआर्जनको व्यवस्थापन सहज हुनु, सबैसँग भातृत्व, सबैसँग ऐक्यबद्धता र सांस्कृतिक सद्भाव कायम राखिनु नै समाजवाद हो । त्यसैले समाजवाद आर्थिक तथा सामाजिक प्रणाली हो । जहाँ मानिसहरूबीच भेदभाव, असमानता र अन्याय हुँदैन ।

समाजवादीहरूले समाजवादबारे कुरा गर्दा बढी अर्थतन्त्रको कुरा गर्ने गर्छन् भन्ने गरिन्छ । समाजवादीहरूले त्यो कुरालाई नकार्दैनन् । किनकि समाजवादमा अर्थतन्त्रलाई केन्द्रविन्दुमा राख्नैपर्छ । किनकि अर्थतन्त्र कुन हिसाबले व्यवस्थित गरिएको छ भन्ने कुरा सबैभन्दा धेरै महत्वपूर्ण हुने गर्छ । उदाहरणका लागि जस्तो वस्तु तथा सेवा कसरी उत्पादन गरिन्छन् र आम जनतामा कसरी वितरण गरिन्छन् ? समुदायको चाहना र आवश्यकताअनुसार वितरण गरिएको छ/छैन ? महत्वपूर्ण विषय बन्न पुग्छ । हाम्रो खाना, आवास, मनोरञ्जन, यातायात, हाम्रा चाहना र आवश्यकताभित्र पर्छन् । हाम्रा धेरै हातहरूको मिश्रण र क्रियाशीलतामा उपयोगी साधनहरू उपयोगमा ल्याउँदै हामी वस्तु तथा सेवा उत्पादन गर्ने गर्छौं । उत्पादन गर्नुभन्दा पहिला स्रोतहरू जस्तो जमिन, सिँचाइ, मल, बीउ, बिजन र कामदारहरू उपस्थित हुनुपर्ने हुन्छ । अर्थतन्त्रमा उत्पादन र वितरण वास्तवमा उत्पादनका साधनहरू र उत्पादनको संयोग हो । समाजका लागि गरिने आर्थिक उत्पादन र वितरण प्रणालीले नै समाजवाद र पूँजीवादी प्रणालीलाई छुट्याउँछ । समाजवादमा

समाजमा उपस्थित सबै समुदायको सेवा गरिने हुन्छ । समाजवादमा अर्थतन्त्रको विकास (उत्पादन र वितरण) लोकतान्त्रिक विधि र प्रक्रियाअनुसार सहभातिमूलक बनाइन्छ । यस्तो सहभागिता दास, समान्ती तथा पूँजीवादी उत्पादन पद्धतिमा हुने गर्दैन ।

पूँजीवादी प्रणालीमा उत्पादन तथा वितरण प्रक्रियामा सामेल हुने समूह जस्तो मालिक अर्थात् रोजगारदाता र मजदुरलाई विभाजित गरिन्छ । रोजगारदाताहरू संख्यामा थोरै हुन्छन् र मजदुरहरू धेरै हुन्छन । रोजगारदाताहरूले वस्तु तथा सेवाको उत्पादन तथा वितरण गरुञ्जेल मजदुरलाई प्रत्यक्ष निगरानी र नियन्त्रणमा राख्छन् । जबकि मजदुरहरू कसैका व्यक्तिगत सम्पत्ति होइनन्, त्यसैगरी न त प्राकृतिक स्रोत र साधन कुनै एक वा अनेक रोजगारदाता मालिकहरूको बपौती नै हो । पूँजीवादले मानिस स्वतन्त्र जन्मन्छ, स्वतन्त्ररूपमा उसले स्वेच्छिकरूपमा काम गर्न पाउनुपर्छ भन्ने महसुस गर्दैन । रोजगारदाताले निश्चित समयका लागि श्रमशक्ति खरिद गर्ने हो त्यसवापत मजदुरले ज्याला पाउँछ जसलाई अर्थशास्त्रीय भाषामा 'ज्याला' भनिन्छ ।

पूँजीवादी प्रणालीमा ज्यालामा काम गर्ने मजदुर र ज्याला उपलब्ध गराउने मालिक दुवैले राज्यमा कुनै सरोकार राख्दैनन् । त्यसैले त्यस्ता वस्तु तथा सेवा उत्पादन गर्ने फार्महरूलाई 'निजी' भनिन्छ । त्यस्ता निजी फार्महरूले नै जब राष्ट्रभित्रको स्रोतहरूको निर्वाध दोहन, उत्पादन, वितरणमा बाहुल्यता जमाउँछन् त्यस्तो उत्पादन वा वितरण पद्धतिलाई पूँजीवादी बजार अर्थतन्त्र भनिन्छ । पूँजीवादमा कुनै फार्मलाई 'प्राइभेट' र 'फ्रि वा स्वतन्त्र' शब्द भनियो भने बजार भन्ने बुझिन्छ जहाँ वस्तु तथा सेवाको उत्पादन र वितरणमा सामाजिक संघसंस्थाहरू अर्थात् राज्यले कुनै प्रकारको हस्तक्षेप गर्दैन ।

समाजवादका नाममा गरिएका पुरातन अभ्यासमा राज्यले कर,

नियमन, राज्यको स्वामित्व तथा काम गर्ने ठाउँमा राज्यको उपस्थिति रहन्छ । यद्यपि समाजवादी समाजको परिकल्पनाकारहरू भन्छन्, उत्पादन पद्धति तथा वितरण मात्र होइन, काम गर्ने ठाउँको वातावरण तयार पार्ने काममा त्यस पद्धतिमा आवद्ध, व्यवस्थापक तथा मजदुर हरूको सामूहिक निर्णय गर्ने परिपाटी अनिवार्य पद्धतिका रूपमा विकास गरिनुपर्छ। त्यसको अर्थ समाजवादमा नाममा नोकरशाहीतन्त्र लादिनु हुँदैन भन्ने हो । यसको अर्थ समाजवादले दास, सामन्ती तथा पूँजीवादी उत्पादन पद्धतिले स्थापित गरेका मान्यताहरू भत्काएर नयाँ मान्यता वा पद्धति स्थापित गर्ने हो (Wolff; 2019) ।

समजवादले समष्टिगत अर्थतन्त्रदेखि लिएर सुक्ष्म अर्थतन्त्र सबै क्षेत्रमा उत्तिकै ध्यान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने हुन्छ। साथसाथै पूँजीवादबाट समाजवादमा संक्रमण प्रक्रिया सुरु गर्दा तलबाट-माथि प्रणाली व्यवस्थित गर्नुपर्छ। विगतका अभ्यासहरू समाजवाद माथिबाट लागू गर्ने अभ्यास गरियो । योजना माथिबाट बने, सामाजिकरणको प्रक्रिया माथिबाट लागू गरियो । जसले आम मानिसमा अपनत्ववोध हुन सकेन । त्यसमाथि नोकरशाहीतन्त्र हावी हुन पुग्यो । अबको समाजवादमा सुक्ष्म तहबाटै सामाजिकीकरण अभियानका रूपमा स्थापित हुन आवश्यक छ। सम्पूर्ण क्रियाकलाप खासगरी उत्पादनका साधनहरूको सामाजिकीकरण, उत्पादन विविधता खासगरी योजना उत्पादन र वितरण प्रक्रियामा समुदायको निर्णायक भूमिका र तल र माथि वा तहगत संरचना निर्माणमा समन्यायिक सम्बन्ध स्थापित गरिनु अनिवार्य हुन्छ ।

समाजवादबारे नेपाली बहस

जहानियाँ राणा शासनको अन्त्य सँगसँगै नेपालमा 'वाद तथा विचारधारा' भित्रिए । २००७ सालको आन्दोलनको नेतृत्व गरेको नेपाली कांग्रेससँग आवद्ध नेताहरू भारतका विभिन्न आन्दोलनकारी

नेताहरूका विचारबाट प्रभावित थिए । अंग्रेजी साहित्यसँग परिचित केही नेताहरू अन्तर्राष्ट्रिय प्रजातान्त्रिक समाजवादसँग पनि नजिक रहेको धारणा व्यक्त गर्दथे। आन्दोलनका हिसाबले अधिकांश कांग्रेसीहरू आफूलाई गान्धिवादी बताउँथे र अहिंसात्मक तर उदारवादी पूँजीवादी प्रजातन्त्रका हिमायती गान्धि स्वयंमा समाजवादी कति पूँजीवादी कति थिए ? भन्ने कुरा आजपर्यन्त भारतमै पनि थप अनुसन्धानको विषय बन्न पुगेको छ । २०१२ सालको बैरगनिया सम्मेलनपछि नेपाली कांग्रेसले आफ्नो लक्ष्य 'प्रजातान्त्रिक समाजवाद' रहेको उल्लेख गऱ्यो ।[१] नेपाली प्रजातान्त्रिक समाजवादका प्रणेता भनिएका बिपी कोइराला मुख्यत: बालिग मताधिकार, अभिव्यक्ति स्वतन्त्रता तथा राजनीतिक पार्टीहरूको अधिकार आदिको व्यवस्था भएको पश्चिमा पूँजीवादी राज्यको विचारको पक्षपोषण गर्दथे (Bhusal:2001) । उनले समाजवाद किन ? कसका लागि कसरी प्राप्त गर्न सकिन्छ भनेर आधिकारिक व्याख्यासहितको दस्तावेज आजसम्म भेटिएको छैन ।

राजा महेन्द्रले सैन्य 'कू'मार्फत बिपी कोइराला नेतृत्वको कांग्रेस सरकार अपदस्थ गरेर र जेल र भारत प्रवासमा रहुञ्जेल उनका धेरै साहित्यिक कृतिहरू प्रकाशित भए । तर प्रजातान्त्रिक समाजवादको खाका (नीति तथा कार्यक्रमबारे) लेखेनन् । भारत प्रवासबाट फर्किएपछिको सक्रिय राजनीतिक कालखण्डमा पनि उनले 'प्रजातान्त्रिक समाजवाद'बारे नयाँ सन्दर्भमा नयाँ ब्याख्या बाहिर ल्याएनन् । उनका अन्तिम दुई कृति 'जेल-जर्नल' र 'आत्म बृत्तान्त'मा समाजवादी आदर्शमा आधारित सैद्धान्तिक विषयले प्राथमिकता पाएको देखिएन । उनका अनुयायीहरू १९९० पछि पटक-पटक सत्तारुढ रहँदा नवउदारवादी बजार अर्थतन्त्रको मोडल नै व्यवहारमा कार्यान्वयन गरेपछि नेपाली कांग्रेस मुख्यत: 'उदारवादी व्यक्तिवाद' मा केन्द्रित छ भन्न कुनै अर्को विश्लेषण गरिरहन आवश्यक छैन । यसको अर्थ वर्तमान कांग्रेस

१. www.nepalicongress.org. "NepaliCongress.org- Nepali Congress Official website | Political party of Nepal". www.nepalicongress.org.

पार्टीको समाजवादसँग कुनै साइनो सम्बन्ध छैन भनेर ठोकुवा गर्न मिल्छ । यद्यपि उसले संविधानमा समाजवाद उन्मुखता शब्दलाई स्वीकार गरेको छ । यद्यपि समाजवाद उन्मुखता के हो भन्ने सन्दर्भमा कुनै आधिकारिक व्याख्या बाहिरिएको छैन ।

वामपन्थी र गैरवामपन्थी सबैले प्रष्ट हुनुपर्ने विषय हो प्रजातान्त्रिक समाजवाद भनेको मार्क्सवाद होइन । नेपाली प्रजातान्त्रिक समाजवादका पक्षधरहरूले श्रमजीवी तथा सर्वहारा वर्गले उत्पादनका साधनमाथि स्वामित्व पाउनुपर्छ भन्ने वकालत गर्दैनन् । सामाजिक न्यायका लागि सम्पत्तिको पुनर्वितरण गर्न आवश्यक छ भन्ने कुरालाई 'लोकप्रियवाद' वा 'वितरणमुखी' को बिल्ला भिराउने गर्छन् । यसैगरी कम्युनिष्टहरूले झैँ, जमिन्दार, एकाधिकारवादी तथा कर्पोरेट पूँजीपतिहरूको हातमा संकुचित र सञ्चित हुँदै जाने उत्पादनशील सम्पत्तिको (प्रोडक्टिभ एस्सेट्स) स्वामित्व खोसेर त्यो पूँजी वा सम्पत्तिको व्यवस्थापन र स्वामित्व मजदुरलाई सुम्पने कल्पना पनि गर्दैनन् (रोका; २०७४) । वि.सं. २००६ सालमा पुष्पलालको नेपाल कम्युनिष्ट पार्टीको गठन भयो । नेपालको कम्युनिष्ट आन्दोलन सिधा चीन र रुसबाट वा कोमिर्न्टनबाट प्रभावित हुने भन्दा भारतीय कम्युनिष्ट पार्टीको नीति, कार्यक्रम तथा कार्यशैलीबाट प्रभावित थिए । र भाकपाका अधिकांश नेता कम्युनिष्ट पार्टी अफ ग्रेट ब्रिटेनबाट प्रशिक्षित थिए । यसरी हेर्दा सिद्धान्त र विचारका मामिलामा परनिर्भरता बढी नै देखिन्छ । पछिल्लो चरणमा चिनियाँ क्रान्तिबाट प्रस्तावित नौलो जनवादी कार्यक्रमबाट नेपाली कम्युनिष्ट आन्दोलन प्रभावित बन्न पुग्यो । नेपाली वर्ग विश्लेषण तथा र क्रान्तिको कार्यनीति र रणनीतिहरू पनि चिनियाँ विश्लेषणकै नेपाली संस्करणजस्ता लाग्थे । यद्यपि समाज परिवर्तनको त्यो नेपाली खाका जसलाई 'जनवाद' भनियो आम नागरिकबीचमा लोकप्रिय बन्दै गयो । यस अर्थमा नेपाली कम्युनिष्ट आन्दोलनमा समाजवादमा पुग्ने कार्यक्रमका रूपमा 'जनवाद'लाई

लिइयो र जनवादकै परिभाषा पछिल्लो चरणमा भिन्नाभिन्नै अर्थमा अर्थ्याइयो । त्यसैले कस्तो समाजवादभन्दा 'कस्तो जनवाद ?' भन्ने विषयमा छलफलको विषय बन्न पुग्यो ।

इ.सं.को १९६० को दशकमा नेपाली कम्युनिष्ट आन्दोलनमा माओत्सेतुङले प्रस्तुत गर्नुभएको 'नौलो जनवाद' र सोभियत संघले प्रस्ताव गरेको 'राष्ट्रिय जनवाद' विवादले प्रवेश पायो । सांगठानिक र बैचारिक प्रचार-प्रसारमा सशक्त रहेको नौलो जनवादी पक्षधर सांगठनिकरूपमा मजबुत हुँदै गए भने १९९० को दशकमा सोभियत मोडलको पतनपछि 'राष्ट्रिय जनवाद'का पक्षधरहरू क्रमिकरूपमा समापनको दिशातर्फ उन्मुख हुन पुगे । आधारभूतरूपमा 'नेपाली समाज अर्धसामन्ती, अर्धऔपनिवेशीक रहेकाले' समाजवाद धेरै टाढाको विषय हो र नौलो जनवादी क्रान्ति (आधारभूत रूपमा पुँजीवादी चरित्र रहेको क्रान्ति) गर्नुपर्ने सैद्धान्तिक, वैचारिक हिसाबले ठिक हो भन्ने निष्कर्षमा नेपाली कम्युनिष्ट आन्दोलनमा संलग्न मानिसहरूको बहुमत उभियो ।

सोभियत संघको विघटनपछि नेकपा (एमाले) 'बहुदलीय जनवाद'को कार्यक्रम (मुलतः वेष्टमिनिस्टर मोडलको संसदीय प्रणाली)प्रति प्रतिबद्ध भएर अगाडि बढ्यो भने, नौलो जनवादी क्रान्तिको पक्षधर ठानिएकाहरूको पनि 'जनयुद्ध'मार्फत मूलधार बन्न पुगेको नेकपा (माओवादी) जनयुद्धमार्फत नौलो जनवादी व्यवस्था कायम गर्न तम्सियो (स्टेफन माइकसेल; २००४) । झण्डै एक दशक लामो युद्धकै समयमा दरबार हत्याकाण्ड हुन पुगेपछि र नयाँ स्थापित राजाले सत्ता हत्याएर दलहरूमाथि प्रतिबन्ध लगाएपछि, युद्ध लडिरहेको माओवादी, संसदीय व्यवस्थाको पुनर्स्थापनाका लागि आन्दोलित सात संसदीय राजनीतिक पार्टीहरू एक ठाउँ आएपछि राजनीतिले नयाँ कोल्टे फेऱ्यो । 'युद्ध र आन्दोलन' को फ्युजनपछि, अन्तरिम संविधान, संविधानसभा, संघीय गणतन्त्रको स्थापनासँगै नयाँ संविधानमा वेष्टमिनिस्टर मोडलमा

नीहित लोकतान्त्रिक अवयवहरूसहितको समाजवाद स्थापना गर्ने उल्लेख गरियो । यहाँसम्म आइपुग्न कम्युनिष्टका यी दुई घटक तथा कांग्रेस सहमत भएरै संविधान जारी हुन पुग्यो ।

आधिकारिक तवरमा नेपाली समाजको चरित्रबारेको प्रश्न माथि नेकपा (एमाले)का तत्कालीन उपमहासचिव घनश्याम भुसालले प्रश्न उठाए (भूसाल, २०६४, पेज २६-४०) । पछिल्लो चरणमा नेकपा (माओवादी)ले हेटौँडा महाधिवेशनमार्फत समाजको चरित्र फेरिएको र अब समाजवादी क्रान्तिमा होमिनुपर्ने जनायो । पछिल्लो समयमा नेकपा (एकीकृत समाजवादी) अब समाजवादी क्रान्तिको चरण शुरु भयो भन्दैछ । यसरी मूलधारका राजनीतिक पार्टीहरू यतिबेला समाजवादी क्रान्ति गर्ने कथन गरिरहेका छन् । यी व्याख्या र विश्लेषण भइरहँदा र नेपाली समाजको आधारभूत चरित्रमा के फरक आएको छ भन्ने विषयमा नेपाली कम्युनिष्ट आन्दोलनका प्रखर व्याख्याता र नेता मोहनविक्रम सिंह र नेता नारायणमान बिजुक्छे (रोहित)का नवीनतम भनाइहरू नआएकाले उहाँहरू पुरानै व्याख्यामा हुनुहन्छ वा नयाँमा अलमल देखिन्छ ।

सन् १९८६ देखि नेपाली अर्थतन्त्रका महत्वपूर्ण अवयवहरू विश्वबजारको अंग बन्दै गए । सन् १९८९ को भारतीय आर्थिक नाकाबन्दीपछि सुरु भएको पहिलो जनआन्दोलन र पुनर्स्थापित संसदीय व्यवस्थापछि सुरु भएको दोस्रो चरणको नवउदारवादीकरणले नेपाली अर्थतन्त्र आधारभूतरुपमै विश्व पूँजीवादी अर्थतन्त्रसँग जोडियो । भारतसँग खुला रहेको सीमानाकाका बाबजुद पनि नेपाल एउटा ‘ फ्रन्टिएर नेशन स्टेट’ थियो भने त्यसपछि आर्थिक र सामाजिक हिसाबले पनि राष्ट्रिय राज्यको सम्पूर्ण सीमाहरू मिचिँदै र थिचिँदै गए । यसको परिणाम बहुदल आएको झण्डै छ वर्षको अवधिमा नेपाली समाजभित्र असमानता खाडल झन् धेरै गहिरो बन्न पुग्यो (६ वर्षमा झण्डै १४ प्रतिशतका दरले) । राजनीतिकरूपमा स्वतन्त्रता

र तर आर्थिक सञ्चिति र उपभोगका हिसाबले भने निश्चित वर्ग र तहमा मात्र खुम्चनुले असन्तुष्टि चुलिनु नौलो थिएन । 'जनयुद्ध'को बाहक शक्तिका रूपमा नेकपा (माओवादी) यो चुलिएको असमानता र असन्तुष्टिलाई कहाँकतै उल्लेख नगरीकनै अर्कै ढंगले युद्धलाई प्रस्तुत गऱ्यो, यद्यपि उसको सुरुको दस्तावेजहरू हेर्दा 'जनवाद' प्राप्तिभन्दा सैद्धान्तिक तथा उद्देश्यात्मक हिसाबले भिन्न उपलब्धिका लागि थिएन भन्ने कुरा विभिन्न तथ्यहरूले प्रमाणित गरिसकेका छन् ।

संसारमा चार किसिमका औद्योगिक क्रान्ति सम्पन्न भइसकेका छन् ।[२] प्रत्येक क्रान्तिले समाजमा नयाँ उत्पादक शक्ति निर्माण गर्ने काम गऱ्यो । पहिलो औद्योगिक क्रान्तिले नेपाललाई छोएन । नेपाल सीमान्तकृत फ्रण्टिएर स्टेटका रूपमा थियो र यसका शासकहरू परनिर्भर सामन्तीका रूपमा नेपाललाई राज गरिरहेका थिए । दोस्रो क्रान्तिको ह्याङओभर नेपालले पनि भोग्यो । दोस्रो विश्वयुद्ध सँगसँगै सीमाक्षेत्रमा खोलिएका केही थान उद्योग र भाडाका सिपाही निर्यात गर्ने हिसाबले । तेस्रो, क्रान्तिका ४ दशकले नेपाललाई पूर्णरूपमा मजदुर निर्यातक राष्ट्रमा पुऱ्यायो । उदाहरणका रूपमा ५ लाखको हाराहारीमा श्रमबजारमा देखापर्ने श्रमिकमध्ये ४ लाख ५० हजार बाह्य मुलुकमा खपत गरिरहिएको छ । यो डरलाग्दो परनिर्भरता नवउदारवादी बजार अर्थतन्त्रमा आधारित औद्योगिक क्रान्तिको महत्वपूर्ण योगदान गरेको देखिन्छ । चौथो क्रान्ति अझै थिग्रिसकेको छैन । तेस्रो क्रान्तिको उभारसँगै देखिएको पूँजीवादी संकट (सन् २००८/०९ को विश्वव्यापी मन्दी)ले माथि उल्लेखित विश्वबजारबाट नेपालमै श्रमशक्ति थुपार्ने अवस्था पनि आउन सक्छ तर अझै यसै हुन्छ भन्ने प्रमाणिक अवस्था उपलब्ध भइसकेका छैनन् ।

यी औद्योगिक परिवर्तनले नेपाली समाजको चरित्रमा के फरक

२. पहिलो पानी र वाष्प इन्जिनबाट मेसिन सञ्चालन, दोस्रो, बिजुली उत्पादनपछि वृहत् मात्राको उत्पादन, तेस्रो, इलेक्ट्रोनिक्स, इन्फरमेसन टेक्नोलोजीदेखि अटोमेट प्रोडक्सन र अहिले अर्थात् चौथो तेस्रो इलेक्ट्रोनिकमै आधारित रहेर भएको डिजिटल क्रान्ति यसलाई अझ भन्न पर्दा फिजिकल, डिजिटल तथा बाइलोजिकल स्फेयर्सको संयुक्त फ्युजनबाट निर्मित । कसै-कसैले यसलाई रोवोटिक पनि भन्न रुचाएको देखिन्छ ।

ल्याइदिएको छ भन्नेबारे नेपालका कुनै पनि राजनीतिक पार्टीहरूले आँकलन गरेको देखिँदैन । राज्यले उपलब्ध गराउने तथ्यांकहरू सही हुन् या गलत भन्नेभन्दा पनि तथ्यांक लिने विधिबारे नै आशंका गर्ने पर्याप्त ठाउँ छ । पछिल्लो समय सम्भवतः तीन दशककै अवधिमा राजनीतिक तथा सामाजिक प्रणालीबारे नेपालमा इतिहासमै न्यूनतम बहस हुने गरेको छ । यसको प्रभाव बोर्ड र ब्यानरमा कम्युनिष्ट पार्टी लेखिएका पार्टीहरूका क्याडरहरूमा सैद्धान्तिक वैचारिक र कार्यक्रमिकरुपमै अत्यन्त अन्योलग्रस्त देखिन्छन् । व्यवहारमा उनीहरूमध्येको ठूलो हिस्सा समाजवादीको कुरा छाडौँ सामाजिकसम्म पनि हुनसकेको देखिन्न । यस अर्थमा नेपालमा 'समाजवाद'को बहस अत्यन्त अन्योलग्रस्त र भ्रमग्रस्त रहेको अनुमान लगाउन सकिन्छ । नेपालमा 'जनवाद'को अर्थ मोटो तवरमा समाजवाद उन्मुख 'मिश्रित अर्थतन्त्र' को चरित्रसहितको पूँजीवाद भन्ने नै बुझ्नै गरिएको थियो । र कम्युनिष्ट पार्टी शासनसत्तामा सहभागी हुँदा अर्थतन्त्रको विकासमा आधारभूत संरचनागत परिवर्तन गर्न लाग्छन् भन्ने मान्यता थियो । तर विसं २०५१ देखि २०७४ सम्म आइपुग्दा कम्युनिष्ट ब्यानरमा सरकारमा सामेल भइरहँदा पनि यी पार्टीहरू पूँजीवादीहरूले खडा गरेको मानक लोककल्याणमा सीमित हुन पुगेको अनुभवमात्र नेपालीहरूले हासिल गरेका छन् । त्यसैले 'जनवाद' आर्थिक हिसाबले संरचनात्मक परिवर्तनभन्दा राजनीतिक लोकप्रियताको नारामा सीमित हुनपुगेको देखिन्छ । त्यो पनि बहुदलीयताको अनिवार्यतालाई जोडेर । विचारधारात्मकरूपमा उदारवादमा आधारित वेष्टमिनिस्टर मोडलको संसदीय प्रजातन्त्र कति प्रजातान्त्रिक ? किन उदारवाद असफल भयो भन्नेसम्मको प्रश्न खडा भइरहँदा पनि (Deneen; 2018)[३] त्यसैमा झुण्डिनुको सैद्धान्तिकीकरण किन भन्ने कसैले पनि बुझ्न सकेको अवस्था छैन । यद्यपि अहिले मूलधारका कम्युनिष्ट

३. "Why Liberalism Failed" by Patrick J.Deneen, Yale University Press, 2018.

पार्टीहरू वेष्टमिनिस्टर मोडलको बहुदलीय व्यवस्थाका हिमायती रहेका छन् ।

माथि उल्लेख गरिएझैँ समाजवादसँग जोडिएका प्रत्ययहरूबाट के प्रष्ट भई नै सकेको छ भने नेपाली शासन व्यवस्था प्रतिस्पर्धात्मकसहित अन्य अवयवहरू रहनेछन । संविधानमा धेरै व्याख्या नभएता पनि यो शासन व्यवस्था भनेको यस व्यवस्थाभित्र लोकप्रिय राजनीतिक सहभागिता हुन्छ भन्ने नै अर्थ लाग्छ । यस प्रणालीमा प्रतिनिधिहरू जनताको गोप्य मतदानद्वारा छानिने छन् । नेपालको संविधानमा लेखिएको समाजवाद अगाडि थपिएका यी प्रत्ययहरूले आम मानिसलाई आफ्नो सरोकार भएका विषयहरूबारे बुझबुझारथ गर्ने, कुनै पनि प्रोजेक्टहरू प्रस्तावित भएर आउँदा आफू र आफ्ना समुदायको सरोकारबारे जानकारी पाउन माग गर्ने, सार्वजनिक सुनवाइ गर्ने, गलत लागेमा मुद्दा दर्ता गर्ने, धर्ना दिने, विपक्षमा प्रदर्शन गर्ने, हड्ताल गर्नेजस्ता अधिकारहरू पेटबोलीमा स्वीकार गरिएका छन् । यी कुनै नयाँ कुरा होइनन् । यद्यपि यी प्रयत्नहरूले सीमान्तकृत समाजलाई सहभागिता र समावेशी बनाउने नयाँ स्पेस उपलब्ध गराउँछ गराउन्न भन्ने प्रश्न महत्वपूर्ण हुन आउँछ । निर्वाचित प्रतिनिधिहरू वास्तविक समाजप्रति जिम्मेवार बन्न विधि तयार हुन्छ/हुन्न भन्ने पनि हो ।

नेपालले संघीयता अपनाएको छ । ६ हजारभन्दा बढी वडाहरू, ७५१ वटा स्थानीय सरकारहरू, सातवटा प्रदेश सरकारहरूको नयाँ संघीय शासन व्यवस्था वास्तवमा आम जनतालाई आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिकरूपमा सक्रिय सहभागी तुल्याउनकै लागि प्रबन्ध गरिएका हुन् । योजना छनोट, निर्माण, व्यवस्थापन र परिचालनमा यदि गलत व्याख्यासहितको कानुन तयार भएन भने आम मान्छेको निर्णायक भूमिका रहोस् भन्ने नै संविधानको मनसाय देखिएको छ । जो विगतमा दशक र शताब्दीहरूमा नेपालमा सुव्यवस्थित थिएनन् ।

विगतको राजनीतिक र सामाजिक प्रणालीले व्यवहारिकरूपमा सयौँ समुदायहरूलाई किनारामा धकेलिदिएको थियो । एक प्रकारको प्याट्रोन-क्लाइन्ट र संस्थाहरू तानशाही ढंगले सञ्चालन गरिएका थिए जसले किनारामा रहेका मानिसहरूलाई नजानिँदो तरिकाले प्रवेश प्रतिबन्धजस्तो लगाइएको थियो । निर्वाचन प्रणाली आफैँमा समावेशी सहभागितामूलक हुन सक्तैनथे । लामो तथा जोखिमयुक्त संघर्षपछि सहभागितामूलक संस्थाहरू निर्माण हुन पुगे र राजनीतिमा समान्यभन्दा सामान्य मानिसहरू तथा समुदायको पहुँच हुन पुगेको छ । यद्यपि यी अझै पनि प्रष्टरूपमा परिभाषित र पूर्ण छैनन् र अझै खुला खुलस्त परिभाषित गर्न सम्बन्धित पक्षहरू खुलेर आएका देखिन्नन् ।

संविधानमा समाजवाद उन्मुख विषय लेखिनु, मौलिक हक र कर्तव्यबारे धेरै सकारात्मक व्यवस्थापन हुनु, राज्यलाई आम जनताप्रति बढी उत्तरदायित्वपूर्ण बनाइनु, राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित हुनुलाई ऐतिहासिक परिवर्तन भन्ने गरिएको छ । तत्कालीन एमाले र माओवादी केन्द्रले जारी गरेको संयुक्त घोषणापत्रमा 'सामन्तवाद र सामन्ती निरंकुशतन्त्रविरुद्धको लोकतान्त्रिक क्रान्तिका आरम्भिक चरणहरूमा कम्युनिष्ट तथा वाम पार्टीहरूको नेतृत्व हुन नसक्दा ती आन्दोलनहरू पूर्णतामा पुग्न सकेनन्' भन्ने दाबी गरेका थिए । यद्यपि यी पार्टीले कम्युनिष्ट आन्दोलनको शक्ति र प्रभाव विस्तारसँगै लोकतान्त्रिक परिवर्तन गर्न चाहना राख्न निर्णायक भूमिका खेल्ने ठाउँमा पुगेका थिए । तत्कालीन एमाले र माओवादीले संसद् र सरकारमा सामेल भएर कम्युनिष्ट क्रान्तिकारीहरूले सुधारात्मक कामहरूद्वारा समाजिक आर्थिक रुपान्तरणलाई गति दिन तथा राष्ट्रको स्वतन्त्रता र स्वाधिनताको पक्षमा महत्वपूर्ण काम गरेका छन् (प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४, साझा घोषणा पृष्ठ ३)" भन्ने दाबी गरेका छन् ।

दुई पार्टी मिलेर नेकपा बनाउने तयारीस्वरुप जारी गरिएको संयुक्त चुनावी घोषणापत्रमा "आजको समाजवाद आजकै विशेषतामाथि आधारित भएर मौलिक ढंगले मात्र निर्माण गर्न सकिन्छ र गर्नु पर्दछ । प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली र लोकतान्त्रिक मूल्य-मान्यता नेपाली समाजवादका विशेषताका रूपमा रहनेछन् । यो नेपाली जनताको चाहना र देशको आवश्यकता हो । यस समाजवादमा देश विकासका लागि राष्ट्रिय पूँजीको संरक्षण, विकास र परिचालन गरिने छ । जनताको समर्थन प्राप्त हुँदा हामी राज्यको नेतृत्व गर्नेछौँ, समर्थन प्रप्त भएन भने प्रतिपक्षमा रहनेछौँ । तर संविधानसम्मत समाजवाद उन्मुख प्रणालीलाई भत्काएर राष्ट्रलाई अस्थिरतातर्फ धकेल्ने प्रयासलाई भने सफल हुन दिँदैनौँ (घोषणापत्र पृष्ठ ७) " भनेर भनिएको छ ।

एमाले-माओवादी संयुक्त घोषणापत्रले समाजवाद उन्मुखताको कार्यक्रम नभनेर मूलरूपमा, "राष्ट्रको कार्यभार तीव्र आर्थिक विकास र सामाजिक न्याय उच्चस्तरको समृद्ध समाजवाद हुनेछ। सामन्तवादका सबै अवशेषहरूको अन्त्य, नोकरशाही तथा दलाल पूँजवादी शोषणको अन्त्य, उत्पादक शक्ति, उत्पादकत्व एवं उत्पादनमा तीव्र वृद्धि, सामाजिक न्याय एवं न्यायोचित वितरणसिहतको आर्थिक समृद्धि, गरिबी, बेरोजगारी, असमानता एवं परनिर्भरताको अन्त्य, आत्मनिर्भर अर्थतन्त्रको विकास र समग्रमा समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक आर्थिक क्रान्ति हाम्रो मूल आर्थिक कार्यदिशा र मार्गचित्र हुनेछ। (उही पृष्ठ ११)" समाप्त पारिनेछ । त्यसैगरी "राष्ट्रिय औद्योगिक पूँजीको विकास गर्दै आत्मनिर्भर तथा सवल अर्थतन्त्रको निर्माण गरिनेछ । सार्वजनिक क्षेत्रसँगै निजी क्षेत्र तथा सहकारी क्षेत्रलाई पनि उत्तिकै महत्वका साथ प्रवर्द्धन गरिनेछ। अर्थतन्त्रमा स्वस्थ प्रतिस्पर्धा स्थापित गरिनेछ" (उही.. पृष्ठ ९) भन्ने उल्लेख गरेर आफ्नो सैद्धान्तिक अडान प्रष्ट्याएका छन् । सोही पृष्ठ ९ मा "मजदुर, किसान,

श्रमजीवी, शोषित, पीडित, गरिब जनताको हितका पक्षमा व्यवस्थित कार्ययोजना सञ्चालन गरिनेछ । महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम र सबै उत्पीडित जाति र पिछडिएका क्षेत्रका जनताको हकहित, पहिचान र स्वाभिमानको पक्षमा हाम्रा कामहरू निर्देशित हुनेछन (पृष्ठ ९)" भन्ने लेखिएकोछ । त्यसै गरी "लामो समयको संक्रमणकाल र नेपाली राजनीतिमा देखिएको परामुखी प्रवृत्ति, चरम सत्तोलोलुपता, भ्रष्टाचार एवं सुशासनको अभाव र नवउदारवादी आर्थिक नीतिको अन्ध पक्षपोषणका कारण संसारकै गरिब हुनुपरेको अवस्थालाई परिवर्तन गरिनेछ (पृष्ठ १०)" सुशासनबारे घोषणापत्रमा उल्लेख गरिएको छ ।

के यो सम्भव छ ? र कसरी भन्ने विषयमा यी दुई आफूलाई कम्युनिष्ट पार्टी दाबी गर्नेहरू सत्तामा पुगेर, पार्टी एकता गरेर फेरि त तीन टुक्रामा विभाजीत भईसकेको तथ्यले यी पार्टीहरु के आफ्नो घोषणापत्र प्रति वा उनिहरु आफैले भनेको समाजवादप्रति प्रतिवद्ध थिए त प्रश्नहरु खडा भएका छन् ।

समस्या कहाँबाट सुरु हुन्छ त ?

सन् २००२ मा लुइज इनासियो लुला दा सिल्भाले ब्राजिलमा भयंकर ठूलो मार्जिनले निर्वाचन जितेर ब्राजिलको राष्ट्रपति बन्न पुगे । उन्ले निर्वाचनवाट आफू विजयी भएपछि भने, "अहिलेसम्म त सजिलै थियो । अब नयाँ र कडा भाग सुरु हुन्छ । गार्जिएनका स्तम्भकार गेरी योंग भन्छन्, वास्तवमा उनी गलत थिएनन् । दरिद्रताविरुद्ध पूँजीको पुनर्वितरण अनिवार्य शर्त हो भनेर वर्कर्स पार्टीको उम्मेदवारको हैसियतले चुनाव लडेका लुलाले "अर्को ब्राजिल सम्भव छ" भन्ने किताब नै प्रकाशित गरेका थिए ।

उक्त किताबमा हस्तक्षेप गर्न जरुरी छ भन्ने शीर्षकमा भनिएको थियो, "जब विदेशी ऋण भरमार हुन्छ, त्यसमा पनि जब त्यो ऋण निजी हुन्छ त्यसपछि अन्तर्राष्ट्रिय मुद्राकोषसँगको सम्झौता रद्द

गर्नुपर्ने हुन्छ । ब्राजिलले आफ्नै स्वतन्त्र अर्थनीति बनाउनुपर्ने हुन्छ यो नै ब्राजिलका लागि स्वतन्त्र र स्वाधिन अर्थतन्त्रको विकास सम्भव हुन्छ" (Younge, 2014) ।[४] नभन्दै उनी निर्वाचित भएको ३ महिनाभित्रै बजारमा "इन्भिजवल हेण्ड" का कारण ब्राजिलको मुद्रा ३० प्रतिशतले अवमूल्यन हुन पुग्यो र झण्डै ६ अर्ब डलर नगद तत्काल विदेशियो र पूँजीवादी रेटिङ एजेन्सीहरूले ऋण लगानी सुरक्षित नरहेको मुलुकका रूपमा गणना गर्न पुगे । त्यसबेला लुलाले आफ्नो मित्र फ्रेरी ब्रेटोलाई भने, "हामी सरकारमा त छौँ तर शक्तिमा छैनौँ । उनले थपे अहिलेको शक्ति भनेको विश्वव्यापी शक्ति हो, ठूला कम्पनीहरूको शक्ति हो । र ठूला कम्पनी भने वित्तीय पूँजीको शक्तिको कुरा हो ।" दुईपटक सत्तारुढ भएका, संसारकै सबै मुलुकका राष्ट्राध्यक्षमध्ये लोकप्रिय बनेर सत्ताबाट बाहिरिएका सबैभन्दा बढी लोकप्रिय राष्ट्रपति आज जेलमा छन् । त्यो पनि कथित अपराधमा । यो उद्धरण केवल ग्लोबल फिनान्सियल क्यापिटालिजमले खडा गर्ने 'इन्स्च्युशनल इल्युजन' मात्र होइन ।

नेपाल ब्राजिल होइन । यद्यपि यो भारत र चीनको छिमेकी हो । यो लगभग भारतको सोल मार्केट रूपमा रहने गरेको छ । माथि उल्लेख गरिएको नेपालको समाजको चरित्र निर्माणमा मात्र होइन नेपालको पूँजी सञ्चिति र पलायनमा समेत दलाल पूँजीवाद हावी छ । कथित व्यापारमा नाफा आर्जन गरिरहेको यो वर्गचाहिँ अन्तर्राष्ट्रिय वर्गका रूपमा स्थापित हुन पुगेको छ । लाग्छ "brokers' capitalist's world unite" भनेर नारा लगाएझैँ हुनपुगेको छ । तर नेपालका आफूलाई वामपन्थी भन्ने पार्टीहरू सरकारमा न त पुग्नुअघि न पुगेपछि सम्भावित चुनौतीबारे गम्भीर बनेको देखिन्छ ।

यसबेला तीनतर्फबाट देखिन्छ । पहिलो, बाहक शक्ति आफैँ कहाँ

---

४ Who's in control – nation states or global corporations? Gary Younge, Mon, 2 Jan, 2014, The guardian.

कसरी पुग्ने भन्ने गन्तव्यविहीन देखिन्छ । दोस्रो, आवश्यक संस्थाहरू संस्थागत छैनन् । न त बनाउनमा सत्तारुढ दलहरूले योजनाबद्ध आफ्ना एजेण्डाहरू नै अगाडि सारेको देखिन्छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा समाजवादबारे बहस

समाजवाद किन ? यो प्रश्न मुलुक र मुलुकको अर्थतन्त्र सापेक्ष उत्तर खोज्न आवश्यक हुन्छ । नेपालको सन्दर्भमा (क) अहिलेको अस्तित्वमा रहेका उत्पादक शक्तिका ठाउँमा श्रमजीवी किसान र मजदुरहरूको नियन्त्रणमा उत्पादनमूलक संस्थाहरू (इन्टरप्राइजेजहरू)माथि नियन्त्रण स्थापित गरिनु । (ख) समग्र जनसंख्याको आधारभूत आवश्यकता परिपूर्ति गर्न नयाँ उत्पादक शक्तिको विकास गर्न, र (ग) राजनीतिक, वैधानिक तथा सांस्कृतिकरूपमा आमजनताको सरोकारका लागि कार्य गर्ने उपरीसंरचना निर्माण गर्नु (Magdoff &Foster 2009, p8) । खासगरी समाजवादी दृष्टिकोणभित्र सबैभन्दा पहिले श्रेणीविहीन समाजको उन्मूलनको कल्पना गरिएको हुन्छ । किनभने समाजवादी विचारधारा बोकेको समाजको संघर्ष आफैँमा आम जनसमुदायको जीवनस्तर उकास्न, जीवनपद्धति उच्च गुणस्तरयुक्त बनाउन सीमान्तकृत वा किनारीकृत गरिएका गरिब जनमानसलाई मूलधारमा ल्याउनकै लागि क्रान्ति सम्पन्न गरिन्छ ।

समाजवाद कसरी स्थापित गर्न सकिन्छ ? एकथरि मानिसहरू पूँजीवादीहरूको हातबाट क्रान्तिकारी ढंगले राज्यसत्ता खोस्ने कुरामा विश्वास गर्छन् । सन् १७८९ को फ्रान्सेली क्रान्ति सामन्ती प्रभुहरू, सामन्ती राजसंस्था तथा तिनका आसेपासेहरूबाट राज्यसत्ता खोसिएको पहिलो उदाहरण थियो । त्यो क्रान्तिले राज्यसत्ता सामन्तवादबाट पूँजीवादमा पुऱ्याउन सहजकर्ताको भूमिका निर्वाह गऱ्यो । त्यसैगरी एउटा समाजवादी क्रान्ति सम्पन्न हुँदा पूँजीवादबाट समाजवादमा रुपान्तरण गर्न सहजकर्ताको भूमिका खेल्छ । रुसमा भएको अक्टोबर क्रान्ति त्यसको पहिलो उदाहरण थियो । केही मानिसहरू यो बलात

वा हठात क्रान्ति वा रुपान्तरणको तर्कसँग असहमत देखिन्छन् । उनीहरू पार्टी खडा गरेर संसद् वा कुनै पनि खाले निर्वाचनमा भाग लिएर राज्यसत्तामाथि क्रमिकरूपमा पकड राख्ने कुरा गर्छन् । अर्को अर्थमा क्रान्तिबाट होइन शान्तिपूर्ण क्रमिक विकास प्रक्रियाबाट मात्र समाजवाद प्राप्त गर्दा दिगो हुन्छ भन्ने भन्ठान्छन् । प्रोफेसर रिचार्ड डि ओल्फ भन्छन्, "यद्यपि समाजवाद एउटा शक्तिशाली आन्दोलन हो । समाजवादीहरूले माथि उल्लेखित दुईमध्ये कुनै पनि तरिका ठाउँ, समय र वस्तुगत अवस्था हेरेर समाजवादमा पुग्न कोसिस गर्छन् ।"[५] संस्थाहरूको सबै तहमा व्यवस्थापन र अधिकार र कर्तव्यको प्रत्यायोजन । दोस्रो, मध्यकालीन व्यवस्थापनका निमित्त आफ्नो यथार्थ धरातलमा आधारित आर्थिक प्रणालीको विकास । पछिल्लो अवधिमा पूँजीवादी प्रणाली संकटग्रस्त भइ नै सकेको छ ।"[६] अर्की समाजशास्त्री मार्टा हार्नेन्का भने, 'संस्थाहरूको संस्थागत व्यवस्थापन' धेरै महत्वपूर्ण हुने बताउँछिन् । भइरहेका संस्थाहरूमा मात्रै भर पर्ने हो भने परिवर्तनका लागि लामो समयमात्रै खर्च हुँदैन । तिनीहरू वास्तवमै चुनौतीहरूले भरपुर हुन्छन् र कठिन पनि । प्रतिज्ञा गरिएका बाचाहरू समयमा पूरा हुने सम्भावनाहरू रहँदैनन् न त दोष थुपार्ने ठाउँ नै रहन्छ । संस्थाहरू व्यवस्थित भएमा मात्रै नयाँ समाज निर्माण हुनसक्छ र त्यो नयाँ समाज भनेको क्रान्तिकारीहरूको जमातमात्रै संलग्न भएको होइन अन्य अर्थात् ऐक्यबद्धताका लागि सधैँ प्रतिबद्ध रहने जमात र सामाजिक न्यायका पक्षधरहरू पनि एकीकृत हुन सक्छन् जसले परिवर्तन समाजिक न्याय आम मान्छेको समृद्धिमा बहुमत कायम राख्न सहयोग पुग्छ (Harnenkar; 2015) । यो तर्कको पछाडि संस्थाहरूको संस्थागत विकासले नै नयाँ उत्पादन पद्धतिको विकास गर्छ र समाजमा नयाँ उत्पादन सम्बन्धको विकास सम्भव

५ http:/www.truth-out.org/news/item/31567-socialism-means-abolishing-the-disstinction-between-besses-and-employees.

६ http:agenceglobal.com/2017/12/01/left-social-movements-whaaat-electoral-taactics/

हुनका लागि भन्ने अर्थ भेटिन्छ । नयाँ समाजिक सम्बन्ध भन्नाले राजनीतिक सांस्कृतिक र विचारधारात्मक संरचनासँग र अझ बढी वर्गीय संरचना भन्ने बुझिन्छ । कस्ता संस्थाहरूको संस्थागत गरिने भन्ने विषय त माथि धेरै ठाउँमा उल्लेख गरी सकिएका संस्थाहरू नै हुन जसलाई सार्वजनिक, सहकारी र सामुदायी भन्न सकिन्छ ।

कम्युनिष्ट क्रान्तिको आतंकका कारण पूँजीवादीहरूले विगतमा तीनवटा मुख्य विषयहरूलाई आत्मसात गर्न कोसिस गरेका थिए । पहिलो उपनिवेशबाट बाहिरिने, दोस्रो माग पक्षीय व्यवस्थापनमा राज्यको हस्तक्षेप खासगरी रोजगारी उच्च तहमा वृद्धिलाई निरन्तरता दिइरहने तथा उच्च तहको लगानी बरकरार राख्न, उत्पादन वृद्धि गर्न र श्रम उत्पादकत्वमा अभिवृद्धि । उच्च उत्पादकत्व वृद्धिले सँगसँगै वास्तविक ज्याला र रोजगारी दुवै वृद्धि हुन्थ्यो र त्यसकारण नै ट्रेड युनियनहरू बलिया हुन्थे । विगतको "गोल्डेन क्यापिटालिजम" वास्तवमा त्यो कथित आतंकमा टिकेको थियो । तर विज्ञान, प्रविधि र प्रगतिशील कामदार शक्तिको उत्थानको सापेक्षतामा सत्तारुढ कम्युनिष्ट पार्टीहरूले आफूलाई संस्थागत रूपमा परिमार्जन गर्न सकेनन् उनीहरू पनि रहेनन् र गोल्डेन क्यापिटालिजम पनि बाँकी रहेन । यसको अर्थ संस्थाहरूको संस्थागत विकास संकुचितभन्दा व्यापक अर्थमा (राजनीतिक, आर्थिक, सांस्कृतिक तथा सामाजिक सबै क्षेत्रमा) बुझ्न र कार्यक्रम तय गर्न जरुरी हुन्छ ।

वर्तमान सन्दर्भमा समाजवाद-उन्मुख हुन तीनवटा प्रस्तावलाई कार्यक्रमिक योजनासहित राज्य अगाडि बढ्न सक्छ । पहिलो असमानता घटाउने कार्यक्रम । दोस्रो, सम्भावित उत्पादकत्वको अभिवृद्धि गरी सामाजिक आवश्यकता पूरा गर्ने कार्यक्रम अगाडि सार्ने । र तेस्रो, आम जनसमुदाय पूँजी निर्माणकार्यमा सहभागी

हुनसक्ने गरी बृहत् आर्थिक लोकतन्त्रको वातावरण तयार पार्ने । अर्थतन्त्रको लोकतान्त्रिककरण निकै अप्ठ्यारो काम हो । अर्थतन्त्रको वास्तविक लोकतान्त्रिकरण गर्ने भन्नेबित्तिकै एलिटहरू आफैँले बनाएका नियम, कानुन र संविधानको विपक्षमा समेत जान सक्छन् । उनीहरू चुप लागेर बस्ने भनेको उनीहरूका एजेण्डाहरूलाई बोकुञ्जेलमात्रै हो । त्यसैले आफूलाई समाजवादतर्फ समर्पित हौँ भन्ने सरकारले धेरै खालका संघसंस्था तथा उद्यमहरूलाई लोकतान्त्रिकरण गराउने काममा अगाडि बढाउनुपर्ने हुन्छ । जस्तै कामदारहरू सेयरहोल्डर भएका उद्योगहरू सञ्चालन, राज्यले लगानी गरेका सार्वजनिक बैंकहरूको व्यवस्थापनलाई फराकिलो र व्यवस्थित बनाउने काम, टेली-कम्युनिकेशन, इनर्जी उत्पादन र विस्तारमा राज्यको एकाधिकार स्थापना गर्ने कुरा, श्रम र वातावरण व्यवस्थापनमा अन्तर्राष्ट्रिय मापदण्ड व्यवस्थित गर्ने काम, जमिनमा जसको जोत उसको पोत गर्ने विषय, एक परिवार वा एक संस्था एक कारोबारमात्र गर्ने विजनेश एथिक्स स्थापित गर्ने विषय आदि । अर्थतन्त्रको समुच्च संरचना निर्धारण गर्ने काम कर्मचारीतन्त्र हाबी भएर होइन लोकतान्त्रिक राजनीतिक प्रक्रियाबाट सुचारु गरिनुलाई नै सामाजिकीकरण भनिन्छ ।

कार्लमार्क्सको पूँजीवाद आफैँले संकट निम्त्याउँछ भन्ने सिद्धान्तबमोजिम नै पछिल्लो समयमा पूँजीवादी विश्व व्यवस्थामा क्रमशः एकपछि अर्को संकटहरू देखापरे र पूँजीवाद दीर्घजीवी वा निष्कण्टक नरहेको प्रामाणिक हुन पुग्यो । खासगरी सन् १९९७ को एशियाली संकट, सन् १९९८ को रुस र मेक्सिकोको वित्तीय संकट, सन् २००२ को अर्जेन्टिएन संकट, सन् २००८/०९ को अमेरिकालगायत विश्वव्यापी आर्थिक मन्दी महासंकटका रूपमा देखापरे । पछिल्लो संकट घटेको एक दशक व्यतित भइसक्दा पनि पुरानो अवस्थामा फर्कन (रिकोभरि हुन) अझै सम्भव हुनसकेको

देखिँदैन । मूलधारभन्दा बाहिरका अर्थशास्त्रीहरू यो संकटलाई पूँजीवादभित्रको प्रणालीगत संकट भन्न रुचाउँछन् (Brown;2015, Katch; 2015) र संकटबाट उम्कन र सबै मानिसहरूको उन्नति र प्रगतिका लागि समाजवादभन्दा अन्य कुनै विकल्प छैन भन्ने दोहोऱ्याउँछन् ।

संसारका पूँजीवादी मुलुकहरूमा छिरेको आर्थिक संकटले क्रमिकरूपमा सामाजिक तथा राजनीतिक संकटहरू निम्त्याउनु अस्वाभाविक थिएन । यो विश्वव्यापी संकटले एकथरि पूँजीवादीहरूलाई उदारवाद त्यागेर लोकप्रियतावाद अँगाल्न हौस्यायो, हौस्याइरहेको देखिन्छ । केही मध्यमार्गीहरूलाई दक्षिणपन्थतर्फ धकेल्दै लगिरहेको देखिन्छ । केही विगतको नाजी तथा फासीवादतर्फ गतिशील भएर गएका देखिन्छन् । यो रुपान्तरण र अतिदक्षिणपन्थसँग जुध्न समाजवादीहरू नयाँ व्याख्यासहित नयाँ सांगठानिक गतिविधिसहित विकसित पूँजीवादी देशहरूमा समेत वामे सर्न थालेका छन् । जस्तो अमेरिकामा बर्नी सेण्डर्स तथा बेलायतमा जेरेमी कोर्विन ।

यद्यपि अझै थिग्रिसकेको छैन । अन्तर्राष्ट्रिय समाजवादी समाज । अझै गतिशील र ऐक्यबद्धतामा आधारित हुन सकिरहेका छैन समाजवादी अन्तर्राष्ट्रियतावाद । यो कठिन काम पनि हो विश्वका कर्पोरेटहरूलाई एकजुट हुन जति सजिलो छ सर्वहारालाई आफ्नो चेत र जुझारुपनसहित उठ्न समय लाग्छ ।

र अन्त्यमा

नवउदारवादको ३५ वर्षे अभ्यास हामीकहाँ पुग्यौँ ? नेपाली समाजवादको बाहक भनेर दाबी गरिरहेका कम्युनिष्ट नामधारी पार्टीहरू पनि नवउदारवादका अगाडि नतमस्तक बनेको उदारहरण नदेखिएको होइन । अबका दिनमा कसरी यिनीहरू कसरी उभिन्छन्

? अघिल्लोपटकको आम निर्वाचनमा समाजवाद उन्मुखता लागू गर्ने भनेर उठेका र जितेका कम्युनिष्ट पार्टीहरू (पछि मिलेर नेकपा बनेको) समाजवाद उन्मुखता के हो भनेर परिभाषा नै नगरीकन त्यसतर्फ कुनै काम नै नगरीकन पार्टी र सरकार किन भंग हुन पुग्यो ? अब फेरि यी मिलेर वा एकलाएक्लै साँच्चिकै समाजवादी हुन सक्छन् त ? या अरु कोही नयाँ शक्ति देखा पर्लान् ? घोर निराशाका बीचमा गम्भीर प्रश्नका हामी सबैसामु खडा भएको छ । किनकि तुवालो अझै हटेको छैन । बाक्लिँदो छ । किनकि आजका कथित कम्युनिष्ट पार्टीका बोसहरूले पूँजीवादी बार्दलीमा उभिएका बेला 'हाम्रो नामसँग नतर्सिनुस्, हामी नवउदारवादी नै हौँ, तपाईंहरूको लगानी र नाफाको रक्षा हुन्छ', खुलेआम भन्ने गरेका छन् र भन्छन् । आधिकारिक तवरमा भइरहेका यी संवाद र अन्तरसंवादले नेपाली 'समाजवाद-उन्मुखता' कतै सानातिना वेलफियर स्किममा आर्थिक गैरसरकारी संस्थाहरूको कार्यक्षेत्रभित्र टाक्सिने काम भइरहेको छ । यस्ता क्रियाकलापले आमरूपमा खासगरी युवा जनसमुदायमा अविश्वासको बाढी आएको देखिन्छ ।

संविधान जारी भएको लामो समय व्यतित भइसक्दा र राज्यका क्रियाकलाप हेर्दा विगतमा नाराबाहेक भित्रीरूपमा सम्पन्न गरिनुपर्ने कुनै पनि किसमको गृहकार्य गरिएका देखिन्नन् । नीति-निर्माता तथा राज्यका जिम्मेवार अधिकारीहरू आफूले टेकेको धरातलीय यथार्थ हेर्न तयार देखिन्नन् । घुम्ती र बिसौनीको अध्ययन नै नगरी, बदलिरहेको विश्वव्यापी ट्रेण्ड (खासगरी अमेरिकी साम्राज्यवादले भर्खरै अख्तियार गरेको आत्मसुरक्षावादी चिन्तन नहेरी भीमकाय लगानी आवश्यकता बाहिरबाटै हुन्छ र विकास बाहिरकै लगानीबाट मात्र सम्भव छ भन्ने आशमा झुण्डिएको देखिन्छ । आकाशबाट लगानीकर्ता टपकिन्छन् भन्ने सोचाइ राख्नु कति वास्तविकता-परक र कति अतिशयुक्ति हुन्छन्

अड्कल काट्न विगतलाई केलाउन उनीहरूले चाहेको देखिन्न । विद्यमान आर्थिक तथा सामाजिक संरचनागत परिवर्तन नगरीकनै धनी बहुराष्ट्रिय कम्पनीहरूले लगानी गर्नेबित्तिकै नाफा चुहिएर आर्थशास्त्रको भाषामा ट्रिकलडाउन भएर आम नेपाली नेपालीको जीवनस्तर उस्किन्छ, खुसीयाली छाउँछ भन्ने कल्पनामा रमाउनु वा त्यही सोचअनुसार कार्यक्रम तय गर्नु योजना बनाउनु र कार्यान्वयनमा लैजानु कुनै पनि हालतमा 'समाजवादउन्मुखता' का लागि नीति र कार्यक्रम हुन सक्तैन ।

छिमेकी भारतमा गएको २८ वर्षमा झण्डै अढाइ सयको संख्या डलरमा अर्बौपति हुँदा पनि ४० करोडभन्दा बढी जनताको दैनिक आय भारु २० बाट माथि किन उठेन ? अर्बौं अर्ब अमेरिकी डलर लगानी हुन थालेको दुई दशक व्यतित हुँदा पनि आमरूपमा शिक्षा, स्वास्थ्यको लाभबाट करोडौँ मान्छे किन लाभान्वित हुन सकेनन् ? वर्षेनी लाखौँ किसानहरू आत्महत्या गर्न किन विवश छन् ? यी सबैको अर्थ राज्यको अर्थतन्त्रमा संरचनागत समस्याहरू छन् । विद्यमान संरचनालाई यथावत राखेर हामी समाजवादउन्मुख बाटो लाग्न सक्छौँ त ? या शोषणरहित समाजवादमा उक्लन सक्छौँ ? यी तमाम अनुभव तथा अवस्थाहरूको मूल्यांकन गर्न आवश्यक छ । आफ्नो सामाजिक तथा मानवीय अवस्थाको धरातलीय यथार्थअनुरुप दिगो र भरपर्दो खाका कोरिन आवश्यक छ । दृढ अठोटसहित अभियानमूलक कार्ययोजनालाई कार्यान्वयनमा ल्याइएमा मात्र समाजवादको सुरुको गोरेटो पहिल्याउन सम्भव हुनसक्छ । यतिबेलासम्म त राज्य हावादारी गफमा सामेल छ । उसले गन्तव्यका लागि पाइला उचालेकै देखिन्न । आशा गरौँ आगामी निर्वाचनपछि राज्यले आफूसँग भएको दोधार मेटाएर प्रष्ट परिभाषासहित समाजवादउन्मुखताको कामलाई दृढतापूर्वक अगाडि बढाउनेछ ।

सन्दर्भ सामग्रीः

नेकपा (एमाले) तथा नेकपा (माओवादी केन्द्र), (२०७४) साझा घोषणापत्र, काठमाडौँ ।

माइकसेल, स्टेफन (२००४), 'प्रजातन्त्र' मेरीडेशेन र प्रत्यूस वन्तद्वारा सम्पदित, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, सोसल साइन्स वहाः काठमाडौँ ।

भुसाल, घनश्याम (विसं.२०६४), 'आजको मार्क्सवाद र नेपाली क्रान्ति', नेपाल अध्ययन केन्द्र, काठमाडौँ ।

रोका, हरि (२०७४), 'कहाँ कांग्रेस, कहाँ प्रजातान्त्रिक समाजवाद' नागरिक दैनिक (http://www.nagariknews.com/news/34814/) .

Brown, Wendy (2015),'Undoing the Demos, Neoliberalism's Stealth Revolution', Zone Books, New York.

Harnencker Marta(2015) "Social Movements and Progressive Governments, Building a new relationship in Latin America", Monthly Review, Vol.67, issue 08 January 2016.

Katch,Danny (2015), 'Socialism, A brief Guide to Human Liberation', Haymarket Books, Chicago, Illinois.

Magdoff, Harry and John Bellamy Foster (2009), ' The Great Financial Crisis, causes and consequences', Monthly Review Press.

North, D. C. (1991). Institutions. The Journal of Economic Perspectives, 5(1), 97–112.

Walerstain, Immanual (2017), 'left social movements, what electoral tactics', z–Net

http://agenceglobal.com/2017/12/01/left-social-movements-what-electoral-tactics/

Rasiah, R. (2011). The role of institutions and linkages in learning and innovation. International Journal of Institutions and Economies, 3(2), 165–172.

Wolff, Richard D (2016),' Capitalism vs. Socialism: A changed debate, Truth out, Friday December 09, 2016. (http://www.truth-out.org/opinion/item/38546-capitalism-vs-socialism-a-changed-debate).

Younge, Gary (2014) 'Who's in control – nation states or global corporations?' Mon, 2 Jan, 2014, The guardian.

Wolff, Richard (2019), 'Understanding Socialism', Yale University Press.

ooo

पतनमुखी पुँजीवाद र समाजवादका सम्भावना

प्रा. डा. युवराज संग्रौला
वरिष्ठ अधिवक्ता

सन् १८४८ (फरवरी १२) का दिन कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले लन्डनमा 'कम्युनिष्ट घोषणापत्र' नामको एउटा विश्वविख्यात राजनीतिक दस्तावेज जारी गरे । यो दस्तावेज धेरैवटा कारणले महत्वपूर्ण थियो तर त्यसमध्ये एउटा कारण भने अत्यधिक महत्वपूर्ण थियो । त्यो हो, यस दस्तावेजले विश्वका समस्त सर्वहारा वर्गका जनताको मुक्तिका लागि एउटा स्पष्ट राजनीतिक मार्गदर्शन तयार पाऱ्यो । यस घोषणापत्रले छोटो समयमा विश्वमा एउटा नयाँ र युगान्तकारी क्रान्तिको सम्भावना निर्माण गऱ्यो र भ्रष्ट पूँजीवादी विश्वका अगाडि एउटा त्यस्तो सशक्त चुनौतीको निर्माण गऱ्यो जसले 'युरोपेली साम्राज्यवादी एवं उपनिवेशवादी देशहरूले संरक्षण गरेको 'मुनाफाखोर पूँजीवादलाई' खप्नै नसक्ने गरी धक्का लागेको महसुस गरायो । यस घोषणापत्रले समाजभित्रको वर्गीय शोषणका विरुद्ध मात्र होइन, उत्तिकै सशक्त ढंगले उपनिवेशवाद एवं साम्राज्यवादका विरुद्ध पनि चुनौती निर्माण गऱ्यो । यस अर्थमा 'कम्युनिष्ट मेनिफिस्टो' वर्गीय मुक्तिको घोषणापत्र मात्र होइन, यो उपनिवेशवादका विरुद्ध समस्त विश्वको मुक्तिको पनि घोषणापत्र थियो । त्यस अर्थमा मार्क्सवादलाई उपनिवेशवाद तथा साम्राज्यवादका विरुद्धको मुक्तिको दर्शनसँग जोड्ने मुख्य वैचारिक कुन्जि भनेको 'कम्युनिष्ट मेनिफिस्टो' नै हो भनी दावी गर्न सकिन्छ । यद्यपि यस खास विषयमा विस्तृत विमर्श कमै मात्र भएको छ । यस घोषणापत्रका विरुद्ध 'धार्मिक अन्धवादको' नायक भेटिकन सिटीस्थित क्याथोलिक चर्चका पोप र समस्त पादरी जगत, रसियाका निरंकुश शासक-जार, फ्रान्सका दक्षिणपन्थी उग्रवादी राजनीतिक समूह र जर्मनीका शासकहरूलगायत युरोपका समस्त सत्ताधारीहरू र उपनिवेशको माध्यमद्वारा विश्वलाई शोषण गरिरहेका सबै किसिमका साम्राज्यवादी शक्तिहरू एवं उनीहरूका प्रशंसक एवं समर्थक बुद्धिजीवीहरू तत्काल आक्रोशित भए र सशक्त ढंगले खनिए ।[1] यसले सिर्जना गरेको कम्पन सानो थिएन । स्वाभाविकै हो त्यो

१. कार्ल मार्क्स र फेड्रिक एङ्गल्स, संकलित रचनाहरू, भाग १, अङ्क १; प्रगति प्रकाशन, पृष्ठ १२९

प्रतिक्रियावादी एवं मानवविरोधी जगत् यसका विरुद्ध खनियो । तर युगको प्रवाह प्रतिक्रियावादी साम्राज्यवादी शक्तिका विरुद्धमा थियो । 'कम्युनिष्ट मेनिफिस्टो' यथार्थमा पूँजीवादका विरुद्ध समाजवाद स्थापनाको औपचारिक घोषणा थियो । अमेरिकी इतिहासकार बिल डुरान्टले भनेका छन्, पूँजीवादका विरुद्ध समाजवादको संघर्ष इतिहासको एउटा लायकै रूपमा अगाडि आएको छ, लामो समयदेखि । र, यस पूँजीलाई एक ठाउँमा थुपार्ने कार्यको विरोध गर्दै, त्यसको वितरणको माग अगाडि सार्दछ । डुरान्ट भन्छन्, "पूँजीवादले आफ्नो भूमिका पूरा गरिसक्यो यसको काम जनताको पूँजी सिर्जनात्मक उत्पादनका एकत्रित गरी उत्पादनमा लगाउनु थियो र लाभांश र ब्याजको प्रतिज्ञा गरेका थियो । यसले यान्त्रिकरणको प्रक्रियाद्वारा औद्योगिकरण र कृषिको आधुनिकीकरण गर्नु थियो । त्यो कार्य यसले पूरा गऱ्यो । बजारमा वस्तुहरूको यस्तो बाढी आयो जुन कुरा इतिहासमा कहिल्यै देखिएको थिएन ।"[२] तर पूँजीवादीहरूले 'स्वतन्त्रता' आफ्नो हातमा लिए र राज्यको शक्तिलाई आफ्नो अधिनमा राखे । उनीहरूले भने उद्योग र व्यवसायको अधिन बाहिर रहुनुपर्छ । 'माग र आपूर्तिको' नियमद्वारा सञ्चालित हुन दिनुपर्छ । यस सिद्धान्तको प्रयोगद्वारा उनीहरूले पूँजीवादलाई श्रमिकको श्रम शोषणबाट धनीले आम्दानी गर्ने प्रणालीमा रूपान्तरण गरे ।[३] यस्तो शोषणयुक्त पूँजीवादका विरुद्ध 'समानतावादीहरू' को एउटा समूहले ओलिभर क्रमवेललाई समाजवादी व्यवस्थाको स्थापना गर्न अनुरोध पनि गरेका थिए । तर त्यसो हुन सकेन ।[४] तर डुरान्ट भन्छन्, "औद्योगिकरणले असीमित लोभ र बर्बरतालाई जन्म दियो । बालबालिकाको श्रम शोषण, महिलाको श्रम शोषण, घण्टौंघण्टा काम गर्नुपर्ने बाध्यता, न्यूनतम ज्याला, रुग्ण उद्योगहरू जहाँ मानिसको स्वास्थ्यको कुनै

२. Wall and Ariel Durant, The Lesson of History, New York Simon and sctuster, 1968, p.76 (digital version)

३. ऐजन ।

४. ऐजन, पे ८९ ।

सरोकार थिएन र सुकुम्बासी सहरहरू मा भैरहेको शोषणयुक्त कार्यहरूद्वारा मानवीयताकै उपहास गरियो । त्यसैका विरुद्ध मार्क्स र ऐंगेल्सले 'समाजवादी मुक्तिको 'म्याग्ना कार्टा'का रूपमा 'कम्युनिष्ट मेनिफीस्टो' जारी गरे ।[५] यो घोषणापत्र जारी भएको अहिले १७२ वर्ष भयो र यस १७२ वर्षको युगमा संसारको 'राजनीति' पूँजीवादका विरुद्धमा समाजवाद, उपनिवेशवादका विरुद्ध राष्ट्रवाद, सांस्कृतिक दमनका विरुद्ध सामाजिक चेतना र साम्राज्यवादका विरुद्ध राष्ट्रिय स्वतन्त्रताका आन्दोलनहरूका बीचमा विभाजित भई अगाडि बढ्यो । क्रान्तिको यस लामो युगमा विश्वले अभूतपूर्ण परिर्वतनका घटना, परिघटना र शृंखलालाई देखेको छ र अनुभव गरेको छ । विश्वका आम सर्वसाधारण जनता मानवतावादका पक्षमा उभिएका छन् तर शोषण उपनिवेश र साम्राज्यवादले लादेको अत्याचारका संयन्त्रहरू तथा सिद्धान्तहरू अहिले पनि यथावत कायमै छन् र कतिपय अर्थमा त्यस्ता अत्याचार पहिलाभन्दा अझै क्रूर एवं खतरनाक भएका छन् । अतः यस घोषणापत्रले समाजवाद हुँदै प्राप्त गरिने साम्यवाद मानिसको राजनीतिको अन्तिम लक्ष्य हो भन्ने घोषित गर्दै त्यसको प्राप्तिका लागि सामन्तवाद एवं नाफाखोर पूँजीवादका विरुद्धमा सशक्त आन्दोलन निर्माण गर्ने र साम्राज्यवादका विरुद्ध स्वतन्त्रताको आन्दोलन निर्माण गर्दै 'वैज्ञानिक समाजवाद निर्माणका आधार' तयार पार्नुपर्छ भन्ने राजनीतिक कार्यक्रमको खाका स्थापित गरेको छ । यस अर्थमा यो घोषणापत्र समानता र न्यायका सिद्धान्तमा आधारित मानवीय सभ्यताको निर्माण गर्ने चाहना बोकेको सबैभन्दा प्राभावकारी दस्तावेज हो भन्न सकिन्छ । कम्युनिष्ट घोषणापत्रले समाजवादको विकासका लागि मुलतः चारवटा राणनीतिहरू अगाडि सारेको छ :

१.वर्गमा अर्थात् 'पूँजीपति र श्रमिक सर्वहारा शक्तिका' बीचमा विभाजित समाजमा पूँजीपतिका अधिनमा रहेको उत्पादन पद्धतिको अन्त्य भई श्रमिक शक्तिको अधिनमा रहेको उत्पादन पद्धति स्थापित

५. ऐंजन'

हुनुपर्दछ भन्ने मानवीय चाहना समाज विकासको एउटा स्वभाविक प्रक्रिया हो । अहिलेसम्म विकासित भएको मानव सभ्यताको इतिहासमा समाजको विकास 'वर्ग संघर्षको इतिहासको' रूपमा नै रहेको छ । निरन्तर चलिरहेको यस वर्ग संघर्षमा 'पूँजीवादको पतन हुनु' र त्यसका ठाउँमा 'समाजवादको उदय हुनु' समाज विकासको अपरिहार्य नियम हो । अतः समाजवादको बाटोलाई रोक्न सम्भव हुँदैन । यो इतिहासबाट प्रमाणित विज्ञान हो ।

२.सर्वहारा श्रमिक शक्ति जो कम्युनिष्ट संगठनमा आबद्ध भएको हुन्छ, त्यसभित्र मजदुर वर्ग 'प्रगतिशील उत्पादन प्रणालीको' सबैभन्दा महत्वपूर्ण वा आधारभूत शक्ति हो । मजदुर वर्ग 'सर्वहारा श्रम शक्ति समूहभित्र' सबैभन्दा संघर्षशील समूहका रूपमा स्थापित रहेको हुन्छ । यस संगठित शक्तिले नै समाजको युगान्तकारी परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दछ । कम्युनिष्ट संगठनमा संगठित मजदुर वर्गको नेतृत्वद्वारा 'श्रमिक सर्वहारा शक्तिले' पूँजीवादी राजनीतिक तथा आर्थिक सत्ता विस्थापित गरी समाजवादी सत्ताको स्थापना गर्दछ । वर्गीय समाज र साम्राज्यवादी शक्तिको उन्मूलन गर्ने क्रान्तिको यो प्रथम चरण हो । यो प्रक्रिया त्यतिबेलासम्म जारी रहन्छ जबसम्म साम्यवादको स्थापना हुँदैन ।

३.समाजवादका नाममा देखापर्ने अनेक किसिम र रूपरंगका काल्पनिक सिद्धान्त, मान्यता वा व्यवस्थाहरूको खण्डन गर्दै समाजवादका नाममा पूँजीवादको संवर्द्धन गर्ने गैरसमाजवादी विचारधाराहरूको खण्डन कम्युनिष्ट घोषणापत्रले गरेको छ । र, समाजवादलाई भ्रमित बनाउने उद्देश्यले चरना गरिएका विविध किसिमका 'रूपमा' समाजवादी तर 'सारमा' समाजवादविरोधी 'बुर्जुवा' (कुलीन वा सम्भ्रान्त) विचारधाराहरूलाई घोषणापत्रले बर्खास्त गरेको छ । अर्थात्, यस घोषणापत्रले वैज्ञानिक समाजवादी विचारलाई क्रान्तिको तत्कालीन लक्ष्यका रूपमा अगाडि सारेको छ ।

४.यस घोषणापत्रले कम्युनिष्ट विश्व शक्तिको अवस्थाका बारेमा विश्लेषण गर्दै कम्युनिष्ट शक्तिका विरोधी विविध राजनीतिक शक्ति वा पार्टीहरूको विश्लेषण गर्दै तिनलाई पनि बर्खास्त गरेको छ । यसो गर्दा कुन र कस्ता शक्तिहरू समाजवाद एवं साम्यवादका विरोधी हुन् र कुन पार्टी र कस्ता शक्ति समाजवाद वा साम्यवादका समर्थक शक्ति हुन् भन्ने कुराको स्पष्ट मापदण्ड निर्धारण गरेको छ । त्यसो गर्दा मजदुर वर्गको नेतृत्वमा रहेका कम्युनिष्ट पार्टी वा शक्तिले राष्ट्रवादी एवं प्रगतिशील शक्तिहरूसँग सम्बन्ध कायम गर्न सक्ने र आफ्नो स्थिति बलियो रहेको अवस्थामा समाजको समग्र विकासमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने अवस्था रहन्छ भन्ने मान्यतालाई अगाडि सारेको छ ।

माथि चारवटा प्रक्षेपित आधारभूत मान्यताका आधारमा के भन्न सकिन्छ भने यस घोषणापत्रले प्रगतिशील विकासतर्फ अगाडि बढ्ने मानिसको क्रान्तिकारी आन्दोलनको 'कम्पासको' रूपमा आफूलाई प्रक्षेपित गरेको छ । यसले प्राथमिक चरणमा पूँजीवादलाई बर्खास्त गरी 'साम्यवादको लक्ष्यतर्फ अगाडि बढ्ने माध्यम वा प्रयोजनका रूपमा' समाजवादलाई पहिलो खुड्किलो मान्दै क्रान्तिको उद्देश्य अगाडि सारेको छ । 'वैज्ञानिक समाजवादको' अवधारणालाई काल्पनिक एवं 'फोस्रा आदर्शवादी समाजवादका' 'ऐजेरु'बाट मुक्त गरी वैज्ञानिक समाजवादको स्थापनार्थ राजनीतिक ठोस आधार निर्माण गरेको छ । त्यसैले लेनिनले यस घोषणापत्रलाई 'सानो पुस्तिका भए पनि समस्त ग्रन्थहरू बराबरको ग्रन्थ हो' भनी प्रशंसा गरेका छन् ।[६] यथार्थ पनि यही नै हो । यस अर्थमा जुनसुकै समाजको समाजवादी क्रान्तिले सही वैचारिक बाटो समातेको छ वा छैन भनी मूल्यांकन गर्ने मापदण्ड वा आधार कम्युनिस्ट मेनिफीस्टोले जारी गरेका माथि उल्लिखित

६ .हेर्नुहोस्, V. I. Lenin, 'The April Theses ; Part of the Russian Revolution 1917 Series, Available at www.versobooks. com./books, retrived on 19/03/2020.

सैद्धान्तिक आधारहरू नै हुन् । नेपालको वामपन्थी आन्दोलन पनि यसबाट उन्मुक्त हुन सक्तैन । नेपालमा समाजवादको स्थापनार्थ संगठित वामपन्थी राजनीतिक दलहरूका नेतृत्वका प्रवृत्ति, क्रान्तिका वैचारिक दृष्टिकोणहरू र संगठनले ग्रहण गरेका रणनीतिक तथा कार्यनीतिक कार्यक्रमहरूको परिणाम यसै घोषणापत्रले अगाडि सारेका मान्यताअनुरूप हुनुपर्छ भन्ने कुरालाई ग्रहण गर्नैपर्ने हुन्छ । दार्शनिक दृष्टिकोणमा विचार गर्ने हो भने, यस घोषणापत्रले वैज्ञानिक समाजवादी राजनीतिक संरचनाको परिकल्पना गर्दा 'द्वन्द्वात्मक एवं ऐतिहासिक भौतिकवादका संश्लेशणात्मक विमर्शलाई' स्थापित गरेको छ र यसले मार्क्सवादको राजनीतिक विज्ञानको संरचनालाई पनि स्थापित गरेको छ भन्न सकिन्छ। यसले मार्क्सवादले आत्मसाथ गरेका द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित 'वर्ग संघर्षको सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तका संरचनाद्वारा' साम्यवादतर्फ यात्रा अगाडि बढाउनका लागि वैज्ञानिक समाजवादलाई राजनीतिक आधारको रूपमा स्थापित गर्दै विश्वका सबै श्रमिकको मुक्तिका लागि एउटा ठोस वैचारिक आधार तयार पारेको छ भन्न पनि सकिन्छ । यस अर्थमा कम्युनिष्ट घोषणापत्र मार्क्सवादी लेनिनवादी राजनीतिको 'व्यवहारिक कार्यान्वयनको दस्तावेज हो' भनी सामान्यीकरण गर्न सकिन्छ । अतः यसका आधारभूत मान्यता वा सिद्धान्तलाई छाडेर वामपन्थी आन्दोलनलाई वैधानिकता दिन सकिँदैन । यसले अगाडि सारेका मान्यताभन्दा पृथक ढंगले चलेको आन्दोलन वा क्रान्ति वामपन्थी क्रान्ति वा आन्दोलन हुन सक्दैन ।

मार्क्सवादः सामयिक संक्षिप्त विमर्श : नेपाली सन्दर्भसहित सामाजिक वैज्ञानिकहरू 'मार्क्सवादलाई' जर्मन 'आइडियलिस्ट (तथ्यनिरपेक्ष चिन्तन) दर्शनशास्त्र, ब्रिटिस शास्त्रीय अर्थशास्त्र र फ्रान्सेली 'राजनीतिक चिन्तन'मा आधारित छ भनी दाबी गर्ने गर्दछन् ।[७] यस विचारप्रति आपत्ति गर्नुपर्ने प्राज्ञिक कारण त छैन, तर यसभित्र पनि

एउटा आग्रह रहेको छ, जसरी अन्य थुप्रै पश्चिमी लेखक तथा दार्शनिकहरूमा रहेको पाइन्छ । त्यो हो 'मार्क्सवाद' पनि पश्चिमी ज्ञान प्रणालीकै उपलब्धि हो र यसले पनि 'युरोपेली सभ्यताकै प्रतिनिधित्व गर्दछ' भनी मार्क्सवादलाई 'पश्चिमीकरण' गर्ने आग्रह । यथार्थता त्यो होइन । मार्क्सवादले पश्चिमी सभ्यताभित्र सिर्जित जाति/नश्लवाद, साम्राज्यवाद, उपनिवेशवाद र क्रिश्चियनकरणलाई स्वीकार गर्दैन । आर्थर कम्ट डि गोविन्युले 'डार्विनको विकासवादलाई गलत व्याख्या गर्दै युरोपेली क्रिस्चियन गोरा मानिसहरू अरू मानिसभन्दा उच्च छन्, किनभने उनीहरूको नश्ल विशुद्ध छ भनी दाबी गरे ।[८] यसकै आधारमा क्रिश्चियन रिलिजन मात्र भगवान्को प्रतिनिधित्व गर्ने रिलिजन हो भन्ने दाबी गर्दै अन्य असभ्य धर्महरूलाई समाप्त पार्नुपर्छ भन्ने मान्यता अगाडि सारियो र 'रोमन तथा ग्रिक सभ्यताका' सबै ज्ञान मात्र होइन सबै सामाजिक एवं राजनीतिक मान्यताहरू पनि ध्वस्त पारियो ।[९] यसै मान्यतालाई उपविनेशवादसँग जोडेर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र एसियामा लागू गरियो । सभ्यले असभ्यलाई शासन गर्ने अधिकार छ भनी खोज वा आविष्कार (डक्ट्रिन अफ डिसकभरी) को मान्यता स्थापित गर्ने कार्य गऱ्यो ।[१०] यसै सिद्धान्तमा आधारित गरी साम्राज्यवादलाई वैधानिक बनाइयो । त्यसैकारण मार्क्सवाद पश्चिमीकरण वा पुनर्उत्थानकालीन युरोपेली विचार वा चिन्तनबाट पृथक छ । अर्थात् मार्क्सवाद क्रिश्चियनकरण, नश्लवाद, उपनिवेशवाद तथा साम्राज्यवादका विरुद्ध खडा भएको हुँदा 'सर्वमान्य एवं सर्वलक्षिण सामाजिक विज्ञान हो र यो समाजवादी चिन्तनको विज्ञान पनि हो । यस अर्थमा कार्लो फोनसेकाले भनेजस्तै

---

७. हेर्नुहोस्, Carlo Fonseka, 'Is Marxism Sciovee", Sunday Island, 6 May 2012.

८. Arthur Comple De Gobinean, The Inequality of Human Races (Adrian Collins Transl), London: Heinmann, 1915, pp. 205-215.

९. हेर्नुहोस् Catherine Nixey, Aurkening Age : The Christian Destruction of Classical World London; Pan Books, 2017.

१०. हेर्नुहोस् Edward Said, Orientalism; Guragaon: ePennguine Random book houre, 2001

मार्क्सले जर्मन द्वन्द्ववाद, अंग्रेज शास्त्रीय अर्थशास्त्र र फ्रेन्च गणतन्त्रको राजनीतिको अध्ययनलाई ध्यान दिएका भए पनि उनको विचारधारा समाजको आर्थिक एवं ऐतिहासिक विश्लेषणको नवीन प्रयोग हो भन्न सकिन्छ। साम्यवादी विचारधारामा विश्वास राख्ने राजनीतिककर्मीहरू, विचारकहरू, बुद्धिजीवीहरू, समर्थक एवं शुभेच्छुकहरू सबैले बिनाशङ्का र संकोच मार्क्सवादलाई समाज परिवर्तन वा विकासको विज्ञान मान्ने गर्दछन् । मार्क्सवादको वैज्ञानिकतालाई पूँजीवादी दार्शनिकहरू एवं विद्धानहरूले पनि अस्विकार गरेका छैनन्। समाजको परिवर्तनका लागि 'प्रगतिशील क्रान्तिको' पक्षमा सक्रिय रहेका क्रान्तिकारीहरूले मार्क्सवादलाई 'कम्युनिष्ट क्रान्तिको विज्ञान वा वैचारिक आधार हो' भनी परिभाषा गर्ने गरेका छन् । दार्शनिकहरूले मार्क्सवादलाई पूँजीवादी आर्थिक तथा सामाजिक ढाँचालाई उन्मूलन गरी 'उत्पादन र उत्पादनका स्रोत-संशाधनमा' समस्त श्रमिक वर्गको सामूहिक अधिकार स्थापित गर्ने 'वैज्ञानिक तथा क्रान्तिकारी विचारधारा' हो भनी परिभाषा गर्ने गरेका छन् । मार्क्सवादीहरू वैज्ञानिक तथा बौद्धिकहरू मार्क्सवादी विचारधाराका रणनीतिक संयन्त्रका रूपमा 'द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र वर्ग संघर्षको सिद्धान्त, 'श्रमिक सत्ता स्थापनाका लागि संगठित शक्तिको प्रयोगको सिद्धान्त' र वैज्ञानिक समाजवादलाई अगाडि सार्दछन् । र, यी सबै संयन्त्रहरूलाई उनीहरू प्राथमिक एवं अपरिहार्य रणनीतिका रूपमा ग्रहण गर्ने गर्दछन्। अतः समाजवादको स्थापनामा संलग्न रहेका जोसुकै व्यक्तिहरू यी संयन्त्रहरूको बारेमा स्पष्ट हुनुपर्ने र यी रणनीतिहरूका बारेमा उनीहरूको दृष्टिकोण प्रष्ट हुनुपर्ने कुरामा दुईमत हुँदैन र हुन पनि सक्तैन। अर्थात् यी आधारभूत सिद्धान्तमा विश्वास नगर्ने वा तिनीहरूको अपरिहार्यतालाई अस्वीकार गर्ने व्यक्ति मार्क्सवादी हुन सक्तैन भन्ने मान्यता राखिन्छ।

नेपालमा यी सिद्धान्त वा मान्यताप्रति कम्युनिष्ट पार्टीका नेतृत्व

समग्र पंक्तिमा अस्पष्ट रहने र बेवास्ता गर्ने प्रवृत्ति मात्र रहेको छैन बरू 'कम्युनिष्ट नाममा' नाफाखोर पूँजीवादी सिद्धान्त बोक्ने प्रवृत्तिसमेत झांगिरहेको देखिन्छ, जसले धमिराले काठ चपाएझैं नेपालमा मार्क्सवादलाई पनि चपाइरहेका छन् । यसको उदाहरण पार्टीलाई चन्दा बुझाएका भरमा नेपालको मारवाडी समुदायका उद्योगपति एवं व्यापारीलाई संविधानसभामा सदस्य बनाइएको घटनालाई लिन सकिन्छ ।

कार्ल मार्क्सले पूँजीवादी व्यवस्थाका बारेमा टिप्पणी गर्दै यसलाई 'उत्पादन व्यवस्थाको एउटा अराजक प्रणाली हो, किनभने यो मानिसको नियन्त्रणभन्दा बाहिर हुन्छ भनी बताएका छन् ।' उनको विचारमा 'पूँजीवादले इतिहासमा उत्पादनको क्षमतालाई अरू व्यवस्थाभन्दा बढी उन्नत बनाए पनि त्यसले समाजलाई अझ बढी संकटमा ठेल्यो र त्यही कारणले यो प्रगतिशील हुन सकेन' ।[११] तर पनि मार्क्सको विचारमा 'पूँजीवादले आधुनिक श्रमिकहरू वा श्रम शक्तिको व्यापक उन्नयन भने गऱ्यो र त्यस संकटग्रस्त उत्पादन प्रणालीलाई (पूँजीवादलाई) विस्थापित गर्दै 'आधुनिक न्यायपूर्ण उत्पादन प्रणालीको 'विकास गर्न सकिने अवस्थाको सिर्जना पनि गऱ्यो ।' यो न्यायपूर्ण उत्पादन प्रणाली भनेको 'समाजका स्रोत एवं साधनहरूप्रति 'समतामूलक' एवं 'सामूहिक अधिकारको' निर्माण गर्दै समाजका सबै सदस्यहरूलाई लाभ पुऱ्याउने योजनाबद्ध अर्थतन्त्रको निर्माण गर्नु हो ।' अर्थात् उत्पादनका स्रोत एवं साधनमा समतामूलक पहुँच र सामूहिक अधिकार स्थापित गर्नुपर्ने मान्यतालाई बेवास्ता गरी समाजवादको परिकल्पना गर्न सकिन्न ।

यस अर्थमा पनि मार्क्सवाद कार्लो फोनसेकाले भनेजस्तो केही पश्चिमी दर्शनहरूको संश्लेषणमात्र होइन भन्ने कुरा स्थापित हुन्छ । पछिल्लो समयमा मार्क्सवादी दार्शनिकहरू रोज लक्जेम्वर्गलगायत

११ 'Fundamentals of Marxism in defense of Marxism,' available at Marxist.com/Fundamentals_of_Marxism.stm.

अल्थुसरहरूले यस कुरालाई प्रष्ट पारे ।[१२] यथार्थमा मार्क्सवाद विश्वको अवस्था एकातिर औद्योगिक क्रान्तिले उन्नयन गरेको एउटा फरक अर्थव्यवस्था र त्यसले निर्माण गरेको एउटा पृथक सामाजिक सांस्कृतिक रूपान्तरण र अर्कातिर उपनिवेशवादले निर्माण गरेको राजनीतिक दमनका विरुद्धको आवाज थियो । यो औद्योगिक क्रान्तिले निर्माण गरेको मजदुरहरूको शोषण र उपनिवेशवादले निर्माण गरेको राष्ट्रिय स्वतन्त्रता नागरिक स्वतन्त्रतामाथिको दमनका विरुद्ध भुमण्डलीय परिवर्तनको वैज्ञानिक आधारका रूपमा प्रकट भएको थियो । त्यसैले मार्क्सवाद पश्चिमी आर्थिक, राजनीतिक तथा दार्शनिक मान्यताको संश्लेषण होइन । यसमा भ्रमले नै नेपालमा पनि कतिपय मार्क्सवादी मार्क्सको भन्दा बढी चर्चा हेगेलको गर्ने गर्छन् । मार्क्सवादले समाज विज्ञानका रूपमा एउटा वृहत् दर्शनशास्त्र मानिसका अगाडि राख्दछ जसले मुलतः भौतिकवादी अध्ययन पद्धतिका सहयोगले समाजका समस्याहरूको सही अध्ययन सटिक ढंगबाट पहिचान गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । सरसर्ती हेर्दा क्रान्तिका दृष्टिकोणबाट मार्क्सवादको मुख्य विषयवस्तु 'अर्थशास्त्रको राजनीतिक विश्लेषण हो' तर त्यसमा मात्र सीमित नरही मार्क्सवादले एउटा त्यस्तो 'विश्व दृष्टिकोण' पनि प्रस्तावित गर्दछ जसले भौतिक यथार्थता वा भौतिक वस्तुहरूमाथि विश्वास एवं इतिहासको भौतिकवादी विश्लेषणले नै मानिसको सामाजिक चेतना निर्धारण गर्दछ भन्ने मान्यताबाट प्रक्षेपण गर्दछ । यस अर्थमा मार्क्सवाद प्रकृति र समाजलाई समन्वय र सञ्चालन गर्ने वा व्यवस्थापन गर्ने अन्तरनीहित वस्तुवादी सिद्धान्तहरू वा नियमहरूको विज्ञान हो । यस विश्व दृष्टिकोणका अनुसार मार्क्सवादले समाजका बारेमा यथार्थ अध्ययन गर्ने, सुझबुझ विकास गर्ने वा ज्ञान प्रदान गर्ने मात्र नभई यसले समाजको आमूल परिवर्तनमा सरिक रहेका क्रान्तिकारी

---

१२ Kumara David, "Is Marxism Science?" Part 1, Darwin, Marx and the scientific method", Sunday Island, March 18, 2018.

शक्तिहरूको वा परिवर्तनकारी शक्तिहरूको भूमिकाको अध्ययन गर्ने परिवर्तनका मापदण्डहरू पनि प्रदान गर्दछ। त्यसैकारण मार्क्सवादलाई क्रान्तिको विज्ञान पनि भनिन्छ।[१३] मार्क्सले आफ्नो अध्ययनको क्रममा 'उत्पादनलाई' सबैभन्दा बढी जोडतोडका साथ प्रस्तुत गरेका छन् । उनी भन्छन्, मानिसलाई उसको चेतनाको आधारमा अरू जनावरबाट भिन्न गर्न सकिन्छ तर यस यथार्थसँग जोडिएको तथ्य उत्पादन नै हो । उनले...The German Ideology' मा लेखेका छन्, "मानिसले जब आफ्नो जीवनयापनका लागि स्वयं उत्पादन गर्न थाले तब उनीहरूले आफूलाई अरू जनावरबाट पनि भिन्न गरे ।"[१४] उनले भनेका छन्, "यस अर्थमा श्रम एउटा पृथक वा भिन्न आर्थिक क्रियाकलाप मात्र होइन, यथार्थमा यो मानवीयताको सार नै हो । अहिलेसम्म मानवीय गतिविधि भनेको उसको श्रम नै हो । अर्थात् त्यो भनेको उसको सिर्जनशील उद्यम हो । तसर्थ मानिसको विकासको प्रमुख आधार मानिसको श्रम वा उद्यम नै हो ।"[१५] यसको तात्पर्य हो मानिसको इतिहास भनेको 'उसका उत्पादनका गतिविधिको इतिहास हो' । यो उद्यमशीलता भनेको मार्क्सको विचारमा 'मानिसको प्रकृतिसँगको कहिल्यै नसकिने संघर्ष हो र स्वयं उसको अविकसित प्रकृति वा स्वभावलाई परिवर्तन गर्ने माध्यम पनि हो ।' मार्क्सका यी भनाइले समाजवादी व्यवस्थाका लक्ष्यहरू र जिम्मेवारीप्रति स्पष्टरूपमा संकेत गर्दछन् । हामीले पछिल्लो समयमा अनुभव गरेको कुरा के हो भने कथित 'उदारवाद'ले राजनीतिक घटना र परिघटनालाई राजनीतिका साध्य बनाउँछ । तर समाजवादले राजनीतिलाई 'मानव विकास' वा 'समाज परिवर्तन' को साधन मान्दछ । यस अर्थमा 'समाजवादी विचारधारा' बहुदलीय उदारवादको राजनीतिक मैदानमा खडा रहेको एउटा 'मञ्च' मात्र होइन भन्ने कुरामा समाजवादी क्रान्तिका

१३ ऐ. ऐ.

१४ Marx and Angeles, 'The German Ideology,' Marx Angeles Collected Works, Vol. 5 p. 31.

१५ Cited in Mustafa Khayati, 'Marxisms; Ideologies and Revolution.' Available at www.academia.edu/2424845/marxisms-ideologies-and-evolution-english-translation, retrieved on 2020/1/

अभियन्ताहरू तथा बौद्धिकहरू प्रष्ट हुनुपर्छ ।

समाजवाद समाजको पुरातनपन्थी वा परम्परागत संरचनालाई परिवर्तन गर्ने वैचारिक एवं रणनीतिक कार्यक्रम पनि हो । यस अर्थमा 'उदारवादी राजनीतिक संरचना' भित्र समाजवादी विचारको प्रतिनिधित्व सुनिश्चित गर्नु मात्र वामपन्थी राजनीतिक संगठनको उद्देश्य वा जिम्मेवारी हुन सक्दैन भन्ने तर्क प्रक्षेपण गर्न सकिन्छ । यस अर्थमा वामपन्थी राजनीतिक संगठनको 'उदारवादी राजनीति संरचनाभित्र' को सहभागितालाई दुईवटा मापदण्ड वा आधारमा प्रयोग गरी मूल्यांकन गर्न सकिन्छ । (१) उदारवादी राजनीतिक संरचनाको एउटा हिस्सा, अंश वा अंगका रूपमा रही त्यसभित्र सांसदले बनाएका नियम, कानुनबमोजिम प्रतिस्पर्धा गर्ने वा (२) 'उदारवादी राजनीतिक संरचनालाई रणनीतिक माध्यमका रूपमा प्रयोग गरी त्यसलाई समाजवादको स्थापना गर्ने साधन वा माध्यमका रूपमा प्रयोग गर्ने ।' भारतीय वामपन्थी आन्दोलन यिनै मापदण्ड वा अधारका सम्बन्धमा अस्पष्ट रहँदा क्रमश विसर्जनवादको शिकार भएको देखिन्छ । यी प्रश्नमा अस्पष्टता भएकै कारणले वामपन्थी शक्तिभित्र नानाथरिका गुटहरू मौलाउने खतरा सिर्जना हुँदो रहेछ भन्ने कुरा नेपालले उदाहरण प्रस्तुत गरेको छ । पहिलो मापदण्ड वा प्रश्नको मार्क्सवादले परिकल्पना गरेको वैज्ञानिक समाजवादसँग कुनै सम्बन्ध छैन । अर्थात् त्यो पहिलो 'रणनीति' भनेको विसर्जनवादको बाटो हो । दोस्रो रणनीतिलाई कार्यमूलक ढंगले प्रयोग गरी समाजवादी आन्दोलनको रणनीतिक कार्यक्रम बनाउन सकिन्छ । तर यस सम्बन्धमा नेपालको वामपन्थी आन्दोलन प्रष्ट छैन भनी बोल्ने हिम्मत गर्नुपर्ने अवस्था आएको छ । नेपालको वामपन्थी आन्दोलन खासगरी मूलधारको कम्युनिष्ट पार्टी पहिलो रणनीतिको यात्रातर्फ लागेको देख्न सकिन्छ ।

मार्क्सवादको आधारग्रन्थ 'दास क्यापिटल' हो । तर यो मूलग्रन्थ 'दास

क्यापिटल' विशुद्ध अर्थतन्त्रको व्याख्या र विवरणको ग्रन्थ मात्र होइन । यो मुलतः राजनीतिक अर्थशास्त्रको समालोचनात्मक ग्रन्थ पनि हो । त्यसैले यस ग्रन्थमा मार्क्सले 'खास किसिमको आर्थिक ढाँचाको' सिफारिस गर्नुभन्दा राजनीतिक अर्थशास्त्रको विज्ञानलाई सुदृढ गरेका छन् ।[१६] त्यसो गर्दा उनले त्यसबेलासम्म 'बुर्जुवाहरूले' प्रयोग गर्दै आएको राजनीतिक अर्थशास्त्रको विज्ञानको झुटो आधारशीलालाई भत्काएर ' उत्पादन र उत्पादनका साधनसँग मानिसको सम्बन्धको विश्लेषणद्वारा' राजनीतिक अर्थशास्त्रको एउटा नयाँ तथ्यपरक तथा यथार्थ विज्ञानको स्थापना गरेका छन् । उनको मतमा पूँजीवादले अधिकांश श्रमिकहरूको जीवनलाई पूँजीपतिका हातमा राखिदिन्छ ।

समतामूलक एवं न्यायपूर्ण राजनीतिक अर्थशास्त्रले श्रमको कदर गर्दै उत्पादनका साधनमाथि श्रमिकहरूको सामूहिक अधिकार स्थापित गर्दछ । यथार्थमा यो व्यवस्था नै समाजवाद हो । यदि त्यसो हो भने क्रान्तिकारीहरूले राज्यसत्ता वैधानिक ढंगले आफ्नो हातमा लिई समाजवादी कानुनहरूको निर्माणद्धारा 'पूँजीवादी अधिनलाई' समाप्त गर्ने रणनीतिक रणनीति ग्रहण गर्नुलाई क्रान्तिको लक्ष्य त्यागेको हो भन्न नमिल्ने अवस्था छ । तर त्यसो गर्दा क्रान्तिकारी इमान्दारिता विसर्जन भयो भने समाजवादी विचारधार 'उदारवाद' को अवयव हुने खतरा सिर्जना हुन्छ भन्ने कुरामा विवाद हुँदैन । नेपालको वामपन्थी राजनीतिमा यो खतरा टड्कारो छ । नेपालको 'वामपन्थी आन्दोलन' को ठूलो हिस्सा कथित उदारवादी राजनीतिक संरचनालाई रणनीतिक कार्यक्रम बनाई समाजवादको स्थापनाप्रति प्रतिबद्ध रहेको छ भन्ने कुरामा प्रशस्त शंका गर्ने कारणहरू छन् । शंका मात्रै होइन यसमा विसर्जनका लक्षणहरू देखापरिसकेका छन् । त्यसो हो भने जनताप्रति धोका हुनेछ । भारत तथा नेपालमा वामपन्थी राजनीतिक शक्तिहरूले किन समाजवादको बाटो पहिल्याउन सकिरहेका छैनन् ? यो प्रश्न

१६ Capital 'A Critique of Political Economy' Trans by Samuel Maore and Edward Aneling, Coscow; Progress Publishers, 2015.

हरेक इमान्दार समाजवाद पक्षधर मानिसले सोधिरहेको प्रश्न हो । खास विशिष्ट अवस्थासँग जोडिएको राजनीतिक कारणहरू पनि होलान/छन् । तर यस प्रश्नको उत्तर खोज्न सर्वप्रथम 'मार्क्सवाद' वा मार्क्सले उठाएका पूँजी र त्यसको व्यवस्थापनका आधारभूत मान्यतालाई पहिला हेर्नुपर्छ ।

मार्क्सले 'पूँजीवादी उत्पादन प्रणालीका' तीनवटा आधारभूत वा नैसर्गिक तथ्यहरूमाथि प्रकाश पारेका छन् ।[१७] (१) पूँजीवादी उत्पादन प्रणालीमा उत्पादनका सबै किसिमका साधनहरू सीमित व्यक्तिका हातमा केन्द्रित वा सीमित रहन्छन् र ती उत्पादनका साधनहरू मजदुरका सम्पत्ति हुँदैनन् र तिनीहरूलाई सामाजिक उत्पादन क्षमतामा रूपान्तरण गर्न पनि सकिँदैन, (२) प्राकृतिक विज्ञानका ढाँचाभित्र मजदुरहरूलाई एकताबद्ध गरेर श्रमशक्तिलाई संगठित गर्दै सामाजिक श्रम प्रणालीमा रूपान्तरण गर्ने प्रणालीको स्थापना गर्दछ; र (३) विश्वबजारको निर्माण गर्दछ । यो पछिल्लो तथ्यलाई अहिले भुमण्डलीकरण भनिन्छ । दोस्रो तथ्यको परिणामप्रति पूँजीवाद इमान्दार रहेन । त्यसले श्रम शक्तिको शोषण गर्ने प्रणालीमा पूँजीवादलाई रूपान्तरण गऱ्यो । पहिलो तथ्य सुरुदेखि नै स्थापित रह्यो । मार्क्सले पूँजीवादलाई तुलनात्मकरूपमा सामन्तवादभन्दा प्रगतिशील रहने ठाने । त्यो साँचो पनि थियो । त्यसले छरिएको पूँजीलाई कमिशनको बजारमा पुऱ्यायो र वर्तमान पूँजीवादलाई मुनाफाखोर पूँजीवादमा परिणत गऱ्यो र उदारवादलाई त्यसको सेवक बनायो ।

यी तीन तथ्यप्रतिको नेपाली वामपन्थी आन्दोलनको विश्वदृष्टिकोण के हो ? औद्योगिक श्रमशक्ति संगठित नभइसकेको अवस्थामा उत्पादनका अन्य क्षेत्रका सर्वहारा शक्तिको भूमिका के हो ? पूँजीको

---

१७ हेर्नुहोस्, Jayati Ghosh '150 years of Das Capital'M How Relevent is Marx Today, 22 Aug. 2017, Aljizeera History at Aljazeera.com/in-depth/opinion/2017/08/150-years-das-kapital-relevant-mark-today, retrived on 20/3/2020.

सामाजिकीकरण गर्ने माध्यमक के हो ? भूमण्डलीकरणप्रतिको दृष्टिकोण के हो ? यी प्रश्नहरूमा तथ्यपरक विश्लेषण छैनन् । वामपन्थी दलहरू अध्ययन र अनुसन्धानमा चासो राख्दैनन् । बौद्धिक विश्लेषण र विमर्शको संस्कृति छैन । विश्व बैंकका नीतिबाट प्रभावित व्यक्तिहरू 'बौद्धिक ढुकुटी'मा क्रियाशील रहन्छन् ।

माथिका विवरणहरूको विश्लेषण गर्दा समाजवादले केही महत्वपूर्ण मान्यताहरूलाई आत्मासाथ गर्ने गर्दछ । त्यसैकारण 'वैज्ञानिक समाजवादलाई मार्क्सवादी विचारधारा वा विज्ञानको उपज हो' भन्ने गरिएको हो । ती मान्यताहरूलाई निम्न बमोजिम मान्यतामा सूत्रबद्ध गर्न सकिन्छ, जो वैज्ञानिक समाजवादका 'आधारशीलाका' रूपमा रहने गर्दछन् ।

१.समाजवादको स्थापनामा 'श्रमिक सर्वहाराको क्रान्ति अपरिहार्य हुन्छ' । त्यसैले भनिन्छ, बिना क्रान्ति समाजवादको स्थापना गर्न सकिँदैन ।[१८] तर मार्क्सको विचारमा सबै आन्दोलनहरू क्रान्ति होइनन् । क्रान्ति 'क्रान्ति' नै हो । यदि त्यो क्रान्ति केवल सुधार-आन्दोलन मात्र हो भने त्यो क्रान्ति होइन । अर्थात् जसरी कोही 'आधा गर्भवती' हुँदैन त्यसैगरी आधा क्रान्ति पनि क्रान्ति हुँदैन ।[१९] यस मान्यता वा तर्कलाई आधार बनाएर नेपालको वामपन्थी आन्दोलनको मूल्यांकन गर्ने समय भइसकेको छ भन्न सकिन्छ । तर यस मान्यताले 'क्रान्तिलाई' समय र सामाजिक सन्दर्भका आधारमा सिर्जनात्मक ढंगले प्रयोग गर्न सकिन्न भन्ने मान्यतालाई भने खारेज गर्दैन ।

२.विश्वका सबै श्रमिकहरूको समस्या वा शोषण एकै किसिमको हुन्छ । सबै श्रमिकहरू मानव हुन् र उनीहरू विरुद्धको शोषण संसारभरि अमानवीय नै हुन्छ । यस अर्थमा समाजवादले 'मानिस-मानिसबीचको

---

१८ Letter of Marx to Schweitzer, 13th Feb. 1865(अन्य कुराका अतिरिक्त मार्क्सले सि विइट्जरलाई पत्र लेख्दै श्रमिक वर्ग र ट्रेड युनियनहरूले कसरी श्रमिक वर्गलाई प्रुसियाको राज्य दासताबाट मुक्ति दिन सहयोग गरे भन्ने कुरा उल्लेख गरेका छन् । तर ती आन्दोलनले सहकारीको माध्यमबाट आर्थिक सुधारका गतिविधि मात्रै

१९ ऐ. ऐ.।

भिन्नतालाई स्वीकार गर्दैन' । यसको तात्पर्य हो, समाजवादले उपनिवेशवाद, त्यसको संरक्षण गर्ने साम्राज्यवाद र त्यस प्रायोजनका लागि मानिसहरूको विभाजन गर्ने साम्राज्यवादी नीतिका रूपमा लागू गरिएको जाति वा नश्ल, धार्मिक साम्प्रदायिक विभाजन, भौगोलिक क्षेत्रीय पहिचानवाद, लैंगिक विभाजन एवं यस्तै अन्य विभाजनहरूलाई समाजवादले अस्वीकार गर्दछ । वर्ग विभाजनको सामाजिक संरचना र क्रान्तिको वर्ग संघर्षीय चरीत्रलाई त्यागेर मार्क्सवाद जीवित रहँदैन । त्यसो हो भने वामपन्थी नेतृत्वमा थुप्रै नेताहरूले आफ्नो मूल्यांकन गर्नुपर्छ ।

३.समाजवादले अन्तर्राष्ट्रियवादलाई एउटा विचारधारात्मक रणनीतिका रूपमा ग्रहण गर्दछ । मानिसको शोषण खास परिस्थितिको उपजमात्र नभई पूँजीवादी मालिकहरूले गर्ने नियोजित दुष्कर्म हो भन्ने कुरा मार्क्सवादले मानेको छ । औद्योगिक क्रान्तिपछि बुर्जुवा वर्ग र उसका उत्पादित वस्तुहरूको व्यापारले संसारलाई भू-मण्डलीकृत गरेको छ । यसको तात्पर्य श्रमिक वर्गको शोषण पनि भू-मण्डलीकृत हुन पुगेको छ । तसर्थ संसारको कुनै एक भागमा श्रमिकहरूको मुक्ति हुँदैमा आम श्रमिकहरूको शोषणबाट मुक्ति हुँदैन । त्यसैकारण मार्क्सले श्रमिकहरूको शोषणविरुद्ध मुक्तिको क्रान्ति पनि भू-मन्डलीकृत हुनुपर्छ, भन्ने विचार अगाडि सारेका हुन् । यस्तो क्रान्तिले मात्रै संसारबाट वर्ग विभाजनलाई समाप्त गर्न सक्दछ । अतः समाजवादी क्रान्तिको अन्तिम लक्ष्य समाजलाई वर्ग विभाजन र वर्ग संघर्षरहित समाजको निर्माण गर्नु हो, जसबाट साम्यवादको स्थापनाको बाटो स्पष्ट हुन्छ । यस्तो समाजमा राज्य र कानुनको आवश्यकता पर्दैन र यस्तो समाज स्वतन्त्र व्यक्तिहरूको सामूहिक अधिकारयुक्त समाज बन्दछ ।[२०] पूँजीवादविरुद्ध समाजवादका तथ्यपरक सम्भावनाहरू

निम्न छलफलले समाजवादका सम्भावनाहरूको बारेमा केही तथ्यपरक बहसलाई अगाडि सार्नेछ । अगाडि ल्याए र श्रमिक वर्गको

क्रान्तिको नेतृत्व गरेनन्, बरू राज्यको दासतालाई नै वैधानिक बनाए । उनको भनाइको तात्पर्य के हो भने क्रान्तिबिना सर्वहारा श्रमिकको मुक्ति हुँदैन ।

क) चीनद्वारा प्रक्षेपित समाजवादी बजार अर्थव्यवस्थाको ढाँचा: टेट्सुजोले[२१] चीनको लामो भ्रमणपछि एउटा समलोचनात्मक लेख लेख्दै भनेका छन्, "समाजवाद वा साम्यवादको वैज्ञानिक आधार भनेको मार्क्सवादले प्रक्षेपण गरेको समाज परिवर्तनको वैज्ञानिक दृष्टिकोण नै हो । यस दृष्टिकोणलाई बर्खास्त गरेर समाजवादको निर्माण गर्न सकिन्न ।" यो दृष्टिकोण अगाडि राख्दै टेट्सुजोले चिनियाँ क्रान्तिको निम्न ऐतिहासिक संक्षेपीकरण गरेका छन् ।

१).सन् १९५० देखि १९७० सम्म माओत्सेतुङले नेतृत्व गरेको कम्युनिष्ट पार्टी र चिनियाँ समाजवादी व्यवस्थाले 'सामाजिक विकासका लागि तीव्र दौड लगाउ' (ग्रेड लिपको कार्यक्रम) अगाडि ल्यायो र जनताको साझा जीवन प्रणालीको आन्दोलन अगाडि राख्यो ।

२).तर १९७८ पछाडि चिनियाँ कम्युनिष्ट पार्टीले आफ्नो महाधिवेशनबाट सामाजिक विकासका लागि हतार-हतार कुद्ने रणनीतिलाई बदल्यो । चिनियाँ कम्युनिष्ट पार्टीले अहिले तत्कालको लक्ष्य भनेको 'समाजवादको प्राथमिक चराणको सफलता प्राप्त गर्ने हो' भनी सन् १९७८ मा भएको महाधिवेशनबाट पारित गऱ्यो । यो उद्देश्य पूरा गर्न एक शताब्दी लाग्ने उनीहरूले जनाए र अहिले करिब ५० वर्षको समयावधि समाप्त भएको छ र चीन विश्वको दोस्रो आर्थिक शक्तिको रूपमा रूपान्तरण भएको छ ।

३)समाजवादको यो चरण प्राप्त गर्न सन् १९९२ को पार्टी महाधिवेशनबाट 'चीनले समाजवादी बजार अर्थव्यवस्थाबाट समाजवादको लक्ष्य पूरा गर्ने' रणनीति अगाडि साऱ्यो । सन् १९८६ मा भियतनामी कम्युनिष्ट

२० नोट (१४) भाग (१) खण्ड 'डी' 'PROLETARIANS AND COMMUNISM' PKV08 'FORMS OF DISCOURSE', VOL.5 पृष्ठ ८१ ।

२१ नोट नं ५०, खण्ड ३ ।

पार्टीले पनि दोहिमोही (इनोभेसन्)को रणनीति अगाडि साऱ्यो र बजार अर्थव्यवथालाई अगाडि साऱ्यो । यी दुवै देशका रणनीतिलाई पूँजीवादी विश्वले समाजवादको बाटो छोडेको आरोप लगाए तर यथार्थमा यी रणनीति समाजवादलाई समयको सन्दर्भमा पुनः परिभाषित गर्ने प्रयासहरू थिए भन्ने उनीहरूले बुझ्न सकेनन् । वास्तवमा यी दुवै देशका यी दुई रचनात्मक व्याख्याले 'समाजवादलाई भविष्यको मानव व्यवस्थाका रूपमा रूपान्तरण गर्ने' सम्भावनालाई स्थापित गरेका छन् भन्न कन्जुस्याइँ गर्नुपर्ने अवस्था छैन ।

माथिका बुँदाहरूले नेपालको वामपन्थी आन्दोलनले रचनात्मक दृष्टिकोणहरू निर्माण गरी समाजवादलाई सामाजिक विकासको अपरिहार्य व्यवस्थाका रूपमा स्वीकार गर्न प्रेरित गर्दछन् । तर नेपाली वामपन्थी आन्दोलन बीचमा एउटा ठूलो खाडल सिर्जना गरी एकातर्फ नवउदारवादी संकटग्रस्त पूँजीवादी दृष्टिकोणको मोहबाट बाहिर आउन नसकेको र अर्को यान्त्रिक मार्क्सवादको पूजा गर्दै चिनियाँ सांस्कृतिक क्रान्तिले उजागर गरेको वाम उग्रवादको सपना देखिरहेको अवस्था विद्यमान देखिन्छ । यी दुवै प्रवृत्तिले 'सामाजिक विकासको बाटो अवलम्बन गरी समाजवादको प्रारम्भिक चराणको विकासमा लाग्नुपर्ने वामपन्थी रणनीतिलाई अवरोध पुऱ्याएका छन् ।' तर चीन र भियतनामले प्रयोग गरेको समाजवादी अर्थतन्त्रले समाजवादको सम्भावनालाई भने ठोस ढंगले स्थापित गरेको मान्यता टोटसुजोको रहेको छ ।

ख) बजार अर्थतन्त्र र लेनिनका दृष्टिकोणः समाजवादी बजार अर्थ व्यवस्थाको मुद्दा समसामयिक छलफलको विषय भए पनि यसको सन्दर्भ सोभियत राज्य व्यवस्थाको स्थापनापछि नै उठेको थियो । सुरुमा लेनिनले बजार अर्थव्यवस्थाको धारणालाई अस्वीकार गरेका थिए । लेनिन क्रान्तिकारी समाजवादी भएता पनि उनीसँग समाजवाद निर्माणको अनुभव थिएन, त्यसैले उनले थुप्रै बांगाटिंगा बाटाहरू

हिँड्नुपर्‍यो । अक्टोबर क्रान्तिपछि लेनिनको प्रमुख उद्देश्य 'उत्पादन र उत्पादनका वस्तुहरूको वितरणमा राज्य शक्तिको प्रयोग गर्नु रहेको थियो ।' यो झण्डै-झण्डै प्रथम विश्वयुद्धमा जर्मनीले आत्मसाथ गरेको युद्ध अर्थव्यवस्थाजस्तै थियो । लेनिनले के महसुस गरे भने, 'पूँजीवादी देशहरूले योजनाबद्ध अर्थतन्त्र लागू गर्न सक्छन् भने समाजवादी सरकारले आम जनसमुदायका हितका लागि योजनाबद्ध अर्थतन्त्र लागू गर्न किन सक्दैन ?' यो मान्यता यथार्थवादी दृष्टिकोणबाट प्रभावित थियो, तर जब यो रणनीति लागू गरियो सोभियत अर्थतन्त्र झन् बिग्रियो र वस्तुहरूको वितरणमा 'रासनिङ' गर्नुपर्ने अवस्था सिर्जना भयो । अर्थात् त्यस किसिमको अर्थतन्त्रमा 'बजार अर्थव्यवस्था' स्वीकार गर्न सकिने अवस्था थिएन । त्यसैले लेनिनले बजार अर्थव्यवस्थाको विरोध गरे । तर जब विस्तारै सोभियत युनियन युद्धको अवस्थाबाट बाहिर आयो वा वार कम्युनिजमको अवस्था सकियो बाहिरी हस्तक्षेपबाट सोभियत युनियन मुक्त भयो । शान्तिको यो अवस्थासँगै अर्थतन्त्रको बारेमा सकारात्मक र दूरदृष्टि विकास गर्दै 'समाजवादी बजार अर्थतन्त्रको विकास' गर्नुपर्ने मान्यतामा लेनिन पुगे र सन् १९२१ बाट यो नीति कार्यान्वयनमा आयो । तर कम्युनिष्ट पार्टीको बैठकमा यस नीतिको व्यापक विरोध भयो । एक जना केन्द्रीय कमिटीका सदस्यले भनेका थिए 'निरंकुश शासकले हामीलाई जेलभित्र व्यापार गर्न सिकाएका थिएनन् ।' यी शङ्काहरूलाई समाधान गर्न लेनिनले लामो व्याख्या गर्नुपरेको थियो । जुन व्याख्याहरू 'लेनिनका संकलित संग्रहहरू' नामको कृतिमा समावेश गरिएका छन् । लेनिनले प्रतिरोधको माझमा बजार अर्थव्यवस्थालाई बढाइचढाई नगरी यथार्थवादी धरातलमा रहेर समाजवाद निर्माणको एउटा तत्कालिक रणनीतिको रूपमा ग्रहण गरे जसलाई 'न्यू इकोनोमिक पोलिसी' भनियो र व्यवहारमा यसलाई 'प्रतिस्पर्धात्मक पूँजीवाद तथा बजार अर्थतन्त्र भन्ने गरियो ।' चीन र भियतनामले अगाडि सारेको '

बजार अर्थतन्त्रको प्रयोगद्वारा समाजवादको निर्माण गर्ने नीतिको स्रोत लेनिनले ग्रहण गरेको यही न्यू इकोनोमिक पोलिसी नै हो ।' अतः चिनियाँ समाजवादी व्यवस्थालाई संशोधनवाद भन्नेहरू अल्पज्ञानका सिकार भएका यान्त्रिक मानिस हुन् भन्न सकिन्छ । मार्च सन् १९२३ मा बजार अर्थतन्त्रतर्फको लेनिनको यात्रामा अवरोध सिर्जना गरियो । उनलाई राजनीतिक गतिविधिबाट पूर्णरूपमा बाहिर राखियो । उनी सन् १९२४ मा परलोक भए । पाँच वर्ष पछाडि सन् १९२९ मा लेनिनले प्रस्ताव गरेको न्यू इकोनिमिक पोलिसीलाई समाजवाद निर्माण गर्ने रणनीतिका रूपमा खारेज गरियो र सामूहिक कृषि फार्महरू निर्माण गर्ने किसान विद्रोहको प्रारम्भ गरियो । यही किसान विद्रोह चीनमा सांस्कृतिक क्रान्तिको आधार बन्यो । स्टालिनको समाजवाद निर्माणको रणनीतिलाई वर्ग समन्वयको नीति अगाडि सार्दै खुसचबले बर्खास्त गरिदिए । स्टालिन र खुसचब दुवै गलत थिए र लेनिन सही थिए भन्ने कुरा 'चिनियाँ अर्थतन्त्रको विकासले प्रमाणित गरेको छ ।' यस्तो अर्थतन्त्रको विकास 'समाजवादको विकास हो' भन्ने कुरालाई निम्न कुराहरूले प्रमाणित गर्दछ ।

(क) समाजवादी बजार अर्थतन्त्रको विकासमा आम जनताको सहभागिता सुनिश्चित गरिएको छ । यसले प्रत्येक व्यक्तिको उत्पादकत्वको प्रवर्द्धन र समग्र जनताको उत्पादन (मास प्रोडक्सन) मा जोड दिन्छ अर्थात् जनताको जुझारु उत्पादन प्रणाली समाजवादी बजार अर्थतन्त्रको मुख्य आधार हो भन्ने सिद्धान्त ग्रहण गर्दछ ।

(ख) समाजवादी बजार अर्थव्यवस्थाको प्रयोगका दुईवटा रणनीतिहरू रहेका छन् । (१) यसको प्रयोग पूँजी निर्माणका लागि गर्न सकिन्छ । (२) निर्मित पूँजीबाट सामाजिक विकासका उद्देश्यलाई पूरा गर्न सकिन्छ ।

इतिहासको अवलोकन गर्दा 'बजार अर्थतन्त्रले पूँजीवादको बाटो ग्रहण गरेको देखिन्छ' । यसले पूँजी निर्माणको बाटोबाट

समाजवादको बाटो पनि निर्माण गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । त्यसैले लेनिनले भनेजस्तै यसले समाजवादको निर्माणका लागि 'पूँजीवादको विकास गर्नु आवश्यक छ' भन्ने कुरालाई स्थापित गर्दछ । यो सिद्धान्तलाई चिनियाँ कम्युनिष्ट नेतृत्वले बुझेको छ त्यसैले निजी उत्पादन प्रणालीलाई सार्वजनिक उत्पादन प्रणालीको नेतृत्वअन्तर्गत राखिएको हो भन्ने स्पष्ट छ । समाजवादी बजार अर्थतन्त्रले तब मात्र समाजवादी बाटो तय गर्न सक्छ जब यसको नियन्त्रण कम्युनिष्ट पार्टीको हातमा रहन्छ । चीन र भियतनाम दुवै देशमा 'चिनियाँ कम्युनिष्ट पार्टीको सक्रिय नेतृत्व कायम रहेको छ', अतः शंका गर्नुपर्ने अवस्था छैन ।

निष्कर्ष

वर्तमान विश्वमा 'संकटको सामना गरिरहेको व्यवस्था' समाजवाद होइन, पूँजीवाद हो । अर्थतन्त्रभित्र एकाधिकारको खोजी गर्ने र राज्यको पूँजीलाई निर्वाध आफ्नो हातमा राख्न चाहने सीमित दलाल पूँजीपतिहरूको वर्चश्वका कारणले वर्तमान पूँजीवाद गरिब र धनीबीच आम्दानीको खाडल सिर्जना गर्ने संकटग्रस्त दलाल पूँजीवादमा रूपान्तरित भएको छ । अतः यस पूँजीवादले सामाजिक न्याय र सामाजिक विकासको लक्ष्यलाई पूरा गर्न सक्दैन । 'क्रोनी पूँजीवाद' भनिएको वर्तमान पूँजीवादले राज्यलाई बाहेक गरी सीमित दलाल पूँजीपतिको मात्र सेवा गर्दछ । यो राज्यको नियन्त्रण बाहिर छ र विकृत उपभोक्तावादबाट प्रेरित रहेको छ । विचार निर्माणको प्रतिनिधित्व गर्ने सञ्चार जगत्लाई यसले विज्ञापनको कारागारभित्र कैद गरेको छ र व्यवसायहरूलाई भ्रष्ट र अश्लिल बनाएको छ । त्यसैले नायल फर्गुसनले भनेका हुन् 'अर्को एउटा मार्क्सको जन्म भइसकेको छ । संकटग्रस्त पूँजीवादको विकल्प केवल समाजवाद मात्र हो' भलै उनी समाजवादका समर्थक होइनन् ।

ग्ल्यासगो विश्व विद्यालयका वरिष्ठ प्राध्यापक अर्थशास्त्री एलेक नोभे[२२]

भन्छन्, 'समाजवाद शब्दले मानिसमा एउटा शक्तिशाली अनुभूति र प्रेरणा जगाउँछ र एउटा उत्साहको जागरण गर्दछ र अन्याय र दुष्ट्याइँप्रति विरोध पनि जनाउँछ । समाजवाद भविष्यको न्यायपूर्ण समाजको बाटो हो । तसर्थ समाजवादबाट आत्तिनुपर्ने अवस्था छैन ।'

(१) समाजवाद पूँजीवादलाई चुनौती दिने माध्यम हो ।

(२) जोआन र च्याम्बरलिनले बताएअनुसार, 'गलत प्रतिस्पर्धाहरू झन्झन् गहिरा भएका छन् । ठूल्ठूला सङ्गठित संस्थाहरूले सरकार हरूमाथि नियन्त्रण गरेका छन् ।[२३]

(३) प्रोफेसर सी सिभर्स भन्छन्, 'के हामीले संयुक्त राज्य अमेरिकाजस्तो हुनु आवश्यक छ ? के हामी घरविहीन बच्चाबच्ची बाटोमा बाँचुन् भन्ने चाहन्छौँ ? के हामी सङ्गठित माफियाहरू चाहन्छौँ के हामी कार्ल मार्क्सलाई छोडेर डोनल्ड ट्रम्पसँग उभिन चाहन्छौँ ?[२४] (४) चार्ल्स टेलर लेख्छन्, 'समाजले आफ्ना वैधानिक आधारहरू भत्कायो भने समाज आफैँ भत्किन्छ भन्ने बुझ्नुपर्छ' ।[२५]

(५) कार्ल मार्क्सले डास क्यापिटल (भाग ३) मा लेखेका छन्, 'पूँजीवादको उन्मुलन भएपछि सामाजिक रूपमा सङ्गठित उत्पादन प्रणालीमा मूल्यको निर्धारण प्रमुख वा केन्द्रीय मुद्दा बन्दछ र त्यसले श्रमिकको श्रम समय र श्रमको सामाजिक वितरणको बीचमा समन्वय कायम गर्दै सबै किसिमका गतिविधिहरूको लेखाजोखा गर्दछ ।'

(६) डेभिड मुरे उनको पुस्तक च्याडिकल फिलोसोफिमा भन्छन्, 'श्रमिकलाई उसको जीवन समाजवादमा कस्तो हुन्छ भनी बताउन सक्ने कार्यक्रमले नै समाजवाद निर्माणको कार्य सफल हुन्छ' ।

माथिका भनाइहरूले समाजवादको विज्ञान, विचारधारा र सामाजिक न्यायका अवधारणाहरूलाई स्पष्ट गर्दछन् । अतः यी मूल्यबाहेक अन्य

---

२२ नोट नं ५५ ।क

२३. Alexander Nove, 'Economics of Feasible Socialism,' London Harper Collins Publishers, 1991.

२४. Boston Globe, March-20, 1990 .

२५. नोट नं ५५ ।

मूल्यहरू, विचारधाराहरू र विज्ञान बोकेर कुनै शक्ति वामपन्थी शक्ति बन्न सक्दैन । तसर्थ नेपालमा समाजवादका मूल्य र मान्यतामा बहस निर्माण हुनु आवश्यक छ । अन्यथा जनताले 'कम्युनिष्ट पार्टी' लाई छोड्ने छन् । पहिलो पूर्वशर्त के हो भने, 'कम्युनिष्ट पार्टी कम्युनिष्ट पार्टी हुनका लागि यसका नेता कम्युनिष्ट हुनुपर्छ भन्ने कुरालाई' कदापि बिर्सनु हुँदैन ।

ooo

समाजवाद र समाजवादी पार्टी

डा. खगेन्द्र प्रसाई
मार्क्सवादी बिश्लेषक

जब समाजवादका बारेमा बहस गरिन्छ तब समाजवादको कल्पना या माग कुन ऐतिहासिक सन्दर्भको कस्तो आर्थिक व्यवस्थाको विकल्प या प्रतिक्रियाका रूपमा गरिएको थियो भन्नेमा जानै पर्छ । हामीलाई थाहा छ समाजवादको जबर्जस्त सैद्धान्तिक र व्यवहारिक उपस्थिति उन्नाइसौँ शताब्दीको युरोपमा विकसित हुँदै गरेको पुँजीवादका विरुद्धमा भएको थियो । त्यसकारण समाजवादको बहसमा पुँजीवाद के हो र यसको विकल्प किन चाहिएको थियो, समाजवाद नै किन श्रेष्ठ विकल्प थियो र हो आदि प्रश्नहरूले अधिक महत्व राख्दछन् । सुरु गरौँ यिनै प्रश्नहरूबाट ।

पुँजीवाद के हो ? समाजवाद के हो ?

कतिपयले पुँजीवादलाई निजी सम्पत्तिमा आधारित आर्थिक व्यवस्थाको रूपमा बुझ्छन् र बुझाउँछन् । वस्तुतः यो परिभाषा अपुरो र कमजोर छ । पूर्व-पुँजीवादी व्यवस्थाहरू पनि निजी सम्पत्तिमा आधारित थिए । पुँजीवादले सबैलाई निजी सम्पत्ति दिनुको सट्टा धेरैको सम्पत्ति खोसेर थोरैका हातमा केन्द्रीकृत गर्ने व्यवस्था मिलाएको थियो, हिंसात्मक र गैर-हिंसात्मत विधिबाट । धेरै मान्छलाई सम्पत्ति विहीन बनाएर या तिनलाई सम्पत्ति संग्रह गर्न नसक्ने कुराको ग्यारेन्टी गरेर मात्र पुँजीवाद बाँच्न र फस्टाउन सकेको हो । धेरै सम्पत्ति हुने थोरै मान्छे र सम्पत्ति नहुने धेरै मान्छेका सम्बन्धलाई निरन्तर पुनर्उत्पादन गरिरहनु नै पजीवादको लक्ष्य र विधिमात्रै होइन, प्राण नै हो । साम्यवादले निजी सम्पत्तिको हरण गर्छ भन्ने तर्कको आलोचनामा मार्क्सले भनेका थिए, पूँजीवादले त नब्बे प्रतिशतको सम्पत्तिको हरण गरिसकेको छ । मार्क्सको दाबीको खण्डन वस्तुतः आजसम्म भएको छैन । बरु, धरैजसो बुर्जुवा अर्थशास्त्रीहरू सम्पत्तिको केन्द्रीकरण आर्थिक विकासका लागि आवश्यक भएको जोडदार मतसमेत राख्छन् । उनीहरूको तर्क हुने गर्छः केन्द्रीकृत सम्पत्तिले उत्पादन र रोजगारको वृद्धि गर्छ जसमार्फत गरिब स्वयं लाभान्वित हुन्छन् । यसलाई ट्रिकल

डाउन सिद्धान्त भनिन्छ जसको सत्यता दन्त्य कथाको भन्दा अलिकति पनि बढी छैन ।

मार्क्सकै शब्दमा भन्दा पूँजीवादले एकातर्फ उत्पादनलाई सामाजिकृत गर्छ भने अर्कोतर्फ उत्पादनको फललाई निजीकृत गर्दछ जो पूँजीवादको मूल अन्तरविरोध हो । त्यसैले पूँजीवादले समाजमा ठूलो मात्रामा सम्पत्ति उत्पादन गर्दागर्दै उत्पात गरिबी पनि सँगसँगै सिर्जना गर्दछ । यो असंगति या अन्तरविरोध पूँजीवादको चाहना विपरीत सिर्जित परिणाम या पूँजीवादको कमजोर पक्ष होइन । बरु, यो पूँजीवादको आधारभूत नियम हो । जनसंख्याको ठूलो हिस्सालाई दरिद्र नराखी पूँजीको उत्पादकत्वमा वृद्धि हुँदैन ।

पूँजीको यस्तो चरित्रअनुरूप पूँजीवादी व्यवस्थाको मूल राजनीतिक विषेशता हो ठूलो पूँजीको समग्र शासन । पूँजीवादमा व्यक्तिको कार्यस्थल, उपभोग, व्यक्तित्व, संवेग, आत्मा, कानुन, साहित्य, नैतिकता आदि सबै पूँजीको अधिनमा या पूँजीका अनुकूल हुन्छन् । मान्छेको सम्पूर्ण जीवन नै पूँजीको नियमअन्तर्गत निर्धारित हुन्छ । मार्क्स भन्छन्: "पूँजीवादमा पूँजी स्वतन्त्र हुन्छ र त्यसको व्यक्तित्व हुन्छ, जबकि जीवित मान्छे त्यसमाथि पराधिन हुन्छ र उसको व्यक्तित्व हुँदैन ।" सम्पूर्ण सत्ता नै पूँजीको हुने हुनाले यसलाई पूँजीवाद भनिएको हो ।

माथि भनिएजस्तो सामाजिकृत उत्पादन र निजीकृत लाभको प्रक्रियाबाट उत्पन्न संकटको समाधान के हो त ? उत्पादन र लाभ दुवैलाई निजीकृत गर्ने कुरा तत्कालीन अर्थव्यवस्थामा निःसन्देह अकल्पनीय थियो, हाल पनि अकल्पनीय नै छ। उत्पादनलाई निजीकृत गर्ने र लाभलाई सामाजिकृत गर्ने कुरा पनि उत्तिकै अकल्पनीय हो । त्यसकारण, पूँजीवादको यो अन्तरविरोधको समाधानको एउटै बाटो हो उत्पादन र लाभ दुवैको सामाजिकीकरण या सामूहिक स्वामित्व र व्यवस्थापन, अर्थात् समाजवाद । त्यसकारण पनि

पूँजीवादपछि आपरिहार्यरूपले समाजवाद आउँछ भन्ने तर्क गरिएको हो । युरोपमा सामाजिक जनवादी या लोककल्याणकारी राज्यहरूले उल्लेख्य मात्रामा यो अन्तरविरोधको हल खोजेका हुन् जहाँ कतिपय उत्पादनका क्षेत्रहरूलाई सामाजिकृत गरिए र उत्पादनको लाभलाई पनि कर, सामाजिक सुरक्षा, स्वास्थ्य र शिक्षामा लगानीजस्ता विभिन्न संयन्त्रको माध्यमबाट धेरैथोरै सामाजिकृत गरिए । परिणामस्वरूप, पूँजीवादको अन्तरविरोध उल्लेख्य रूपले मत्थर भयो र विष्फोटक रूप लिन पाएन । तर १९७० को आर्थिक मन्दीसँगै लोककल्याणकारी व्यवस्थाको पनि संकट सुरु भयो ।

यदि पूँजीवाद मान्छेको पूँजीसँगको अधिनस्तोता व्यवस्था हो भने त्यसको विकल्प समाजवाद पूँजीमाथिको मान्छेको सामूहिक स्वामित्व, नियन्त्रण र व्यवस्थापनको अवस्था हो, हुनुपर्ने नै भयो । कतिपयलाई मार्क्सवादी समाजवादको सामूहिकता या सामाजिकता माथिको जोड सर्वसत्तावादको सैद्धान्तिक स्रोत हुनसक्ने चिन्ता लाग्छ । बुर्जुवा र तिनका प्रतिनिधि बौद्धिकहरूले यसकै आधारमा पनि समाजवादले निजी स्वतन्त्रताको निषेध गर्छ भन्ने प्रचारबाजी गरेकै छन् । तर, यो आरोपको ठीक विपरीत सामाजवादी सामूहिकताले व्यक्तिको स्वतन्त्रता र त्यसमा आधारित संघको अनिवार्य माग गर्दछ जसले खास विषयमा निर्णय गर्ने मात्र होइन, सामाजिकता र स्वतन्त्रता स्वयंको निर्धारण गर्दछ । निःसन्देह, स्वतन्त्रताबिनाको सामूहिकता दासता हो र सामाजिकता बिनाको स्वतन्त्रताको अस्तित्वविहीन कल्पना मात्र । बुर्जवाहरूले दाबी गरेका सबै निजी स्वतन्त्रताहरू सामाजिक रूपले नै निर्धारित भएका हुन् । मानिसको जीवनमा सामाजिकताबाट स्वतन्त्र रहने "निजी"को अस्तित्व नै हुँदैन । मानिसको निजत्व स्वयंको निर्माण, प्रयोग र अभिव्यक्ति सामाजिकरूपले हुन्छ । मार्क्सकै शब्दमा, समाजवाद "स्वतन्त्ररूपले संगठित मानिसहरूको संघ" हो जसको सचेत र योजनाबद्ध व्यवस्थापनअन्तर्गत समाजका

तमाम मुद्दाहरू सञ्चालित हुन्छन् । यस्तो संघको सामूहिकता र सामाजिकृत उत्पादनमार्फत मानिसहरूले व्यक्ति-व्यक्तिबीचका द्वन्द्वहरूको समाधान गर्दछन् र आफ्नो सामाजिक या मानव प्रकृति प्राप्त गर्छन् जो पूँजीवादले उनीहरूबाट खोसेको हुन्छ । पूँजीवादले मानिसहरूलाई अप्राकृति हिसाबले स्वार्थी र व्यक्तिवादी बनाएर उनीहरूको सामाजिकता र मनुष्यत्व हरण गरेको हुन्छ । मार्क्सको समाजवादको यो अवधारणासँग मिल्दोजुल्दो मान्यता राख्छन् जर्मन दार्शनिक युर्गन हाबरमास । उनका विचारमा समाजवाद एउटा मुक्त समाजका यस्ता आवश्यक शर्तहरूको योग हो जसलाई मानिसहरू स्वयंले निर्धारण गर्नेछन् । त्यस्तै, समाजवादलाई सामाजिक जनवाद अर्थात-सामाजिक जीवनका सबै क्षेत्रमा जनवाद (लोकतन्त्र)को स्थापना र अभ्यास मान्ने निकै ठूलो सैद्धान्तिक र राजनीतिक परम्परा मार्क्सवादभित्रै थियो र छ । मार्क्सवादी पार्टीहरूका नाम नै सामाजिक जनवादी हुने गर्थे । थोरै फरक तरिकाले भन्दा, समाजवाद स्वतन्त्र मानिसहरूले समानताका आधारमा गर्ने सामूहिक प्रयत्नहरूको अवस्था हो ।

पूँजीवादले मानिस-मानिसको बीचमा मात्रै होइन, मानिस र प्रकृतिको बीचमा पनि शत्रुतापूर्ण द्वन्द्व खडा गरिदिन्छ जोबिना पूँजीवाद बाँच्नै सक्दैन । त्यसको ठीक विपरीत समाजवादले मानिसका सचेत र बुद्धिमत्तापूर्ण सामूहिक क्रियाकलापमार्फत प्रकृतिसँगको द्वन्द्वको समाधान गर्छ । त्यसकारण, पर्यावरणवाद स्वतः मार्क्सवादी समाजवादको अनिवार्य अंग हो ।

कतिपयलाई के लाग्छ भने यस्तो समाजवाद त अप्राप्य आदर्श मात्र हो । तर यो आलोचना त मानवअधिकार, लोकतन्त्र, खुला बजार आदि सबैका हकमा लागू हुँदैन र ? जस्तै, संसारमा मानवअधिकारले कल्पना गरेजस्तो समाज प्राप्त हुन सक्छ, भएको छ ? संसारमा लोकको शासनको रूपमा लोकतन्त्र कतै छ ? एडम स्मिथले भनेजस्तो

खुला बजार कहिले थियो, कतै छ ? त्यसकारण, समाजवादलाई इन्कार गर्नका लागि माथिको तर्क निकै कमजोर छ किनकि यो तर्कका आधारमा त संसारका सबैजसो आदर्शहरू इन्कारयोग्य हुनेछन् । समाजवादको सम्भाव्यताको पक्षमा एउटा आम तर्क के हुनसक्छ भने हाम्रै जीवनमा हामीले समाजका कतिपय विषयहरू सामाजिकृत या सार्वजनिक पद्धतिअन्तर्गत प्रभावकारी र सफलताका साथ सञ्चालन गरेका छौँ या सञ्चालन भएको देखेका छौँ । यदि हाम्रो जीवनका केही क्षेत्रहरूको सामूहिक सञ्चालन गर्न सम्भव छ भने थुप्रै क्षेत्रहरूको सामूहिक सञ्चालन गर्न किन सम्भव हुँदैन ? जस्तै, वन, खोला, बिजुली, पानी आदि सामूहिक स्वामित्वमा चल्न सक्छन् भने यातायात, कृषि, कारखाना आदि किन चल्न सक्दैनन् ? समाजवादलाई सामूहिकताको रूपमा परिभाषा गरिरहँदा कतिपयले राज्यको स्वामित्व र नियन्त्रणलाई समाजवादी र निजी स्वामित्व र नियन्त्रणलाई पूँजीवादीका भनेर बुझ्ने र बुझाउने गर्छन् । तर, सधैँ त्यस्तो हुँदैन । पूँजीवादी व्यवस्थामा कतिपय राजकीय संस्था र क्रियाकलापले प्रत्यक्ष-अप्रत्यक्ष पूँजीपति वर्गको सेवा गरेका हुन्छन् । त्यसैले राजकीय स्वामित्व स्वतः समाजवादी चरित्रको हुँदैन ।

समाजवादका लागि समाज कहिले तयार हुन्छ ?

नेता या दलका आदर्श, प्रवुद्ध इच्छा, संकल्प, उच्च नैतिक बल र जबर्जस्त चाहना, प्रयत्न तथा प्रतिबद्धताले समाजवाद ल्याउँछ ? समाजमा दुःखीहरूको संख्या बढ्दा समाजवादको आधार बन्दछ ? कतिपयले यी प्रश्नहरूमा सकारात्मक उत्तर दिने झुकाव राख्छन् । तर ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्दा यस्तो झुकाव सिद्धान्ततः काल्पनिक समाजवादी विचारअन्तर्गत पर्दछ । इतिहास निर्माणकाबारे मार्क्स स्वयं यो सामान्यकृत मत राख्छन् कि मानिसहरूले आफ्नो इतिहास आफैँ बनाउँछन् तर उनीहरूले आफूले चाहे जसरी आफैँले छानेका अवस्थामा होइन । यो नियम समाजवाद निर्माणको

हकमा पनि लागू हुन्छ नै । ऐतिहासिक भौतिकवादको सामान्यकृत नियमअनुसार आफूभित्र उत्पादक शक्तिको विकासको ठाउँ रहुञ्जेल कुनै पनि सामाजिक व्यवस्था ढल्दैन, पूँजीवाद पनि ढल्दैन । पूँजीवाद ढल्ने विन्दुमा या संकटमा नपुगी समाजवादको आधार तयार हुँदैन । पूँजीवादमा संकट तब आउँछ जब पूँजीको निरन्तर पुनर्उत्पादन हुने या उत्पादक शक्तिको निरन्तर विकास हुने भौतिक अवस्थाको अन्त भएको हुन्छ । यो नियम नेपालको हकमा लागू गर्दा के देखिन्छ भने हाल प्रभुत्व या शासनमा रहेको दलाल या अनुत्पादक पूँजीले आफूलाई निरन्तर विकास र विस्तार गर्न सकिरहुञ्जेल यसले उत्पादक पूँजीको विकासको ठांउँलाई संकुचित गरिरहन्छ । उत्पादक पूँजीको विकास समाजवादमा संक्रमणका लागि अनिवार्य मानिएको अवस्थामा दलाल पूँजीको हालको सफलता समाजवाद उन्मुखताका लागि निर्णायकरूपले प्रतिकूल भइरहने छ ।

पूँजीवादको संकटबाट समाजवाद स्वतः आउँदैन । समाजवाद कुनै एजेन्सी या कर्ताका सचेत र योजनाबद्ध प्रयत्नबाट मात्र ल्याइन सक्छ । यस्तो एजेन्सी समाजका ती वर्ग या वर्गहरूले बन्दछ जो पूँजीवादका पीडित समूह हुन् र जसले समाजवादमा मात्रै आफ्नो निजी तथा सामूहिक हित देख्दछन् । यी वर्गहरूले आफूलाई आफ्नो बहुसंख्या र चेतनाका आधारमा संगठित गर्नुपर्छ । नेपालको सन्दर्भमा हेर्दा, त्यस्ता वर्गहरू छन् ? ती वर्गहरू संगठित छन् ? यसको ठोस अवस्थाको कुनै वैज्ञानिक अध्ययन भएको छैन । समाजवाद उन्मुखता आफ्नो तत्कालिक लक्ष्य बताउने नेकपाले पनि आफ्नो दस्तावेजमा वर्गहरूका बारेमा साह्रै थोरै र अन्योलपूर्ण कुरा लेखेको थियो । नेकपाले आफूलाई सर्वहारा श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधि भएको दाबी गर्दछ । यो वर्ग कहाँ र कत्रो छ भन्ने कुरा अहिले पनि कुनै कम्युनिष्ट पार्टीले स्पष्टसँग बताउँदैनन । बरु, लगत्तै आफूले प्रतिनिधित्व गर्नुपर्ने सूचीमा “निम्न तथा मध्यम वर्ग र परिवर्तनमा

सहयोगी हुने राष्ट्रिय पूँजीपति वर्ग" लाई समेत समावेश गर्ने गर्दछ । थप, वर्तमान राष्ट्रिय परिस्थितिको चर्चा गर्दै हाल "सबै वर्ग, क्षेत्र र समुदायका जनताको एकता"मार्फत नवऔपनिवेशिक शोषणका विरुद्ध लड्नुपर्ने प्रस्ताव गर्दछ । प्रश्न उठ्छन् ? कुनै राजनीतिक पार्टीले एकै साथ सर्वहारादेखि पूँजीपति वर्गको वर्गीय हितको प्रतिनिधित्व गर्न सक्छ ? के नवऔपनिवेशिकताको वर्गीय संरचना हुँदैन जसका कारण यसका विरुद्ध सबै वर्गहरूलाई गोलबन्द गर्न सकिन्छ ?

यदि, सामाजिक कल्याणका नीतिहरूको कार्यान्वयनलाई हालको सन्दर्भमा समाजवादउन्मुखता मान्ने हो भने पनि यसले सार्वजनिक क्षेत्र र राज्यको प्रत्यक्ष र प्रभावकारी भूमिकाको जोडदार माग गर्दछ । जुन कुरा राज्यको कल्याणकारी भूमिकामा आफ्नो हित देख्ने वर्ग, समूह, नागरिकहरू आदिको बलियो उपस्थिति र सक्रियताद्वारा मात्र सम्भव हुन्छ । एक शब्दमा भन्दा, समाजवाद या समाजवाद उन्मुखताको अनिवार्य वर्ग आधार हुन्छ । वर्ग आधारबिनाको समाजवादको चाहना 'मुंगेरीलालके हंसीन सपने' जस्तै हो ।

कस्तो पार्टी, कस्ता कार्यकर्ता ?

पार्टी कस्तो र कार्यकता कस्ता हुने कुरा सामान्यकृत र विश्वव्यापी हुँदैन । यो कुरा निर्णायकरुपले पार्टीको लक्ष्यमा भर पर्दछ । पार्टीको लक्ष्य पूँजीवाद भए त्यसको संगठन प्रणाली र सदस्य सोहीअनुसारको हुन्छ र हुनैपर्छ । पूँजीवादी सिद्धान्तअनुसार लक्ष्य निजी हित भएपछि व्यक्ति पार्टीमा या स्वयंका निजी हितका लागि या अरुका निजी हितका प्रवर्द्धनका लागि लाग्दछ । यदि निजी हितको प्रवर्द्धन गर्नु मानव प्रकृति हो भने स्वयंको निजी हित त्यागेर अरुको हित प्रवर्द्धन गर्ने कुरा निःसन्देह अप्राकृतिक हो । त्यसो भएपछि, पूँजीवादी पार्टी र त्यसको सदस्यबाट सामूहिक हितको अपेक्षा गर्नु असैद्धान्तिक हुन्छ । निजी स्वार्थ केन्द्रमा हुने पूँजीवादी पार्टीमा निजी स्वार्थ अनुकूलका नियम संरचना र सदस्य र सदस्यहरूका प्रवृत्ति र व्यवहार हुन्छन्,

हुनुपर्छ । पूँजीको आर्जन लक्ष्य बनाउनु, पूँजीको सेवा गर्नु, त्यसबाट सेवित हुनु नै पार्टी सदस्यको कर्तव्य र अधिकार हुन्छ । सामूहिक हितमा आधारित सहकार्य र नैतिकता अस्वास्थाविक र अप्रवृतिक हुन्छन् । अन्तरपार्टी प्रजातन्त्र आलोचनात्मक जागृत अनावश्यक मात्र होइन हानिकारक नै हुन्छन् । पार्टीभित्र आलोचनात्मक जागृतिका साथ बहस सुरु भएपछि सामूहिक र पर्यावरणका हितहरू केन्द्रमा आउँदछन् जो कुरा पूँजीवादी प्रणालीको पूँजीका लागि प्रतिकूल हुन्छ । पूँजीले आम लोकतन्त्र र पार्टी लोकतन्त्रलाई कमजोर पार्ने या निस्तेज गर्ने प्रवृत्ति राख्दछ । पूँजीले लोकतन्त्रलाई बढीमा कर्मकाण्डीय राख्न जोड गर्दछ । लोकको हित र पूँजीको स्वार्थमा समाधान नै गर्न नसकिने अन्तरविरोध हुन्छन् । जब लोक बोल्दछ त्यसले सामाजिक, आर्थिक जीवनका तमाम विषयलाई आफ्ना हित अनुकूल पार्न चाहन्छ र पूँजीलाई पनि आफ्नो सार्वभौमताको अधिनस्थ राख्न चाहन्छ । उता पूँजीले भने लोकबाट स्वतन्त्र आफ्नो स्वेच्छाचारिताको माग गर्दछ । त्यसकारण, पार्टीका लागि एकैसाथ पूँजीवादी र लोकतान्त्रिक हुने कुरा तनावपूर्ण अवस्था हो । सारमा पूँजीवादी पार्टीमा लोकतान्त्रिक चरित्र, सामूहिक नैतिकता र आलोचनात्मक प्रवृत्ति हुँदैनन् र हुन सक्दैनन् ।

अब कुरा गरौँ भिन्नैखाले पार्टीको अर्थात् समाजवादी लक्ष्य भएका पार्टीको । समाजवादी लक्ष्यले कस्तो पार्टी र कस्ता सदस्यहरूको अनिवार्य माग गर्दछ ? समाजवाद यस्तो सामाजिक अवस्था हो जसमा स्वतन्त्ररुपले सामाजिकतामा आबद्ध मान्छेहरूले जीवनका तमाम विषयहरूको निर्णय सामूहिकरुपले गर्दछन् । यस अर्थमा समाजवाद र लोकतन्त्र पर्यायवाची हुन् । निजी स्वार्थ र सामूहिकताबारे समाजवादका दुई मुख्य प्रस्थापना छन् : एक, व्यक्तिका निजी हित सामाजिक अवस्थाबाट अलग नितान्त निजी अस्तित्वमा हुँदैन र बरु ती सामाजिकृत हुन्छन् या सामाजिक अवस्थामा जन्मन्छन् र हुर्कन्छन्

। दुई, सिद्धान्ततः एउटा यस्तो सामाजिक अवस्था सिर्जना हुन सम्भव छ जहाँ निजी हित र सार्वजनिक हित अन्तविरोधी होइन, एकअर्काका पपिरपूरक हुन्छन् र एकअर्कामा एकाकार हुन्छन् । मार्क्सका शब्दमा समाजवाद एउटा यस्तो व्यवस्था हो जहाँ प्रत्येकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासको शर्त हुन्छ । अर्थात् समाजवादी लक्ष्य र त्यस्तो लक्ष्य भएको पार्टीमा मात्रै सामूहिक हित तथा सामूहिक नैकिता सम्भव र आवश्यक दुवै हुन्छ ।

मार्क्सवादी समाजवादको एउटा विशिष्टता के हो भने यो स्वमुक्तिको सिद्दान्त हो, जसअुनसार पीडित वर्गले आफ्नो मुक्तिको अभियान आफैँ चलाउनु पर्दछ र त्यसलाई चाहिने संगठन, सिद्धान्त र आन्दोलन स्वयं उसैले निर्माण गर्ने । स्व-मुक्तिको तमाम अभियानले मुक्ति खोज्ने वर्ग तथा पार्टीका सदस्यहरूमा स्वमुक्तिको सिद्धान्तसँग उपयुक्त र संगतिपूर्ण हुने खास क्षमता र प्रवृत्तिको अनिवार्य माग गर्दछ। एउटाले अर्काको मुक्ति गरिदिने सिद्धान्त अर्थात् परमुक्तिको सिद्धान्तमा मुक्ति लिने व्यक्ति, समूह या वर्गलाई खास क्षमताको आवश्यकता पर्दैन । पीडित वर्गले मुक्ति ग्रहण गर्ने जाने पर्याप्त हुन्छ । तर स्वमुक्तिको अभियानमा व्यक्ति र संघमा केही महत्वपूर्ण क्षमताको आवश्यकता पर्दछ । जसमध्ये एउटा होः ज्ञान क्षमता । मार्क्सका अनुसार दर्शन या ज्ञान सर्वहाराको बौद्धिक हतियार हो भने सर्वहारा वर्ग दर्शनको भौतिक हतियार । मार्क्सको जोड थियो कि सर्वहारा वर्गको बहुसंख्या र संगठनलाई ज्ञानले नेतृत्व गरेपछि मात्र क्रान्तिको सफलताको शर्त पूरा हुन्छ । यस मान्यताले मार्क्सवादी समाजवादी पार्टी ज्ञानीहरूको पार्टी हुनपर्ने कुराको माग गर्दछ । यस्तो पार्टी ज्ञानमा विश्वास गर्ने र निरन्तर ज्ञान उत्पादन, ग्रहण र आदान-प्रदानमा लागिरहनेहरूको पार्टी हुनुपर्दछ । तर, सबै ज्ञान मुक्तिका सहायक तथा उपयोगी हुँदैनन् । मानव ज्ञानको ठूलै हिस्सा अन्धविश्वासी, झुटो र दमन तथा शोषणको पक्षपाती थियो र छ । वैज्ञानिक ज्ञान मात्र मुक्ति

अभियानमा सहायक र उपयोगी हुन्छ ।

वैज्ञानिक मनोवृत्तिका थुप्रै अंगहरू हुन्छन् त्यसमध्येको महत्वपूर्ण अंग हो आलोचनात्मक चेतना । यस्तो चेतनाले कुनै दाबी, सिद्धान्त या मान्यताको मूल्यांकन अर्थात् त्यसलाई स्वीकार्ने या अस्वीकार्ने कुरा तथ्य र तर्कका आधारमा मात्र गर्छ । आजभोलि ज्ञानको यस्तो प्रक्रियालाई संवाद या डिस्कोर्स पनि भनिन्छ । माओ, जो अधिनायकवादीको रूपमा आलोचित र निन्दित भए, स्वयंले पनि 'पुस्तक पूजाको विरोध गरौँ' भन्ने अभियानमा तथ्यहरूको पर्याप्त तयारी नगरी छलफलमा भाग लिने पार्टी सदस्यलाई बोल्नबाट बञ्चित गर्नुपर्ने कुरालाई तर्किकताका साथ जोड दिएका थिए । माओ भन्दथे: "जसले तथ्यहरूको तयारी नगरी बोल्दछ त्यसले अर्थहीन कुरा गर्दछ । अर्थहीन कुराले समस्याको समाधान गर्दैन ।"

आलोचनात्मक चेतनाका दुईवटा मुख्य आयाम हुन्छन् । एक, व्यक्तिमा वैज्ञानिकबोध क्षमता र तर्क शक्ति । दुई, यस्तो क्षमता अभ्यास र विकास हुने सामाजिक र सांगठनिक संरचना । असमान सामाजिक संरचनाले आलोचनात्मक चेतनालाई दमन र दुरुत्साहित गर्छ । त्यस्तो संरचनामा आलोचनात्मक चेतना एउटा विद्रोह हुन्छ र त्यसका लागि ठूलो साहसको आवश्यक पर्दछ । खास किसिमको शक्ति संरचना मात्र आलोचनात्क चेतनाका लागि उपयुक्त हुन्छ । समाजवादी अवस्था जहाँ सबै मानिस समान हुन्छन् या हुने प्रयत्नमा निरन्तर हुन्छन् ले मात्र आलोचनात्मक चेतनालाई आफ्नो आवश्यकता ठानी संरक्षण र प्रोत्साहन गर्दछ । अर्थात् आलोचनात्मक चेतना समाजवादी संघलाई मात्र आवश्यक हुन्छ र समाजवादी संघमा मात्र त्यस्तो चेतना सम्भव हुन्छ । पूँजीवादी समाजमा, जहाँ पूँजीको केन्द्रीकरण र त्यसबाट उत्पत्ति हुने संरचनात्मक असमानता त्यसको नैसर्गिक विशेषता हुन्छ, आलोचनात्मक चेतनाको ठाउँ लगभग हुँदैन । यो विद्रोही या फरकमतका रूपमा मात्र अभिव्यक्त हुन सक्दछ ।

कतिपय समाजवादीहरू के तर्क गर्छन् भने समाजवाद साध्य हो र समाजवाद साध्य भएको पार्टी साधन मात्र हो र त्यसले आफ्नो आन्तरिक जीवनमा समाजवादी सिद्धान्तहरू अभ्यास गर्न सक्दैन । कतिपय ऐतिहासिक सन्दर्भमा पार्टीमा समाजवादी विधि र संस्कृतिको अभ्यास गर्ने कुरामा केही सीमाहरू भने हुन्छन् । तर बुझ्नैपर्ने कुरा के हो भने पार्टी साधनमात्र होइन । समाजवादी संघ, जो मानिसहरूको संघ हो, केवल साधनमात्र रहन सक्दैन किनकि स्वमुक्तिमा मानिस स्ययम् नै साध्य हो । यस्तो प्रक्रियामा साधन स्वयं साध्यको भ्रुण होः साधनको अभ्यास, विकास र विस्तारले साध्यमा पुऱ्याउने हो र यो प्रक्रियामा साधनभित्रै साध्य घटित हुँदै जाने हो । साध्य-साधन सम्बन्धको गलत बुझाइले साध्यबाट साधन यसरी अलग हुँदै जान्छ कि अन्तत्वगत्वा साधनले साध्यको विपरीत परिणाम दिन्छ । गैरसमाजवादी या असमानतावी सिद्धान्तको अभ्यास गरेर समाजवाद अर्थात् समानताको उत्पादन हुँदैन हाम्रो आजको दशाको एक प्रमुख कारण यो पनि हो ।

समाजवादी पार्टीको अर्को महत्वपूर्ण अंग हो पारदर्शिता या जनवाद । यदि पार्टीको लक्ष्य या सिद्धान्त जनवाद, लोकतन्त्र, समाजवाद हो भने त्यस्तो पार्टी सम्पूर्णरुपले पारदर्शी हुनुपर्छ । यस्तो पार्टीमा पार्टी सदस्यहरूले गोपनियताको होइन, पारदर्शिताको शपथ खानुपर्छ । यस प्रक्रियाले पार्टीभित्र षड्यन्त्रकारी राजनीतिलाई निस्तेज गर्छ, अन्य सदस्यहरूको नियत र क्षमता चिन्ने अवसर दिन्छ र क्षमताशील सदस्यहरूलाई खुला अवसर प्रदान गर्दछ । पारदर्शिता लोकतान्त्रिक पार्टीलाई लोकतान्त्रिक बनाउने न्यूनतम शर्त हो ।

सारमा, पार्टीको लक्ष्य जे हो सोहीअनुसारको संगठन प्रणाली हुनुपर्छ र लक्ष्य र संगठन प्रणालीअनुसारको पार्टी सदस्यहरू हुनुपर्छ ।

ooo

समाजवादको संघर्ष र सम्भावना

अशेष घिमिरे
केन्द्रीय कमिटी सदस्य
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

इतिहासले पुष्टि गरेको छ, मानवजातिका लागि राज्यसत्ता उलटफेर, सरकार निर्माण वा क्रान्ति, यी सबै कुराको महत्व समाज रुपान्तरण, समाजको लोकतान्त्रिकरण र मानवीय मुक्तिका लागि गरिने प्रयत्नहरुले मात्र स्थापित गर्न सक्छ । अर्थात् क्रान्ति गर्ने वा सरकार बनाउने वा हरेक मानवीय मुक्तिसँग सम्बन्धित संघर्षहरुलाई यो वा त्यो आकर्षक नाराहरुले होइन, समाज रुपान्तरणको प्रयत्नहरुले मात्र पुष्टि गर्न सक्छ । यसरी नै समाजवादको संघर्षको सार्थकता र समाजवादको सन्निकटता पनि समाजवादी रुपान्तरणका प्रयत्नहरुमा निर्भर रहन्छन् ।

हामीकहाँ समाजवादलाई लक्ष्य बनाएका कम्युनिष्ट पार्टीहरु राजनीतिक अभियानमा छन्, सरकार र प्रतिपक्षमा छन् । यी पार्टीहरुको औचित्य पनि चुनावी नतिजा वा सरकारको अवधिमा को कति बसे भन्ने आधारमा होइन, यिनीहरुले कुन संख्यामा मन्त्री-प्रधानमन्त्रीको फौज तयार गऱ्यो भन्ने कुराले होइन, सामाजिक रुपान्तरणका लागि यिनीहरुले कस्तो प्रयत्न गरे र के परिणाम नेपाली समाजमा स्थापित गरे भन्ने कुराले मात्र पुष्टि हुन्छ ।

समाजवादको लागि, कम्युनिष्ट पार्टीहरुको निर्माण र यसलाई जनतामाझ स्थापित गर्नका लागि असाध्यै ठुलो बलिदानी र मानव जीवनको समर्पण भैसकेको छ । तर यी बलिदानीपूर्ण संघर्षको परिणाम भने सन्तोषजनक छैन । समाजवादको संघर्षले किन आशातित परिणाम प्राप्त गरेन वा गर्दैन, यसको सम्भावनालाई कसरी मानव जीवनमा यथार्थ बनाउन सकिन्छ? यसका लागि आज के कुरामा ध्यान दिनुपर्छ भन्ने प्रश्न आजको समाजवादी आन्दोलनको मुल विषय हो । आजको समाज कस्तो छ, यहाँ केकस्ता समस्याहरु छन्, के कुराले समाजवाद निर्माणको अभियानमा अवरोध सिर्जना गरेको छ र यसको सामना गर्न कस्तो तयारी गर्नुपर्छ लगायतका कुरामा ध्यान दिन आवश्यक छ । यी विषयले वर्तमान समयको मिहिन बुझाइको माग

गर्छ । मिहिन विश्लेषणको माग गर्दछ । यस्तो बुझाइ र विश्लेषणका लागि, समाजवादी ध्येयमा क्रियाशील व्यक्ति, समुह वा पार्टीहरुमा केहि महत्वपूर्ण विषयको आधारभूत स्पष्टता हुनु जरुरी हुन्छ । यी आवश्यक विषयहरुको स्पष्टता, तिनले दिशानिर्देश गर्ने कार्यनीति र तिनको व्यवहारिक प्रयोगले मात्र समाजवादको संघर्षलाई प्रभावकारी र यसको सम्भावनालाई सन्निकट र सुनिश्चित गर्दछ ।

साम्राज्यवाद र यसले सिर्जना गरेको संकट

समाजवाद कुनै एक भुगोल वा क्षेत्रको मात्र स्थानिक वा निरपेक्ष मुद्दा होइन । यो अन्तराष्ट्रिय वा विश्वव्यापी मुद्दा पनि हो । त्यसो हो भने जोकोही समाजवादीले यो कुरालाई भुल्न हुँदैन कि आज हामी पुँजीवादी विश्वव्यवस्थामा छौँ र यो व्यवस्थाले साम्राज्यवादी रुप धारण गरेको छ । यही आजको साम्राज्यवादी विश्वको मुकाबिला गरेर, पुँजीवादको विकल्पको रुपमा समाजवादलाई मानव समाजमा हामीले यथार्थ बनाउनु पर्नेछ । यसर्थ साम्राज्यवादसँगको मुकाबिला कसरी गर्ने, आज साम्राज्यवाद कति निर्मम र आततायी बनेर विश्वमा उपस्थित छ र यसले हाम्रो समाजमा केकस्ता हस्तक्षेप वा प्रभाव छोडिरहेको छ भन्ने कुराको आंकलन गर्नु, केकस्ता संकट सिर्जना गरेको छ भनेर जानकार रहनु, समाजवादी संघर्षमा लागिरहेका जोकोहीका लागि प्राथमिक र अनिवार्य विषय हो ।

हामी देखिरहेका छौँ, नवउदारवादको घोडा चढेर आजको साम्राज्यवाद झन् प्रतिक्रियावादी बनेको छ। यसले हिजोभन्दा ज्यादा दक्षिणपन्थको, उग्र राष्ट्रवादको, गहिरो जातिवादको, लिङ्गभेदको, असमानता र विभेदको ढोका खोलेको छ । नवउदारवादमार्फत सीमित मानिसको नाफाका लागि मानव समाजमा हुने मानवीय एकता, श्रमजीवि वर्गबीचको ऐक्यबद्धतामाथि हमला गर्दै यसले मानव समाजमा, खासगरी श्रमजिवि जनताहरुको बीचमा झन् ठुलो र गहिरो विभाजनको प्रयत्न गरिरहेको छ । साम्राज्यवाद विरुद्धको संघर्षमा

श्रमजीवि जनताहरु संगठित र एकत्रित भएर लड्ने प्रयत्नलाई कसरी छेक्न सकिन्छ, कसरी त्यो एकतालाई खण्डित गर्न सकिन्छ भनेर विभिन्न हतकण्डा अपनाउनु उसको प्राथमिक चासो हो । यसका लागि जात, धर्म, लिङ्ग, भाषा, क्षेत्र आदिका मुद्दाहरुलाई, यी नाममा देखिने विभेदहरुलाई, पुँजीवादको शोषणबाट पिल्सिएका मानिसहरुकै माझ विभाजन ल्याउनका लागि बडो सुझबुझपूर्ण ढंगले उसले प्रयोग गरिरहेको छ । यी मुद्दाहरुको समाधानसँग उसको कुनै चासो छैन । बरु यी विभेदहरुलाई विभिन्न रुपमा कायम राखेर, श्रमजिवि वर्ग एकसाथ पुँजीवादविरुद्ध खडा हुनसक्ने सम्भावनालाई निस्तेज पार्न, एकअर्काविरुद्ध यीनै मुद्दाहरुको विभिन्न रुपमा प्रयोग गरिरहेको छ ।

यो सब गर्नुको पछाडिको मुल मक्सद 'नाफा' हो । नाफालाई दोब्बर तेब्बर हुँदै उन्मुक्त ढंगले विस्तार गर्न नवउदारवादले अनियन्त्रित नीजिकरणको जुन बाटो समात्यो, त्यसले उत्पादनको सामुहिक पद्धती र नाफाको नीजि स्वामित्वको प्रक्रियालाई बलियो राजकीय संरक्षण दियो र थप विस्तार गऱ्यो । फलस्वरुप, नाफाका अगाडि मान्छेको कुनै मुल्य रहेन । आफ्नो नाफाका लागि यसले मानिसलाई, तँ ठुलो कि म ठुलो? तेरो प्रगति ज्यादा कि मेरो प्रगति? तँ सफल कि म सफल? जस्ता सुख र प्रतिष्ठाको, इर्ष्या र लोभको घातक प्रतिष्पर्धामा होम्यो, निरन्तर होमिरहेकै छ । एकातिर सानो घर, कमशल जागिर, थोरै पैसाबाट माथि फड्को हान्ने तृष्णा; अनि अरुको स्वामित्वमा रहेको गाडी, जमीन वा लवाइ खवाइका विभिन्न वस्तुसँग आफ्नो वस्तु तुलना गर्दा हुने तनाव । समाजका हरेक सदस्यमा यी र यस्ता अनेक वस्तुहरुप्रति पुँजीवादले निर्माण गरेको व्यग्र आशक्ति, त्यसले सिर्जना गरेको सामाजिक मनोविज्ञान । अर्कोतिर जागिर जान्छ कि? घर हुन्न कि? खान पाइन्न कि? भन्ने डर । रोजगार, सुरक्षित थातथलो र सहज जीवनयापनका न्युनतम आवश्यकता नै पुरा नभएकाहरुको

मनोदशा, निराशा । यी सबैको परिणामस्वरुप मानिसभित्र पैदा भएको अनिश्चितता, भय, असुरक्षा, तनाव र निराशाले मानव समाजलाई अझ डरलाग्दो दक्षिणपन्थ वा अझ अमानवीय फाँसिवादतर्फ डोऱ्याउन सक्छ, डोऱ्याइरहेकै पनि छ ।

नवउदारवादले मानिसलाई 'मानिस' कम, नाफाका लागि आवश्यक उसले उत्पादन गरेको सामाग्रीको 'उपभोक्ता' ज्यादा बनाएको छ । यस अर्थमा मान्छेको अमानविकरणको प्रक्रिया चलेको छ । नाफाकै लागि प्रकृतिको अनियन्त्रित दोहनको विकराल श्रृंखला चलेको छ । नाफाकै लागि देश देशबीचमा आतंकपुर्ण युद्धहरु चलेका छन् । यसका लागि मान्छेको खाना, छाना र नानाका लागि भन्दा धेरै ज्यादा, सैनिकीकरण र हतियारमा खर्च भैरहेको छ । यसरी नवउदारवादको निर्वाध यात्राले मानव समाज, प्रकृति र सिंगो विश्वको अस्तित्वमाथि नै खतरा निम्त्याएको छ । यसको अर्थ हो, साम्राज्यवादले मानव समाजमा डरलाग्दा संकटहरु सिर्जना गरेको छ । यो सँगसँगै समाजलाई अझ मानवीय, लोकतान्त्रिक, समानतायुक्त बनाउने प्रयत्नहरुमाथि, समाजवादी कोशिसहरु माथि ठुलो अवरोध सिर्जना गरेको छ । यस्ता प्रयत्नहरुलाई निस्तेज बनाउन सम्भव सबै उपायहरु प्रयोग गरिरहेको छ । यसर्थ समाजवादीका लागि आजको समय हिजोभन्दा धेरै संवेदनशील छ । र यसको सामना गर्न आज अझ बढी सामुहिक प्रतिबद्धता, पहलकदमी र बुद्धिमताको खाँचो छ ।

नवउदारवादका प्रभावहरु

मानव समाजमा नवउदारवादले पछिल्लो पचास वर्षमा गरेको मुख्य हमला सामुहिकतामाथि हो । समाज भन्ने कुनै तत्व हुँदैन भन्ने मार्गरेट थ्याचरको राजनीतिक अभिव्यक्तिबाट मुखरित भएको नवउदारवादले, व्यक्तिगत स्वतन्त्रताको नाराको आवरणमा सबै सामाजिक तथा सामुहिक प्रयत्नलाई यसरी हमला गऱ्यो कि, आज मानव समाजमा आइलाग्ने कुनै पनि संकटको सामना गर्ने सामाजिक तथा सामुहिक

सामर्थ्य संकुचनमा परेको छ ।

नवउदारवादले प्रयोग गरेको 'व्यक्तिगत स्वतन्त्रता'को विचारधाराले, व्यक्तिको सफलता र असफलता स्वयम् उसको उद्यमशिलताको ज्ञान, सीप र क्षमतामा भरपर्ने कुरा बताउँछ । त्यस्ता सीमित सफलताका कथाको ज्यादा प्रचारप्रसार गर्छ जुन वस्तुतः अपवाद हुन्छन्, आमरुपमा लागु नै हुँदैनन् । अकुत सम्पत्ति निर्माणको प्रक्रियामा निकै थोरैको हातमा दौलत थुप्रिँदा, कसरी धेरै मानिस चाँही यो सम्पत्तिबाट, उनीहरुले गरिरहेको कामधन्दाबाट नै हात धुन पुग्छन्, कसरी आम मानिसहरुका सानातिना उद्यमशील प्रयत्नहरु टुसा नपलाउँदै निमोठिन्छन् ? यतापट्टि सोच्न नवउदारवादले प्रेरित नै गर्दैन । एकैपटक हजारौँ/लाखौँलाई आफ्नो भुमिबाट गलहत्याएर पुँजीवादी श्रमबजारको 'रिजर्भ' फोर्सको रुपमा तयार गर्ने पुँजीवादको संरचनात्मक विभेद र शोषणको प्रक्रियालाई यसले नजरअन्दाज गर्छ । नजरअन्दाज गर्ने बनाउँछ ।

यही प्रक्रियाको चपेटामा परेर आज हाम्रो गाउँ खाली छ । जमीन बाँझो छ । हाम्रो उत्पादक शक्तिको करिब आधा हिस्सा आफ्नो थातथलोबाट उखेलिएर अमेरिका, अरब, भारत आदि श्रम बजारमा सस्तोमा श्रम बेचिरहेको छ । रोजगारको अवसर आउँछ कि भनेर यता र उता भौँतारिरहेको छ । आज त्यो श्रमजीवि वर्गको न परिवार छ, न घर छ, न त देश नै । आज देशबाहिर वा भित्रका कुनै श्रमजीविको जिन्दगीमा न कुनै लोकतन्त्र छ । न तिनीहरु कुनै काम गर्न स्वतन्त्र छन्, न कामबाट प्राप्त लाभ के गर्ने भन्ने निर्णय गर्ने अधिकार तिनीहरुसँग छ । दिनरात मिहिनेत गर्ने यो वर्ग, स्वास्थ्य, शिक्षाजस्ता हरेक अधिकारहरु खरिद गर्न वा यी सबै चुपचाप सहन अभिषप्त छ ।

राष्ट्रिय पुँजी निर्माणमा सहयोगी बनेका हिजो राजकीय लगानीमा निर्माण भएका उद्योगधन्दाहरु क्रमशः कौडीको मोलमा नीजिकरण

गरियो र नष्ट गरियो । आज ती खाले राजकीय प्रयत्नबारे कुनै पहल नै हुँदैन, सोच्दा पनि सोचिँदैन । फलस्वरुप राष्ट्रिय रुपमा हाम्रो सानाठूला सबैजसो उघोगधन्दा कमजोर छन् । यसैगरि हाम्रो कृषि प्रणाली पनि कमजोर छ। हाम्रा कृषकले फलाएको तरकारी कुहिन्छन्, बजार भेट्न पाउँदैनन् । विदेशी तरकारीले भने बजार भरिन्छन् । हाम्रा किसानको दुध पोखिन्छ, बाहिरको पाउडर दुधका परिकारले बजार जमाउँछन् । हाम्रो खेत बाँझो छ ,अन्नबाली अर्कैको किन्नुपर्छ । हाम्रो भूमिमाथि छिमेकीले खुलमखुला हमला गर्छ । हाम्रो व्यापार र अर्थतन्त्रमा निरन्तर कतिपय कथित शक्ति राष्ट्रहरुबाट हस्तक्षेप छ । यसर्थ हाम्रो राष्ट्रिय स्वाभिमानमा निरन्तर धक्का छ । नवउदारवादको दुश्चक्रले गर्न सक्ने सबै भाँडभैलो, शिक्षा, स्वास्थ्य, सहकारी, उद्योग, बैकिङ लगायत सबै वस्तु र सेवाको क्षेत्रमा, समग्र अर्थतन्त्रमा उसले जारी राखेको छ । र यी सबैखाले भाँडभैलोहरुलाई कायम राख्नका लागि, नवउदारवाद अनुकुलको ज्ञान र चेतनाको निर्माण र विस्तार गरेको छ । यतिमात्र होइन नवउदारवाद अनुकुलको राष्ट्रिय तथा अन्तराष्ट्रिय सामाजिक संरचना र सम्बन्धहरु समेत उसले व्यवस्थित गरेको छ ।

समाजवादको संघर्षको महत्व

नवउदारवादको प्रभावले मानव समाजमा निम्त्याएको यही दुरुह अवस्था बदल्नका लागि समाजवादको संघर्ष आवश्यक परेको हो । यसको आवश्यकता सबैभन्दा बढी श्रमजिवि जनता र उत्पिडनमा परेका राष्ट्रहरुलाई छ। किनकी मुठ्ठीभरका पुँजीपति वर्ग र उनीहरुको स्वार्थ रक्षाको लागि जेपनि गर्न तयार उत्पिडक साम्राज्यवादी राष्ट्रहरुका लागि त यो व्यवस्था नै 'स्वर्ग' हो । यसलाई यथास्थितिमा राख्नु र यही सामाजिक सम्बन्ध र संरचनालाई नै द्धिगो बनाउनु उनीहरुको चाहाना हो । तर समाजवादलाई लक्ष्य बनाउनेहरुको काम, खासगरी समाजवादको लक्ष्य बोक्ने पार्टीहरुको काम, भैरहेको

सामाजिक सम्बन्ध र शक्तिहरुको यथास्थितिको तामेली गर्नु होइन । नवउदारवादले प्रसार र प्रवर्द्धन गरेको ज्ञान र विचारलाई अनुसरण गर्नु होइन । बरु यसविरुद्ध सुझबुझपूर्ण संघर्ष गर्दै, यसलाई जनताको पक्षमा, मानव जातिको पक्षमा, शान्तिको पक्षमा, पर्यावरणको पक्षमा समाज व्यवस्था निर्माण गर्नु हो । नवउदारवादको विषाक्त विचारधाराबाट मानव समाजलाई मुक्त गर्न, यसको बर्बर पञ्जाबाट लोकतन्त्रलाई खोसेर, मान्छेको वास्तविक जीवनमा लोकतन्त्रलाई उतार्नका लागि हो । नवउदारवादी अर्थराजनीति, त्यसको शोषणलाई कायम राख्ने र अझ घनीभूत पार्ने सामाजिक शक्ति र सम्बन्ध फेर्नका लागि हो । श्रमजीवि वर्गलाई आफ्नो श्रमको आफै मालिक बनाउने समाजवादी व्यवस्था निर्माणका लागि हो । शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षाजस्ता आधारभुत मानव अधिकारलाई खरिदविक्रीको माल नभएर, हरेक मानिसले आफ्नो अधिकारको रुपमा समाजमा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्नका लागि हो । सबैखाले मानवीय क्षमता उजागर गर्न र आपसी हितमा त्यसको सदुपयोग गर्न हो । सबैको राष्ट्रिय स्वाभिमानलाई कायम राख्न हो । हुनेनहुने, उचनीच, ठुलोसानो, छुतअछुतजस्ता अमानवीय विभेदहरुको निर्मुलिकरणका लागि हो । प्रत्येक मानिसको मानवीय सम्मान र मर्यादा जगेर्नाको लागि हो ।

नेपालमा कम्युनिष्ट पार्टी र समाजवादी संघर्षबारे केही प्रश्नहरु

नेपालमा कम्युनिष्ट पार्टीहरु र वाम जनमत उल्लेख्य मात्रामा प्रकट भएको भएता पनि परिस्थिति यस्तो देखिन्छ कि, कम्युनिष्ट पार्टीहरुको सत्तारोहणको बावजुद पुँजीपति वर्गले राज्य र यसका मेशिनरी कब्जा गरेको छ । र त्यसमार्फत आफ्नो वर्गस्वार्थ रक्षा गरिरहेको छ । साम्राज्यवादको हस्तक्षेप कम भएको छैन । साम्राज्यवादले आफ्नो उद्देश्य पूर्तिमा असहज प्रतिरोध सामना गर्नुपरेको छैन । बरु उल्टै सहयोगी वातावरण तयार भएको छ । करछलिका ठुला घटना,

तस्करीका घटना, चीनी व्यापारी, ठुला ठेकेदारदेखि लिएर स्वास्थ्य सामाग्री व्यापारी समेतबाट सरकार झुक्किने(!) र उनीहरुको अवैध स्वार्थमा सरकार प्रयोग हुने गरेको घटनाहरु सार्वजनिक छन् । विदेशी कर्पोरेटहरुका ठुला महंगा सामानको खरिदहरु भने बिना अवरोध सम्पन्न हुने, तर देशभित्र छुट्याइएको आवश्यक विकास बजेट भने खर्च नहुने कुराका प्रचुर तथ्यहरु छन् । ठुला व्यापारिक घरानाका प्रतिनिधिहरु करको दर हेरफेर समेतमा मन्त्रालयका गोप्य अड्डामा नै प्रवेश पाउँछन् । कौडीको भाउमा देशका प्राकृतिक स्रोतसाधन, वनजङ्गल र पुरातात्विक महत्वका ठाउँहरु सीमित मानिसको नाफा कमाउने प्रयोजनमा राज्यमार्फत निर्णय गरिन्छन्, गराइन्छन् । श्रमजीवि जनताको पक्षमा शिक्षा, स्वास्थ्यजस्तो महत्वपूर्ण क्षेत्रमा राजकीय तथा सार्वजनिक लगानी निरुत्साहित गरिन्छन् । श्रमजिवि जनताका प्रतिनिधि ठानिएका राजनीतिक दल र तिनका नेताहरुको सम्पर्क, उठबस, छलफल र हिमचिम त्यही मुठ्ठीभरका पुँजिपति वर्गका साथमा देखिन्छन् ।

यी दृष्यहरुले बडो गम्भीरताकासाथ सोध्दैछन् : आखिर कम्युनिष्ट पार्टीहरुको बर्चश्व रहेको संसद र सरकार किन पुँजिपति वर्गको घेरामा छ ? यस वर्गको घेराबाट राज्यलाई जोगाएर श्रमजीवि जनताको पक्षमा, सुशासन र न्यायको पक्षमा अगाडि बढ्न किन नसकेको ? के गर्दा बढ्न सकिन्छ ?; नवउदारवादले नै प्रसारण गरेका विचार र 'कमन सेन्स'का आधारमा बनाइने नीतिहरुमा नै किन अल्झेको ? कसरी यसबाट मुक्त हुने ?; कृषिमा, उद्योगमा, शिक्षामा, स्वास्थ्यमा नवउदारवादसँग 'डिलिंक' गर्ने तयारीमा किन उदासिन ? तत्काल सबै विषयमा सामर्थ्य नहोला, तर कहाँबाट थाल्ने भन्ने योजना खोइ ? यी विषयहरुले कस्तो छलफल, ज्ञान र योग्यताको माग गर्छ र हामी के गर्दैछौँ ? साम्राज्यवादको हस्तक्षेप कसरी न्युनिकरण गर्ने ? पुँजीवादी विश्वव्यापीकरणका बदलामा वैकल्पिक विश्वव्यापिकरणका

प्रयत्नहरु, त्यो स्तरका हाम्रा अन्तर्राष्ट्रिय सम्बन्धहरुबारे खोइ प्रयत्न ? यी समाजवादतर्फ जाने कि यथास्थितिमै रुमल्लिरहने भन्ने पेचिला प्रश्नहरु हुन् ।

यी प्रश्नहरुको जवाफमा मौन बस्नु वा टालटुले कुरा गरेर जनता र श्रमजीवि वर्गलाई अलमलमा पार्नु बेइमानी हुन जान्छ । यस्ता बेइमानीहरु प्रकट हुने तर समाजवादी संघर्षका दौरान उठेका जायज प्रश्नहरुको निरुपण भने नगर्ने कुराले, प्रश्न उठ्छः कतै यो वामपन्थी वा कम्युनिष्ट भनिएका शक्तिहरु सामाजिक रुपान्तरणको लागि नभएर निश्चित व्यक्तिहरुको शक्तिप्राप्तिको औजार मात्र बनिरहेका त छैनन् ? जानीनजानी यी दलहरु समाजवाद निर्माणको काममा नभएर बरु उल्टै साम्राज्यवादको सेवामा त छैनन् ? यी पनि समाजवादको संघर्ष र सम्भावनाका लागि निरुपण गर्नुपर्ने यक्ष प्रश्नहरु हुन् ।

समाजवादी संघर्षमा पुँजीवादको हमला

माथि पनि चर्चा गरियो कि नवउदारवादले सामुहिकतालाई निस्तेज गर्ने र व्यक्तिगत लाभहानीको हिसाबकिताबतर्फ सिंगो समाजलाई दिशाबोध गर्ने भरपुर प्रयत्न गर्छ । वर्गचेतनाका हिसाबले सामुहिकताको विचार श्रमजीवि वर्गको मुक्तिको अनिवार्य चेतना हो भने, व्यक्तिगत नाफाघाटा वा लाभहानीको विचार पुँजीवाद प्रवर्द्धनको रक्षाकवच हो । यस कुरालाई बुझेर कम्युनिष्ट पार्टी र समाजवादी लक्ष्य बनाएको पार्टीहरुमा सामुहिकतामा संकुचन ल्याउन निकै मिहिनेत गर्ने गर्दछ । यस्ता पार्टीहरुमा एकातिर सामुहिक विचारलाई निस्तेज गर्न, यसको वर्गपक्षधरतामा हमला गर्न नेतृत्वको हिस्सालाई बडो सुझबुझपूर्ण तरिकाबाट प्रयोग गरिन्छ । खासगरि नेताहरुको निर्माण देखि नै विविध खाले लगानी गरेर पार्टीको नीति र उद्देश्य एकातिर, नेतृत्व र यसका प्राथमिकता अर्कोतिर बनाउने काममा पुँजीवादले विभिन्न संयन्त्रमार्फत प्रयत्न गरिरहेको हुन्छ । यदि यी खाले पुँजीवादी प्रयत्नहरु कायम भए भने कम्युनिष्ट पार्टीहरुलाई,

यसले प्राप्त गरेको विश्वास र जनमतलाई निश्चित मानिसहरुको सत्तास्वार्थ र महत्वकांक्षामा सीमित गराउँछ । र अन्ततः नेतृत्वको केही हिस्साको सत्तास्वार्थ सँग पुँजीपति वर्गले आफ्नो वर्गस्वार्थको सम्झौता गर्छ । यसले क्रान्ति र परिवर्तन पछि पनि पुँजिपति वर्ग नै शासकका रुपमा, नीतिनिर्माताका रुपमा राज्यमा उपस्थित हुन्छ र उसले आफ्ना राष्ट्रिय अन्तराष्ट्रिय निकायहरुमार्फत आफ्नो हित रक्षाका लागि आवश्यक सामाजिक तथा राजकीय संरचनालाई अरु मजबुत बनाउन लागि पर्छ ।

इतिहासका तथ्यहरुले बताउँछन्, पुँजीवादको हमलाबाट वा सुविचारित प्रभावबाट जब क्रान्ति कुनै व्यक्ति वा समुहको शासकीय महात्वकांक्षाको साधन बन्छ, रुपान्तरणकारी उद्देश्यका हिसाबमा त्यो क्रान्ति नाकाम हुन्छ । सामाजिक आर्थिक रुपान्तरणको मर्मलाई कुल्चिएर जब, नेतृत्व स्वयम् सत्ताका सौदागर बन्छ, षडयन्त्र र दाउपेच राजनीतिको केन्द्र बन्छ । आफ्ना आफ्नैसँग डर, शंका, इर्ष्या, झोंक चल्न थाल्छ । लोकतन्त्र, मुल्यमान्यता सबै अनुकुलतामा अलाप्ने राग बन्छन् । मिटिङ, बैठक तथा भेलाहरु या त निस्तेज हुन्छन्, या त थप्पडी बजाउने समारोहमा परिणत हुन्छन् ।

षडयन्त्र र दाउपेचको राजनीति पुँजीवादी समाजलाई बरकरार राख्ने अनिवार्य शर्त हो । लोकतन्त्रको अनुपस्थितिमा मात्र, षडयन्त्र र दाउपेचले मलिलो भूमि प्राप्त गर्छ । यसर्थ, पुँजीवादको विस्तारको लागि लोकतन्त्र खुम्चिनु, खुम्च्याइनु पनि उत्तिकै अनिवार्य हुन्छ । यसको बदलामा समाजवादी राजनीतिले पारदर्शीता र लोकतन्त्रको वकालत गर्छ । तर समाजवादी आन्दोलन जब पुँजीवादको हमलाबाट उत्पन्न भएको वा पुँजीपति वर्गको कब्जामा परेको नेतृत्वको हातमा पुग्छ, समाज रुपान्तरण, लोकतन्त्र वा मानवीय मुक्तिको प्रयत्नहरु ओझेलमा पर्छन् । सत्ता, सत्ता र केवल सत्ता मात्र उनीहरुको उद्देश्य बन्न पुग्छ । कि सत्ता पाउनुपर्‍यो, सत्ता पाएको भए त्यसलाई कुनै

हालतमा जोगाउनुपर्‍यो । उनीहरुले सत्ता पाउन वा जोगाउनका लागि, अखडाबाट गुरुमन्त्र पाएर 'झोलीतुम्बा' बोकेर गाउँगाउँ 'फेरी' लगाउँदै हिँड्ने जोगीजस्ता सहयोगीहरुको पल्टन खडा गर्न थाल्छन् । तिनलाई दिइएको 'झोली'का प्रत्येक थैलीहरु षडयन्त्र र दाउपेचले भरिएका हुन्छन् । तिनले संगठनमा लोकतन्त्रको माग गर्ने सहयोद्धाहरुविरुद्ध, समाजवादी संघर्षका मान्यता र आकांक्षाका विरुद्ध कान फुट्ने गरी घेराबन्दीको यस्तो 'फेरी' लगाउँछन्, जसले आफ्नै सहयोद्धाप्रति षडयन्त्रको प्रपञ्च गरिरहेको हुन्छ । समाजवादी आकांक्षाहरु समेतलाई असम्भव, अव्यवहारिक भनेर उल्याइरहेको हुन्छ । यस्तो पल्टन, कुनै पाखण्डी धर्मगुरुको झुठो आशावादिताको विचलन र मनोवैज्ञानिक शोषणबाट गाँजिएको, तर्क विवेक र ज्ञानबाट मूर्च्छित भएको अन्धभक्तको वफादार फौजशिवाय अरु केही हुन्न । तिनले साँचो र झुठो, के गर्ने के नगर्ने, के कुरा क्रान्ति हो के कुरा होइन, केही बुझ्ने सामर्थ्य राख्दैनन् । त्यही ढंगले तिनिहरुलाई हुर्काइन्छ । समाजवादी ज्ञान र चेतनाबाट तिनलाई योजनाबद्ध अलगथलग गराइन्छ। निश्चित व्यक्ति र गुटप्रतिको तिनको इमान्दारिता वास्तवमा हेर्न लायक हुन्छ । र तिनको इमान्दारिताको दुरुपयोगबाट क्रान्तिकारी वर्ग र पार्टीको ध्यान मुल विषयभन्दा अन्यत्र मोड्न भरपूर प्रयत्न गरिन्छ । क्रान्तिकारी पार्टीहरुको सामुहिकता र लोकतन्त्रलाई, पारदर्शीता र उद्देश्यप्रतिको दृढतालाई निस्तेज बनाइन्छ । यी सबै प्रक्रियाबाट पुँजिपति वर्ग नै बलियो बन्ने र श्रमजिवि वर्ग कमजोर बनाउने नवउदारवादी प्रपञ्चलाई बलियो बनाइन्छ । र अन्ततः यो र यस्तै प्रक्रियाको चपेटामा परेर क्रान्तिकारी पार्टी आफ्नो वर्गबाट, घोषित उद्देश्य र लक्ष्यबाट टाढा हुन पुग्छ । यही कारण क्रान्ति असफल मात्र हुँदैन, क्रान्ति स्वयम् धोखा र जालसाझीका रुपमा बदनाम समेत हुनपुग्छ । क्रान्तिलाई जति बदनाम गर्‍यो, यसप्रति जति अविश्वास पैदा गर्‍यो, श्रमजीवि

वर्गलाई संघर्षबाट जति पलायन गऱ्यो पुँजीवादको उद्देश्यहरुलाई यसले त्यतिनै मलजल गर्छ । हाम्रा सन्दर्भमा पुँजीवादको यो खाले हमला बडो प्रष्टसँग देखिन्छ ।

समाजवादीहरुको युगीन दायित्व

इतिहासले आजको मान्छेलाई, क्रान्तिकारी वर्गलाई वा पार्टीलाई यस्तो कुनै सफल मार्गचित्र दिएको छैन जुन सरासर समाजवादी गन्तव्यमा पुगोस् । आजको पुँजीवाद, यसले मानव समाजमा निम्त्याएको संकट र यो आँफैभित्रको संकटलाई राम्ररी पहिल्याएर, यसको बाटो आजकै क्रान्तिकारी पार्टी, आजकै क्रान्तिकारी वर्गले तयार पार्नुपर्नेछ । र यति गर्दागर्दै पनि आजका संकटहरुबाट उत्पन्न संघर्ष, प्रतिक्रिया र तिनका अन्तरक्रियाले समाजवादी दिशामा नै मानव समाजलाई लैजान्छ भन्ने सुनिश्चितता छैन । किनकी माथि काफी चर्चा गरिएजस्तो साम्राज्यवाद, नवउदारवाद वा पुँजीवादले आफु बलियो बनाएर समाजवादी आन्दोलनलाई कमजोर पार्ने प्रयत्न पनि सँगसँगै समानान्तर रुपमा चलाइरहेको हुन्छ जसले समाजवादी आन्दोलनको भविष्यलाई एकप्रकारको अनिश्चितता प्रदान गरिरहेकै हुन्छ । यो अनिश्चितताको सामना गर्न समाजवादी ज्ञान र विचारमा आधारित श्रमजिवि वर्गको विशाल संगठन र त्यस्तो संगठनले अवलम्बन गर्ने लोकतान्त्रिक अभ्यासले मात्र सम्भव छ । यो नै पर्याप्त भने चाँही हैन ।

दुःखको कुरा समाजवादलाई लक्ष्य मान्ने भन्ने पार्टीहरुमा आन्तरिक लोकतन्त्र भने क्षीण भएको पाइन्छ । यसको पुनःस्थापना र प्रयोग जति महत्व र गहिराइका साथ हुन्छ, त्यति नै समाजवादी पार्टीहरु क्रान्तिकारी पार्टीका रुपमा प्रभावकारी बन्ने बाटो खुल्छ । साँचो अर्थमा व्यवस्थित लोकतन्त्रको अभ्यासबिना समाजवादी प्रयत्नको न थालनी हुन्छ, न त यस्को द्विगोपनको सुनिश्चितता । निश्चित टाउकाको बुद्धि, विवेक वा षडयन्त्र र दाउपेचबाट क्रान्तिले न सफलता प्राप्त

गर्छ, न त द्विगोपन । जति धेरै संकट आइलाग्छ, जति धेरै अफ्ठ्यारो आइलाग्छ, त्यसले त्यति धेरै छलफल, त्यतिधेरै ज्ञान र त्यति धेरै त्यसको सामना गर्ने शक्तिको माग गर्छ । यसका लागि समाजवादी पार्टीहरुमार्फत संगठीत भएको बहुसंख्यक श्रमजीवि वर्गले, यो मात्र होइन यहाँ संगठीत प्रत्येक मानिसले समाजवादी प्रयत्नमा आँफै सामेल हुनु अनिवार्य छ । आफै सामेल नभै मान्छेले न आफ्नो हित बुझ्छ, न हित संरक्षणको तागत राख्छ । वर्ग, पार्टी र सामाजिक रुपान्तरणलाई एकाकार गर्न लोकतन्त्रलाई बलियो गरि आत्मसाथ गर्ने र विचलनबाट जोगाउने सामुहिकताको सिद्धान्तबाहेक अर्को उपाय छैन । आजको साम्राज्यवादसँग लड्न र समाजवाद साकार पार्न पनि सामुहिकता अनिवार्य शर्त हो । र यही सामुहिकताको प्रयोगबाट नै हजारौँ जीवनको मृत्यु, उकुसमुकुस र अफ्ठ्यारोमा खडा भएको समाजवादको आकांक्षालाई यस धरतीमा यथार्थ बनाउने, यसविरुद्ध आइलागेका सबैखाले अफ्ठ्यारोको सुझबुझपूर्ण ढंगले सामना गर्नुपर्ने र आफ्नो बाटो आफै तर मिलेर तय गर्नुपर्ने युगीन दायित्व आजका हरेक समाजवादीहरुमाथि छ ।

ooo

समाजको विकासक्रम र समाजवाद सम्मको यात्रा

अर्जुन राई
अध्यक्ष
जिल्ला कमिटी, धनकुटा
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

विषय प्रवेश

पृथ्वीको उत्पत्ति भएको सम्बन्धमा विगत र आज पर्यन्त दुईखालको धारण विद्यमान छँदैछन् । तर समाजको विकासक्रमसँगै एक खालको सृष्टिवादी धारणा मनगढन्ते र काल्पनिक हो भन्ने कुराको खण्डन गर्न जरुरी नै भएन भने विकासवादी धारणालाई कुनै कसी लाउन नपर्ने कुरा आजभन्दा केही सय वर्ष अगाडि नै पुष्टि भइसकेको छ । मानव समाज अस्तित्वमा रहेको यस पृथ्वी आजभन्दा करिब साढे चार अर्ब वर्ष पहिले (कहीँकतै ६ अर्ब उल्लेख भएको पाइन्छ) उत्पत्ति भएको वैज्ञानिकहरूको अनुसन्धानबाट अनुमान गरिएको छ । पृथ्वीको उत्पत्तिपश्चात् अकोशीय, एककोशीय र बहुकोशीय जीव हुँदै २ खुट्टा र २ हात भएको मानव आकृतिको प्राणी अस्तित्वमा आउन आजभन्दा झण्डै २० लाख वर्ष पहिले मात्र सम्भव भएको देखिन्छ भने आधुनिक मानव आकृति करिब १ लाख वर्षअघि यस लोकमा अस्तित्वमा आई निरन्तर विकास प्रक्रियामा रहेको छ ।

यस सम्बन्धमा नृतत्वशास्त्री, वैज्ञानिक र खोजकर्ताहरूले इतिहासको गहन खोजी गरेको पाइन्छ । विद्वानहरुका केही शीर्षक र तिथि, मितिमा मतैक्यता वा विवादशून्य नभए पनि मान्छे प्राकयुग, जंगलीयुग हुँदै आजको युगसम्म कसरी र कस्तो चरणहरू पार गरेर आइपुग्न सफल भयो भन्ने सम्बन्धमा जर्मन दार्शनिक, इतिहासकार एवं लेखक फ्रेडरिक एंगेल्सले अन्य खोजीकर्ताहरूको निचोडलाई समेत आत्मसात गर्दै तात्विक निष्कर्षमा पुग्नुभएको छ । यस पृथ्वीलोकमा जीव विकासको खोजी र अध्ययनअनुसार लगभग ३२ करोड वर्ष पहिले जलचर मत्स्य जीव उत्पत्ति भएको पाइन्छ भने ठीक त्यसको २५ करोड वर्ष पछाडि वा आजभन्दा ७ करोड वर्ष पहिले स्तनधारी जीवको विकास भएको निष्कर्ष छ । यसबाट हामी के अनुमान गर्न सक्छौं भने आजभन्दा ७ करोड वर्ष पहिलेबाट जीवहरूमा स्त्रीलिंग र

पुलिंगको अस्तित्व सुरु भएर सोहीअनुरुप विकास प्रक्रियामा सामेल हुँदै आएको छ । ७ करोड वर्षयता प्राणी र समस्तको विकास क्रममा जे-जस्ता उत्पत्ति र लोप हुँदै गएता पनि यस कालखण्डमा पछिल्लो १० हजार वर्ष अगाडिबाट मात्र चेतनासहितको आधुनिक मानवयुग प्रारम्भ भएको मानिएको छ । अथवा पछिल्लो १० हजार वर्षसम्म आइपुग्दा स्त्रीलिंग र पुलिंग दुवै आधुनिक मानव आकृतियुक्त जुन १ लाख वर्षअगाडि अस्तित्वमा देखापरेको थियो, सोही नै हालको मानवमा रुपान्तरण भएको हामी पाउँछौं । यही कालखण्डबाट आधुनिक मानवको इतिहास लिपिबद्ध भएको छ । माथि उल्लेख गरेअनुसार जर्मन दार्शनिक एवं इतिहासकार फ्रेडरिक एंगेल्सले विकासवादी सिद्धान्तकार चाल्स डार्विन, स्वीट्जरल्याण्डका इतिहासकार वाखोफेन, अमेरिकन वैज्ञानिक मोर्गन र पछिल्लो सहस्राब्दी पुरुष महान् दार्शनिक कार्लमार्क्सको खोज, अध्ययन र निष्कर्षलाई टेक्दै मानव समाज विकासको चरणहरूलाई मुख्यतया तीन चरण वा युग र त्यस युगहरूलाई ६ खण्डमा विभाजन गरेको पाउँदछौं ।

१. आदिम साम्यवाद वा जंगली युग :

(क) मातृतन्त्री समाज

२. वर्वर युग :

(क) कविला समाज (ख) पितृसत्तात्मक समाज

३. आधुनिक मानव युग :

(क) दास युग (ख) सामन्ती युग (ग) पूँजीवादी युग

१. आदिम साम्यवादी युग : हालको मानवको जस्तो चेतनाको विल्कुल विकास नभएको तर स्वरुप र व्यवहार आधारभूतरुपमा आजको मानवकै रहेको केही लाख वर्ष अगाडिबाट १० हजार वर्ष अगाडिसम्म मानव झुण्डहरू यस पृथ्वीको विविध ठाउँहरूमा पाइन्थ्यो । जसलाई

हालको मानव समाजको प्रारम्भिक अवस्था भन्न सक्दछौँ । जतिबेला परिवार र व्यक्तिको अस्तित्व थिएन । सबै साधनहरू (जंगल, शिकार, कन्दमूल, गुफा आदि) साझा हुन्थे । प्रकृतिले जे-जे स्रोतहरू उपलब्ध गराएको हुन्थ्यो, त्यसलाई सामूहिक उपयोग गरिन्थ्यो । अन्य पशुझैं ती हाम्रा पुर्खा आदिमानवहरूको समूह रक्त सम्बन्धमा आधारित थियो । उत्पादन र वितरणको हिसाबले समानता थियो । शिकार र फलफूल कन्दमूल खोजी गर्नु मुख्य उत्पादन कार्य थियो ।

(क) मातृतन्त्री समाज : आदिम साम्यवादी युग सामाजिक सम्बन्धको दृष्टिकोणले पूर्णरुपमा मातृतन्त्री थियो । यौन सम्बन्धको आधारमा यौन स्वच्छन्द समाज थियो । बिहेवारीको चलन हुने कुरै भएन । सबै नारीहरू साझा श्रीमतीको रुपमा र सबै पुरुषहरू पनि साझा नै हुने गर्दथ्यो । भएका सन्तानहरू आमाको नामबाट मात्र चिन्ने चिनाउने गरिन्थ्यो । त्यसबेला पुरुषको नामबाट चिन्न सम्भव नै थिएन । त्यसैले पुरुषले मेरो सन्तान भन्नै सक्दैनथे । त्यसबेला गण-गणको संरचनामा जंगलमा बस्ने भएकाले त्यस गणको सबभन्दा वृद्ध र सबभन्दा बढी सन्तान भएको महिलालाई मुखिया वा प्रमुखको रुपमा मान्नु पर्दथ्यो । तिनै मुखिया महिलाको खटनपटनमा सम्पूर्ण कार्यहरूको सम्पादन गरिन्थ्यो । तर फरक के थियो भने त्यो एक प्रकारको शासन कुनै क्षेत्र, धर्म, जाति, सम्पत्ति वा कानुनी आधारमा त हुने कुरै थिएन । राजा र राज्यको कुनै नामोनिशान नभएको हुनाले एकछत्र नारीहरूको बोलवाला वा उनीहरूको इच्छाअनुसार चल्ने गरिन्थ्यो । यो एक प्रकारले जन्मसिद्ध कुरा थियो । यही चरणको प्रतिविम्ब सायद हिन्दू धर्मदर्शनमा समेत हामीले पाउन सक्छौँ । मानव समाज र सभ्यताको प्रारम्भतिर नारीलाई नेता वा अगुवाको रुपमा पाउँछौँ ।

२. वर्वर युग : आदिम युगको उत्तरार्द्धतिर आइपुग्दा आगोको प्रयोग, शिकार गर्ने नयाँ कलाहरूका साथै कन्दमूलहरूलाई खेती प्रणालीबाट

सुरक्षा गर्ने चेतनाको विकास भएको पाउँछौं । यस चेतनाको विकाससँगै जीवन जिउने शैलीहरूमा विस्तारै परिर्वतन हुँदै गएको छ । आगोको प्रयोगबाट खानेकुराको प्रयोगमा नयाँ तरिका र त्यसबाट पर्न गएको स्वास्थ्यमा सुधारले मान्छेको चेतनामा पनि प्रभाव परेकाले उनीहरूको सोच र शैलीमा नवीनता थपिएको पाउँछौं । फलस्वरुप गण संरचनामा परिचालित मानव समाजले नयाँ रुपधारण गरेको पाइन्छ, जसलाई कविला समाज भनेर भनिएको छ । यस अवधिमा पनि सम्पूर्णरुपले नारीले नै अगुवाइ गरेको पाइन्छ ।

(क) कविला समाज : यस युगमा जंगली अवस्था पार गरी खेतीपातीको थालनी, पशु पाल्ने प्रक्रियाको सुरुवात, आवश्यक हातहतियार, खरखजना र माटो तथा काठको भाँडावर्तनको चलनको सुरुवाती औपचारिकरुपले प्रारम्भ भएको पाइन्छ । आफ्नै जहान परिवार, आमाबाट जन्मेको थुप्रै सन्तानहरू एकत्रित रुपमा बस्ने प्रक्रियाको पनि यही युगबाट सुरु भएको छ । उत्पादनको साधन र सम्बन्धमा व्यापक परिर्वतन हुँदै गएको छ । अपनत्वको चेतनाले विस्तारै मानवहरूमा तेरो-मेरोको भावना बढ्दै गयो । कामको प्रकृतिअनुसार वलशाली र निर्वलहरूमा जिम्मेवारी बाँडफाँट हुन थाल्यो । अन्य समूहकालाई लडाइँ झगडामा पराजित गरी कामदार र नारीहरूलाई निजी स्वास्नीको रुपमा राख्न थाले । लगाउने कपडाहरूको विकास गर्न थालियो । कामको प्रकृतिअनुसार पुरुषहरूको भूमिकामा ठूलो मात्रामा वृद्धि हुन पुग्यो । फलस्वरुप निजी श्रीमती राख्नेमात्र होइन, अर्को समूहको नारीलाई आफ्नो बनाउने प्रक्रियाले नारीको भूमिकामा भारी मात्रामा परिवर्तन हुन पुग्यो । सामूहिक खेती प्रणाली विस्थापित भई अलग-अलग निजी स्वामित्व भएको उत्पादन र सम्पत्ति अस्तित्वमा आउन थाले । शक्तिशाली पुरुषले अलग छाप्रो वा कोठामा आफ्नो व्यक्तिगत श्रीमती राख्न थाले । सामूहिक उत्पादन

र वितरणको साझा जीवन समाप्त हुन थाल्यो । फलस्वरुप समाजमा मातृतन्त्रको ठाउँमा पितृसत्ता र सामूहिक जीवनको ठाउँमा निजी जीवनको उदय हुँदै गयो ।

ख) पितृसत्तात्मक समाज : पितृसत्ता जन्मनुमा प्रमुख कारण निजी सम्पत्तिको उत्पत्ति हो । यसले साझा समाजलाई समाप्त गरी दियो । जंगली जनावरहरूको शिकारमा सफलता अनि अन्य समूहमाथिको युद्ध जितको उन्मादले पुरुष बोलवाला बढेको थियो । स्वभाविकरुपमा त्यसको प्रभाव आफ्नो समूहमा नपर्ने कुरै भएन । तुलनात्मक रुपले चेतनासहितको बदलिँदो परिवेशमा आफूलाई अब्बल सावित गर्न नारीहरूबाट पनि कमजोरी स्वत भयो । एउटै बाबुबाट सन्तान उत्पादन हुँदा सन्तानको बाबुप्रति हेर्ने दृष्टिकोणमा पनि परिर्वतन भयो । पुरुषहरू स्वघोषित सरदार, मुखिया हुँदै गए । आफ्नो सुरक्षाका निम्ति सैन्य दलजस्ता जमात राखिन थाले । पहिलोपटक कामदारको रुपमा मान्छेहरू राखियो । ती कामदारले मुखिया सरदार हरूको विशाल जमिनमा काम गर्नुपर्ने भयो । मुखियाको सम्पत्ति आर्जनको आकारमा व्यापक विस्तार हुन पुग्यो । यस अवस्थासम्म आइपुग्दा समानता र सामूहिकत्वको जग पूरै समाप्त भएर युद्ध हार्ने समूहका मानिस कमारा कमारी र जित्नेका मालिक वर्गमा रुपान्तरित हुन पुग्यो । यसरी समाजमा पहिलोपटक वर्गको उत्पत्ति भएको पाइन्छ । तथापि यो अवस्थासम्म नारी पूर्णरूपमा दासीको अवस्थामा झरेको भने पाइन्न तर अघिल्लो अवस्थाबाट खस्केर अर्धाङ्गिनीको अवस्थामा सीमित हुन पुगेको देखिन्छ । तथापि 'पतिव्रता धर्म' जस्ता कुनै कुराको अस्तित्व थिएन । यस अर्थमा नारीमा स्वतन्त्रताको मात्रा कायमै थियो । यसरी साझाको ठाउँमा निजी सम्पत्ति, निजी लोग्ने स्वास्तीको चलन, नारीको बोलवाला समाप्त गरी पुरुष हैकमको सुरु, मालिक र कमारा कमारी वर्गको उत्पत्ति र सामूहिकत्वको ठाउँमा

मालिक वर्गको नेतृत्व कायम हुनुले प्रकारान्तरमा दास र स्वामी युगको जन्म भएको पाउँछौँ ।

३. आधुनिक मानव समाज : पितृसत्तात्मक समाजको विकास भनौँ या यस चरणको अर्को रुप ! दार्शनिक एंगेल्सले यसै समयपश्चातको समयलाई आधुनिक मानव समाजको युग प्रारम्भको रुपमा इंगित गर्नुभएको छ । यस समाजलाई उहाँले आफ्नो जीवनकालसम्मको अवधिलाई तीन खण्डमा विभाजन गर्नुभएको छ ।

(क) दास युग: समाजमा वर्ग उत्पत्ति भइसकेको थियो । कमाराकमारीको माध्यमबाट उत्पादन बढेपछि बचत पनि बढ्यो । जुन व्यक्तिगत सम्पत्तिको रुपमा रहन पुग्यो । त्यही सम्पत्तिको कारणले सम्पन्न वा मालिक वर्गले जन्म लिन पुगे । सम्पन्नशाली र वलशालीले जतातत्तै आक्रमण र युद्ध गर्न थाले । अन्यायको आरम्भ भयो । औजारहरूको विकास हुन पुग्यो । युद्ध र सुरक्षाका लागि हातहतियारको प्रयोग व्यापक वृद्धि भयो । निजी घरबारी खेत प्रचुरमात्रामा बढ्न पुगे । सम्पत्ति र महिलामाथि पुरुषको अधिन पूर्णरूपमा चल्न थाल्यो । हुने र नहुनेबीच खाने, पिउने र उपभोग गर्ने साधनहरूको खोसाखोस चल्न थाल्यो । युद्धमा हार्नेहरू दास, जित्नेहरू मालिक हुने प्रक्रियाले झन् प्रश्रय पायो । अधिकारवाला र अधिकारविहीन, आदेश दिने र पालना गर्ने, काम गर्ने र काम लगाउनेबीचको समूहमा व्यापक विभेद् उत्पन्न भयो । पितृसत्तात्मक समाजमा महिला र पुरुषको बीचमा जस्तो स्वतन्त्रता र समानताको अंश थियो, त्यो पूर्णरूपमा समाप्त भयो । पहिलोपटक मालिक वर्गहरूमा महिलालाई पूर्ण अधिनमा राखिनुको साथै दासीको रुपमा चित्रित गरियो । कमारा कमारीको त के कुरा कुनै पनि बेला मालिक वर्गले कहाँ कसको श्रीमती हडप्ने, बेच्ने र मारिने हुन् कुनै पत्तो हुँदैन थियो । एक प्रकारले दासहरू पशुतुल्य थिए, फरक पशु बोल्दैन थिए । पहिलोपटक मालिक वर्गले

आफ्नो वर्गको नारीहरूमा र दासवर्गमा सम्पत्तिमाथिको स्वामित्व रहन नपाउने नियम बनायो । फलस्वरुप नारीहरू लोग्नेको अधिनमा नरही र दासहरू मालिकको अधिनमा नरही बाँच्न नसक्ने परिस्थितिको सिर्जना गरियो । नारीहरूलाई भात भान्सामा सीमित गरिदिनुको साथै भोकविलास र मनोरञ्जनको साधन अनि प्रमाणिक सन्तान जन्माउने मेसिनसरह यसैबेला गरियो ।

भनिन्छ, यस युगमा जत्तिको मान्छेमा यातना, विभेद, अत्याचार र हत्या न पहिले भएको थियो न अब नै हुनेछ । यतिसम्म गरिन्थ्यो कि एउटा दासको टाउकोमा अर्को दासलाई करौतीले चिर्न लगाइन्थ्यो र त्यसको चित्कारमा रमाउन लगाइन्थ्यो । अग्ला भिर र रुखहरूबाट खस्न लगाइन्थ्यो । कलिला बालिकालाई बलात्कार गर्न लगाएर बालिकाको क्रन्दनमा रमाइन्थ्यो । जिउँदै जलाउने र बाघभालुहरूसँग जुध्न लगाइन्थ्यो । यसरी मालिकहरूले आफ्नो खुसी र रमाइलोका लागि अनेक हर्कतहरू गर्ने गर्दथे । यसबाट क्रमशः विद्रोहका झिल्कोहरूको बिजारोपण हुन थाल्यो । त्यसबाट सचेत मालिक वर्गहरूले देवत्वकरणको कुटिल घोषणा गरे । निर्धो, कमजोर र बलियामा जातपातको विभाजनको रेखा कोरे । आफ्नो सर्वोच्चता कायम राख्न राज्यसत्ताको जन्म गराए र खान लाउन कृषि अर्थतन्त्रलाई बढावा दिए । अझ यसो भनौँ दास युगको बर्बरताबाट राज्यसत्ताको जन्म, देवीदेवता, भगवान्को कृपाबाट आफूलाई प्राप्त वीरता र शक्तिको पूजा गर्ने चलन र दासहरूको एकतालाई टुटाउन जातपात र उचनिच हुने चलनको जन्म गराएको कुरा प्रमाणित भएको पाइन्छ । यही दासयुगको समयमा जस्तोसुकै जोखिमपूर्ण काम पनि जबर्जस्ती लगाउन सक्ने भएकाले केही विश्वप्रसिद्ध र आश्चर्यजनक काम पनि सम्पन्न भएका छन् । चीनको ग्रेटवाल, मिश्रको पिरामिड, तिब्बतको पोतला दरबार र अनेक ख्यातिप्राप्त मन्दिर, किल्ला, गुम्बा

र दरबार यसैका उदाहरण हुन् । यस समयमा कला संस्कृतिको क्षेत्रमा उल्लेखनीय उन्नति भएको मानिन्छ भने संसारका ठूल्ठूला खेतबारी र फाँटहरूको निर्माण पनि यसै बेला भएको पाइन्छ । जहाँ अन्याय, अत्याचार, विभेद, दमन हुन्छ त्यहाँ विरोध, प्रतिरोध र विस्फोटन स्वाभिक भएर आउँछ । दासहरूमा विद्रोहको ज्वाला दन्केको थियो । नारीहरूमा स्वतन्त्रता र समानताको चेतनाको विज अंकुराएको थियो । दमनका लागि सेनाहरू तयार गरियो । भुरे, टाकुरे सर्दारहरूलाई राजा वा त्यही प्रकारको उपमा दिएर हैकमदार बनाइयो । आदेशहरू जारी हुन्थ्यो । मनलाग्दी सजाय तोकिन्थे । राजाको प्रतिनिधिका रुपमा गाउँ गाउँसम्म मुखिया तोकिन्थे । झ्यालखानाको चलन सुरुवात भयो । एक वर्गको स्वार्थ पूरा गर्न अर्को वर्गलाई नियन्त्रण गर्ने शक्तिको रुपमा राज्यसत्ताको चरम दुरुपयोग हुनपुग्यो । एक सत्ता र अर्को सत्ताको बीचमा दासदासीहरूको वृद्धि, सम्पत्तिको लुट र राज्यको सीमा फैलाउने होडले ठूला युद्धहरूको सामना गर्नुपर्‍यो । यही अवधिमा विभेद, गरिबी, असमानता र निर्धनताले रिस-इवी, बेइमानी, चोरी, ठगी, इर्ष्या, घृणा, मन र उद्देश्य मिल्ने बीचमा सहयोगको जन्म हुन पुग्यो । ढाट छल, चाकरी, चाप्लुसी, सुराकी यसै समयमा छरपष्ट वृद्धि भयो । यही समयमा केही मानिसले दिन र रात कसरी हुन्छ ? पानी कसरी पर्छ ? जाडो गर्मी कसरी हुन्छ ? मान्छे किन भए ? यो संसार कसरी बन्यो ? भन्नेमा समेत घोत्लिए । यस्ता प्रश्न मनमा उब्जिनु र असन्तुष्टि बढ्दै गएर दासहरूबाट विद्रोह हुने कुराको संकेत मिल्नुले मालिकहरूले चलाखीपूर्ण तरिकाले धर्मको प्रचार गरे । सपना, जन्म र मृत्युलाई उपयोग गरे अनि धार्मिक डण्डाहरूको निर्मम प्रयोग गरियो । जब धर्मको नियमरुपी डण्डाको प्रयोग भयो, त्यसैबेला नारी जातिहरूले उठ्नै नसक्ने गरी आफ्नो सर्वस्व गुमाए । आज पर्यन्त त्यसको मात्रा हाम्रो समाजमा

विद्यमान छ । जातजाति, उँच निच, पानी चल्ने/नचल्ने, नामको धार्मिक नियमहरू अनि स्वर्ग, नर्क, पाप-पुण्यजस्ता कथित चलनले त्यो बेलाको समाजलाई सलक्कै निलेको पाइन्छ । आज पर्यन्त हामी त्यसको शिकार बनिरहेका छौँ ।

असन्तुष्टिहरू घट्ने कुरै भएन । विस्तारै योजनाबद्ध काम गर्ने सूत्रहरूको प्रतिपादन हुँदै गयो । बीचबीचमा विद्रोहको बिगुल फुक्ने साहसीहरूको संख्या बढेकै थियो । अथवा वर्ग संघर्षको पहिलो प्रारुप त्यहाँ तयार हुँदै थियो । मिश्रको पिरामिड बनाउने हजारौँ दासहरूलाई संगठित गरेर स्पार्टाकस भन्ने दासले विद्रोह गरेका थिए । भनिन्छ, क्राइष्टले पनि दासहरूलाई संगठित गरेर विद्रोह गर्न प्रेरित गरेको थियो । त्यही अभियोगमा सुलीमा चढाइयो । हाम्रै देशको गौतम बुद्धले समेत दास प्रथाको विरुद्धमा संघर्ष गरेका थिए । यस्ता असंख्य योद्धाको वस्तुगत लेखाजोखा छैन । यद्यपि त्यस युगमा हजारौँपटक विद्रोह भयो अनि निर्ममतापूर्वक दमन पनि । दासहरूको निरन्तर विद्रोहबाट आजित मालिकले आफ्नै घरमा बस्न पाउने तर कामचाहिँ मालिकको गर्नुपर्ने नियमहरू बसाले । यस परम्परा र नियमसँगै विस्तारै समाज बन्दी युगतिर जान थाल्यो । यसरी शक्तिको केन्द्रीकरणसँगै दासयुगले आफ्नो आधारभूत चरित्रमा परिवर्तन ल्यायो । प्रकारान्तरमा सामन्ती युगको प्रारम्भ भयो । अथवा मालिकहरू आफ्नो हित र स्वार्थ रक्षाको लागि नयाँ उपायको खोजी गर्न थाले ।

(ख) सामन्ती युग : दास विद्रोहबाट पाठ सिक्दै मालिकहरूले नयाँ उपायका साथै आफूलाई सुधारको प्रक्रियामा लगे । त्यो बेलासम्म समाजभित्र धेरैथरिका पेशा र कालीगढहरूको विकास भइसकेको थियो । राजा रजौटाहरूको संख्या प्रशस्त पुगेका थिए र यिनीहरूमा राज्य विस्तार गर्ने होडबाजीहरू पनि पर्याप्त संख्यामा चलेको थियो ।

प्राचीन जमानाको रोम साम्राज्य र भारतको मौर्य साम्राज्यहरू यसको उदाहरण हुन सक्दछन् । यस परिस्थितिको बीचबाट सुधारिएको व्यवस्था कायम भयो जुन सामन्तवादी व्यवस्था थियो । यस व्यवस्थामा उत्पादक शक्ति, साधन र सम्बन्ध फरकरुपमा प्रस्तुत हुने प्रक्रियामा थियो । दासयुगमा रहेको उत्पादनको साधन र सम्बन्ध उस्तै रहने अवस्था अब रहेन । स्वतन्त्ररुपमा जमिनको प्रयोग गर्ने र अन्य विभिन्न साधनको उत्पादन र प्रयोग गर्ने कुराहरूमा दासहरू आफैँ अग्रसर भएका थिए । त्यस अवस्थासम्ममा साना दास राज्य र ठूला साम्राज्यहरू अस्तित्वमा आइसकेका थिए । स्वतन्त्र जमिनको उपयोग र उत्पादनसँगै आफूलाई दासबाट किसानमा रुपान्तरित गर्दै लगे । बुन्ने सिउने काम, कर्मी काम, चित्रेकाम जस्ता पेशा र सीप विकासले दास वर्गलाई स्वतन्त्र भएर बाँच्न सक्ने आँट र हिम्मत बढायो । तर किसान हुने र स्वतन्त्र जीविकोपार्जन गर्ने कुरा मालिक वर्गलाई पटक्कै मन परेको थिएन । फलस्वरुप फेरि भयानक युद्ध भयो । संगठित दास वर्गले मालिक वर्गलाई परास्त गरे र त्यहाँ राजतन्त्रको सट्टा आफैँहरूले नेता चुन्ने गणतन्त्रात्मक राज्य बन्न पुगे । जहाँ दास वर्ग र मालिकबीच युद्ध भएन त्यहाँ ठूला राजा-रजौटा प्रवेश गरे र दास वर्गको असन्तुष्टि र विद्रोही चेतनालाई बुझेर साना दास राज्यहरूलाई समाप्त गर्दै आफ ्नो प्रभुत्व र साम्राज्य चलाए । यसबाट के बुझ्न सकिन्छ भने जहाँ दोस र साना राजा वा मालिकहरूको बीचमा युद्ध भयो त्यहाँ राजाहरू हारे र गणतन्त्र स्थापना भयो । जहाँ युद्ध भएन त्यहाँ ठूला राजाहरूले साना राजाहरूलाई परास्त गरी आफ्नो साम्राज्य कायम गऱ्यो । तर धेरै ठाउँमा दास विद्रोहपछि बनेका गणतन्त्र टिक्न सकेन । फेरि कुनै न कुनै तरिकाबाट पुनः राजतन्त्र फर्केको पाइन्छ । स्वतन्त्ररुपले पेशा व्यवसायको विस्तार, वस्तुविनिमय प्रथाको चलन, धातुहरूको खोज र त्यसको प्रयोग आदि व्यवसाय बढे भने जहाँ-जहाँ मालिकहरू

सामन्तमा परिणत भएका थिए त्यहाँ जमिनमा मोही, कर र तिरो प्रणालीको रचना गरिएको थियो । जसले अर्धदास र भूदासको रुपमा किसानलाई परिणत गऱ्यो ।

अर्कोतिर स्वतन्त्र रुपमा पेशा व्यवसायीलाई कामको आधारमा विभाजन गरियो । यसैबेला कामको आधारमा कथित पानी चल्ने र नचल्ने जातको रुपमा सामन्तहरूले मानिसलाई विभाजित गरेको पाइन्छ । सँगसँगै लेखपढ र धर्मकर्म गर्नेलाई पुरोहित, जमिन ओगट्ने र शासन गर्नेलाई शासक, खेतीपाती र पशुपालन गर्नेलाई किसान र व्यापारी, कालिगढ आदिलाई श्रमजीवीको रुपमा परिभाषित गरियो । नारीहरूमा विधवा, धर्म र सतिप्रथाको सुरुवात गरियो । शासन गर्ने पुरुषहरूलाई देवत्वकरण गरियो । आफ्नो सर्वोच्चताको सुरक्षा गर्न अनेकौँ धार्मिक ग्रन्थहरू रचियो । ती धार्मिक ग्रन्थहरूको माध्यमबाट समानता र लिंगमैत्री उपदेशहरू कहीँकतै दिइएन । यही परिवेशमा नारीहरूलाई बेश्याको रुपमा समेत चित्रित गर्न सुरु गरियो । व्यापारको बढावासँगै मुद्राको स्थापना गरियो । मुद्राको स्थापनापश्चात झन् शोषणको रुप यति गहिरो गरी भयो कि धनी झन् धनी र गरिब झन् गरिब बन्ने प्रक्रिया द्रूत बन्यो । कामको आधारमा हुने विभेदले यति पराकाष्ठा नाघ्यो । फलस्वरुप किसान वर्ग र श्रमजीवी वर्गको एकतामा नयाँ आयाम थपिन पुग्यो । गाउँगाउँका भूरेटाकुरे मुखिया, जमिन्दार जिम्मेवालहरूको विरुद्धमा संगठित आन्दोलनहरू भए । राज्यका शासकहरूले आफू अनुकूल बनाएका नियम-कानुनहरू तोड्न सुरु भयो । रोजगारीका मार्गहरू बढ्न थाले । श्रमजीवी र किसानको विरोध अनि सहरीकरणसँगै आएको थप चुनौती र अवसरले सामन्तहरूलाई क्रमशः कमजोर बनाउँदै लग्यो । दासयुगको वर्ग संघर्षसँगै जन्मिएको अद्यात्मवाद र भौतिकवादको चेतनाले यसलाई थप परिस्कृत बनायो । अध्यात्मवादीहरूलाई खास अद्यात्मवाद थाहा थिएन । खाली धर्म, परलोक र अदृश्य दैवी शक्तिको कुरा गर्थे भने भौतिकवादीहरू निरन्तर प्रगति, परिवर्तन, विकास, समानता, तमाम

खाले जातीय, लिंगीय, धार्मिक, भौगोलिक विभेदहरूको अन्त्यको कुरा गरिरहे । समयक्रमसँगै सामन्तहरूको अस्तित्वको मात्रामा अत्यन्त संकुचन हुँदै जाँदा आजसम्म संसारको केही भूभागबाहेक नेपालमा समेत सामान्तवादी युगको अन्त्य भइसकेको छ ।

(ग) पूँजीवादी युगः दासयुगमा भएको विद्रोहबाट जहाँ जहाँ राजा महाराजाहरूको शासन चलेन, त्यहाँ पूँजीको प्रयोग अगाडि भएको पाइन्छ । अलि ढिलो गरी त्यसको प्रभाव र प्रयोग अन्ततिर हुन पुग्यो । हिजो किसान, श्रमजीवी र सामन्त जमिनदार बीचमा हुने संघर्ष अब मजदुर र उद्योगपति बीचमा हुन पुग्यो । पूँजीपति वर्ग र सर्वहारा वर्ग बीचमा हुन पुग्यो । शोषणका रुपहरूमा व्यापक परिवर्तन भयो । हिजो जस्तो प्रत्यक्ष शोषण गर्ने पद्धतिहरूमा फेरबदल आयो । राज्यमा गणतन्त्रात्मक शासन पद्धतिको विकास भयो । एकजनाको हुकुम प्रमाङ्गीबाट नचली सारा समाजको सरसल्लाहबाट चल्ने राज्य व्यवस्थाको विकास भयो । समाजमा मुखिया, जिम्मेवालको अस्तित्व समाप्त भयो । यही युग हो, जहाँ चेतनामा, कर्ममा र शासन पद्धतिमा समेत समानता तिर जाने कि नजाने भन्ने कुराको निर्क्यौल हुन्छ । यद्यपि पूँजीपति र सर्वहारा वर्गको स्वार्थ फरक रहन्छ, पूँजीवादपन्थीहरु यही क्रुर, अमानवीय र असमान पूँजीवादी व्यवस्था टिकाइरहन चाहन्छन्, जबकि सर्वहारा श्रमजीवी वर्ग यसलाई समाजवादले प्रतिस्थापन गर्न चहान्छ ।

(घ) समाजवादः समाज विकासको क्रम यतिमै रोकिएको छैन, पूँजीवादी युगको समाप्ती पश्चात समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने मानव समाजको लक्ष्य हो । आज नेपाल र नेपाली समाज पूँजीवादी युगको चरणमा छ र यसको चरित्र पुर्णरुपले दलाल नोकरशाही रहेको छ । यसले समाजमा आफू अनुकूलको चरित्र निर्माण र विस्तार गरेको हुन्छ । चरम व्यक्तिवाद, दलाल, नोकरशाही पूँजीवादले सामाजिक अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रको निर्माण हुन

सक्दैन । हो हामी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न चाहन्छौँ । यसको माध्यमबाट क्रमश समाजमा व्याप्त तमाम खाले विभेद, असमानता र शोषणहरुको अन्त्य गर्न चाहन्छौँ । आज हाम्रो मुख्य चुनौती भनेको दलाल, नोकरशाही प्रवृत्ति, पात्र, मान्यता र त्यसलाई सहयोग पुग्ने तमाम थिति, विधि, प्रणाली, नियम कानुनहरुलाई खारेज गर्दै हरेक क्षेत्रहरु जस्तै शिक्षा, स्वास्थ्य, रोजगार, विभिन्न अवसरहरुमा सम्पूर्ण मानिसहरुको समान पहुँच पुग्ने आम राष्ट्रियरुपमा नै वातावरण बनाउन चाहन्छौँ । यसले हामीलाई समाजवादसम्म पुग्ने आधारशीला खडा गर्न मदत गर्दछ । (समाजवाद के हो ? किन र कसरी भन्ने सम्बन्धमा यसै पुस्तकमा समाविष्ट भएको अन्य लेखहरु गहिरो अध्ययन गरौं ।) तसर्थ आजको हाम्रो मुख्य कार्यभार भनेको दलाल नोकरशाही पूँजीवादलाई परास्त गर्दै समाजवादको आधार तयार गर्नु हो । यसबाट मात्रै समुन्नत, सभ्य, समृद्ध, समानतामा आधारित राज्य र समाज स्थापना गर्न सकिन्छ ।

यहाँ एउटा प्रश्नचाहिँ जरुर उठ्ने गर्दछ । त्यो के हो भने यो समाजवादको आधार तयार कसले गर्ने ? स्वाभाविकरुपमा राज्यले गर्ने हो । राज्य कसले सञ्चालन गर्दछ भन्दा राजनीतिक पार्टीहरुले गर्दछ । पार्टी कसले चलाउँछ भन्दा विचारले चलाउनु पर्दछ । तर अहिले दुर्भाग्य नै भनौं हाम्रो राज्य चलाउने पार्टीहरुमा विचार गौण र व्यक्तिवाद प्रधान हुँदै गएको देखिन्छ । यो असाध्यै खराब भविष्यको संकेत हो । तसर्थ आज समाजवाद स्थापना गर्ने नीति र विचारले सञ्चालित पार्टीहरु नेपालीहरुको रोजाइमा पर्न सक्यो कि सकेन भन्ने विषयसमेत निकै महत्वपूर्ण र सोचनिय रहेको छ ।

आउनुस समाजवाद स्थापनाको महान कर्ममा हामी सबैले सचेत र मूर्त योगदान गरौं । यसैमा राष्ट्र र जनताको सुन्दर भविष्य सुरक्षित रहने छ ।

ooo

(नोटः समाजवादको लागि क्रियाशील जोकोहीले मानव समाजव कसरी विकसीत हुँदै आजको परिस्थितिमा हाम्रो सामु उपस्थित छ भन्ने कुरा बुझ्न आवश्यक हुन्छ भन्ने ठानेर यो आलेख तयार गरिएको हो ।)

आर्थिक स्वाधिनताका लागि संघर्ष र श्रमजीवी महिलावाद

एलेक्जेन्द्रा कोलोन्ताई
समाजवादी नेत्री, रसिया

अनुवादः
अधिवक्ता करुणा पराजुली

(समकालिन विश्व जहाँ पुँजीवादले भूमण्डलीकरणमार्फत ठूलो सञ्जाल सृजना गरिरहेको छ र यहाँ समाजवादी महिलावादलाई ओझेलमा पार्ने गरी उदारवादी महिलावाद अग्रसर छ । समाजको संरचना परिवर्तनमा कुनै खास चासो नदिई, सिर्फ राजनीतिक र कानुनी सुधारबाट पुरुष र महिलाको व्यक्तिगत तहको समानता खोज्ने उदारवादी महिलावादीहरु, यतिबेला अब सन्सारका सबै दिदिबहिनी एकै हुनुपर्छ भन्दै 'सिस्टरहुड्' को आह्वान गरिरहेका छन् । सबै महिलाहरु एकै हौँ भन्ने भावनात्मक कुरा गरेर, श्रमिक महिलाको हितमा कम र आफ्नो पद प्रतिष्ठाको लागि ज्यादा ध्यान दिइरहेका यस्ता महिलावादीहरुसँग समाजवादी महिलाहरुले कस्तो खालको सम्बन्ध राख्नुपर्ने हो, उनीहरुलाई कसरी बुझ्नुपर्ने हो, भन्ने कुरा चर्चा गर्न जरुरी भएको छ ।

यसै सन्दर्भमा एलेक्जेन्द्रा कोलोन्ताइले श्रमिक महिलाहरुलाई सम्वोधन गर्दै सन् १९०९ मा 'महिला' प्रश्नको सामाजिक आधारमा श्रमिक महिलाहरुको आर्थिक स्वतन्त्रता, श्रमिक आन्दोलन र यससँग बुर्जुवा महिलाहरुसँगको सम्बन्धको ऐतिहासिकताबारे व्याख्या गरेकी छन् । यसको अंश अनुवाद गरी यहाँ छलफलका लागि प्रस्तुत गरिएको छ । -अनुवादक)

सर्वप्रथम वर्गीय अन्तरविरोधमा आधारित समाजमा एउटै र एकताबद्ध महिला आन्दोलन सम्भव छ कि छैन भनेर हामीले आफैलाई प्रश्न गर्नुपर्छ । निष्पक्ष ढंगले अवलोकन गर्दा वर्गीय समाजमा, मुक्ति आन्दोलनमा सहभागी महिलाहरूले एउटै समरूप जनसमूहको प्रतिनिधित्व गर्दैनन् भन्ने तथ्य समाजका जोकोहीका लागि स्पष्ट छ ।

पुरुषको संसार जस्तै, महिलाको संसार पनि दुई शिविरमा बाँडिएको छ । जिन्दगीको चासो र आकांक्षा मिलेपछि महिलाको एउटा समूह पूँजीवादी वर्गको नजिक आउँछ भने अर्को समूहले सर्वहारा श्रमजीवि

वर्गसँग घनिष्ट सम्बन्ध राख्छ । र यो सर्वहारा वर्गसँगको सामिप्यता राख्ने समूहले महिला प्रश्नको पूर्ण समाधान समेटेर मात्र महिला मुक्ति सम्भव छ भन्ने दाबी गर्छ । दुवै शिविरले महिला मुक्तिको कुरा गर्छन्, मुक्तिबारे सामान्य नारा लगाउँछन्, तरपनि तिनीहरूको उद्देश्य र रुचि भने फरक छ । जानी नजानी, अचेत रूपमा नै प्रत्येक समूहले आफ्नो मुक्तिको प्रारम्भिक विन्दु आफ्नै वर्गको हितबाट हुन्छ भन्ने धारणा लिइरहेका हुन्छन् । यसले गर्दा उनीहरु आफैले तय गरेको मुक्तिको लक्ष्य र कार्य स्वयंले उनीहरुको आफ्नो वर्गको विशिष्ट रंग प्रकट गरिरहेको हुन्छ ।

बुर्जवा महिलावादीको मागहरू स्पष्ट रूपमा कट्टरपन्थी भएता पनि, समाजको समसामयिक आर्थिक र सामाजिक संरचनाले निर्माण गर्ने आफ्नो वर्गीय स्थितिका कारण आमुल परिवर्तनका लागि उनीहरु लड्न सक्दैनन् । तर यो तथ्य भुल्न हुँदैन कि आमुल परिवर्तनको लडाइँबिना महिला मुक्तिले पूर्णता प्राप्त गर्न सक्दैन ।

यदि कुनै निश्चित परिस्थितिमा सबै वर्गका महिलाहरूको अल्पकालीन कार्यहरू मिल्दोजुल्दो भयो भने पनि, दीर्घकालीन रूपमा भने आन्दोलनको दिशा र दुई शिविरहरुले निर्धारण गरेको कार्यनीतिका कारण, दुई शिविरका अन्तिम उद्देश्यहरू भने स्पष्ट रूपमा भिन्न हुन्छन् । जस्तो कि, समकालीन पुँजीवादी संसारका महिलावादीहरूका लागि, पुरुषसँगको समान अधिकारको उपलब्धी आफैंमा पर्याप्त र ठोस उपलब्धी हो । तर वर्तमान समयमा सर्वहारा महिलाहरूका लागि भने समान अधिकार मजदुर वर्गको दासत्व र आर्थिक असमानता विरुद्धको संघर्षलाई अगाडि बढाउने माध्यम मात्र हो । बुर्जुवा महिलावादीहरुका लागि, पुरुषहरू नै मुख्य शत्रु हुन् किनभने पुरुषहरूले अन्यायपूर्ण रूपमा आफ्ना लागि सबै अधिकार र विशेषाधिकारहरू कब्जा गरेका छन् र महिलाहरूलाई अनेकथरि बन्धनमा बाँधेर कर्तव्यहरू मात्र छोडेका छन् । उनीहरूका लागि तब

मात्र विजय प्राप्त हुन्छ, जब पुरुषले पहिले विशेष रूपमा उपभोग गरेको विशेषाधिकार महिलामा पनि रहेको स्वीकार गरिन्छ । तर, यसमा सर्वहारा महिलाहरूको दृष्टिकोण भने फरक छ । तिनीहरूले केटा मानिसहरूलाई शत्रु र उत्पीडकको रूपमा हेर्दैनन् । यसको विपरित, तिनीहरू पुरुषहरूलाई आफ्ना साथीका रूपमा सोच्छन्, जसले उनीहरूसँग दिनदिनको कठिनाइ साझा रुपमा सामना गर्छन् र उनीहरूसँग राम्रो भविष्यको लागि सँगसँगै लड्छन् । महिला र तिनका पुरुष साथीहरू एउटै सामाजिक अवस्थाद्वारा दास बनाइएका हुन्छन् । पुँजीवादको एउटैखाले घृणित श्रृङ्खलाहरूले उनीहरूको इच्छालाई दमन गरिरहेको हुन्छ र उनीहरूलाई जीवनको आनन्द र आकर्षणबाट वञ्चित पनि गरिरहेको हुन्छ । यो सत्य हो कि समकालीन समाज व्यवस्थाका धेरै विशिष्ट पक्षहरूले महिलाहरूमा दोहोरो भार पारेका छन् । यो पनि सत्य हो कि कामदार श्रमको अवस्थाले कहिलेकाहीँ कामदार महिलाहरूलाई पुरुषको प्रतिस्पर्धी र प्रतिद्वन्द्वीमा परिणत गर्ने गर्दछ । तर यी प्रतिकूल परिस्थितिहरूमा मजदुर वर्गलाई यस अवस्थाको दोषी को हो भन्ने थाहा छ ।

त्यो अतृप्त राक्षस पुँजीवाद, जो आफ्नो सुनको काँडा प्रयोग गरेर आफ्ना पीडितहरूबाट सबै रस निकाल्न र लाखौं मानव जीवनका बर्वादीमा आफू अगाडि बढ्नको लागि मात्र चिन्तित छ, उक्त राक्षसलाई आफ्नो भाईभन्दा कुनै मामलामा कम नभएकी महिला मजदुर पनि घृणा गर्छिन् । यो अतृप्त पुँजीवादको लोभले पुरुष, महिला र बच्चालाई समान रुपमा शोषण गर्छ । यसका शोषणका हजारौं धागोले श्रमको सिलसिलामा, यो शोषणको सामना गर्ने क्रममा श्रमिक पुरुषलाई, महिला मजदुरको नजिक ल्याउँछ । यही क्रममा अर्कोतर्फ, पूँजीवादी महिलाका अनौठो र बुझ्न नसकिने आकांक्षाहरू प्रकट हुन्छन् । ती पुँजीवादी महिलाहरुका आकांक्षाहरुले सर्वहारा हृदयलाई न्यानो पार्दैनन् । तिनीहरूले सर्वहारा महिलालाई, सबै

शोषितहरुलाई, मानवीय मुक्तितर्फ आँखा फर्केको उज्यालो भविष्यको बाचा गर्दैनन् ।

सर्वहारा महिलाको अन्तिम लक्ष्यले वर्तमान पूँजीवादी व्यवस्थाको ढाँचाभित्र रहेर पनि आफ्नो स्थिति सुधार्ने चाहनामा पक्कै पनि कुनै व्यवधान खडा गर्दैन । बरु उल्टै पुँजीवादी व्यवस्थाबाट निस्कने बाधाहरूद्वारा भने, यी चाहनाहरूको प्राप्तिमा निरन्तर अवरोध भइरहेको हुन्छ । सामाजिक श्रम, सद्भाव र न्यायको संसारमा मात्र महिलाले समान अधिकार प्राप्त गर्न सक्छन् र वास्तवमा स्वतन्त्र हुन सक्छन् । पुँजीवादी महिलावादीहरू यो कुरा बुझ्न इच्छुक नै छैनन् र अझ भन्नुपर्दा, उनीहरु यो कुरा बुझ्न सक्षम पनि छैनन् । कानुनको पत्रद्वारा समानतालाई औपचारिक रूपमा स्वीकार गर्दा उत्पीडन, दासता र बन्धन, आँसु र कठिनाइको पुरानो संसारको ठाउँमा अब आफ्नो लागि आरामदायी ठाउँ प्राप्त भयो र यो प्राप्त गरेर हामीले जितियो भन्ने उनीहरुलाई लाग्छ । यो एक हदसम्म सत्य पनि हो । तर, सर्वहारा वर्गका बहुसंख्यक महिलाहरूको लागि भने यो पुरुषसँग समान अधिकार प्राप्त भएको कुराको अर्थ, पुँजीवादी समाजमा अन्तर्निहित असमानताको समान हिस्सा प्राप्त गरेको मात्र हो । तर चुनिएका केही थोरै पूँजीवादी महिलाहरूका लागि, यसले वास्तवमा नयाँ र अभूतपूर्व अधिकार र विशेषाधिकारहरूको ढोका खोल्नेछ जुन अहिलेसम्म पुँजीवादी वर्गका पुरुषहरूले मात्रै उपभोग गरिरहेका थिए । तर पूँजीवादी महिलाले जितेका भनिएका यस्ता प्रत्येक नयाँ सहुलियतले, उसलाई कान्छी बहिनीको शोषणको लागि भने अर्को हतियार दिनेछ र दुई विपरीत सामाजिक शिविरका महिलाहरूबीचको विभाजनलाई बढाउँदै लैजानेछ । तिनीहरूको चासोहरू झन् तीव्र रूपमा द्वन्द्वमा हुनेछन् । तिनीहरूका आकांक्षाहरू स्पष्ट रूपमा विरोधाभासमा हुनेछन्, अन्तरविरोधपूर्ण हुनेछन् ।

यसरी हेर्दा, त्यो सामान्य रुपमा 'सबै महिला एउटै' भन्ने प्रश्न कहाँ

छ ? सबै महिलाहरुको काम र आकांक्षाहरूको त्यो एकता कहाँ छ, जसको बारेमा बुर्जवा महिलावादीहरूले यति धेरै भन्ने गर्छन् । वास्तवमा शान्त नजरले हेर्दा स्पष्ट देखिन्छ, आजको समाजमा सबै महिलाहरुको त्यस्तो एकता, एकैखाले परिभाषा अवस्थित नै छैन र यो हुन पनि सक्दैन ।

यसैगरि, पुँजीवादी महिलावादीहरूले महिला सम्बन्धी प्रश्नको कुनै खास राजनीतिक दलसँग कुनै सरोकार छैन र यसको समाधान सबै दल र सबै महिलाको सहभागितामा मात्र सम्भव छ भनी आश्वस्त पार्ने प्रयास गर्छन् । तर एक कट्टरपन्थी जर्मन महिलावादीले भनेकी छन्, तथ्यहरूको तर्कले हामीलाई महिलावादीहरूको यो सान्त्वनादायी भ्रमलाई अस्वीकार गर्न बाध्य पार्छ ।

उत्पादनको अवस्था र रूपहरूले मानव इतिहासभरि महिलाहरूलाई वशमा पारेको छ, र उनीहरूलाई क्रमशः उत्पीडन र परनिर्भरताको स्थितिमा पुऱ्याएको छ । पुँजीवादी महिलाहरुमध्ये धेरैजसो अहिलेसम्म पनि यही स्थितिमा छन् । महिलाहरूले गुमाएको महत्व र स्वतन्त्रता पुनः प्राप्त गर्न सुरु गर्नु अघि, सम्पूर्ण सामाजिक र आर्थिक संरचनामा ठूलो उथलपुथल आवश्यक हुन्छ । कुनै समय प्रतिभाशाली चिन्तकहरूका लागि ज्यादै कठिन लाग्ने समस्याहरू अहिले उत्पादनका निर्जीव तर सर्वशक्तिमान अवस्थाहरूले समाधान गरेका छन् । हजारौं वर्षसम्म महिलालाई दास बनाउने त्यही शक्तिले अहिले विकासको अर्को चरणमा उनीहरूलाई स्वतन्त्रता र स्वाधीनताको बाटोमा डोऱ्याइरहेको पनि छ ।

सर्वहारा महिलाहरू श्रम क्षेत्रमा आइपुगेको धेरै समयपछि, लगभग उन्नाइसौं शताब्दीको मध्यतिर पूँजीवादी वर्गका महिलाका लागि ‘ महिला प्रश्न’ महत्वको विषय थियो । पुँजीवादको भयंकर सफलता सँगसँगै मध्यम वर्गका जनता आफ्ना आवश्यकताका विविध छालको आक्रमणमा परेका थिए । पुँजीवाद सँगसँगै आएको आर्थिक परिवर्तनले

निम्न र मध्यम पुँजीपति वर्गको आर्थिक अवस्थालाई अस्थिर बनाएको थियो र बुर्जवा वर्गका महिलाहरूले गरिबी स्वीकार गर्ने वा काम गर्ने अधिकार प्राप्त गर्ने भन्ने द्धुविधाको सामना गर्नुपरेको थियो । यी सामाजिक वर्गका श्रीमती र छोरीहरूले विश्वविद्यालयहरू, कलाका संस्थानहरु, सम्पादकीय कक्षहरु, कार्यालयहरूजस्ता खुला पेशाहरूमा प्रवेशको बाढी आउन थाले । यसरी पुँजीवादी महिलाहरूमाझ विस्तार भएको विज्ञानको पहुँच र संस्कृतिमार्फत प्राप्त भएका यी अवसरहरु एक्कासी प्राप्त भएका अवसरहरु होइनन् । यी त उनीहरुको दैनिक रोजीरोटीको प्रश्नलाई हल गर्ने प्रयत्नबाट उत्पन्न भएका परिणामहरु हुन् ।

पूँजीपति वर्गका महिलाहरूले सुरुदेखि नै पुरुषहरूको कडा प्रतिरोधको सामना गर्नुपरेको थियो । परिवर्तित परिस्थितिले कतिपय कामहरुको क्षेत्रमा, पहिल्यैदेखि सहभागी र आफ्ना आरामदायी पेशाका रुपमा काम गरीरहेका पुरुषहरू र आफ्नो दैनिक रोजीरोटी कमाउने बाध्यतामा उक्त कामको क्षेत्रमा नवप्रवेशी महिलाहरू बीच एक हठी युद्ध नै छेडिएको थियो । हो यही खाले संघर्षले 'महिलावाद' को जन्म दियो - र यही महिलावादलाई पूँजीवादी महिलाहरूले आफुहरु एकसाथ खडा हुने र आफ्नो सामुहिक शक्ति, आफ्ना शत्रु पुरुषहरूविरुद्ध खडा गर्ने प्रयासका रुपमा प्रयोग गर्न थाले । पुरुषहरुको बर्चस्व रहेको श्रम क्षेत्रमा प्रवेश गर्दा यी महिलाहरूले गर्वका साथ आफूलाई महिला आन्दोलनको अग्रदुत भनेर सम्बोधन गरे । तर यी बुर्जुवा महिलाहरुले यो कुरा विर्से कि, उनीहरुको आर्थिक स्वाधीनताको यो लडाइँमा भएको जीत, वास्तवमा उनीहरु सँगसँगै पाइला जोडेर हिँड्ने उनीहरुकै कान्छी दिदिबहिनीहरुको हातले ठेला परुञ्जेल गरेको परिश्रमको फल थियो ।

पूँजीवादी महिला आन्दोलन जन्मनुभन्दा अगाडि नै विभिन्न देशमा लाखौं सर्वहारा महिलाहरूले उद्योगका एकपछि अर्को शाखाहरू आफ्नो

हातमा लिने र विभिन्न कामको जिम्मा लिने बाढी नै चलेको थियो । यस तथ्यले भन्छ कि बुर्जुवा महिलाहरुले महिलावादी आन्दोलनको अग्रदुतको रुपमा, प्रारम्भकर्ताको रुपमा गर्व गर्नुको कुनै अर्थ छैन । संघर्षको इतिहासलाई केलाउँदा, सर्वहारा महिलाहरूको अवस्था सुधार गर्नको लागि बुर्जवा महिलावादी आन्दोलनले पुऱ्याएको सामान्य योगदानबारे एउटा मात्र तथ्य फेला पार्न समेत हामीलाई गाह्रो छ । सर्वहारा महिलाहरूले आफ्नो जीवनस्तर उकास्ने क्षेत्रमा जे जस्ता सफलता हासिल गरेका छन्, त्यो सामान्य र विशेषगरी श्रमजीवी वर्गको प्रयासको परिणाम हो । यसरी श्रमको राम्रो अवस्था र थप मर्यादित जीवनको लागि श्रमजीवी महिलाहरूको संघर्षको इतिहास, आफ्नो मुक्तिको लागि सर्वहारा वर्गको संघर्षको इतिहास हो ।
यदि, सर्वहारा वर्गको असन्तुष्टिको खतरनाक विस्फोटको डरले कारखाना मालिकहरूलाई श्रमको मूल्य बढाउन, श्रमकार्यको घण्टा (समय) घटाउन र राम्रो काम गर्ने अवस्था ल्याउन बाध्य पारेन भने के हुन्छ ? यदि, 'श्रमिक अशान्ति' को भयले पुँजीबाट हुने श्रम शोषणलाई सीमित गर्ने कानून निर्माण सरकारले नगरे के हुन्छ ?
सामाजिक जनवादले महिलाको पक्षमा गरेजस्तो काम गर्ने विश्वमा कुनै पनि राजनीतिक दल छैन । हरेक श्रमजीवी महिला, सबभन्दा पहिला र प्राथमिक रुपमा श्रमिक वर्गको सदस्य हुन् । र सर्वहारा परिवारका प्रत्येक सदस्यको स्थिति र आधारभूत कल्याण जति सन्तोषजनक हुन्छ, त्यति नै सम्पूर्ण श्रमजीवी वर्गलाई (महिलालाई समेत) लाभदायक हुन्छ ।

बढ्दो सामाजिक कठिनाइहरूको सामना गर्ने क्रममा, श्रमजिवि वर्गको पक्षमा इमानदारीका साथ लड्ने लडाकुहरुले कतिपय सन्दर्भमा दुःखी र निरास हुनुपर्छ। बुर्जवा महिला आन्दोलनले सर्वहारा महिलाका लागि कति थोरै काम गरेको छ र श्रमजीवी वर्गको महिलाको जीवनस्तरमा सुधार ल्याउन कति असक्षम छ भन्ने कुरा उनीहरु देख्न सक्दैनन्

। समानताका लागि लडिरहेका तर सर्वहारा विश्व दृष्टिकोणलाई स्वीकार नगर्ने वा अझ पूर्ण सामाजिक व्यवस्थाको आगमनमा दृढ विश्वास नबढाउने महिलाहरू मानवताको भविष्य खरानी, डरलाग्दो र अनिश्चित भएको ठान्छन् । उनीहरुका लागि समकालिन पुँजीवादी संसार अपरिवर्तित रहँदासम्म महिलाको मुक्ति अपूर्ण र अप्राप्य हुन्छ । यीनै निराशाले यी महिलाहरूको विचार र संवेदनालाई समातिरहेको हुन्छ । आधुनिक संसारमा पुँजीवादी विकृत सामाजिक सम्बन्धमा उच्च मनोबल कायम राख्न त मजदुर वर्ग मात्र सक्षम छ । आफ्ना दृढ र स्तरीय पाइलाका साथ यो वर्ग आफ्नो लक्ष्यतर्फ निरन्तर अगाडि बढ्छ । यसले श्रमजीवी महिलालाई आफ्नो श्रेणीमा तान्छ । सर्वहारा महिला बहादुरीका साथ श्रमको काँडेदार बाटोमा निस्कन्छन् । उनीहरुको खुट्टा तानिन्छ, उनीहरुको शरीर च्यातिन्छ । मुक्तिको यो बाटोमा खतरनाक मोडहरु हुन्छन्, र क्रुर शिकारी जनावरहरू नजिकमा आइलाग्छन् ।

तर यो बाटोको अवलम्बन गरेर मात्र, हरेक महिला त्यो टाढाको मनमोहक लक्ष्य - श्रमको नयाँ संसारमा वास्तविक मुक्ति प्राप्त गर्न सक्षम हुन्छिन् । उज्यालो भविष्यतर्फको यो कठिन पदयात्रामा अहिलेसम्म कुनै अधिकारविहीन, अपमानित, दलित दासले आफूसँग जकडिएको दास मानसिकता त्याग्न सिकेर, यी सर्वहारा महिलाले पाइलैपिच्छे आफूलाई स्वतन्त्र कार्यकर्ता एवम् स्वतन्त्र व्यक्तित्वमा परिणत गर्छिन्, जो मानविय प्रेममा स्वतन्त्र छ । ती उनै महिला हुन्, जसले सर्वहारा वर्गको पंक्तीमा लड्दै, महिलाको काम गर्ने अधिकारलाई विजयी गराउँछिन् । ती उनै 'कान्छी बहिनी' हुन्, जसले भविष्यको 'स्वतन्त्र र समान' महिलाको लागि मैदान तयार गर्छिन । त्यसो भए के कारणले श्रमिक महिलाले बुर्जवा महिलावादीहरूसँग मिल्न खोज्नुपर्छ त ? यस्तो गठबन्धनबाट वास्तवमा कसले फाइदा लिन्छ त ? श्रमिक महिलाले त पक्कै पनि होइन । उनको मुक्तिदाता

उनी आफै हुन् । उनको भविष्य उनको आफ्नै हातमा छ । श्रमजीवी महिलाले आफ्नो वर्गीय हितको रक्षा आफै गर्छिन् र 'संसार सबै महिलाको साझा' भन्ने 'ठूलो' भाषणबाट धोका खाँदिनन् ।

पुँजीवादी महिलाहरूको उद्देश्य श्रमजीवि महिलाहरुको हितविरोधी ढाँचाको समाजलाई कायम राखेर, बुर्जुवाहरुको आफ्नो हितरक्षा गर्नु हो । तर हाम्रो (श्रमजीवि महिलाको) उद्देश्य भने पुरानो संसारको ठाउँमा, सार्वभौमिक श्रमको मन्दिर रहेको, एकता र आनन्दमय स्वतन्त्रताले भरिएको उज्यालो संसार निर्माण गर्नु हो । यो कुरा श्रमजीवी महिलाले बिर्सन्नन् र कदापी बिर्सनु हुँदैन ।

ooo